अनौपचारिक तथा वैकल्पिक शिक्षातर्फको

# सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा

तह -३ (कक्षा ६-८)

भाग दुई

## सिकाइ सामग्री




नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

शिक्षा तथा मानव स्रोत विकास केन्द्र

सानोठिमी, भक्तपुर


सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा तह -३ (कक्षा ६-८) भाग दुई

अनौपचारिक तथा वैकल्पिक शिक्षातर्फको

# सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा

## तह -३ (कक्षा ६-८)

## भाग दुई

# सिकाइ सामग्री

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

प्रकाशक : नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

शिक्षा तथा मानव स्रोत विकास केन्द्र

सानोठिमी, भक्तपुर

© सर्वाधिकार प्रकाशकमा

तह : तीन, भाग दुई

प्रथम संस्करण : वि.सं. २०८०

# हाम्रो भनाइ

सिकाइ शिक्षा र जीविकोपार्जनको मूल आधार हो । सिकारुमा अपेक्षित दक्षता विकास गर्न विभिन्न प्रकारका सिकाइ सामग्री आवश्यक पर्छन् । औपचारिक शिक्षामा पहुँच नपुगेका र विद्यालयबाहिर रहेका सिकारुलाई व्यावहारिक, समयसापेक्ष र गुणस्तरीय शिक्षाको अवसर दिने अनौपचारिक शिक्षातर्फ आधारभूत साक्षरता, गणितीय अवधारणा र सिप एवम् जीवनोपयोगी सिपको विकासको अवसर प्रदान गर्नु आवश्यक छ । आधारभूत शिक्षाको माध्यमबाट सिकारुले प्राकृतिक तथा सामाजिक वातावरणप्रति सचेत भई अनुशासन, सदाचार र स्वावलम्बनजस्ता सामाजिक एवम् चारित्रिक गुणको विकास गर्नुपर्छ । व्यक्तिको सिकाइले विज्ञान, वातावरण र सूचना प्रविधिसम्बन्धी आधारभूत ज्ञानको विकास गराई कला तथा सौन्दर्यप्रति अभिरुचि जगाउनुपर्छ । यस्तै जातजाति, धर्म, भाषा, संस्कृति, क्षेत्रप्रति सम्मान र समभावको विकास पनि आधारभूत शिक्षाका अपेक्षित पक्ष हुन् । देशप्रेम, राष्ट्रिय एकता, लोकतान्त्रिक मूल्यमान्यता तथा संस्कार सिकी व्यावहारिक जीवनमा प्रयोग गर्नु, सामाजिक गुणको विकास तथा नागरिक कर्तव्यप्रति सजगता अपनाउनु, स्तरअनुकूल व्यवहारकुशल सिपको प्रयोग गर्नु र दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्याको पहिचान गरी समाधानका उपायको खोजी गर्नुपनि आधारभूत तहको शिक्षाका आवश्यक पक्ष हुन् । यस पक्षलाई दृष्टिगत गरी भौगोलिक विकटता, गरिबी, जनचेतनाको कमीजस्ता कारणले औपचारिक शिक्षा लिन नसकेका तथा बिचैमा पढाइ छाडेका बालबालिका, युवायुवती तथा प्रौढलाई सिकाइमा पहुँच पुऱ्याउन अनौपचारिक तथा वैकल्पिक सिकाइका लागि सिकाइ सामग्री विकासको थालनी गरिएको छ । राष्ट्रिय पाठ्यक्रम प्रारूप र राष्ट्रिय योग्यता प्रारूपको मूल मर्मअनुरूप सिकारुका लागि मूल पाठ्यवस्तु र परिधीय पाठ्यवस्तु समावेश गरी सिकारुले आफ्नै प्रयत्नमा सिक्न सक्ने क्रियाकलाप समावेश गरी यो सिकाइ सामग्री विकास गरिएको छ । यसबाट औपचारिक शिक्षा लिइरहेका विद्यार्थीले समेत लाभ लिन सक्छन् ।

यो सामग्री अनौपचारिक तथा वैकल्पिक शिक्षातर्फ तह तीन भाग दुईको रूपमा विकास गरिएको हो । यसलाई परीक्षण गरी प्राप्त सुझाव र पृष्ठपोषणका आधारमा आवश्यक परिमार्जन गरिँदै लगिने छ । यसको विकासमा केएर नेपाल र समुन्नत नेपालको प्राविधिक सहयोग रहेको छ । सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा विषयको यस सिकाइ सामग्रिको विकास श्री हेमराज खतीवडा र श्री दीपिका शर्माले गर्नुभएको हो । यसको सम्पादन डा. गणेशप्रसाद भट्टराईबाट भएको हो । लेआउट डिजाइन दीपेश घिमिरेले गर्नुभएको हो । यस पुस्तकको विकासमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रका महानिर्देशक श्री दीपक शर्मा, उपमहानिर्देशक श्री जयराम अधिकारी, निर्देशक श्री निलकण्ठ ढकाल र शाखा अधिकृत श्री वैकुण्ठ आचार्यको विशेष योगदान रहेको छ । यस पुस्तकको विकास तथा परिमार्जन कार्यमा संलग्न सबैप्रति शिक्षा तथा मानव स्रोत विकास केन्द्र धन्यवाद प्रकट गर्छ ।

यो सिकाइ सामग्री निर्धारित सक्षमता विकासका लागि तयार पारिएकाले सहजीकरण र सिकाइ क्रियाकलापको योजना नभई सिकारुको सिकाइलाई सहयोग पुऱ्याउने सहयोगी साधन हो । यसका लागि यस सामग्रीलाई सिकारुको सिकाइमा सहयोग पुऱ्याउने एउटा महत्त्वपूर्ण आधारका रूपमा सिकाइकेन्द्रित, अनुभवकेन्द्रित, उद्देश्यमूलक, प्रयोगमुखी र आफैँले गरेर सिक्ने ढाँचामा विकास गरिएको छ । सिकाइ र सिकारुको जीवन्त अनुभवबिच तादात्म्य कायम गर्दै यसको सहज प्रयोग गर्न सिकारुबाट अभ्यास र खोजको अपेक्षा गरिएको छ । यस सामग्रीलाई अझ परिष्कृत पार्नका लागि सहजकर्ता, सिकारु, अभिभावक, बुद्धिजीवी एवम् सम्पूर्ण पाठकहरूको समेत विशेष भूमिका रहने हुँदा सम्बद्ध सबैको रचनात्मक सुझावका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्र हार्दिक अनुरोध गर्छ ।

वि.सं. २०८०

शिक्षा तथा मानव स्रोत विकास केन्द्र

सानोठिमी, भक्तपुर

# विषयसूची


| क्र.सं. | एकाइ/पाठ | पृष्ठ |
|---|---|---|
| | **एकाइ १ हामी र हाम्रो समाज १-२१** | |
| पाठ १. | विकासको अवधारणा | १–६ |
| पाठ २. | विकासका पूर्वाधार | ७–११ |
| पाठ ३. | सङ्घीयता र सङ्घीय राज्य | १२–१४ |
| पाठ ४. | मेरो प्रदेश | १५–१८ |
| पाठ ५. | प्रदेशका प्रमुख विकास आयोजना | १९–२१ |
| | **एकाइ २ मानव मूल्य मान्यता २२-६४** | |
| पाठ १. | न्याय, शान्ति र अहिंसाको पालना | २२–२४ |
| पाठ २. | हाम्रा सामाजिक परम्परा, प्रचलन र संस्कार | २५–२९ |
| पाठ ३. | नेपालमा प्रचलित केही जातिगत संस्कार | ३०–३४ |
| पाठ ४. | हाम्रा धार्मिक तथा सांस्कृतिक क्रियाकलाप | ३५–३८ |
| पाठ ५. | विविधतामा एकता | ३९–४२ |
| पाठ ६. | नेपालमा सामाजिक सद्भाव, सहिष्णुता र एकता | ४३–४५ |
| पाठ ७. | नेपालका राष्ट्रिय सम्पदा | ४६–४८ |
| पाठ ८. | राष्ट्र र राष्ट्रियता | ४९–५३ |
| पाठ ९. | प्रेरणादायी व्यक्तित्व | ५४–५९ |
| पाठ १०. | स्काउट | ६०–६४ |
| | **एकाइ ३ नागरिक चेतना ६५-९५** | |
| पाठ १. | राज्यका आधारभूत तत्त्व | ६५–६८ |
| पाठ २. | हाम्रो संविधान | ६९–७१ |

| | | |
|---|---|---|
| पाठ ३. | सङ्घीय संसद् | ७२-७६ |
| पाठ ४. | न्यायपालिका | ७७-८१ |
| पाठ ५. | समावेशीकरण | ८२-८५ |
| पाठ ६. | लोकतान्त्रिक गणतन्त्र | ८६-८९ |
| पाठ ७. | सेवा प्रवाह र सुशासन | ९०-९५ |
| **एकाए ४ सामाजिक समस्या र समाधान ९६-११७** | | |
| पाठ १. | देखासिकी र फजुल खर्च गर्ने बानीलाई निरुत्साहन गरौँ | ९६-९८ |
| पाठ २. | सामाजिक समस्या तथा विकृति अन्त्य गरौँ | ९९-१०३ |
| पाठ ३. | भ्रष्टाचार | १०४-१०६ |
| पाठ ४. | लागूपदार्थ दुर्व्यसनी | १०७-११० |
| पाठ ५. | सामाजिक समस्या तथा विकृति हटाउने उपाय | १११-११४ |
| पाठ ६. | सामाजिक समस्या समाधानमा विभिन्न अन्तर्राष्ट्रिय सङ्घसंस्थाको भूमिका | ११५-११७ |
| पाठ ७. | द्वन्द्व व्यवस्थापन | ११८-१२३ |
| **एकाइ ५ हाम्रो विगत १२४-१६५** | | |
| पाठ १. | नेपाल शब्दको अर्थ र उत्पत्ति | १२४-१२६ |
| पाठ २. | प्राचीन नेपालको आर्थिक र सामाजिक गतिविधि | १२७-१३० |
| पाठ ३. | काठमाडौँ उपत्यकाको सभ्यता | १३१-१३५ |
| पाठ ४. | मध्यकालीन नेपालको राजनीतिक अवस्था | १३६-१४० |
| पाठ ५. | मध्यकालीन नेपालको सामाजिक र आर्थिक अवस्था | १४१-१४४ |
| पाठ ६. | हाम्रा राष्ट्रिय विभूति : गौतम बुद्ध, अरनिको र पृथ्वीनारायण शाह | १४५-१४५ |
| पाठ ७. | हाम्रा वीर सहिदको परिचय र योगदान | १४६-१५४ |
| पाठ ८. | ग्रिस र रोमको सभ्यता | १५५-१५८ |
| पाठ ९. | सिन्धु घाँटीको सभ्यता | १५९-१६० |
| पाठ १०. | पुनर्जागरण | १६१-१६५ |

| | | |
|---|---|---|
| **एकाइ ६ हाम्रा आर्थिक क्रियाकलाप १६६-१८५** | | |
| पाठ १. | मौद्रिक कारोबार | १६६-१६९ |
| पाठ २. | वित्तीय संस्था | १७०-१७१ |
| पाठ ३. | नेपालमा पर्यटन व्यवसाय | १७२-१७६ |
| पाठ ४. | वैदेशिक व्यापार | १७७-१८० |
| पाठ ५. | वैदेशिक रोजगारी | १८१-१८५ |
| **एकाइ ७ हाम्रो पृथ्वी १८६-२२२** | | |
| पाठ १. | मौसम र हावापानी | १८६-१९२ |
| पाठ २. | जलवायु परिवर्तन | १९३-१९९ |
| पाठ ३. | हाम्रा छिमेकी देश | २००-२०८ |
| पाठ ४. | विपत् व्यवस्थापन | २०९-२१६ |
| पाठ ५. | नक्सा कार्य | २१७-२२२ |
| **एकाइ ८ जनसङ्ख्या र यसको व्यवस्थापन २२३-२४३** | | |
| पाठ १. | जनसङ्ख्या परिवर्तनका निर्धारक तत्त्व | २२३-२२८ |
| पाठ २. | जनसङ्ख्याको बनोट | २२९-२३३ |
| पाठ ३. | जनसङ्ख्याको वितरण | २३४-२३८ |
| पाठ ४. | नेपालमा बसाइँसराइ | २३९-२४३ |
| **एकाइ ९ अन्तर्राष्ट्रिय सम्बन्ध र सहयोग २४४-१६९** | | |
| पाठ १. | कूटनीतिक नियोग | २४४-२५४ |
| पाठ २. | बिमस्टेक र नेपालले प्राप्त गरेका उपलब्धि | २५५- २५२ |
| पाठ ३. | सार्क र नेपाल | २५३-२५७ |
| पाठ ४. | संयुक्त राष्ट्रसङ्घ र नेपाल | २५८-२६२ |
| पाठ ५ | साइबर अपराध | २६३-१६९ |

एकाइ
1

# हामी र हाम्रो समाज

## पाठ १ विकासको अवधारणा

**तल दिइएको संवाद अध्ययन गर्नुहोस् र छलफल गर्नुहोस् :**

आज प्रतिमासँग गाउँले काकाको भेट भयो । काका गाउँको सडक निर्माणको उपभोक्ता समितिका अध्यक्ष हुनुहुन्छ । उनले त्यही मौकामा काकासँग विकासका बारेमा कुराकानी गरेकी छिन् । हामी पनि उनीहरूबिचमा भएको संवादको अध्ययन गरौँ है त ?

**प्रतिमा** : तपाईं समुदायको विकासमा क्रियाशील व्यक्ति हुनुहुन्छ । विकासलाई मैले बुझ्ने गरी बताइदिनुहोस् न काका ?

**काका** : नानीले राम्रो कुरा गऱ्यौ । वास्तवमा सकारात्मक परिवर्तन, प्रगति र आर्थिक वृद्धि सिर्जना गर्ने प्रक्रिया नै विकास हो । अझ तिमीले बुझ्ने भाषामा भन्ने हो भने भौतिक, आर्थिक, सामाजिक, वातावरणीय र जनसाङ्ख्यिक अवस्थामा सुधार वा प्रगति हुनुलाई विकास भनिन्छ ।

**प्रतिमा** : ए विकास हुनका लागि त सबै क्षेत्रको पो विकास हुनुपर्ने रहेछ है काका ?

**काका** : हो नि, माइकल टोडारोले, "तीन बराबर महत्त्वपूर्ण पक्षमार्फत मानिसको जीवनको गुणस्तर अभिवृद्धि गर्ने कार्यलाई विकास भनेका छन् । तीन पक्ष भनेका मानिसको जीवनस्तर, आत्मसम्मान र छनोटको स्वतन्त्रताका वृद्धि हुन् ।"

**प्रतिमा** : त्यसो भए विकास आर्थिक परिवेश मात्र होइन रहेछ है ? काका । यो त बहुआयामिक प्रक्रिया पो रहेछ त ।

**काका** : हो नि, नानी विकास आर्थिक प्रगति मात्र नभएर सामाजिक प्रणालीमा सुधार हुनु पनि हो । त्यसैले विकासलाई बहुआयामिक अवधारणा मानिन्छ । एकातिरका जनतालाई सुविधा दिने र अर्कातिरका जनताको अधिकार खोस्ने कार्य विकास हुँदैन । विकासले सुरक्षा वृद्धि गर्नुपर्छ । एकातिर नोक्सान गरेको छ भने पनि अर्कातिर त्यसभन्दा धेरै लाभ गरेको हुनुपर्छ । विकासले जोखिमको सम्भावना घटाउने र लाभको सम्भावना बढाउने हुनुपर्छ । सुविधा उपभोग गर्ने वस्तु,

स्रोतसाधन उपलब्ध गराएर मात्र हुँदैन । त्यसमा सबैको पहुँच पुऱ्याउनुपर्छ । विकासको लाभ धनी, गरिब, महिला, पुरुष, बालबालिका, ज्येष्ठ नागरिक, अशक्त सबैले उपभोग गर्न सक्ने हुनुपर्छ। विकास समावेशी हुनुपर्छ। विकासले कसैको पनि मूल्य मान्यतामा ठेस पुऱ्याउनु हुँदैन । सबैको आत्मसम्मान वृद्धि गराउनुपर्छ ।

**प्रतिमा** : विकासको महत्त्व त धेरै पो रहेछ त है काका ?

**काका** : हो नि नानी, मानव जीवनलाई सहज बनाउन विकासको आवश्यकता पर्छ । विकासले गर्दा व्यक्ति, समुदाय र समग्र राष्ट्रको आर्थिक, सामाजिक अवस्थामा सुधार आउँछ । देशमा शान्ति, अमनचयन र समृद्धिका लागि पनि विकास चाहिन्छ। सामाजिक समता र न्याय प्राप्तिका लागि पनि विकासको आवश्यकता पर्छ ।

**प्रतिमा** : काका हाम्रो देश चाहिँ कस्तो किसिमको देश हो त ?

**काका** : नेपाल विकासोन्मुख मुलुक हो । भर्खर विकासको पथमा अघि बढ्दै छ । विकासोन्मुख मुलुक भन्नाले सामाजिक, आर्थिक विकासको सबैभन्दा कम सूचक भएका देश हुन् । नेपाल, अफगानिस्तान, हाइटी, बुरुन्डी, बुर्किनाफासो आदि देश अल्पविकसित अर्थात् विकासोन्मुख देश हुन् ।

**प्रतिमा** : विकसित देश र अविकसित देशमा के के भिन्नता छन् त काका?

**काका** : विकसित देशमा मानिसको जीवनस्तर उच्च हुन्छ भने अविकसित देशका जीवनस्तर निम्न हुन्छ। त्यस्तै विकसित देशमा आश्रित जनसङ्ख्या कम हुन्छन् भने अविकसित देशमा आश्रित जनसङ्ख्या बढी हुन्छन्। मेरो मोबाइलमा एउटा तालिका छ, म देखाउँछु, हेर है त ?

**प्रतिमा** : हो र ? हुन्छ काका यसबाट बुझ्न पनि सजिलो हुन्छ।

## विकसित देश र विकासशील देशमा भिन्नता

| विकसित देश | विकासशील देश |
|---|---|
| आश्रित जनसङ्ख्या कम हुन्छन् । | आश्रित जनसङ्ख्या बढी हुन्छन् । |
| मानिसको जीवनस्तर उच्च हुन्छ । | मानिसको जीवनस्तर निम्न हुन्छ । |
| औद्योगिकीकरण विकासको मुख्य आधारको रूपमा रहन्छ । | विकासको मुख्य आधार कृषि हुन्छ । |
| साक्षरता दर उच्च हुन्छ । | साक्षरता दर निम्न हुन्छ । |
| प्राकृतिक संसाधनको उच्च रूपमा उपयोग भएको हुन्छ । | प्राकृतिक संसाधनको उपयोग हुन सकेको हुँदैन । |
| वस्तु र सेवाको आयात भन्दा निर्यात बढी हुन्छ । | वस्तु र सेवाको निर्यातभन्दा आयात बढी हुन्छ । |
| बेरोजगारी सङ्ख्या कम हुन्छन् । | बेरोजगारी वा अल्प रोजगारीको सङ्ख्या उच्च हुन्छ । |
| सामाजिक सेवाको समतामूलक वितरण भएको अवस्था हुन्छ । | सामाजिक सेवाको वितरणमा असमानताको अवस्था हुन्छ । |
| राजनीतिक स्थिरताको अवस्था रहेको हुन्छ । | राजनीतिक अस्थिरताको अवस्था रहेको हुन्छ । |

काका : यसबाट केही त पक्कै बुझ्यौ होला नि ? म विकासमा चासो राख्ने व्यक्ति भएकाले फेसबुकमा देखेको कुरालाई स्क्रिनसट गरेर राखेको थिएँ, आज तिमीलाई देखाउन काम लाग्यो ।



प्रतिमा : हो नि, काका अब त म स्पष्ट भएँ । देश विकास हुनका लागि देशमा उद्योगधन्दा कलकारखाना प्रशस्त मात्रामा खुलेको हुनुपर्छ हैन त काका ?

काका : हो नि, देश विकसित हुनका लागि चाहिने आधारमध्ये औद्योगिकीकरण मुख्य आधार हो । देश विकास हुन धेरै उद्योगधन्दा कलकारखानाको विकास हुनुपर्छ । उद्योग कलकारखानाको विकासले रोजगारी सिर्जना हुन्छ, स्वदेशी वस्तुमा आत्मनिर्भरता बढ्दै जान्छ, स्वदेशी वस्तुको उपयोगमा वृद्धि हुन्छ ।

प्रतिमा : रोजगारीको सुनिश्चिता पनि त देश विकासका लागि महत्त्वपूर्ण हुन्छ होला होइन त काका ?

काका : हो नि, देश विकासका लागि रोजगारीको सुनिश्चितता हुनैपर्छ । देशमा नै उद्योग कलकारखाना खोलेर, कृषिमा आधुनिकीकरण गरेर, पर्यटन क्षेत्रको विकास गर्ने जस्ता कार्य गरेर देशमा रोजगारीको अवसरमा वृद्धि गर्न सकिन्छ ।

प्रतिमा : शिक्षा पनि महत्त्वपूर्ण हुन्छ नि देश विकासका लागि होइन र काका ?

काका : हो नि, नानीले राम्रो कुरा गऱ्यौ । देश विकासका लागि शिक्षा गुणस्तरीय हुनुपर्छ । विश्व बजारमा प्रतिस्पर्धा गर्न सक्ने, सिकेको ज्ञान र सिपलाई दैनिक व्यवहारमा प्रयोग गर्न सकिने, सामाजिक कल्याण, मानवीय सेवा, सिपयुक्त जनशक्तिको

विकास र उपयोग हुन सकेमा मात्र गुणस्तरीय शिक्षाको प्रत्याभुत गर्न सकिन्छ। अर्को नि नानी त्यस्तै सबैले स्वास्थ्य सेवा सस्तो र सहजरूपमा पाउनु पनि देश विकासको मुख्य आधार हो। त्यस्तै देशमा प्रविधिको अधिकतम प्रयोग, शिक्षा, कृषि, यातायात आदि क्षेत्रमा उच्चतम प्रविधिको प्रयोगले पनि देशको विकास हुन्छ। त्यस्तै वातावरण संरक्षण, वनजङ्गलको संरक्षण आदि पनि विकासका आधार हुन्।

**प्रतिमा** : नेपालमा विकासका सम्भावना के के छन् त ? काका ?

**काका** : नेपालमा विकासको सम्भावना धेरै छन्। यहाँ प्रशस्त नदीनाला भएकाले ती नदीनालाबाट जलविद्युत् उत्पादन गर्न सकिन्छ। त्यस्तै यहाँ लगभग ४५ प्रतिशत वन क्षेत्र रहेकाले यहाँ काष्ठ उद्योग, फर्निचर उद्योग र वन पैदावारसँग सम्बन्धित जडीबुटी पनि प्रशस्त पाइने हुँदा तिनको प्रयोग गरी औषधी बनाउन पनि सकिने अवस्था रहेको छ। आयुर्वेदिक औषधीका कारखाना खोल्न सकिन्छ। त्यस्तै नेपालमा युवा जनशक्ति धेरै हुँदा यी जनशक्तिको उपयोग गरेर पनि देश विकास गर्न सकिन्छ।

**प्रतिमा** : नेपालमा पर्यटन विकासको पनि सम्भावना छ, होइन र ?

**काका** : हो नि, यहाँको हिमाल, वनजङ्गल, प्राकृतिक सौन्दर्य, कला, कौशल र संस्कृतिको कारण पर्यटन विकासको सम्भावना उच्च रहेको छ। यी क्षेत्रको संरक्षण र प्रवर्धनमा हामीले विशेष ध्यान पुऱ्याउनुपर्छ।



**प्रतिमा** : काकाले धेरै जानकारी दिनुभएकामा हजुरलाई धेरै धेरै धन्यवाद।

## पाठको आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) विकास भनेको के हो ?

(ख) विकासको महत्त्व उल्लेख गर्नुहोस् ।

(ग) नेपालमा विकासका सम्भावनाका क्षेत्र उल्लेख गर्नुहोस् ।

(घ) विकास सकारात्मक परिवर्तन हो । यस भनाइलाई उदाहरणसहित पुष्टि गर्नुहोस् ।

## क्रियाकलाप

नेपालमा विकासको सम्भावना विषयमा एक लेख लेखी सहजकर्तालाई देखाउनुहोस् ।

## क्रियाकलाप

नेपाललाई विकसित देश बनाउन के के गर्नुपर्ला ? विभिन्न स्रोतसामग्रीको अध्ययन तथा जानकार व्यक्तिसँग सोधखोज गरी टिपोट गर्नुहोस् र साथीलाई सुनाउनुहोस् ।

# पाठ २ विकासका पूर्वाधार

**तलको पाठ अध्ययन गर्नुहोस् र छलफल गर्नुहोस् :**

विकासका पूर्वाधार भन्नाले विकासका लागि आवश्यक पर्ने स्रोतसाधन र सेवा सुविधालाई लिने गरिन्छ । यस्ता स्रोतसाधन र सेवासुविधाको पर्याप्तता र जनताको ती स्रोतसाधन र सेवा सुविधाको सहज पहुँच र उपयोगको अवस्था विकास हो । विकासका पूर्वाधार विकासका लागि महत्त्वपूर्ण आधार हुन् । यिनको अभावमा विकासले गति लिन सक्दैनन् । यस पाठमा विकासका पूर्वाधारको रूपमा खानेपानी, ऊर्जा र जनशक्ति सम्बन्धमा विद्यार्थीले तयार पारेको समूहगत प्रस्तुतिको विवरण प्रस्तुत गरिएको छ :

**नेपालमा आर्थिक विकासमा विकासका पूर्वाधिकारको भूमिका**

१. पूर्वाधारले कार्य क्षमता अभिवृद्धि गर्छ ।
२. पूर्वाधारले वस्तुको उत्पादन क्षमता वृद्धि गर्छ ।
३. पूर्वाधारले उत्पादनमा सिर्जना गर्छ ।
४. लगानी वृद्धि गर्छ ।
५. बजारको पहुँच र अवसर वृद्धि गर्छ ।
६. राष्ट्रिय आयमा वृद्धि गर्छ ।

**समूहको नाम : खानेपानी**

हाम्रो समूहले विकासका पूर्वाधारको रूपमा खानेपानी र यसको महत्त्व र वर्तमान अवस्थाको खोजी गरी विवरण प्रस्तुत गरेका छौँ । खानेपानीलाई विकासको एक महत्त्वपूर्ण पूर्वाधार मानिन्छ । मानिसको जीवनलाई स्वस्थ र तन्दुरुस्त राख्न शुद्ध र सफा खानेपानीको जरुरत पर्छ । विकासका कार्यलाई गति दिन स्वस्थ र तन्दुरुस्त व्यक्तिबाट मात्र सम्भव हुन्छ । स्वस्थ र शुद्ध खानेपानीका लागि पनि विभिन्न पूर्वाधारको आवश्यकता पर्छ । जस्तैः मुहान संरक्षण, मुहानमा इन्टेक निर्माण, पानीलाई शुद्ध बनाउने उपकरण र रसायनको प्रयोग, पानी वितरणका लागि पाइपको जडान र विस्तार, खानेपानीको ट्याङ्की निर्माण र धारा जडान जस्ता कार्य सम्पन्न


गर्नुपर्ने हुन्छ। शुद्ध र सफा खानेपानीको महत्त्व धेरै छ। खानेपानी खाना पकाउन र गाईवस्तुलाई खुवाउन आवश्यक पर्छ। उद्योग र कलकारखाना चलाउन पनि पानीको जरुरत पर्छ। विद्युत् उत्पादन र सिँचाइका लागि पनि शुद्ध र सफा पानीको आवश्यकता पर्छ। शुद्ध खानेपानीले व्यक्तिलाई स्वस्थ र तन्दुरुस्त राख्न मदत गर्छ। विभिन्न सङ्क्रामक रोग लाग्न दिँदैनन्। शरीरमा तापक्रम नियन्त्रण गर्छ। शरीरमा रहेका विकारयुक्त पदार्थलाई हटाउँछ र खाना पचाउन मदत गर्छ। नेपालमा खानेपानीका स्रोत धेरै छन्। स्रोत धेरै भए तापनि शुद्ध र सफा खानेपानीको उपलब्धता ठुलो चुनौतीको रूपमा रहेको छ। ग्रामीण क्षेत्रमा शुद्ध खानेपानीको उपयोगमा चुनौती देखिन्छ भने सहरी क्षेत्रमा खानेपानीको अभाव देखिन्छ। तराईमा आर्सेनिकयुक्त पानीको उपयोगलाई कमी गर्ने चुनौती रहेको छ। नेपालमा आधारभूत खानेपानीको पहुँच लगभग ९५ प्रतिशत जनसङ्ख्यामा पुगेको भनी विभिन्न अनुसन्धानले देखाएका छन्।

**समूहको नाम : ऊर्जा**

हाम्रो समूहले ऊर्जासम्बन्धी विवरण तयार पारी प्रस्तुत गरेका छौँ। ऊर्जालाई पनि विकासको महत्त्वपूर्ण पूर्वाधारको रूपमा लिने गरिन्छ। ऊर्जाबाट शक्ति प्राप्त हुन्छ। सूर्यलाई महत्त्वपूर्ण ऊर्जाको स्रोतको रूपमा लिने गरिन्छ। ऊर्जाका स्रोतलाई नवीकरणीय र अनवीकरणीय गरी दुई भागमा वर्गीकरण गर्न सकिन्छ।



### ऊर्जाका स्रोत




विभिन्न स्रोतबाट प्राप्त ऊर्जालाई विभिन्न प्रयोजनका लागि उपयोग गरिन्छ । खाना बनाउन विद्युतीय ऊर्जा, दाउरा, जिवास्म ऊर्जा, मट्टीतेल आदिको प्रयोग गरिन्छ। त्यस्तै कल कारखानामा विद्युतीय ऊर्जा, यातायातका साधनमा डिजेल, पेट्रोल जस्ता जीवास्म ऊर्जाको प्रयोग हुन्छ । आजकल विद्युतीय सवारी साधनको प्रयोग पनि बढ्दै गइरहेको छ। बढ्दो जीवास्म ऊर्जाको खपत कम गर्न विद्युतीय सवारी साधनको उपयोग महत्त्वपूर्ण हुन्छ । अनवीकरणीय ऊर्जाको सट्टामा प्रयोग गर्ने ऊर्जाको स्रोतलाई वैकल्पिक ऊर्जाको स्रोत भनिन्छ । नेपालको सन्दर्भमा जलविद्युत्, बायोमास गोबरग्यास, बायोग्यास र सौर्यऊर्जालाई ऊर्जाको महत्त्वपूर्ण स्रोतको रूपमा लिने गरिन्छ । नेपाल जलविद्युत्मा अपार सम्भावना भएको देश हो । यहाँका नदीबाट करिब ८० हजार मेगावाट विद्युत् निकाल्न सकिने अनुमान गरिएको छ । नेपालमा हालसम्म २६६६ मेगावाट विद्युत् उत्पादन भएको छ ।

### समूहको नाम : जनशक्ति

जनशक्ति पनि विकासका पूर्वाधार हो । जनशक्ति भनेको कुनै पनि कार्य गर्नका लागि आवश्यक मानवीय ज्ञान, सिप र दक्षताको समष्टि रूप हो । जनशक्तिलाई पनि दक्ष, अर्धदक्ष र अदक्ष गरी तीन प्रकारमा विभाजन गर्न सकिन्छ । दक्ष जनशक्ति भनेको कुनै विषय वा क्षेत्रमा सिप र योग्यता वा दक्षता हासिल गरेको मानवीय स्रोत हो । यस्ता जनशक्तिले उच्च सिपको माध्यमबाट विकासका क्रियाकलापलाई गति प्रदान गर्छन् । मध्यम स्तरको सिप र दक्षता भएका वा दक्षता उन्मुख जनशक्तिलाई अर्धदक्ष जनशक्ति भनिन्छ । त्यस्तै आधारभूत सिप र दक्षता मात्र प्रयोग गर्ने जनशक्ति अदक्ष जनशक्ति हुन् । देश विकासका लागि यी तीनै किसिमका जनशक्तिको समान रूपमा आवश्यकता पर्छ ।



नेपालमा जनशक्तिको विकास र व्यवस्थापनको प्रयास भइरहेको छ। प्राविधिक शिक्षा, तालिमका कार्यक्रम सञ्चालन गरी प्राविधिक जनशक्तिको विकास भइरहेको छ। नेपालमा दक्ष जनशक्ति पलायनको अवस्था वृद्धि हुँदै जानुले देशविकासमा असर पर्छ। यस्तो जनशक्तिलाई देशकै टिकाइराख्न व्यक्ति, अभिभावक, समाज र राज्य सबै जिम्मेवार बन्नुपर्ने आजको आवश्यकता रहेको छ। कतिपय चाहिने क्षेत्रमा दक्ष जनशक्तिको अभाव छ भने कतिपय जनशक्तिको विकास भए पनि उपयोग गरिने क्षेत्र थोरै छन्। त्यसकारण आवश्यकताअनुरूपको जनशक्ति विकासको योजना गर्नु पनि आजको मुख्य आवश्यकता हो। देशमा कृषि, उद्योग, पर्यटन र पूर्वाधारका क्षेत्रमा रोजगारीका अवसर सिर्जना गरी भएका जनशक्तिको प्रयोग गर्न सकिएमा समग्र देशको विकास हुन सक्छ।

**पाठको आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :**

(क) खानेपानीको महत्त्व उल्लेख गर्नुहोस्।

(ख) खानेपानी शुद्ध गर्ने उपाय उल्लेख गर्नुहोस्।

(ग) नेपालमा जलविद्युत्को सम्भावना र चुनौती विषयमा एक लेख तयार पार्नुहोस्।

(घ) "दक्ष जनशक्ति देश विकासको आधार हो।" यस भनाइलाई उदाहरणसहित पुष्टि गर्नुहोस्।

### क्रियाकलाप

तपाईँको समुदायमा खानेपानीको उपलब्धि र वितरण प्रणाली सम्बन्धमा अभिभावक वा समुदायका जानकार व्यक्तिसँग सोधखोज गरी विवरण तयार पार्नुहोस् ।

### क्रियाकलाप

ऊर्जाको महत्त्व सम्बन्धमा समूहमा छलफल गरी निष्कर्ष प्रस्तुत गर्नुहोस् ।

### क्रियाकलाप

जनशक्ति पलायनले नेपाली समाजमा पारेको प्रभाव र रोकथाममा युवा सक्रियता विषयमा वक्तृत्वकला प्रतियोगिता सञ्चालन गर्नुहोस् ।

# पाठ ३ सङ्घीयता र सङ्घीय राज्य

## तलको चिठीको नमुना अध्ययन गरी छलफल गर्नुहोस् :

प्यारो भाइ विकल्प

शुभ आशीर्वाद

म यहाँ सन्चै छु । त्यहाँ पनि तिमीलगायत परिवारका सबैल जना सन्चै हुनुहुन्छ होला भन्ने पूर्ण आशामा छु । तिमीले नेपालमा सङ्घीयतासम्बन्धी बहस चलिरहेको, यसको औचित्य र कार्य व्यवहारप्रति आवाज समेत उठ्न थालेको सन्दर्भमा जान्न चाहेका रहेछौ । मैले यस इमेलमार्फत तिमीलाई सङ्घीयता र सङ्घीय राज्य सम्बन्धमा स्पष्ट पार्ने जमर्को गरेको छु ।



सङ्घीयता एक प्रकारको राज्य प्रणाली हो । यस प्रणालीमा एउटा राज्यमा दुई वा दुईभन्दा बढी तहका सरकार रहन्छन् । यस्तो प्रणालीमा सरकारका तीन तहको संविधानमा नै अधिकारको सूची वा कार्यसीमा निर्धारण गरिएका छन् । विभिन्न तहले आफूलाई तोकिएको जिम्मेवारी स्वायत्तरूपमा पूरा गर्छन् भने साझा अधिकार र जिम्मेवारी आपसी समन्वय र सहकार्यमा रहेर सम्पादन गर्छन् । सङ्घीय शासन प्रणाली एकात्मक शासन प्रणालीभन्दा भिन्न हुन्छ । एकात्मक शासन प्रणालीमा राज्यको सम्पूर्ण शक्ति र अधिकार केन्द्रमा निहित हुन्छ । एकात्मक शासन प्रणाली केन्द्रद्वारा शासित शासन प्रणाली हो भने सङ्घीयता विकेन्द्रित शासन प्रणाली हो ।

जनताका लागि आवश्यक सेवा आफू नजिकका सरकारबाट उपलब्ध हुने हुँदा सेवा लिन टाढा जानुपर्दैन । त्यस्तै साधन स्रोत र अधिकारमा जनताको पहुँच स्थापित हुन्छ । अधिकारको विकेन्द्रीकरण र विकासमा जनसहभागितालाई केन्द्रमा राखेर काम गर्नु सङ्घीय राज्यको आवश्यकता भएको हो । विविध सामाजिक र सांस्कृतिक मान्यता र प्रचलनलाई सङ्घीयताले महत्त्व दिने हुँदा पनि सङ्घीयता आजको आवश्यकता हो र देशका नागरिकको माग पनि हो ।

सङ्घीयताले सामाजिक विविधताको सम्मान गर्छ । यसले विभिन्न विचार, धर्म, जातजाति, भाषा, लिङ्ग, पेसा आदि जस्ता सामाजिक पक्षलाई राज्यको मूल धारमा समाहित गर्छ । यसबाट समान अधिकार र पहुँचको सुनिश्चितता हुन्छ र राज्य व्यवस्था लोकतान्त्रिक बन्न पुग्छ ।

सङ्घीयताले सन्तुलित र समानुपातिक विकासमा जोड दिन्छ । नेपालमा सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहले आफ्नो अधिकार प्रयोग गरी आआफ्नो भौगोलिक क्षेत्रभित्र विकासका कार्य गर्छन् । यसरी देशका सबै क्षेत्रमा विकास हुन गई सन्तुलित र समानुपातिक विकास हुन्छ ।

सामाजिक न्याय कायम गर्न समेत सङ्घीयता महत्त्वपूर्ण औजार हो । सङ्घीय राज्यमा सबै वर्ग, धर्म, लिङ्ग, क्षेत्र, जातजाति, अपाङ्गता भएका व्यक्ति समान रूपमा सांस्कृतिक, राजनीतिक र आर्थिक अधिकारको हकदार हुन्छन् । समानुपातिक समावेशी प्रतिनिधित्वको माध्यमबाट नागरिकलाई समान अवसर प्रदान गरिएको हुन्छ । विशेष आवश्यकता भएका नागरिकका लागि आरक्षणको व्यवस्था गरिएको हुन्छ । यसरी सबैको समान अवसर र सहभागिताले सामाजिक न्याय कायम हुन्छ ।

सङ्घीयतामा सबै तहका सरकारले विभिन्न स्रोत साधन सबै वर्ग, क्षेत्र, भाषा, धर्म, जाति आदिको सम्बोधन हुने गरी विकास गर्छ । समाजमा रहेका सबैले शिक्षा, स्वास्थ्य, रोजगार, यातायात, सञ्चार आदि सेवा सुविधाको अवसर प्राप्त गर्छन् ।

यति धेरै सबल र सकारात्मक पक्ष भएकाले नै हाम्रो देशका लागि सङ्घीयता जरुरी थियो, छ र हुने छ । तिमीले पनि नेपालमा यसको सन्दर्भमा भएका पछिल्ला बहस र  स्थानीय मानिसका विचार समेटेर एउटा पत्र पठाउ ल ।

उही तिम्रो दाजु

असीम

दोहा, कतार

### पाठको आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) सङ्घीयता भनेको के हो ?

(ख) सङ्घीयताको महत्त्व उल्लेख गर्नुहोस् ।

(ग) "सङ्घीय राज्य व्यवस्थामा सामाजिक न्याय कायम हुन्छ ।" यस भनाइलाई उदाहरणसहित पुष्टि गर्नुहोस् ।

(घ) सङ्घीयताका सकारात्मक पक्ष उल्लेख गर्नुहोस् ।

### क्रियाकलाप

विकल्प (भाइ) ले जवाफमा असीम (दाइ) लाई पठाउने इमेलको नमुना प्रस्तुत गर्नुहोस् ।

### क्रियाकलाप

सङ्घीयताको आवश्यकतालाई समेट्दै दुई साथीबिचको संवाद तयार पार्नुहोस् ।

### क्रियाकलाप

सङ्घीय शासन प्रणालीका विशेषतालाई ठुलो कार्डबोर्ड पेपरमा उतारी सम्पर्क कक्षाको भित्तामा टाँस्नुहोस् :

**सङ्घीय शासन प्रणालीका विशेषता**

- राज्य शक्तिको प्रयोग कम्तीमा दुई वा सोभन्दा बढी तहबाट हुने
- सरकारका तहबिच कुनै न कुनै रूपमा सार्वभौमसत्ताको साझेदारी हुने
- प्रत्येक तहगत सरकार आफ्ना नागरिकप्रति प्रत्यक्षरूपमा उत्तरदायी हुने
- संविधानद्वारा तहगत शासन प्रणालीको आधार तय गरिएको हुने
- संविधानमा उल्लेख भएअनुसार आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्वशासित र स्वायत्त हुने
- सरकारका तहबिच शक्तिको बाँडफाँट, नियन्त्रण र सन्तुलनको व्यवस्था हुने
- विवाद समाधानको निश्चित संयन्त्र हुने

# पाठ ४ मेरो प्रदेश

**दीपेशले आफ्नो प्रदेशको सम्बन्धमा तयार पारेको विवरण पढ्नुहोस् र छलफल गर्नुहोस् :**




मेरो नाम दीपेश जोशी हो । म सुदूरपश्चिम प्रदेशको डोटी जिल्लाको जोरायल गाउँपालिकामा बस्छु । सुदूरपश्चिम प्रदेशको राजधानी कैलालीको गोदावरी हो । यस प्रदेशको पूर्वमा कर्णाली प्रदेश र लुम्बिनी प्रदेश, पश्चिममा भारतको उत्तराखण्ड, उत्तरमा चीन र दक्षिणमा भारतको उत्तर प्रदेश रहेको छ। यस प्रदेशमा नौओटा जिल्ला रहेका छन् । सुदूरपश्चिम प्रदेशको कुल क्षेत्रफल १९५३९ वर्ग किलोमिटर रहेको छ । यसले नेपालको कुल क्षेत्रफलको १३.२७ प्रतिशत भूभाग ओगटेको छ । भौगोलिक रूपमा यस प्रदेशमा हिमाली, पहाडी र तराई क्षेत्र पर्छन् । यस प्रदेशमा ५४ गाउँपालिका, ३३ नगरपालिका, एक उपमहानगरपालिका गरी कुल ८८ स्थानीय तह रहेका छन् । त्यस्तै यस प्रदेशमा जम्मा वडाको सङ्ख्या ७३४ रहेका छन् ।

यहाँका मुख्य हिमाल अपि, सैपाल हुन् । अपि नाम्पा संरक्षण क्षेत्र, खप्तड राष्ट्रिय निकुञ्ज र शुक्लाफाँट राष्ट्रिय निकुञ्ज यस प्रदेशमा पर्छन् । यस प्रदेशका मुख्य नदी महाकाली, चौलानी, सेती, बुढी गङ्गा हुन् । महाकाली नदी नेपाल र भारतको सिमानामा पर्ने नदी हो । यहाँ सुर्मा सरोवर, घोडाघोडी ताल, खप्तड ताल, जोखर ताल, झिलमिल ताल मुख्य तालतलैया हुन् ।

सुदूरपश्चिम सामाजिक सांस्कृतिक विविधतामा धनी प्रदेश हो । यस प्रदेशको हिमाली क्षेत्रमा व्याँसी, भोटे आदिको बसोबास छ भने पहाडी प्रदेशमा क्षेत्री, ठकुरी, ब्राह्मण, विश्वकर्मा, परियार, मिजार आदि जातजातिका मानिसको बसोबास रहेको छ। तराई क्षेत्रमा थारू, ब्राह्मण,

क्षेत्री, रानाथारू, ठकुरी आदि जातजातिका मानिसको बसोबास रहेको छ ।

नेपालको जनगणना २०७८ अनुसार यस प्रदेशको जम्मा जनसङ्ख्या २६,९४,७८३ रहेको छ । यो नेपालको कुल जनसङ्ख्याको ९.२४ % हो । यस प्रदेशमा बोलिने प्रमुख भाषा नेपाली, डोटेली, बैतडेली, थारू आदि हुन् । यस प्रदेशमा हिन्दु, बौद्ध, इस्लाम, इसाई, जैन आदि धर्मावलम्बीको बसोबास रहेको छ ।

यस प्रदेशका मानिसको मुख्य पेसा कृषि हो । यहाँ धान, गहुँ, मकै, कोदो, तोरी, कपास आदिको उत्पादन हुन्छ । यहाँ पर्यटनको सम्भावना राम्रो रहेको छ । खप्तड राष्ट्रिय निकुञ्ज, अपि नाम्पा संरक्षण क्षेत्र, अपि, सैपाल जस्ता हिमाली शृङ्खला यहाँका पर्यटकीय सम्भावना बोकेका क्षेत्र हुन् । त्यस्तै रामारोशन, घोडाघोडी ताल, चाँदनी दोधारा पुल, टीकापुर पार्क, शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज पनि यहाँका उत्कृष्ट पर्यटकीय गन्तव्य हुन् ।

यहाँका धार्मिक र सांस्कृतिक पहिचानले यस प्रदेशलाई स्वदेश र विदेशमा समेत चिनाएको छ । उग्रतारा डँडेलधुरा, शैलेश्वरी डोटी, गोदावरी धाम कैलाली, मालिका अर्जुन दार्चुला, बढीमालिका बाजुरा, निङ्लासैनी मन्दिर बैतडी, ब्रह्मदेव मन्दिर कञ्चनपुर, घटाल बाबा डँडेलधुरा, वैजनाथ अछाम यहाँका प्रमुख धार्मिक स्थल हुन् ।



यस प्रदेशको धनगढी र महेन्द्रनगरमा औद्योगिक व्यवसाय फस्टाउँदो क्रममा रहेका छन् । यस प्रदेशका प्रमुख व्यापारिक केन्द्र टीकापुर, अत्तरिया, धनगढी, महेन्द्रनगर, साँफेबगर, कोल्टी, डँडेलधुरा, दिपायल, पाटन आदि हुन् । भीमदत्त पन्त मार्ग, के. आई. सिंह मार्ग, सेती लोकमार्ग र मध्यपहाडी लोकमार्गले यस प्रदेशको आर्थिक, सामाजिक र व्यावसायिक गतिविधिमा महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् । यस प्रदेशको धनगढी, गोकुले, पाटन, दिपायल, साँफेबगर र कोल्टीमा विमानस्थल रहेका छन् । जसले यस प्रदेशको पहाडी क्षेत्रमा यातायातको पहुँचलाई सहज बनाएको छ ।

### पाठको आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) तपाईँ बसेको प्रदेशको नाम र राजधानीको नाम लेख्नुहोस् ।

(ख) आफू बसेको प्रदेशको नक्सा निर्माण गरी आफ्नो पालिकालाई समेत नक्सामा देखाउनुहोस् ।

(ग) नेपालका प्रदेशको नाम लेख्नुहोस् ।

(घ) तपाईँ बसेको प्रदेशमा पर्ने जिल्लाको नाम लेख्नुहोस् ।

### क्रियाकलाप

तपाईँ बसेको प्रदेशको नक्सा निर्माण गरी त्यहाँका धार्मिक र ऐतिहासिक क्षेत्र सङ्केतमा देखाउनुहोस् ।

### क्रियाकलाप

आफू रहेको प्रदेशको सिमाना र भौगोलिक विशेषता खोजी गरी साथीसँग छलफल गर्नुहोस् ।

### क्रियाकलाप

कुनै कार्यक्रममा तपाईँ आफ्नो प्रदेशको प्रतिनिधित्व गर्दै जानुभयो भने त्यहाँ आफ्नो प्रदेशलाई कसरी चिनाउनुहुन्छ ? कुनै पाँचओटा मुख्य विशेषतासहित चिनारी गराउनुहोस् ।

## क्रियाकलाप

विभिन्न स्रोत सामग्री अध्ययन गरी तलको तालिका भर्नुहोस् :

| प्रदेश | राजधानी | सिमाना | मुख्य धार्मिक स्थल | क्षेत्रफल |
|---|---|---|---|---|
| कोसी प्रदेश | | | | |
| मधेस प्रदेश | | | | |
| बागमती प्रदेश | | | | |
| गण्डकी प्रदेश | | | | |
| लुम्बिनी प्रदेश | | | | |
| कर्णाली प्रदेश | | | | |
| सुदूरपश्चिम प्रदेश | | | | |

# पाठ ५ प्रदेशका प्रमुख विकास आयोजना

## तल दिइएको समूहगत प्रस्तुति अध्ययन तथा छलफल गर्नुहोस् :

सम्पर्क कक्षामा सहभागीलाई तीन समूहमा विभाजन गरी विभिन्न प्रदेशका प्रमुख विकास आयोजनाको खोजी गर्न परियोजना कार्य दिइएकामा बागमती, सुदूरपश्चिम र गण्डकी समूहले आआफ्नो प्रस्तुति यसरी प्रस्तुत गरे :

### समूहको नाम : बागमती

बागमती प्रदेशले एक माध्यमिक विद्यालय, एक नर्स कार्यक्रमलाई अगाडि बढाएको छ। किशोर किशोरीको स्वास्थ्य सेवा प्रवर्धन तथा परामर्श र प्राथमिक उपचार सेवा प्रवाह गर्ने उद्देश्यको साथ यो कार्यक्रम सञ्चालन गरिएको हो। यो कार्यक्रम २०८०/८१ मा प्रदेशभरका बाह्र कक्षासम्म अध्यापन गराउने सबै विद्यालयमा विस्तार गरिएको छ।

त्यस्तै गरी एक घर, एक धारा, पूर्ण सरसफाइ हाम्रो अभिभारा भन्ने अभियान पनि सञ्चालनमा आएको छ। यस कार्यक्रममार्फत बागमती प्रदेशमा स्वच्छ खानेपानी र गुणस्तरीय सरसफाइ सेवा उपलब्ध हुने अपेक्षा गरिएको छ।

### समूहको नाम : सुदूरपश्चिम प्रदेश

डँडेलधुराको महाभारत र अछामको राभारोशन क्षेत्र प्रदेश संरक्षण क्षेत्रको रूपमा रहेको छ। नेपाल सरकारको समन्वयमा यो कार्य अगाडि बढेको हो। यसका लागि एकीकृत संरक्षण तथा विकास योजना तयार गरी कार्य प्रक्रिया अघि बढ्ने छ। यस परियोजनाले सो क्षेत्रमा संरक्षण, सामुदायिक विकास र पर्यटकीय पूर्वाधार निर्माणमा मदत पुग्ने छ। यस क्षेत्रमा पर्यटकीय गतिविधि सञ्चालन गरी थप पर्यटकीय गन्तव्यको रूपमा विकास हुने छ।

स्थानीय तहसँगको साझेदारीमा भूमि बैङ्कको अवधारणा लागु गरी प्रदेश सरकारको साझेदारी, बाँझो रहन्न खेतबारी अभियान सञ्चालनमा आएको छ। बाँझो रहेको खेतीयोग्य जमिनमा खेती गर्न कृषकलाई प्रोत्साहनका लागि यो कार्यक्रम सञ्चालन गर्न लागिएको छ। साथै, बाँदर प्रभावित क्षेत्रमा घाँसखेती गरी पशुपालन व्यवसायमा समेत टेवा पुग्ने अपेक्षा गरिएको छ।

### समूहको नाम : गण्डकी

प्रादेशिक औद्योगिक क्षेत्र स्थापना

सङ्घीय सरकार र स्थानीय तहको समन्वय र सहकार्यमा प्रदेश गौरवको आयोजनाका रूपमा रहेको कास्की र तनहुँको पँडुटार, नवलपुरको लोकाहा खोलामा प्रस्तावित प्रादेशिक औद्योगीक क्षेत्र स्थापना हुने भएको छ। यसका लागि वातावरणीय अध्ययन, जग्गाको भोगाधिकार प्राप्ति र पूर्वाधार निर्माणको कार्य अगाडि बढेको छ। साथै गोरखाको च्याङ्लिङमा औद्योगीक क्षेत्र निर्माण गर्न सम्भाव्यता अध्ययन हुने भएको छ।

### पाठको आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) विकास आयोजना भन्नाले के बुझिन्छ ?

(ख) तपाईंको प्रदेशमा सञ्चालन भएका विकास क्रियाकलापको नाम लेख्नुहोस्।

(ग) प्रदेशमा सञ्चालित आयोजना समयमै सम्पन्न गर्न के के गर्नुपर्ला ? आफ्ना सुझाव प्रस्तुत गर्नुहोस्।

(घ) हाम्रो प्रदेश : राम्रो प्रदेश शीर्षकमा सम्पादकीयको नमुना प्रस्तुत गर्नुहोस्।

### क्रियाकलाप

तपाईंको प्रदेशमा सञ्चालित कुनै एक विकास आयोजना सम्बन्धमा खोजी गरी विवरण तयार पार्नुहोस् र सहजकर्तालाई सुनाउनुहोस्।

### क्रियाकलाप

तपाईंको प्रदेशले कस्ता कस्ता विकास आयोजना सञ्चालनलाई प्राथमिकता दिनुपर्ने ठान्नुहुन्छ ? साथीसँग छलफल गरी निष्कर्ष प्रस्तुत गर्नुहोस्।

### आफूलाई जाँच्नुहोस्

### १. पाठका आधारमा खाली ठाउँमा मिल्ने शब्द भर्नुहोस् :

(क) नेपालमा ..................प्रदेश रहेका छन्। (सात, छ, आठ)

(ख) सुदूरपश्चिम प्रदेशको राजधानी...............हो। (भालुबाङ, गोदावरी, कैलाली)

(ग) ........... प्रदेशमा पहाडी प्रदेशका भूभाग छैनन्। (मधेस प्रदेश, गण्डकी प्रदेश)

(घ) कोसी प्रदेशको उत्तरमा अग्ला हिमाल र दक्षिणमा ........भूभाग छ । (समथर, डाँडाकाँडा)

(ङ) नेपालको राजधानी काठमाडौँ.........प्रदेशमा पर्छ । (कर्णाली प्रदेश, बाग्मती प्रदेश)

(च) सकारात्मक परिवर्तन, प्रगति र ......................सिर्जना गर्ने प्रक्रिया नै विकास हो । (आर्थिक वृद्धि, सामाजिक विकास)

(छ) विकासका पूर्वाधार भन्नाले विकासका लागि आवश्यक पर्ने .............र सेवा सुविधालाई लिने गरिन्छ । (स्रोतसाधन, सामग्री)

## २. जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| (क) दक्ष जनशक्ति | वैकल्पिक ऊर्जा |
| (ख) पियुस विधि | अपार सम्भावना |
| (ग) नेपालको बिजुली | डाक्टर, पाइलट |
| (घ) अदक्ष जनशक्ति | पानी शुद्ध गर्ने उपाय |
| (ङ) बायोग्यास | भरिया, ज्यामी |
| | पर्यटन विकास |

## ३. तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) विकसित र अल्पविकसित देशका बिचमा फरक छुट्याउनुहोस् ।

(ख) विकासका पूर्वाधार भनेको के हो ? उदाहरणसहित प्रस्ट पार्नुहोस् ।

(ग) नेपालको नक्सा कोरी आफू बसेको प्रदेश देखाउनुहोस् ।

(घ) सङ्घीय शासन प्रणालीका तीन/तीन फाइदा र बेफाइदा तालिकामा देखाउनुहोस् ।

एकाइ
२

# मानव मूल्य मान्यता

## पाठ १ न्याय, शान्ति र अहिंसाको पालना

**तलको पाठ अध्ययन गर्नुहोस् र छलफल गर्नुहोस् :**

सहजकर्ताले आज मानव मूल्य सम्बन्धमा सिकारुलाई विभिन्न स्लाइड देखाउँदै छलफल गराउनुभयो । उहाँले प्रस्तुत गरेका स्लाइड तल दिइएका छन् । स्लाइड अध्ययन गरी दिइएका मूल्यलाई व्यवहारमा लागु गरौँ :

**पहिलो स्लाइड**

**शान्त र संयमित व्यवहार**

अरूलाई डर, त्रास नदेखाई, अभद्र व्यवहार नगरी, सहयोगी, मिलनसार, संयमित ढङ्गबाट गरिने व्यवहार शान्त र संयमित व्यवहार हो । ठुला ठुला स्वरले कराउने, चिच्याउने, झर्केर बोल्ने, जे मन लाग्यो त्यही गर्ने जस्ता व्यवहारले शान्त र संयमित व्यवहार प्रस्तुतिमा नकारात्मक असर पर्छ ।

**दोस्रो स्लाइड**

**मानसिक शान्ति**

मानसिक शान्ति भनेको मनलाई तनाव मुक्त बनाउने व्यवहार हो । यस्तो व्यवहारले व्यक्तिलाई सकारात्मक र सिर्जनशीलतातर्फ अग्रसर गराउँछ । मानसिक शान्तिले मनलाई शान्त र एकाग्र बनाउन पनि मदत गर्छ । सकारात्मक सोच राख्ने, ध्यान र योगा गर्ने कार्यले मानसिक शान्ति कायम गर्न मदत गर्छ । त्यस्तै संगित सुन्ने, अरूप्रति सहिष्णु व्यवहार प्रदर्शन गर्ने गर्दा पनि मानसिक शान्ति प्राप्त हुन्छ ।

**तेस्रो स्लाइड**

**शान्त र संयमित व्यवहार**

अरूलाई डर, त्रास नदेखाई, अभद्र व्यवहार नगरी, सहयोगी, मिलनसार, संयमित ढङ्गबाट गरिने व्यवहार शान्त र संयमित व्यवहार हो । ठुला ठुला स्वरले कराउने, चिच्याउने, झर्केर बोल्ने, जे मन लाग्यो त्यही गर्ने जस्ता व्यवहारले शान्त र संयमित व्यवहार प्रस्तुतिमा नकारात्मक असर पर्छ ।

## पाठको आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) न्यायिक व्यवहार भनेको के हो ?

(ख) मानसिक शान्ति कायम राख्ने उपायको सूची तयार पार्नुहोस् ।

(ग) शान्त र संयमित व्यवहारका फाइदा उल्लेख गर्नुहोस् ।

(घ) हामीले अरूलाई बोली वचनद्वारा दुःख दिँदा हुने बेफाइदा उल्लेख गर्नुहोस् ।

(ङ) हामीले सम्पूर्ण प्राणीको रक्षा गर्नुपर्छ भन्ने सन्दर्भमा हाम्रो समाजमा भएका राम्रा अभ्यासको खोजी गरी सूची तयार पार्नुहोस् ।

## क्रियाकलाप

मानसिक शान्ति कायम गर्ने उपाय सम्बन्धमा दुई साथी बिचमा संवादको नमुना तयार पार्नुहोस् ।

## क्रियाकलाप

न्यायिक व्यवहारले समाजमा मेलमिलाप र एकता कायम हुन्छ भन्ने विषयमा समूहमा छलफल गरी निष्कर्ष प्रस्तुत गर्नुहोस् ।

## क्रियाकलाप

तल दिइएको कविता पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

शान्त बानी, मिठो बोली मर्यादाको खानी
संयमित बानी व्यवहार कति राम्रो बानी
बोल्दा अनि व्यवहार गर्दा आत्तिनु नि हुन्न
संयमित, शान्त व्यवहार कसैले नि छुन्न
नहान्नु है वचनको वाण, परपीडनको पाइन्न है त्राण
बोली वचनले अरूको मन दुखाउँदा साथी
चित्त दुख्छ, पीडा हुन्छ, सार्है पोल्छ छाती
सबै प्राणी जीवजन्तुको गर्नुपर्छ हित
सबैको हित गरे शान्त हुन्छ हाम्रो चित्त (मन)
प्राणी पीडा नगरौँ जनले, माया गरौँ आत्मीय मनले

(क) माथि दिइएको कवितामा  कुन कुन असल व्यवहारको चर्चा गरिएको छ ?

(ख) माथि दिइएका असल बानी व्यवहारमध्ये तपाईँले कुन कुन बानी व्यवहार आफ्नो जीवनमा अभ्यास गर्ने गर्नुभएको छ ?

(ग) शान्त र संयमित व्यवहार गर्नेलाई सबैले मन पराउँछन् । किन ?

## क्रियाकलाप

**४. तल दिइएको कथा पढी सोधिएको प्रश्नको उत्तर दिनुहोस् :**

दिनबन्धु र रोहित एउटै विद्यालयमा पढ्छन् । दिनबन्धु अलिक चकचके र छुकछुके स्वभावको छ । ऊ मुखमा जे आयो त्यही बोल्ने र अरूप्रति दुर्वचन र रुखो वचन बोल्ने गर्छ । उसको रुखो वचन र दुर्वचनले गर्दा उसको साथी धेरै छैनन् । विद्यालयमा पनि साथीहरू र गुरुबा गुरुआमाले पनि उसलाई मन पराउनुहुन्छ । अरूको डाहा गर्ने, राम्रो पढ्ने र असल साथीलाई खिल्ली उडाउने उसको बानी छ । बाटामा पनि गाईवस्तुको पुच्छर तान्ने, कुकुरलाई लट्ठीले हिर्काउने, चरालाई पनि गुलेली हान्ने साथीको बानीले रोहित हैरान छ ।

रोहित भने राम्रो बानी व्यवहार र असल आचरण भएको विद्यार्थी हो । ऊ अरूप्रति बोली र वचनले चित्त दःखाउने काम गर्दैन । सबैलाई सम्मान गर्ने र आदर गर्ने बानीले उसका साथी पनि धेरै छन् । विद्यालयमा पनि सिकाइमा ऊ औसत भए पनि अरूबाट सिक्न खोज्ने, कमजोर साथीलाई सिकाउने उसको स्वभाव छ । साथीहरू खेलकुद, अतिरिक्त क्रियाकलाप र पढाइमा राम्रो गर्दा उनीहरूलाई बधाई दिने र अझ राम्रो गर्न प्रेरित गर्छ । अरूको प्रगतिमा ईर्ष्या गर्नुको सट्टा उनीहरूबाट राम्रा कुरा सिक्न चाहन्छ । त्यसैले परिवार र विद्यालयमा सबैको प्रिय छ ।

**प्रश्न**

(क) दिनबन्धुको बानी व्यवहार तपाईँलाई कस्तो लाग्यो ?

(ख) रोहित र दिनबन्धुमध्ये तपाईँलाई कसको बानी व्यवहार मन पर्छ र किन ?

(ग) अरू प्राणीलाई हामीले किन दुःख दिनु हुँदैन ।

(घ) अरूको अहित सोच्दा आफ्नो पनि अहित हुन्छ भन्ने सन्दर्भलाई उदाहरणसहित पुष्टि गर्नुहोस् ।

(ङ) बोली वचनले अरूलाई पीडा दिनु हुँदैन । किन ?

# पाठ २ हाम्रा सामाजिक परम्परा, प्रचलन र संस्कार

## तल दिइएको विवरण अध्ययन गर्नुहोस् र छलफल गर्नुहोस् :

नेपाल सामाजिक विविधताले भरिपूर्ण भएको देश हो । यहाँ विभिन्न सामाजिक परम्परा, प्रचलन र संस्कार विद्यमान छन् । यिनै परम्परा, प्रचलन र संस्कार सम्बन्धमा सहजकर्ताले सम्पर्क कक्षामा विद्यार्थीलाई खोजी गरेर ल्याउन भन्नुभएको थियो र सिकारुले पनि विभिन्न सन्दर्भ सामग्री र गुगलमा खोजी गरी आफूले तयार पारेका विवरण कक्षामा प्रस्तुत गरेका थिए।

### मनीताले तयार पारेको सामग्री यसप्रकार रहेको छ :

मैले विभिन्न सन्दर्भ सामग्री अध्ययनबाट हाम्रो नेवारी समुदायमा चल्दै आएको गुठी परम्पराको सम्बन्धमा टिपोट गरेको छु। मेरो सामग्री यसप्रकार रहेको छ :

गुठी नेपाली समाजमा प्रचलित महत्त्वपूर्ण सामाजिक परम्परा हो। यो परम्परा विशेषगरी नेवार समुदायमा बढी प्रचलनमा छ। हाम्रो समाजमा प्रचलित सामाजिक परम्परामध्ये गुठी परम्परा महत्त्वपूर्ण परम्परा हो। सामाजिक नियमको रूपमा यो परम्परा अभ्यासमा रहेको छ। संस्कृतिको संरक्षण र धार्मिक सम्पदाको व्यवस्थापन एवम् रेखदेखमा गुठीको भूमिका महत्त्वपूर्ण रहेको छ। यस प्रथाले समुदायमा प्रचलित विभिन्न जात्रा, पर्व, जन्म, मृत्यु संस्कार आदि सम्पन्न गर्न सहयोग र सहकार्यमा जोड दिन्छ। गुठीको सदस्यलाई गुठियार भनिन्छ भने गुठीको प्रमुखलाई थकाली भनिन्छ। गुठी परम्परामा गुठियार बिचमा कार्य जिम्मेवारी तोकिएको हुन्छ। जिम्मेवारी अनुसारको काम गर्नु गुठियारको दायित्व हुन्छ। देबाली गुठी, सि गुठी, सना गुठी आदि नेवार समुदायमा प्रचलित गुठी हुन्।

### सौरभले तयार पारेको सामग्री यसप्रकार रहेको छ :

मैले विभिन्न सन्दर्भ सामग्रीको अध्ययनबाट थकाली समुदायमा परम्परादेखि चल्दै आएको ढिकुर परम्पराको सम्बन्धमा टिपोट गरेको छु। मेरो सामग्री यसप्रकार रहेको छ।

नेपाली समाजमा प्रचलित महत्त्वपूर्ण प्रचलन एवम् प्रथाको रूपमा ढिकुरलाई लिइन्छ। यो प्रथा थकाली समुदायमा प्रचलित छ। परम्परादेखि चलेको यो परम्परा आज पनि थकाली समुदायमा एउटा सामाजिक नियमको रूपमा रहेको छ । समाजलाई एकताबद्ध गर्ने असल सामाजिक नियमको रूपमा यस प्रथालाई लिइन्छ। ढिकुरको सञ्चालकलाई घोपा भनिन्छ। यस परम्परामा समुदायमा सदस्यहरूले समूहको कोषमा धेरथोर रकम जम्मा गर्ने र खाँचो भएको समयमा

पालो मिलाएर रकम प्राप्त गर्ने गर्छन् । ढिकुरको कोषमा जम्मा भएको रकम आलोपालो गरी परिचालन गर्ने गरिन्छ। त्यस रकमले आफ्ना आवश्यकताअनुरूप खर्च वा लगानी गर्ने गरिन्छ। यस प्रथामा सदस्यबिचमा विश्वास र सहकार्य महत्त्वपूर्ण हुन्छ। गलत अभ्यासको कारण यो प्रथामा समस्या पनि आउन थालेका छन् । आजकल ढिकुर प्रथाका नाममा केही विकृति पनि देखिन थालेका छन्। ढुकुटी खेलाउने र रकम ठगी गर्ने र फरार हुने गरेका घटना बढ्न थालेकाले त्यसलाई यस्ता विकृति विरुद्ध सचेतनाको जरुरत देखिन्छ। सरोकारवाला निकायले यसमा सुधार गर्नुपर्ने देखिन्छ।

**गरिमाको प्रस्तुति निम्नअनुसार रहेको छ :**

मैले विभिन्न सन्दर्भ सामग्रीको अध्ययनबाट हाम्रो समाजमा परम्परादेखि चल्दै आएको गुठी र ऐँचोपैँचो परम्पराको सम्बन्धमा टिपोट गरेको छु। मेरो सामग्री यसप्रकार रहेको छ :

नेपाली समाजमा विद्यमान एउटा असल सामाजिक अभ्यासको रूपमा पर्मलाई लिने गरिन्छ। नेपालको ग्रामीण समुदायमा अझै पनि यो नियम प्रचलित छ। अरू व्यक्तिको खेतबारीमा हुने काम वा श्रममाबिना ज्याला काम गर्ने र आफ्नामा पनि ती परिवारका सदस्य आएर काम परेको बेला सहयोग गर्ने परम्परा नै पर्म हो। यस्तो परम्पराले समाजमा सहयोग र सहकार्यको भावना वृद्धि गर्छ। यस परम्परामा काम गर्ने मानिसको अभावको पूर्ति हुने र ज्याला दिनुनपर्ने हुँदा नेपाली समुदाय यस्ता प्रथाबाट धेरै लाभान्वित भएका छन्।

नेपाली समाजमा विद्यमान परम्परामध्ये ऐँचोपैँचो परम्परा पनि एक हो। यस परम्परामा परिवारमा नभएका वस्तु वा सामान अर्को परिवारबाट ल्याउने र पछि त्यति नै परिणाममा सामान वा वस्तु फिर्ता गर्ने प्रचलन छ। यस कार्यबाट तत्काल अभाव भएका वस्तु वा सामानको आवश्यकता पूरा हुन्छ। समाजमा आपसी सहयोग र सहकार्यको भावना वृद्धि हुन्छ।

**एकवाल मियाँको प्रस्तुति निम्नअनुसार रहेको छ :**



मैले विभिन्न सन्दर्भ सामग्रीको अध्ययनबाट थारू समुदायमा परम्परादेखि चल्दै आएको बडघर परम्पराको सम्बन्धमा टिपोट गरेको छु। मेरो सामग्री यसप्रकार रहेको छ :

पश्चिम नेपालका थारू गाउँमा

अझै पनि परम्परागत मुखियाको शासन चल्छ । सिँचाइ प्रणालीको व्यवस्थापन गर्न होस् कि बाटोघाटो निर्माण गर्न, स्वयम्सेवाबाट चल्ने बडघर परम्परा पश्चिम नेपालका थारू समुदायमा अझै प्रचलनमा रहेको छ ।

कुनै कानुनी हैसियत नभए पनि बडघर भनिने मुखियाले समाजको नेतृत्व गर्ने परम्परा स्थानीय तहमा निर्वाचित जनप्रतिनिधि आइसक्दा पनि चलिरहेको छ ।

कसरी चल्छ त बडघर ? मैले यहाँ एउटा वास्तविक घटना ल्याएको छु ।

बर्दियाको राजापुर नगरपालिकाका नयाँगाउँका बडघर रामचन्द्र थारूले निर्देशन दिएपछि कृषक समूहका सचिव भीमबहादुर थारूले 'नान हाले' । 'नान हाल्नु' भनेको लट्ठीले नापेर कामको भागबन्डा लगाउनु हो । किसानहरूको जग्गाको अनुपातअनुसार उनी कसैलाई दुई लट्ठी, कसैलाई अढाइ लट्ठी भनिरहेका थिए । बर्दियामा राजापुरको बुढीकुलो सञ्चालनका लागि औपचारिक रूपमा गठित एउटा समिति पनि छ । तर निर्णय गर्दा र काम गर्दा बडघर पनि संलग्न हुने प्रचलन रहेको छ । बुढीकुलो सञ्चालन समितिका अध्यक्ष सोमप्रसाद थारूका अनुसार पुर्खाले चलाएको नियमले अहिलेसम्म कसैलाई समस्यामा पारेको छैन । पुर्खाको लगानी र देनको सम्मानका लागि मैले पनि यो बुढीकुलो सञ्चालनका लागि नेतृत्व छोड्न सकिरहेको छैन ।

### नियम

बडघरको निर्देशनअनुसार काम गर्न नआउनेले 'खारा' अर्थात् जरिवाना तिर्नुपर्छ । त्यस्तो नियम वडा अध्यक्ष, बडघर वा ठुलो पदमा रहेका जोसुकैका हकमा लागु हुन्छ ।

बडघरले काममा महिला र पुरुषबिच विभेद पनि गर्दैनन् । त्यसैले लैङ्गिक रूपमा समेत सहभागिता समान छ ।

बर्दिया-८ बेलभारकी शान्ता चौधरी भन्छिन्, "श्रीमान् बाहिर कमाउन जान्छन्, छोराछोरी विद्यालय, जहिले पनि आफैँ जान्छु, सगोलमा काम गर्दा रमाइलो हुन्छ ।"

दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुर जिल्लाका थारू बस्तीमा यस्तो प्रचलन चलिरहेको छ ।

कुलोपानी र बाटोघाटो चलाउने मात्र नभई गाउँको वन तथा वातावरणको विषय वा अन्य सामाजिक काम पनि प्रायः गाउँकै बडघरको नेतृत्वमा हुने गरेको स्थानीय बासिन्दा बताउँछन् ।

बडघरले काम गरेबापत गाउँको प्रत्येक घरधुरीबाट हिउँदे र वर्षे बालीको १० देखि १५ किलो अन्न पाउँछन् ।

### शर्मिला रानाको प्रस्तुति निम्नअनुसार रहेको छ :

मैले विभिन्न सन्दर्भ सामग्रीको अध्ययनबाट मगर समुदायमा परम्परादेखि चल्दै आएको भेजा परम्पराको सम्बन्धमा टिपोट गरेको छु । मेरो सामग्री यसप्रकार रहेको छ :

भेजा मगर समुदायमा प्रचलित पुरानो सामाजिक प्रथा हो । भेजालाई समा भाग वा समान सहभागिताको रूपमा बुझ्ने गरिन्छ । यो प्रथालाई सरोभाइ प्रथा पनि भन्ने गरेको पाइन्छ । सरोभाइको खास अर्थ म मेरो दाजुभाइ खलक सँगै छु भन्ने हो । परम्परागत संस्कारको प्रचलनलाई निरन्तरता दिन भेजाले महत्त्वपूर्ण योगदान गरेको पाइन्छ । यसमा सरोभाइ (तेह्र दिने दाजुभाइ) ले सम्बन्धित परिवारलाई विभिन्न संस्कार गर्न आवश्यक नगद तथा जिन्सी गच्छेअनुसार सङ्कलन गरी दिइन्छ । यो संस्कारले मगर समुदायमा सञ्चालन हुने सांस्कृतिक, धार्मिक र सामाजिक कार्य गर्न महत्त्वपूर्ण भूमिका खेल्छ । सहयोग, सहकार्य र आपसी मेलमिलापलाई भेजा प्रथाको मुख्य विशेषताको रूपमा लिन सकिन्छ ।

### विमल कुमालको प्रस्तुति निम्नअनुसार रहेको छ :

मैले विभिन्न सन्दर्भ सामग्रीको अध्ययनबाट मधेस प्रदेशमा परम्परादेखि चल्दै आएको माइजन र गुरुङ समुदायमा प्रचलित रोधी  परम्पराको सम्बन्धमा टिपोट गरेको छु । मेरो सामग्री यसप्रकार रहेको छ :

नेपालमा माइजन प्रथा मधेस प्रदेशमा प्रचलित परम्परागत प्रचलन हो । यस प्रचलनअनुसार समुदायका सम्बन्धित जातिको भेलाले सर्वसहमतिको आधारमा माइजन चुनिन्छ । माइजन सम्बन्धित जातिको मुख्य अगुवा व्यक्तिको रूपमा रहन्छ । यसको मुख्य कार्य आफ्नो जाति समुदाय भित्रका झैझगडा मिलाउने, जन्मदेखि मृत्युसम्मका संस्कारका साथै विभिन्न चाडपर्वमा भोजभतेरको व्यवस्थापन गर्ने हो । यसरी माइजनले सम्बधित जातिको सामाजिक, धार्मिक, सांस्कृतिक र न्यायिक कार्यमा नेतृत्व प्रदान गर्छ ।

गुरुङ समुदायमा प्रचलित परम्परामध्ये रोदी एक महत्त्वपूर्ण परम्परा हो । यस परम्पराअनुसार साँझपख गुरुङ युवा युवतीहरू रोदीघरमा भेला भएर गीत र नाच प्रस्तुत गर्ने गर्छन् । यसरी गीत र नाच्दा उनीहरू अभिभावकको साथमा रहेका हुन्छन् । रोधीघरमा उनीहरूले भोलि हुने कामको बाँडफाँट गर्ने, जात्रा, मेला, पर्व र विभिन्न सामाजिक कार्यमा सहभागी हुने सल्लाह गर्नेसमेत काम गर्छन् । यसरी रोदीले गुरुङ समुदायमा सामाजिक सद्भाव विकास गर्न, मनोरञ्जन दिनका साथै सामाजिकीकरणलाई बलियो बनाउन सहयोग गर्छ ।

## पाठको आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) गुठी प्रथा भनेको के हो ?

(ख) ढिकुर प्रथाको महत्त्व उल्लेख गर्नुहोस् ।

(ग) ऐँचोपैँचो प्रथाले समाजलाई एकताबद्ध बनाउन कसरी मदत पुऱ्याउँछ ?

(घ) पर्म प्रथा समाजको असल अभ्यास हो भन्ने पक्षमा आफ्ना तर्क प्रस्तुत गर्नुहोस् ।

(ङ) माइजन प्रथाका सकारात्मक पक्ष उल्लेख गर्नुहोस् ।

(च) रोधी प्रथाले सामाजिक सद्भाव र एकता वृद्धिमा कसरी मदत पुऱ्याएको छ ? आफ्ना विचार प्रस्तुत गर्नुहोस् ।

## क्रियाकलाप

ढिकुर प्रथाका सकारात्मक पक्ष उल्लेख गरी चार्ट तयार गर्नुहोस् र सिकाइ केन्द्रमा कक्षाकोठामा टाँस्नुहोस् ।

## क्रियाकलाप

ऐचोपैँचो प्रचलनका फाइदा अभिभावकलाई सोधी टिपोट गर्नुहोस् र साथीहरूलाई सुनाउनुहोस् ।

## क्रियाकलाप

थारू समुदायमा बडघर परम्पराको महत्त्व सम्बन्धमा दुई साथीबिचमा संवाद तयार पारी कक्षामा प्रस्तुत गर्नुहोस् ।

## क्रियाकलाप

गुठी प्रथाले सामाजिक एकता र सहकार्यमा मदत पुऱ्याएको छ । यस भनाइलाई उदाहरणसहित पुष्टिगर्नुहोस् ।

## क्रियाकलाप

तपाईँको समुदायमा प्रचलनमा रहेको कुनै एक सामाजिक प्रथा खोजी गरी सम्पर्क कक्षामा प्रस्तुत गर्नुहोस् ।

# पाठ ३ नेपालमा प्रचलित केही जातिगत संस्कार

**तलका जातिगत संस्कारसँग सम्बन्धित चित्र हेर्नुहोस्, पहिचान गर्नुहोस् र छलफल गर्नुहोस् :**






**तलको पाठ अध्ययन गर्नुहोस् र सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

आज रमिला काकीसँग साथी मानुषी लिम्बुको दाइको बिहेमा जान निस्किएकी छिन् । मागी विवाह भएकाले दुवै परिवारले धुमधामले विवाह गरेका थिए । लिम्बुको विवाहमा बन्दुक पड्काएर विवाह गर्ने चलन रहेछ । उनले काकीसँग विभिन्न जातिका विवाह संस्कारको बारेमा सोधेकी थिइन् । काकीले केही जातिका जन्म, विवाह र मृत्यु संस्कारको बारेमा बताउनुभएको थियो ।

उहाँले सुरुमा आफ्नो माइती गाउँ सिराहा मिर्चैयामा देखेको र अनुभव गरेको यादव जातिको जन्म, विवाह र मृत्यु संस्कारको बारेमा यसरी बताउनुभयो :

"यादव जातिको बसोवास नेपालको मधेस प्रदेशमा रहेको छ । यो जातिको जन्मेको छैटौँ दिनमा बच्चाको न्वारान (छटियार) गरिने चलन छ । यो जातिको एउटै जातिको फरक फरक गोत्रमा विवाह गर्ने चलन छ । यस जातिमा मृत्युको १३ दिनमा किरिया कर्म गरिने, सेतो कपडा लगाई

कपाल खौरने, शवलाई जलाउने सामाजिक संस्कार रहेको छ।"

यादव जातिको विभिन्न संस्कारको जानकारीपछि रमिलाले आफ्नो गाउँमा रहेका कामी जातिको संस्कारको बारेमा सोधिन्। काकीले कामी (विश्वकर्मा) जातिको विभिन्न संस्कार यसरी बताउनुभयो।

"कामी जातिमा बच्चाको न्वारन ११ दिनमा गरिन्छ भने न्वारन पुरोहितले गर्ने गर्छन्। यस जातिमा पनि फरक गोत्रमा र मागी विवाह गर्ने चलन छ। आजकल प्रेम विवाह पनि बढ्दै जान थालेको छ। यस जातिको मृत्यु कर्ममा मृत्युको १३ दिनमा किरिया कर्म पुरोहितद्वारा गरिने, शवलाई जलाइने, कपाल खौरने, एक वर्षसम्म सेतो कपडा लगाएर बरखी बार्ने गरिन्छ।"

विवाहबाट घर फर्किँदै गर्दा बाटामा मुसहर र दुई चार घर मुसलमानका बस्ती थिए। काकीले यो मुसहर र मुसलमानको बस्ती हो भनेर चिनाउनुभयो। त्यसपछि रमिलाले यस जातिको पनि जातिगत संस्कार हजुरलाई थाहा होला, बताइदिनुहोस् भनेर कर गर्न थालिन्। काकीले मुसहर जातिको संस्कारको बारेमा यसरी बताउनुभयो।

"मुसहर जाति तराईमा बसोबास भएको जाति हो। यस जातिको आफ्नै जन्म, विवाह र मृत्यु संस्कार रहेको छ। यो जातिको बच्चा जन्मेको छ दिनमा शुद्धीकरण गर्ने संस्कार हुन्छ। यिनीहरू आफ्नै जातिमा मागी विवाह गर्ने गर्छन्। यस जातिमा १३ दिनसम्म मृत्यु संस्कार गर्ने गरिन्छ। यस जातिमा शवलाई  जनाउने परम्परा रही आएको छ।"

मुसहरको संस्कारपछि रमिलाले मुस्लिमको संस्कार अरूको जस्तै हुन्छ कि फरक हुन्छ काकी भनेर जिज्ञासा राखिन् र उनको जिज्ञासालाई शान्त पार्दै काकीले भन्नुभयो, "मुसलमान समुदायमा आफ्नो बच्चालाई ७ वा २१ दिनमा नामकरण गरिने गरिन्छ। यस समुदायमा मागी विवाह गर्ने गरिन्छ। मुसलमान समुदायमा मानिसको शवलाई इस्लाम संस्कारअनुसार गाड्ने गरिन्छ।"

अन्तिममा काकीले आफ्नो मावली गाउँमा रहेको छन्त्याल जातिको जन्म, विवाह र मृत्यु संस्कारको सम्बन्धमा पनि बताउनुभयो।

छन्त्याल जातिको जन्म संस्कारमा ७ देखि ११ दिनभित्र न्वारान संस्कार गरिन्छ। यस जातिमा आफ्नै जातिभित्र विवाह गरिने, मामाचेला, फुपूचेलाबिच विवाहको हक लाग्ने, मागी र प्रेम विवाह दुवै हुने गरेको छ।

"कुरा गर्दा गर्दै बाटो कटेको पत्तै पो भएन त काकी।" यति भन्दै रमिलाले धेरै धेरै जानकारी दिएकाले काकीलाई धन्यवाद पनि दिइन्।

## पाठको आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) छन्त्याल जातिको विवाह संस्कार उल्लेख गर्नुहोस् ।

(ख) मुसलमान समुदायको मृत्यु संस्कार सम्बन्धमा लेख्नुहोस् ।

(ग) कामी जातिको विवाह संस्कार र मुसहर जातिको विवाह संस्कारबिचमा तुलना गर्नुहोस् ।

(घ) हाम्रा सामाजिक संस्कारको महत्त्व उल्लेख गर्नुहोस् ।

(ङ) हाम्रा सामाजिक संस्कार संरक्षण गर्नुपर्छ, किन ?

## क्रियाकलाप

तल दिइएको तालिका अध्ययन गरी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

| जाति | जन्म संस्कार | विवाह संस्कार | मृत्यु संस्कार |
|---|---|---|---|
| चेपाङ | एघारौँ दिनमा न्वारन गर्ने | ☞ मामा चेली, फुपू चेलाबिचमा विवाह हुने<br>☞ केटी माग्न जाँदा मङ्गलबार जाने<br>☞ विवाह गर्दा तीन पटक टाउको ठोकाएर विवाह गर्ने<br>☞ विवाहमा छोरीलाई चिउरीको बोट दाइजो दिने | ☞ तीन, पाँच, सात दिनमा मृत्यु संस्कार पूरा गर्ने<br>☞ लासलाई गाड्ने वा जलाउने संस्कार<br>☞ पुरोहित पाँडे (झाँक्री) ले मृत्यु संस्कार पूरा गराउने |

| | | | |
|---|---|---|---|
| सुनुवार | एघारौँ दिनमा न्वारन गर्ने | ☞ मागी विवाह र प्रेम विवाह, अन्तरजातीय विवाह गर्दा भोज खुवाउनुपर्ने | ☞ शवलाई जलाउने वा गाड्ने<br>☞ आफ्नै जातिको पुरोहित नासोद्वारा धार्मिक कार्य सम्पन्न गराउने |

## प्रश्न

(क) केटी माग्न जाँदा मङ्गलबार मात्र जाने जाति कुन हो ?

(ख) नासोद्वारा आफ्नो धार्मिक कार्य सम्पन्न गर्ने जाति कुन हो ?

(ग) तपाईंको घरमा हुने गरेका धार्मिक कर्म कसले सम्पन्न गर्ने गर्छन् ?

(घ) विवाहमा छोरीलाई चिउरीको बोट दाइजो दिने जाति कुन हो ?

## क्रियाकलाप

आफ्नो जातिगत परम्परा र संस्कारको बारेमा अभिभावकसँग सोधखोज गरी तलको तालिका पूरा गर्नुहोस् :

| जातिको नाम | जन्म संस्कार | विवाह संस्कार | मृत्यु संस्कार |
|---|---|---|---|
| | | | |

## क्रियाकलाप

विभिन्न जातिगत संस्कारसँग सम्बन्धित तथ्य सङ्कलन रही कक्षामा हाजिरी जवाफ प्रतियोगिता सञ्चालन गर्नुहोस् ।

**जानिराखौँ :**

- विवाहमा दुलाहाको साथमा कालो छाता अनिवार्य मानिने जाति राई हो ।
- मृतकको चिहानमाथि मृतकको खटिया उतानो पारेर राख्ने चलन माझी जातिमा रहेको छ ।
- मगरको पुरोहितलाई भुसाल भनिन्छ ।
- केटी भगाएपछि केटीका बा आमासँग माफी माग्ने चलन बाह्र गाउँले जातिमा रहेको छ ।
- मरेको लासलाई काटेर गिद्धलाई खुवाउने चलन डोल्पो जातिमा छ ।
- विवाहमा सिन्दूर साटासाट गर्ने चलन झाँगड जातिमा छ ।
- लासलाई बाँदर मार्ने जालमा बेरेर गाड्ने जाति राउटे हो ।
- तामाङ जातिको मृत्यु संस्कारलाई घेवा भनिन्छ ।

# पाठ ४ हाम्रा धार्मिक तथा सांस्कृतिक क्रियाकलाप

**तलको पाठ अध्ययन गर्नुहोस् र छलफल गर्नुहोस् :**

नेपाल धार्मिक विविधता भएको देश हो । यहाँ विभिन्न धार्मिक समुदायका मानिसहरूको बसोबास छ । धार्मिक विविधताबिचमा नेपाली जनताको एकता विश्वमा अनुपम छ । तल नेपालमा रहेका मुख्य धर्म र ती धर्मका धार्मिक सांस्कृतिक क्रियाकलापको चर्चा गरिएको छ :

## हाम्रा धार्मिक क्रियाकलाप

**हिन्दु धर्म**: पूजापाठ गर्ने, प्रमुख देवता ब्रह्मा, विष्णु र महेश्वर । चाडपर्वहरू दसैँ, तिहार, तिज, होली, छठ आदि परोपकार गर्नु, दान गर्नु, व्रत बस्नु यस धर्मका मुख्य धार्मिक क्रियाकलाप हुन् ।

**बौद्ध धर्म** : पूजा आराधना गर्न गुम्बा र चैत्य जाने, । बौद्ध धर्मका हिनयान, महायान र बज्रयान गरी तीन सम्प्रदाय रहेको । मुख्य चाड बुद्ध जयन्ती, अहिंसाको पक्षपोषण गर्नु, सत्यको पालना, बुद्धको सन्देश प्रवाह गर्नु यस धर्मको मुख्य धार्मिक क्रियाकलाप

## हाम्रा सांस्कृतिक क्रियाकलाप

**लोक तथा शास्त्रीय नृत्य**: मारुनी नृत्य, कौरा नृत्य, तामाङ सेलो, चन्डी नृत्य, धान नाच, देउडा नृत्य, झ्याँगड नृत्य, कार्तिक नाच, पञ्चबुद्ध नृत्य आदि

**लोकगीत**: स्थानीय मानिसहरूले आफ्नो दुःखपीडा बेदना व्यक्त गर्ने माध्यम, आफ्ना भावना, संवेग, खुसी एवम् पीडाहरूलाई गीतको माध्यमबाट प्रकट गर्ने गीतहरू

**लोकगितको उदाहरण**:

राम्दी पुल तरने बित्तिकै
बाँचे भेट मरे त यत्तिकै

**किरात धर्म** : किराँत धर्मावलम्बीहरू प्रकृतिको पूजा गर्छन् । यस समुदायमा मनाइने प्रमुख चाडहरू उँधौली र उँभौली हुन् । धार्मिक पर्वहरूमा यिनीहरू धान नाच, चन्डी नाच नाच्छन् ।

**इस्लाम धर्म** : अल्लाहको प्रार्थना गर्छन् । मस्जिदमा गई नमाज पढ्छन् । एक महिनासम्म रमजान मनाउने, प्रमुख चाडपर्व ईद उल फित्र, ईद उल अजा, मोहरम आदि दान गर्नु, रोजा बस्नु, हज गर्नु यस धर्मका मुख्य धार्मिक गतिविधि हुन् ।

**लोकबाजा**: समाजमा परम्परादेखि चल्दै आएका सुर र ताल दिने वाद्य यन्त्र नेपाली समाजमा प्रयोगमा रहेका मादल, मुर्चुङ्गा, बाँसुरी, सारङ्गी, मुरली, शहनाई, टेम्को, दमाह, ढोलक, धिमे, तबला, हुड्को, शङ्ख, झ्याम्टा, बिनायो, डमरुलगायतका बाजाहरू

**लोक धुन**: परम्परादेखि अवसर विशेषलाई जनाउन बजाइने धुन, दसैंमा बजाइने मालश्री, जिवाहमा बजाइने मङ्गल धुन, पूजामा बजाइने स्वस्ती, शङ्ख ध्वनि लोक धुनका उदाहरण

**पाठको आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :**

(क) हिन्दु धर्मका मुख्य धार्मिक क्रियाकलापको सूची तयार पार्नुहोस् ।

(ख) बौद्ध धर्मावलम्बीले मनाउने मुख्य चाडपर्वको नाम लेख्नुहोस् ।

(ग) इस्लाम धर्मका मुख्य धार्मिक क्रियाकलाप लेख्नुहोस् ।

(घ) किरात धर्मावलम्बीले मनाउने कुनै तीनओटा चाडपर्वको नाम लेख्नुहोस् ।

## क्रियाकलाप

**तल दिइएको गीत गाउनुहोस् र त्यहाँ उल्लिखित विभिन्न सांस्कृतिक पक्षको पहिचान गरी तालिकामा भर्नुहोस् :**

च्याब्रुङ नाच कति राम्रो, देउडा झनै राम्रो
संस्कृतिले भरिपूर्ण सुन्दर देश हाम्रो
योमरी र ढिकरीले पहिचान बोल्छ
सारङ्गी र मुर्चुङ्गाले मनको भाका खोल्छ
हाकु अनि पटासीमा काकी कति राम्री
घलेक, लुँगी चोली लाउँदा गुरुङ्सेनी राम्री
कल्ली, बाला चुरी, हार कति सुहाउने
लोकगीत भाका मिठो हाँस्ने रुवाउने

| पक्ष | लोकगीत | लोक नृत्य | सांस्कृतिक पहिरन | सांस्कृतिक परिकार | गरगहना |
|---|---|---|---|---|---|
| गीतमा उल्लिखित | | | | | |
| तपाईंको समाजमा प्रचलित | | | | | |

## क्रियाकलाप

**तल दिइएका धर्मसम्बन्धी विवरण अध्ययन गरी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

नेपालमा सिख सम्प्रदायका मानिस पनि बसोबास गर्छन् । उनीहरू भजन कीर्तन गर्न गुरुद्वारा जान्छन् । यस सम्प्रदायमा मनाइने मुख्य चाडपर्व वैशाखी, गुरु नानक जयन्ती आदि हुन् । नेपालमा जैन धर्मावलम्बी पनि छन् । जैन धर्म मान्ने मानिसको पवित्र स्थानलाई अग्नि मन्दिर भनिन्छ । यस सम्प्रदायमा मनाइने मुख्य चाडपर्व महावीर जयन्ती, दिवाली, परयुसना आदि हुन् । नेपालमा इसाई धर्मावलम्बी पनि धेरै छन् । यो धर्म मान्ने व्यक्ति एउटा मात्र ईश्वरमा विश्वास गर्छन् । इसाई धर्मावलम्बी चर्चमा गई प्रार्थना गर्छन् । यस सम्प्रदायमा मनाइने मुख्य चाडपर्व क्रिसमस र इस्टर हुन् ।

**प्रश्न**

(क) सिख धर्मका मुख्य धार्मिक क्रियाकलाप के के हुन् ?

(ख) महावीर जयन्ती कुन धर्मसँग सम्बन्धित पर्व हो ?

(ग) इसाई धर्मसँग सम्बन्धित चाडपर्वको नाम लेख्नुहोस् ।

## क्रियाकलाप

धार्मिक सहिष्णुता आजको आवश्यकता विषयमा कक्षामा वक्तृत्वकला प्रतियोगिता आयोजना गर्नुहोस् :

## परियोजना कार्य

विद्यालय नजिकको धार्मिक स्थल वा सांस्कृतिक जात्रा, मेला, महोत्सव आदिको भ्रमण गरी तल दिइएको शीर्षकमा प्रतिवेदन तयार गर्नुहोस् ।

(क) परिचय

(ख) उद्देश्य

(ग) विधि

(घ) पत्ता लागेको कुरा

(ङ) निष्कर्ष

# पाठ ५ विविधतामा एकता

## तलको पाठ अध्ययन गर्नुहोस् र छलफल गर्नुहोस् :

आज सपना सम्पर्क कक्षामा जान सकिनन् । उनले आफू जान नसके पनि साथी सोयमलाई भेटिन् । उनी सम्पर्क कक्षाबाट भर्खर मात्र फर्किएका थिए । पढाइको बारेमा साथीहरूबिचमा छलफल भयो । उनीहरूबिचमा भएको कुराकानी हामी पनि अध्ययन गरौँ है त ?

**गीत गाऔँ :**

विविध जाति, भाषा संस्कार, नेपालको शान
भौगोलिक विविधता हाम्रो पहिचान
हिमाल, पहाड तराईमा हामी रमाउने
एक अर्कालाई गाह्रो पर्दा साथ सहयोग पाइने ।
धर्म हाम्रा फरक फरक जाति भिन्न भिन्न
भाषिक, लैङ्गिक विविधता बुझ नेपाल चिन्न
अपाङ्गता फरक फरक क्षमतामा फरक
पेसा, व्यवसाय फरक फरक रुचि क्षेत्र फरक ।
विविधता बुझ्नुपर्छ, प्रेम, सम्मान गरौँ
विविधतामा एकतालाई सधैँ मनन गरौँ ॥

**सपना** : आज म त सम्पर्क कक्षामा जान सकिन । सम्पर्क कक्षामा के के छलफल भयो मलाई नि बताऊ न ।

**सोयम** : आज कक्षामा विविधतामा एकता भन्ने शीर्षकमा छलफल भयो । सुरुमा सहजकर्ताले भौगोलिक, धार्मिक, क्षेत्रीय, जातीय, वर्गीय, भाषिक आदि विविधता र अन्तिममा यी विविधताबाट नै नेपाली एकता कायम गर्न सहयोग पुगेको सन्दर्भ चर्चा गर्नुभएको थियो ।

**सपना** : भौगोलिक विविधताको बारेमा सहजकर्ताले के के बताउनुभएको थियो ? मलाई नि बताऊ न ।

**सोयम** : उहाँले नेपालमा हिमाल, पहाड र तराईजस्ता भौगोलिक विविधता रहेको बताउनुभयो । नेपालको दक्षिणमा तराई क्षेत्र रहेको र पूर्वदेखि पश्चिमसम्म फैलिएको समथर भूभाग छ । त्यस्तै तराईको उत्तरी भागमा होचा पहाडको शृङ्खला भएको चुरे क्षेत्र रहेको कुरा पनि बताउनुभएको थियो । चुरेको उत्तरपट्टि महाभारत पहाड शृङ्खला रहेको छ । हामी बसेको क्षेत्र पनि महाभारत क्षेत्रमा पर्ने पनि बताउनुभयो । चुरे पर्वत र महाभारत पर्वतबिचमा भित्री मधेस रहेको कुरा पनि छलफलको क्रममा उठेको थियो । पहाडी क्षेत्रमा लेक, बेँसी, पाखा, खोँच, उपत्यका, नदी, फाँट आदि रहेका छन् । महाभारत पर्वत क्षेत्रभन्दा उत्तरतर्फ अग्ला हिमशृङ्खला भएको क्षेत्र छ । यसलाई हिमाली प्रदेश भनिन्छ । यस क्षेत्रमा बर्सैभरि हिँउले ढाकेका अग्ला हिमाल पनि छन् । यस क्षेत्रको भूबनोट एकनासको छैन । यस क्षेत्रमा पनि अग्ला अग्ला पहाड, लेक, बेँसी, खोँच, गल्छी, भन्ज्याङ रहेका छन् भनी सहजकर्ताले बताउनुभयो ।

**सपना** : उहाँले धार्मिक विविधताको सम्बन्धमा भन्नुभएका तथ्य पनि मलाई सुनाऊ न ।

**सोयम** : नेपालमा हिन्दु, बौद्ध, किराँत, इस्लाम, इसाई, शिख, जैन, बहाई, प्रकृति र बोन आदि धर्म मानिन्छन् । यी धर्म मान्ने सम्प्रदायबिच एकआपसमा सांस्कृतिक मेलमिलाप परम्परादेखि नै रहँदै आएको छ । यी धार्मिक समुदायमा आआफ्नै प्रकारका संस्कार छन् । यी विविधता बिचमा हामीबिचमा धार्मिक सहिष्णुता र एकता प्रगाढ रहेको सन्दर्भ पनि छलफलको क्रममा उठेको थियो ।

**सपना** : जातिगत विविधताको बारेमा पनि केही बताऊ न त ?

**सोयम** : यसको बारेमा मैले केही बुँदाहरू टिपोट गरेको छु, त्यो हेरौँ है त :

- नेपालमा वि.सं. २०७८ को जनगणनाअनुसार १४२ जाति छन् ।
- यहाँ क्षेत्री, ब्राह्मण, मगर, थारू, तामाङ, नेवार, कामी, मुसलमान, यादव, राई आदि जाति रहेका छन् ।
- यहाँ घुमन्ते राउटेदेखि लोपोन्मुख र सीमान्तकृत कुसुन्डा, नुराङ, मुसहर आदि जाति पनि छन् ।
- यी सबै जातिका आआफ्नै जन्म, विवाह र मृत्यु संस्कार छन् ।
- उनीहरूसँग आफ्नै जाति विशेषको चाडपर्व, पहिरन, परिकार र संस्कार रहेका छन्

**सपना** : विविधता सम्बन्धमा तिमीले स्पष्ट बुझिने गरी टिपेका रहेछौ । अब भाषिक विविधता सम्बन्धमा पनि केही टिपेका छौ कि ?

**सोयम** : त्यो पनि मैले टिपेको छु । मेरो कापीमा हेरौँ है त :

- नेपालमा वि.सं. २०७८ को जनगणनाअनुसार १२४ मातृभाषा बोल्ने भाषिक समूह छन् ।
- मातृभाषा बोल्नेको आधारमा क्रमशः छ ठुला भाषा नेपाली, मैथिली, भोजपुरी, थारू, तामाङ र नेपाल भाषा हुन् ।
- नेपालमा नेपाली, मैथिली र भोजपुरी भाषा बोल्ने जनसङ्ख्या क्रमशः ४४.८६ प्रतिशत, ११.०५ प्रतिशत र ६.२४ प्रतिशत रहेको छ ।

**सपना** : वर्गीय विविधताको बारेमा पनि केही बताऊ न । यहाँ धनी, गरिब, हुने नहुने वर्ग पनि छन् नि होइन र ?

**सोयम** : तिमीले वर्गीय विविधता त बुझेकै रहेछौ त । हो, नेपालमा आर्थिक स्थितिको आधारमा धनी, गरिब र मध्यम आयस्तर भएका मानिस छन् । हाम्रो समाजमा वर्गीय असमानता भए पनि सहयोग र दान गर्ने परम्परा कायम रहेको देखिन्छ । त्यस्तै यहाँ पेसाका आधारमा पनि विविधता छ । यहाँ विभिन्न परम्परागत पेसा व्यवसायमा संलग्न मानिस छन् । यहाँ कोही व्यापार गर्छन् भने कोही कृषि पेसामा संलग्न छन् । कतिपय मानिस सरकारी कार्यालयमा जागिरे छन् । कतिपय मानिस विभिन्न सङ्घसंस्था र वित्तीय निकायमा काम गर्छन् । अहिले पेसा व्यवसायमा धेरै विविधता र आधुनिकता आएको छ । यहाँका मानिसले फरक फरक व्यवसायमा संलग्न भई जीविकोपार्जन पनि गरिरहेका छन् ।

**सपना** : नेपालमा पुरुष, महिला र लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक पनि रहेका छन् नि, होइन र ?

**सोयम** : नेपालमा पुरुषभन्दा महिलाको सङ्ख्या बढी छ । यहाँ लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकको पनि पहिचान स्थापित हुँदै गएको छ । वि.सं.२०७८ को जनगणनाको अन्तिम नतिजा अनुसार यहाँ महिलाको जनसङ्ख्या ५१.१३ प्रतिशत छ भने पुरुषको जनसङ्ख्या ४८.८७ प्रतिशत रहेको छ ।

**सपना** : आज तिमीले नेपालमा रहेका भौगोलिक, जातीय, भाषिक, वर्गीय, लैङ्गिक विविधताको सम्बन्धमा बतायौ । यी विविधता बिचमा एकता सधैँ कायम हुन सके कति राम्रो हुन्थ्यो नि है ?

**सोयम** : नेपालमा भौगोलिक, क्षेत्रीय, धार्मिक, भाषिक, वर्गीय, लैङ्गिक, सांस्कृतिक, पेसा आदिमा विविधता हुनु हाम्रो मौलिक पहिचान हो । यही विविधताले नेपाललाई समृद्ध बनाएको छ । यो विविधतालाई सम्मान र संरक्षण गर्नु हाम्रो जिम्मेवारी हो । विविधताको पनि हामीबिच आपसमा सहयोग र सद्भाव कायम छ । विविधताको बिचमा पनि हामी सबै नेपाली हौँ भन्ने मान्यता छ । यसले विविधतामा एकता भन्ने मान्यतालाई आत्मसात गरेको छ । त्यसैले हामी सबैले नेपालको विविधताको सम्मान र संरक्षण गर्दै सामाजिक एकतालाई कायम गर्नुपर्छ ।

**सपना** : तिमीले धेरै कुरा स्पष्ट पारिदिएकामा धेरै धेरै धन्यवाद दिन चाहन्छु ल अब घर जाऔँ ।

**सोयम** : तिमीलाई पनि धन्यवाद । हुन्छ अव घर जाने ।

## पाठको आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) विविधतामा एकता भनेको के हो ?

(ख) विविधतामा एकताको महत्त्व उल्लेख गर्नुहोस् ।

(ग) विविधतालाई सम्मान र संरक्षण गर्न किन आवश्यक हुन्छ ?

(घ) नेपालको जातीय विविधतालाई उदाहरणसहित पुष्टि गर्नुहोस् ।

## क्रियाकलाप

नेपाल भाषिक विविधता भएको देश हो भन्ने तथ्यलाई समूहमा छलफल गरी निष्कर्ष प्रस्तुत गर्नुहोस् ।

## क्रियाकलाप

विविधता हुनु हाम्रो मौलिक पहिचान हो भन्ने विषयमा दुई साथीबिचमा संवाद तयार पार्नुहोस् ।

# पाठ ६ नेपालमा सामाजिक सद्भाव, सहिष्णुता र एकता

## तल दिइएको संवाद हाउभाउसहित अध्ययन गर्नुहोस् र छलफल गर्नुहोस् :

सम्पर्क कक्षामा जान गरिमा र प्रशान्त अलि हतारमा हिँडिरहेका थिए । उनीहरूको मौसमी गुरुआमासँग भेट भयो । मौसमी गुरुआमा उनीहरूको सहजकर्ता हुनुहुन्छ । उनीहरूले सामाजिक सद्भाव भड्काउने घटना र धार्मिक सहिष्णुताको बारेमा गुरुआमासँग छलफल गर्दै सम्पर्क कक्षामा गए । सुरुमा गरिमाको जिज्ञासा थियो ।

**गरिमा** : नेपालमा सामाजिक सद्भाव र सहिष्णुताको अभ्यास त धेरै अगाडिदेखि भएको रहेछ, होइन त म्याम ?

**गुरुआमा** : हो, यहाँले यथार्थ कुरा गर्नुभयो । नेपाल परापूर्व समयदेखि नै धार्मिक सहिष्णुता भएको देश हो । यहाँ परापूर्व कालदेखि नै विभिन्न धार्मिक सम्प्रदाय एकै ठाउँमा सद्भाव र सम्मानका साथ बसिरहेका छन् । उदाहरणकै रूपमा लिने हो भने पहिलो प्रामाणिक राजा मानदेवलाई लिन सकिन्छ । उनको परिवारमा शैव र वैष्णव दुवै धर्मको अभ्यास थियो । प्रताप मल्लले पादरीहरूलाई काठमाडौँमा बस्नका लागि अनुमति दिएका थिए । जसको कारण उनलाई गोराहरूले दुरबिन उपहार दिएका थिए ।

**विक्रम** : अस्ति हामी स्वयम्भू जाँदा त्यहाँ त हिन्दु र बौद्ध धर्म मान्ने मानिस एउटै ठाउँमा पूजा गरिरहेको देखेँ । त्यो पनि धार्मिक सहिष्णुता हो त गुरुआमाज्यू ?

**गुरुआमा** : कति राम्रो उदाहरण दिनुभयो तपाईँले । त्यसैले त नेपालमा धार्मिक सहिष्णुता छ भनेर हामी भन्छौँ नि । स्वयम्भू र पशुपतिनाथलाई बौद्ध र हिन्दु दुवै सम्प्रदायले पूजा गर्ने गर्छन् । नेपालमा धार्मिक सम्प्रदायबिच झैझगडा भएको कुनै इतिहास छैन । यी उदाहरणले नेपालमा धार्मिक सहिष्णुता छ भन्ने प्रस्ट पार्छ । हामी सबैले एकअर्काको धर्मलाई सम्मान गर्दै सहिष्णुता बचाउनु हाम्रो जिम्मेवारी हो ।

**विक्रम** : अरू पनि सहिष्णुता र सद्भावका उदाहरण होलान् नि होइन गुरुआमा ? सुनाउनु न ।

**गुरुआमा** : छ नि, पृथ्वीनारायण शाहले नेपाल एकीकरणको क्रममा हतियार बनाउन

मुस्लिम कालिगढ ल्याएका थिए । पछि उनीहरू गोरखामा नै बसोबास गरेको इतिहास हामीसँग छ । त्यस्तै जानकी मन्दिर जुन हिन्दुहरूको पवित्र तीर्थस्थल हो, त्यसको नजिकै मस्जिद पनि रहनु धार्मिक सहिष्णुताको अर्को उदाहरण हो ।

**गरिमा** : हामी कक्षाका साथीहरूको घरमा फरक चाड मनाउँदा साथीलाई शुभकामना दिने गर्छौं । अस्ति मात्र इदमा सोफियालाई हामीले इद मुबारक भनेर शुभकामना दिएका थियौँ । उनले हामीलाई घरमा बोलाएर मिठामिठा खानेकुरा खुवाएकी थिइन् । त्यो पनि सामाजिक सद्भाव र सहिष्णुताको उत्कृष्ट उदाहरण हो जस्तो लाग्छ, मलाई त ।

**गुरुआमा** : साह्रै राम्रो उदाहरण, यहाँ सबै जातजाति एकआपसमा मिलेर बसेका छन् । यहाँका जातजातिबिच उनीहरूको चाडपर्वमा एकअर्काले शुभकामना आदान प्रदान गर्दै सहभागिता पनि जनाउँछन् । जस्तो गरिमा र साथीहरूले गरेजस्तै अरूले पनि शुभकामना दिने, अरूको चाडपर्वमा सहभागी हुने गर्छन् । जसले आपसमा मेलमिलाप, भातृत्व र सद्भाव वृद्धिमा मदत पुऱ्याएको छ । सबै आस्था र धर्मप्रति सम्मान र समभाव प्रकट गर्न मदत पुऱ्याएको छ । अहिले आधारभूत तहको शिक्षा मातृभाषामा पढ्न पाउने व्यवस्था संविधानमा उल्लेख गरिनुले पनि भाषिक सहिष्णुता वृद्धि भएको छ । यसरी नेपालमा जातीय, सांस्कृतिक विविधता भए पनि सबैले एक आपसमा सद्भाव कायम गर्दै बसिरहेका छन् । यो जातीय, सांस्कृतिक र भाषिक विविधतालाई सम्मान गरिएकाले नै हामी एकताको सूत्रमा बाँधिएका छौँ ।

**विक्रम** : गुरुआमाले धेरै महत्त्वपूर्ण जानकारी दिनुभएकामा हामी हजुरप्रति आभारी छौँ ।

**गुरुआमा** : तपाईँहरूलाई पनि धन्यवाद दिन्छु । हामी जुनसुकै भाषा, धर्म र जातजातिका भए पनि हामीले अरू धर्म, भाषा र जातजाति, पेसा, पहिरन, खानपानलगायत अन्य विविधताको सम्मान गर्ने, एक आपसमा सहिष्णु व्यवहार गर्ने र विविधतामा रमाउने गर्दा नै राष्ट्रिय एकता सुदृढ हुने कुरालाई भाइबहिनीहरूले सधैँ मनन गर्नुपर्छ है त ।

**विक्रम र गरिमा** : हस गुरुआमा ।

## पाठको आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) सामाजिक सद्भाव कायम गर्न के के गर्नुपर्छ ?

(ख) "सामाजिक सद्भाव र सहिष्णुताले नै सामाजिक एकता कायम हुन्छ ।" यस भनाइलाई पुष्टि गर्नुहोस् ।

(ग) नेपालको धार्मिक सहिष्णुताका उदाहरण दिनुहोस् ।

## क्रियाकलाप

नेपालमा हुने सहिष्णुताको अभ्यासलाई समेटेर सम्पादकीयको नमुना तयार पार्नुहोस् र सम्पर्क कक्षामा प्रस्तुत गर्नुहोस् ।

## क्रियाकलाप

सामाजिक सद्भाव कायम राख्न तपाईँको तर्फबाट गर्न सक्ने योगदानको सूची बनाई साथीलाई सुनाउनुहोस् ।

# पाठ ७ नेपालका राष्ट्रिय सम्पदा


**तलको पाठ अध्ययन गर्नुहोस् र छलफल गर्नुहोस् :**

## नेपालका सम्पदा

राष्ट्रिय स्तरमा आर्थिक, सांस्कृतिक, ऐतिहासिक र धार्मिक महत्त्व राख्ने सम्पदा राष्ट्रिय सम्पदा हुन् । नेपाल प्राकृतिक स्रोत साधनमा सम्पन्न देश हो । प्रकृतिमा उपलब्ध स्रोत साधनलाई प्राकृतिक सम्पदा भनिन्छ । नदी, खोला, ताल, वनजङ्गल, पहाड आदि प्राकृतिक सम्पदाका उदाहरण हुन् । सांस्कृतिक सम्पदामा पनि नेपाल धनी रहेको छ । विगतदेखि प्रचलन र प्रयोगमा रहेका संस्कार, संस्कृति र मूल्य मान्यतामा आधारित रहेका सम्पदा सांस्कृतिक सम्पदा हुन् । नेपालमा धेरै प्राकृतिक र सांस्कृतिक सम्पदा छन् । भौतिक स्वरूप भएकालाई सम्पदालाई मूर्त सम्पदा भनिन्छ । जस्तैः वनजङ्गल, धार्मिक स्थल, दरबार, गढी आदि । त्यस्तै कतिपय सम्पदा भौतिक उपस्थिति नहुने तर अनुभूत गर्न सकिने पनि हुन्छन् । त्यस्ता सम्पदालाई अमूर्त सम्पदा भनिन्छ । जस्तैः परिकार बनाउने तरिका, पूजा विधि, विभिन्न संस्कार मनाउने पद्धति र प्रचलन आदि सम्पदा राष्ट्रिय पहिचान र गौरव पनि हुन् ।

सम्पदा संरक्षणमा सबैको चासो र सहभागिता हुनुपर्छ । सम्पदाको मर्मत र पुनर्निर्माण गर्ने, सम्पदा आसपास फोहोर नगर्ने, अतिक्रमण हुन नदिने, सरसफाइमा ध्यान दिने, प्राकृतिक सम्पदालाई तारवार वा पर्खाल वा ड्याम लगाएर संरक्षण गर्न सकिन्छ ।

### सम्पदाको महत्त्व



## पाठको आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) सम्पदाको परिचय दिनुहोस् ।

(ख) प्राकृतिक र सांस्कृतिक सम्पदाको फरक छुट्याउनुहोस् ।

(ग) राष्ट्रिय सम्पदाको संरक्षणका उपाय लेख्नुहोस् ।

(घ) नेपालको सांस्कृतिक सम्पदा नेपालको पहिचान हुन् भन्ने भनाइलाई पुष्टि गर्नुहोस् ।

(ङ) नेपालको सांस्कृतिक सम्पदाको महत्त्व लेख्नुहोस् ।

## क्रियाकलाप

सम्पदा संरक्षणका उपाय सम्बन्धमा मनोजले तयार पारेको गीत अध्ययन गर्नुहोस् र आफ्नो समुदायमा रहेका सम्पदाको संरक्षण कार्यमा सहभागी हुनुहोस् ।

सांस्कृतिक र प्राकृतिक सम्पदालाई जानी
संरक्षणमा लाग्नुपर्छ बुझ बाबु नानी
सम्पदालाई मास्ने होइन, बिगार्नु नि हुन्न
सम्पदालाई अतिक्रमण गर्नु पनि हुन्न
सरसफाइ र संरक्षणमा चासो राख्नुपर्छ
सम्पदाको विवेकपूर्ण प्रयोग गर्नुपर्छ ।
जनचेतना फैलाउनु छ, सम्पदाको बारे
सम्पदा लामो टिक्छ जीर्णोद्धार गरे
फोहोर अनि प्रदूषणले हानि पुग्छ साथी
संरक्षणका पाइला बढ्न लक्ष्य छ है माथि
मन्दिर, गुम्बा, दरबार, जङ्गल, मेला, राम्रो
यी सम्पदाको रक्षा गर्नु कर्तव्य हो हाम्रो





## क्रियाकलाप

विभिन्न सम्पदा झल्कने चित्र सङ्कलन गरी एल्वम तयार पार्नुहोस् ।

## क्रियाकलाप

हाम्रो सम्पदाः हाम्रा पहिचान विषयमा दुई साथीबिचमा हुने संवादको नमुना तयार गर्नुहोस् ।

## क्रियाकलाप

हाम्रा सम्पदालाई अर्को पुस्तासम्म पुग्ने गरी अहिलेकै रूपमा पुस्तान्तरण गर्न जरुरी हुन्छ यसका लागि के के गर्नुपर्ला ? समूहमा छलफल गरी निष्कर्ष प्रस्तुत गर्नुहोस् ।

## क्रियाकलाप

तपाईँको समुदायमा रहेका मूर्त र अमूर्त सम्पदाको खोजी गरी सूची तयार पार्नुहोस् ।

## सामुदायिक कार्य

आफ्नो समुदायको नजिकको सांस्कृतिक सम्पदाको भ्रमण गरी प्रतिवेदन तयार गर्नुहोस् ।

# पाठ ८ राष्ट्र र राष्ट्रियता



## तलको पाठ अध्ययन गर्नुहोस् र छलफल गर्नुहोस् :

राष्टिय एकता दिवसको अवसरमा सामुदायिक सिकाइ केन्द्रले आयोजना गरेको अन्तरसंवाद कार्यक्रममा स्थानीय पालिका प्रमुखलाई प्रमुख अतिथिको रूपमा आमन्त्रण गरिएको थियो । त्यस्तै सिकाइ केन्द्रका अध्यक्ष पनि सो कार्यक्रमको प्रमुख वक्ताको रूपमा उपस्थित हुनुभएको थियो । कार्यक्रमको सुरुमा अध्यक्षले राष्ट्रिय एकता दिवसको औचित्यमाथि प्रकाश पार्नुभएको थियो । उहाँले राष्ट्र के हो ? राष्टियता केलाई भनिन्छ ? राष्टिय अखण्डता कसरी कायम गर्न सकिन्छ भनी आफ्नो मन्ताव्यको क्रममा बताउनुभयो । उहाँको मन्तव्यको सार तल दिइएको छ :

नेपालको संविधानमा राष्ट्रलाई स्पष्टरूपमा व्याख्या गरिएको छ । नेपाली विविधतामा रमाउने एवम् देशको हित र भलाइमा आस्थावान् रही एकताको सुत्रमा आबद्ध नेपाली जनता समष्टिमा राष्ट्र हो भनी नेपालको संविधानमा उल्लेख गरिएको छ । राष्ट्रियता राज्य र राष्ट्रप्रतिको लगाव वा प्रेम हो । हाम्रो देशबाट कुनै व्यक्ति देश छाडेर अर्को देशमा रहे भए पनि उसमा राष्ट्रियताको भावना भने कायम रहिरहेकै हुन सक्छ । विदेशमा पनि उसले आफूलाई नेपाली भन्न रुचाउनु राष्ट्रियताको भावनाले गर्दा हो । राष्ट्रियताका आधार धेरै छन् । हाम्रो राष्ट्रभाषा, पहिरन आदि हाम्रा राष्ट्रियताका आधार हुन् । त्यस्तै राष्ट्रिय झन्डा, राष्ट्रियगान, चाडपर्व, परिकार, संस्कार पनि राष्ट्रियताका आधार हुन् । यिनको संरक्षण र संवर्धनमा योगदान पुऱ्याउनु नागरिकको कर्तव्य हो । राष्ट्र र राष्ट्रियताप्रतिको सम्मान हो । हरेक व्यक्तिले राष्ट्र र राष्ट्रियताको अस्तित्वसँग आफ्नो पहिचान खोजिरहेको हुन्छ ।

कार्यक्रममा सहभागी एक जना व्यक्तिले उनको प्रस्तुतिमा जिज्ञासा राख्दै भन्नुभयो । हजुरले राष्ट्र र राष्ट्रियताको सम्बन्धमा स्पष्ट पार्नुभएको छ । त्यसका लागि धन्यवाद, मेरो जिज्ञासा चाहिँ राष्ट्रिय एकतालाई मजबुत बनाउन के के गर्नुपर्छ भन्नेमा हो । मेरो जिज्ञासालाई यहाँले कसरी शान्त पार्न सक्नुहुन्छ ?

राष्ट्रिय एकता मजबुत बनाउन एकआपसमा मेलमिलाप, समभाव र सद्भावको जरुरत हुन्छ । त्यस्तै सहअस्तित्व र भाइचाराको भावना र त्यसको व्यावहारिक प्रस्तुतिले राष्ट्रिय एकता सबल हुन्छ । सामाजिक न्याय, समावेशिता जस्ता पक्षलाई अवलम्बन गर्न सके राष्ट्रिय एकता दरिलो बन्छ । हरेक व्यक्तिमा राष्ट्रियताको भावना जागृत गर्न यी कुराहरू महत्त्वपूर्ण हुन्छन् । आफ्नो

भाषा संस्कार जोगाउनु, राष्ट्रको नागरिक भएकामा गौरव गर्नु, राष्ट्रको स्वाभिमानलाई कायम राख्नु र सम्मान गर्नु हरेक नागरिकको कर्तव्य हो । देशको सार्वभौमिकता जोगाउनु सच्चा नागरिकको प्रमुख दायित्व भएकाले राष्ट्र र राष्ट्रियताप्रति हामी जिम्मेवार हुन आवश्यक छ । यसले राष्ट्रप्रतिको सम्मान पनि कायम हुन्छ ।

उहाँले राष्ट्रिय अखण्डतालाई कसरी जोगाउन सकिन्छ ? भन्ने सन्दर्भमा आफ्नो कवितात्मक प्रस्तुति पनि दिनुभयो । जुन यसप्रकार थियो :

**विविधतामा एकता**

नेपाल हाम्रो बहुजातिक, बहुधार्मिक देश
बहुल संस्कृतिमा रमाउने आफ्नै भाषा भेष
विविधता हाम्रो पहिचान, अखण्ड छ देश
फरक धर्म, पेसा, वर्ग, छ है समान हैसियत
सबै जना मिली बस्ने, सहकार्य गर्ने
यस्तो अखण्डता हामीलाई मन पर्ने
देश टुक्रिन दिनुहुन्न, एक भई लड्छौँ
सबको माग र आवाजलाई सम्बोधन गर्छौं
आफ्ना पहिचान कायम राख्दै फरकलाई सम्मान
सामाजिक न्याय कायम हुँदा हुँदैन है अपमान
राष्ट्रिय अखण्डता यिनमा नै पाउँछौ

यो कवितात्मक प्रस्तुति पछि उहाँले आत्मसम्मानले पनि हाम्रो राष्ट्र र राष्ट्रियतालाई मजबुत बनाउन मदत पुऱ्याउने कुरा यसरी बताउनुभयो ।

आत्मसम्मान भनेको आफ्नो पहिचान, स्वप्रति गर्व गर्नु हो । राज्यका नागरिकले आफूलाई गौरव गर्न सक्ने परिस्थितिको विकास हुनु आत्मसम्मान हो । आफ्नो देशको स्वाभिमान कायम राख्न नेपाली वीरहरूले बैरी सामु देखाएको वीरताले हाम्रो आत्मसम्मानको जिउँदो उदाहरण प्रस्तुत गरेका छन् । नालापानीमा वीर बलभद्रले देखाएको वीरता, देशप्रेम र भक्ति थापाले देउथलमा देखाएको स्वाभिमानले हाम्रो आत्मसम्मानलाई सदैव उचो राख्न अभिप्रेरित गरिराखेका छन् । राज्यका सबै नागरिकलाई समान व्यवहार गरी, पहिचानमा आधारित सामाजिक न्याय प्रत्याभूत गर्न सकेमा सबै नागरिक राष्ट्रिय मूलधारमा समाहित भई सम्मानित भएको अनुभूति गर्न

सक्छन् । यसबाट हाम्रो आत्मसम्मान बढ्छ । आफ्नो देशप्रतिको विश्वास र सम्मान वृद्धि हुन्छ । नागरिकले अरूका अगाडि आफ्नो शिर ठाडो पारेर हिँड्ने वातावरण तयार पार्न सकिन्छ । यसका लागि हामी नागरिकले सधैँ सरकारलाई सहयोग गरेर देशको विकास र नागरिकको आत्मसम्मानको विकासमा योगदान पुऱ्याउनुपर्छ । कानुनको पालना गरेर, सरकारका योजनामा सहयोग गरेर, नागरिक अधिकार कायम गराएर, हामीले राज्यप्रति गौरव गर्न सक्छौँ ।

अध्यक्षको मन्तव्यपछि कार्यक्रममा प्रमुख अतिथिले राष्ट्रिय एकतालाई मजबुत बनाउन हाम्रो स्वाभिमान, सार्वभौमिकता र सहअस्तित्वलाई कायम राख्दै देशको हितको खातिर क्रियाशील रहन सबैलाई आग्रह गर्नुभयो । उहाँले भन्नुभयो, "हामीले हाम्रो पहिचान र मूल्य मान्यतामा गर्व गर्दै त्यसको संरक्षण र संवर्धनमा लाग्नु स्वाभिमान हो । स्वाभिमान आफ्नो अस्तित्वलाई स्वीकार्नु हो । हामी हाम्रा बुद्धि, विवेक, मिहिनेत, श्रम र सिप र धैर्यले आफ्नो खुट्टामा उभिने हैसियत स्थापित गर्नु नेपाली स्वाभिमान हो । हामीले आफ्नो संस्कार, संस्कृति, परम्परा, मूल्यमान्यता एवम् ऐतिहासिक र प्राकृतिक सम्पदाप्रति गर्व गर्न सक्नुपर्छ । हामीले हाम्रा पुर्खाको सम्मान गर्दै आफ्नो दायित्व पूरा गर्न सक्यौँ भने हाम्रो स्वाभिमान वृद्धि हुन्छ । बाह्य हस्तक्षेपको सामूहिक प्रतिवाद गर्दै राष्ट्रिय एकता कायम गर्न हामी क्रियाशील बन्नुपर्छ । राष्ट्रले पनि नागरिकको सहयोगमा बहुपक्षीय विकास र सम्भावनाको खोजी गरी देशलाई आर्थिक, सामाजिक, राजनीतिक, धार्मिक, सांस्कृतिक पक्षबाट उन्नत बनाउनुपर्छ ।"

उहाँले नेपालको सार्वभौमिकता नेपाली जनतामा निहित रहेकाले हामीले हाम्रो सार्वभौमिकतामा आँच पुऱ्याउने काम नगर्न सचेत पनि गराउनुभयो । उहाँले भन्नुभयो, "नेपाल एक स्वतन्त्र देश हो । इतिहासबाट प्राप्त स्वतन्त्रताको विरासतलाई हामीले अक्षुण्ण राख्नुपर्छ । राज्यको स्वतन्त्र हैसियत सार्वभौमिकता हो । हरेक देशले स्वतन्त्र निर्णय गरी शासन पद्धति र आफ्ना स्वविकेकले अघि बढ्ने हैसियत सार्वभौम अधिकार हो । हामी अहिलेसम्म अरूबाट पराधीन हुनुपरेन । हामी अरूको उपनिवेश बन्नुपरेन । अरूको उपनिवेश बनेको भए हामीले आफ्नो सार्वभौमिकताको पहिचान गुमाइसकेका हुने थियौँ । सार्वभौमिकता गुमेमा राज्यको इज्जत र स्वतन्त्रता कायम रहन सक्दैन । हाम्रो देश नेपाल इतिहासदेखि हालसम्म आफ्नो सार्वभौमिकताको रक्षा गर्न सफल र सक्षम राष्ट्र हो । हामीले हाम्रो सार्वभौमिकतालाई अहिलेसम्म अक्षुण्ण राख्न सफल भएका छौँ । राज्यको पूर्ण स्वतन्त्रतालाई सार्वभौमिकता भन्न सकिन्छ । विश्वका धेरै मुलुक विगतमा विभिन्न साम्राज्यहरूको अधीनस्थ रहेका थिए । त्यति बेला उनीहरूको सार्वभौमिकता थिएन । उनीहरू स्वतन्त्र भएपछि मात्र सार्वभौम राष्ट्रका रूपमा पहिचान बनाउन सफल भए ।

## पाठको आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) राष्ट्रलाई परिभाषित गर्नुहोस् ।

(ख) राष्ट्रियता भनेको के हो ?

(ग) राष्ट्रिय एकता कायम राख्ने उपायको सूची तयार पार्नुहोस् ।

(घ) "जननी जन्म भूमिश्च स्वर्गादपि गरीयसी" भन्ने भनाइलाई व्याख्या गर्नुहोस् ।

(ङ) "आत्मसम्मान नेपालीको शान हो ।" पुष्टि गर्नुहोस् ।

## क्रियाकलाप

तल दिइएको सन्दर्भ अध्ययन गरी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

सहअस्तित्व भन्नाले अरूको हैसियत, पहिचान र उपस्थितिलाई सम्मान गर्नु हो । आफूलाई ठुलो ठान्ने, अरूको पहिचान र उपस्थितिलाई सम्मान नगर्ने प्रवृत्तिले विश्वमा द्वन्द्वको स्थिति सिर्जना हुन्छ । यसैले विश्व शान्ति र मानव समृद्धिका लागि सबैले सबैलाई आफू सरह नै महत्त्व र स्थान दिनुपर्छ । सबै मानिसहरूको आआफ्नो पहिचान र अस्तित्व हुन्छ । उनीहरूको कला, संस्कृति सभ्यता र पहिचानलाई सम्मान गर्नु मानिसको कर्तव्य हो । हामीले अरूलाई होच्याउनु अपमान सहअस्तित्वको भावना विपरीत हुन्छ । यस्ता कार्यले असमझदारी र विवाद बढ्छ । विश्वमा शान्ति, समझदारी र समृद्धिको भावना कमजोर हुन्छ । पञ्चशीलमा पनि सहअस्तित्वको व्यवहार गर्नुपर्ने कुरा उल्लेख गरिएको छ । सहअस्तित्वको व्यवहारले विश्वमा शान्ति र समझदारी कायम गर्न सहयोग पुग्छ ।

**प्रश्न**

(क) सहअस्तित्व भनेको के हो ?

(ख) सहअस्तित्वको महत्त्व उल्लेख गर्नुहोस् ।

(ग) "सहअस्तित्वले मिलेर बस्ता र सबैको अस्तित्व एवम् पहिचानलाई सम्मान गर्छ ।" यस भनाइलाई उदाहरणसहित पुष्टि गर्नुहोस् ।

## क्रियाकलाप

राष्ट्र र राष्ट्रियतालाई बलियो बनाउने उपाय समेटी गीत वा कविता तयार पार्नुहोस् र सहजकर्तालाई सुनाउनुहोस् ।


## क्रियाकलाप

भौगोलिक अखण्डताले राष्ट्रियतालाई मजबुत बनाउँछ भन्ने पक्षमा तर्क प्रस्तुत गर्नुहोस् ।

# पाठ ९ प्रेरणादायी व्यक्तित्व

**तलको गीत गाउने अभ्यास गरौँ र गीतको भाव सम्बन्धमा छलफल गरौँ :**

कालिकोटको लालुगाउँमा उनको जन्म भयो
साल थियो १९७१ संवत् विक्रम थियो
न्वारनको नाम बलवीर सिंह, थापा उनको थर
प्रसिद्धि भए योगी नरहरि नाथ नेपाल भर
खोजकर्ता इतिहासको, पुरातत्वको ज्ञाता
अनुसन्धानमा लागि रहने विद्वान् र लेखक
पूर्वीय वाङ्मय, आयुर्वेद र योग विद्याका धनी
चिन्छन् उन्लाई धर्मसंस्कृतिका शिरोमणि भनी



**योगी नरहरि नाथ**

जन्ममिति : वि. सं. १९७१

जन्मस्थान : कर्णाली प्रदेशको काली कोट जिल्लाको लालुगाउँ

न्वारनको नाम : बलवीर सिंह अक्सेन थापा लेखक, धार्मिक तथा सामाजिक सुधारक, अन्वेषणकर्ता

योगदान : पुरातात्त्विक इतिहास, पूर्वीय वाङमय, आयुर्वेद, योगविद्यामा योगदान, खोजमूलक ६०० भन्दा बढी ऐतिहासिक पुस्तक र दस्तावेज प्रकाशित गरेका

मृत्यु : २०५९

इलामको चुक्लिनाम्बामा फाल्गुनन्द जन्मे
असल कर्म गरेकाले विभूति नि भए
किराँत धर्म मान्ने सबले धर्मगुरु माने
मदिरापान र पशुबलि रोक्न यिनी लागे
फजुल खर्च गर्नु हुन्न, समाज सुधार गरौँ
समाजलाई आत्मीयता, माया प्रेमले भरौँ
यही सन्देश बाँड्दै हिँड्ने भए धर्मगुरु
नेपालीलाई सभ्य बनाउन लागे खुरुखुरु



**फाल्गुनन्द लिङ्देन**

जन्ममिति : वि. सं. १९४२

जन्मस्थान : कोसी प्रदेश, इलाम जिल्लाको चुक्लिनाम्बा

योगदान : किराँत समुदायको धर्मगुरु, किराँत धर्मको निरन्तरता र प्रचारप्रसारमा लागेका, धार्मिक तथा सामाजिक सुधारक, मदिरापान र पशुबलि रोक्न भूमिका खेलेका, फजुल खर्च नियन्त्रण गर्न लागि परेका, आफ्नो दर्शनद्वारा किराँत समुदायलाई व्यवस्थित गरेका, सत्य धर्म मुचुल्का, नेपाली समाजलाई सभ्य र सुसंस्कृत बनाउन भूमिका खेलेका मिति २०६६ मङ्सिर १६ मा राष्ट्रिय विभूतिको घोषणा

मृत्यु : वि. स. २००५ चैत्र २२

जनताका ऋण तिर्ने शङ्खधर जाती
नेपाल संवत् चलाएर सम्मान पाए अति
समाज सेवा असल कर्म गर्ने शिक्षा सिकौँ
शङ्खधर साख्वाबाट प्रेरणा लिई अघि बढौँ
मानवताको प्रतिमूर्ति हेनरी ड्युना हुन् नि
रेडक्रसको स्थापनामा भूमिका छ धेरै

**शङ्खधर साख्वा**



राष्ट्रिय विभूति घोषणा मितिः २०५६ मङ्सिर ३

जन्ममिति :

जन्मस्थान : कान्तिपुरको इलाछेँमा

योगदान : राजा राघव देवको पालामा विष्णुमती नदी छेउको लखुतीर्थको बालुवामा तोकिएको साइतमा निकालिएमा सो बालुवा सुन हुने ज्योतिषको सल्लाहबमोजिम भरियाहरूलाई साइतमा बालुवा झिक्न लगाए । भरियाहरू बालुवा झिकेर आनन्ददेवको दरबार फर्किँदै गर्दा काठमाडौँको पाटीमा बसिरहेका भरियाहरू भेटी उनलाई यसमा केही रहस्य भएको ठानी बालुवा आफ्नो घरमा राख्न लगाई उनीहरूलाई मिठो मिठो खानेकुरा र पैसाको प्रलोभनमा पारी फेरि बालुवा झिक्न लगाई भक्तपुर दरबार लैजान भने । सो बालुवाबाट निस्केको सुनले कान्तिपुरका जनताको ऋण मुक्त गरेका थिए । उनले नेपाल संवत् चलाएका थिए । पशुपति मन्दिरको दक्षिण ढोका सम्मुखमा आफ्नो शिलामूर्ति बनाई स्थापना गरे ।



**माथिको गीत र हाम्रा प्रेरणदायी व्यक्तिको जीवनीको आधारमा तलका प्रश्नको उत्तर लेख्नुहोस् :**

(क) योगी नरहरि नाथको जन्म कहाँ र कहिले भएको थियो ?

(ख) योगी नरहरि नाथको योगदानको चर्चा गर्नुहोस् ।

(ग) "फाल्गुनन्द लिङ्देन एक समाज सुधारक थिए।" यस भनाइलाई पुष्टि गर्नुहोस्।

(घ) शङ्खधर साख्वाको जीवनीबाट तपाईँले के प्रेरणा प्राप्त गर्नुभयो ? लेख्नुहोस्।

**तल दिइएका अन्तर्राष्ट्रिय व्यक्तित्वको जीवनी पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

### हेनरी ड्युना

हेनरी ड्युना जन्म सन् १८२८ मे ८ मा स्विट्जरल्यान्डको जेनेभामा भएको थियो। उनी एक मानवतावादी समाज सुधारक थिए। उनी एक व्यापारी भएकाले व्यापारको सिलसिलामा विभिन्न देशमा आउजाउ गर्ने गर्थे। एकपटक उनी इटालीको भ्रमणमा गएका थिए। भ्रमणको क्रममा उनले अस्ट्रिया र फ्रान्सबिचको सोल्फेरिनोको युद्ध नजिकबाट अवलोकन गर्ने मौका पाए। त्यस युद्धमा सैनिकहरूले ज्यान गुमाएका, घाइतेहरू उपचारको अभावमा छटपटाएर मरिरहेको देखे। यस घटनाले ड्युनालाई अत्यन्त दुःखी बनायो। त्यो सन् १८५९ को घटना थियो।








केही समयपछि उनी स्विट्जरल्यान्ड फर्किए। त्यसपछि ड्युनाले सोल्फेरिनोको सम्झना नामक किताब प्रकाशन गरे। उनले यस पुस्तकमा युद्धको विभत्सताको वर्णन गरेका छन् साथै युद्धमा घाइते सैनिकहरूलाई औषधी उपचार गर्ने संस्था खोल्नुपर्ने विचार व्यक्त गरेका छन्। उनको प्रस्तावलाई स्विट्जरल्यान्ड सरकारले सहमति जनायो। सन् १८६३ फेब्रुअरी १७ मा ड्युना र

उनका साथीहरू मिलेर आई.सी.आर.सी. (International Committee of the Redcros) स्थापना गरे । रेडक्रस स्थापनापछि उनले आफ्नो सम्पूर्ण जीवन मानव सेवामा समर्पित गरे । रेडक्रस जस्तो अन्तर्राष्ट्रिय मानवतावादी संस्थाको स्थापनामा उनको भूमिका अविष्मरणीय रहेको थियो ।

पवित्र मानवीयताको भावनाले खोलिएको रेडक्रस नामक संस्था आज विश्वमा युद्धका घाइतेलाई औषधी उपचार, विपत्‌बाट पीडितलाई आपत्‌कालीन सेवामा क्रियाशील छ। रगत अभाव हुन नदिन रक्तदानमार्फत रगत भण्डारण र वितरण आदि जस्ता विभिन्न सामाजिक सेवा गरिरहेको छ। आफ्ना विभिन्न देशमा रहेका शाखामार्फत यो संस्था मानव सेवामा क्रियाशील छ ।

नेपालमा पनि वि.सं.२०२० मा यो संस्था स्थापना भई मानव सेवाका कार्य गर्दै आएको छ। नेपालमा विपत्‌को क्षेत्रमा, युद्ध प्रभावित क्षेत्रमा यसले पुऱ्याएको योगदान अविस्मरणीय छ। हेनरी ड्युनाको योगदानलाई कदर गर्दै सन् १९०२ मा नोबेल शान्ति पुरस्कारद्वारा सम्मान गरियो। विश्व मानव समाजका लागि महान् कार्य गर्ने ड्युनाको मृत्यु सन् १९१० अक्टोबर ३० मा हेइडेन स्विट्‌जरल्यान्डमा भयो। उनी यस संसारमा भौतिक रूपमा नरहे पनि उनको अपूरणीय योगदानका कारण संसारभर अविस्मरणीय छन् । हरेक वर्ष उनको जन्म दिनको अवसर पारी सम्मानस्वरूप मे ८ मा अन्तर्राष्ट्रिय रेडक्रस दिवस मनाइन्छ।

### मदर टेरेसा



विश्वमै मानव समुदायले अति आदरसाथ सम्बोधन गरेर श्रद्धाका साथ उच्चारण गर्ने नाम हो मदर टेरेसा। मदर टेरेसाको जन्म २६ अगस्ट १९१० मा मेसोडोनियामा भएको थियो । सानैमा उनको बुबाको मृत्यु भएपछि उनको हेरचाहको जिम्मेवारी आमाले पूरा गरिन् । उनी समाजसेवा र मानव कल्याणमा सानैदेखि रुचि राख्थिन्। १२ वर्षको कलिलो उमेरमा नै उनले समाजसेवामा आफूलाई समर्पित गर्ने निर्णय गरिसकेकी थिइन्। उनी १८ वर्षको उमेरमा सिस्टर अफ लरेटोमा आबद्ध भइन्।

उनको मानवसेवाको प्रमुख मोड उनको भारत आगमनसँग जोडिन्छ। जब उनी सन् १९२९ मा भारतको दार्जिलिङ आएर त्यहाँको एक मिसिनरी विद्यालयमा अध्ययन गर्नुका साथै गरिब

अनाथ र असहाय बालबालिकालाई शिक्षा दिन थालिन त्यसपछि उनलाई । त्यहाँ रहँदा उनले गरिब, असहाय, अनाथ र दुःखीको कथा राम्ररी देख्न र बुझ्न पाइन् । जसले गर्दा उनलाई अझ मानव सेवा गर्न प्रेरित गऱ्यो । सन् १९४६ मा कलकत्तामा भएको हिंसात्मक धार्मिक दङ्गाबाट पीडित भएकालाई आपतकालीन सेवा प्रदान गरिन् । सन् १९५० मा उनको सक्रियतामा मिसिनरी अफ च्यारिटी भारतको कलकतामा स्थापना भयो । यस संस्थामार्फत गरिब, अनाथ, असहाय र दुःखीलाई आवास, शिक्षा, स्वास्थ्यलगायत विभिन्न मानव सेवा उपलब्ध गराइएको थियो । यस संस्थाले आफ्नो सेवालाई निरन्तरता दिइरहेको छ ।

उनको यस्ता महान् कार्यका लागि सन् १९७९ मा नोबेल शान्ति पुरस्कार, सन् १९६२ मा पद्मश्री र सन् १९८० मा भारतको सर्वोच्च पदक भारत रत्न पदकद्वारा पुस्कृत तथा सम्मानित गरिएको छ । पुरस्कारबाट प्राप्त रकम पनि उनले मिसिनरी संस्थामै राखिन् । गरिब, असहाय र दुःखीका ढुकढुकी बनेकी महान् समाज सेवी मदर टेरेसाको मृत्यु सन् १९९७ सेप्टेम्बर ५ मा भारतको कलकतामा भएको थियो । उनको निःस्वार्थ कार्यबाट आज विश्व समाज प्रेरित भएको छ ।

## प्रश्न

(क) हेनरी ड्युनाको जन्म र मृत्यु कहाँ र कहिले भएको थियो ?

(ख) हेनरी ड्युनाको कामबाट हामीले के के सिक्न सक्छौँ ? सूची बनाउनुहोस् ।

(ग) मदर टेरेसा महान् समाज सेवी हुन् भन्ने कुरालाई प्रस्ट पार्नुहोस् ।

(घ) हेनरी ड्युना र मदर टेरेसाको योगदानबाट सिक्न सकिने कुरा उल्लेख गर्नुहोस् ।

## क्रियाकलाप

योगी नरहरि नाथ र फाल्गुनन्द लिङ्देनले नेपाली समाज, संस्कृतिको क्षेत्रमा पुऱ्याएको योगदानको चर्चा गर्दै एक आत्मवृत्तान्त (biography) तयार पार्नुहोस् ।

## क्रियाकलाप

शङ्खधर साख्वाले भरीयाहरूले ल्याएको बालुवा आफ्नो घरमा खनाउन लगाएको र सो बालुवा सुन भएको, सो सुन बेचेर नेपाली जनताको ऋण मोचन गरी नेपाल सम्वत चलाएको सन्दर्भ जोडी भूमिका अभिनय गर्नुहोस् । उत्कृष्ट अभिनय गर्ने समूहलाई पुरस्कृत समेत गर्नुहोस् ।

# पाठ १० स्काउट

**तलको पाठ अध्ययन गर्नुहोस् र छलफल गर्नुहोस् :**

स्काउटको सुरुआत बेलायतबाट भएको हो । यसका जन्मदाता वेडेन पावेल हुन् । यस संस्था विश्वभर १५० देशमा क्रियाशीलता रहेको छ । नेपालमा स्काउटको सुरुआत वि.सं.२००९ सालमा भएको हो । यस संस्थाले नेपालमा स्वयम् सेवा, आत्मअनुशासन, चरित्र निर्माण र सामाजिक समस्या समाधानमा सहयोग पुऱ्याउँदै आएको छ ।

### स्काउटका नियम

- स्काउट विश्वास योग्य हुन्छ ।
- स्काउट भक्त हुन्छ ।
- स्काउट उपयोगी र सहयोगी हुन्छ ।
- स्काउट सबैको मित्र हुन्छ र परस्परमा भ्रातृत्व तथा भागिनित्व कायम राख्छ ।
- स्काउट विनम्र हुन्छ ।
- स्काउट प्राणीप्रति दयालु हुन्छ ।
- स्काउट अनुशासित र आज्ञाकारी हुन्छ ।
- स्काउट बहादुर हुन्छ र सधैँ प्रसन्न हुन्छ ।
- स्काउट मितव्ययी हुन्छ ।
- स्काउट मन, वचन र कर्ममा पवित्र हुन्छ ।

महेश र विक्रम स्काउटको केन्द्रिय कार्यालय जमलमा स्काउटका बारेमा जानकारी लिन गएका थिए । उनीहरूले त्यहाँको भित्तामा स्काउटमा नियम लेखिएको देखे । उनीहरूलाई एउटा कुराले बढी प्रभाव पारेको थियो । त्यो भनेको स्काउट सबैको मित्र हुन्छ र अरूसँग पनि भाइ र बहिनीको

जस्तो सम्बन्ध रहेको हुन्छ । उनीहरूले नेपाल स्काउटको केन्द्रीय आयुक्तसँग स्काउटको उद्देश्य सम्बन्धमा पनि सोधेका थिए । आयुक्तले  नेपाल स्काउटका उद्देश्य निम्नानुसार बताउनुभयो :

**नेपाल स्काउटको उद्देश्य**

☞ विश्व स्काउटद्वारा प्रतिपादित सिद्धान्त, मान्यता र भावनासँग नेपालका बालबालिका तथा युवा वर्गलाई परिचित गराउँदै बालबालिका तथा युवा वर्गलाई जनसेवी बनाउने

☞ बालबालिका तथा युवा वर्गलाई नेपाल स्काउटको माध्यमद्वारा कर्तव्य परायण, अनुशासित, स्वावलम्बी, सच्चरित्रवान तथा सुयोग्य नागरिक बनाउने

☞ दैवी प्रकोप तथा दुर्घटनामा परेका व्यक्तिको उद्धार तथा सहायता कार्यमा नेपाल स्काउटलाई परिचालन गर्ने, गराउने

☞ सामुदायिक सेवा तथा जनहितसम्बन्धी कार्य गर्ने गराउने

☞ समाजका हरेक वर्ग तथा समूहलाई शिक्षित पार्न प्रौढ शिक्षालगायत विभिन्न कार्यक्रम सञ्चालन गर्ने, गराउने

☞ स्वास्थ्य, वातावरण, भूसंरक्षण तथा प्राकृतिक स्रोतको उपयोगसम्बन्धी विभिन्न जनउपयोगी कार्यक्रम सञ्चालन गर्न युवा जनशक्ति परिचालन गर्ने, गराउने

भोलि पल्ट उनीहरू स्काउट दिवसको उपलक्ष्यमा विद्यालयमा आयोजित कार्यक्रममा सहभागी भए । विद्यालयमा वृक्षरोपण र रक्तदान कार्यक्रम गरिएको थियो । वृक्षरोपण कार्यक्रममा सबै विद्यार्थी एवम् शिक्षकको सहभागिता रहे तापनि उनकै साथीहरूले स्काउटको व्यानर र पोसाकमा देखाएको सक्रियता र अनुशासन भने उनलाई गज्जब लाग्यो । साथीहरू सक्रियता, जिम्मेवारी वोध, अनुशासन र ठुलाप्रति गर्ने सम्मानले उनी धेरै प्रभावित भए । अग्रज दाइ दिदीहरूले आफूभन्दा सानालाई गरेको प्रेम, आज्ञाकारिताको प्रदर्शनले स्काउटलाई असल चरित्र विकासमा सफल संस्थाको रूपमा उनले मूल्याङ्कन गरे

**पाठको आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :**

(क) स्काउट कस्तो संस्था हो ?

(ख) स्काउटका प्रवर्तक को हुन् ?

(ग) नेपामा स्काउटको स्थापना कहिले भयो ?

(घ) स्काउटका नियम उल्लेख गर्नुहोस् ।

(ङ) स्काउटका कुन कुन व्यवहारले राघवलाई प्रभावित पाऱ्यो ?

(च) स्काउटले चरित्र विकासमा कसरी मदत पुऱ्याउँछ ?

## क्रियाकलाप

स्काउटका नियम घरको भित्तामा टाँस्नुहोस् र आफूमा पनि त्यस्तै व्यवहारको अवलम्बन गर्ने अभ्यास गर्नुहोस् ।

## क्रियाकलाप

स्काउटका उद्देश्यमध्ये कुन उद्देश्यबाट तपाईँ बढी प्रभावित हुनुभयो र किन ?

(च) स्काउटले चरित्र विकासमा कसरी मदत पुऱ्याउँछ ?

## आफूलाई जाँच्नुहोस् :

### १. पाठका आधारमा खाली ठाउँमा मिल्ने शब्द भर्नुहोस् :

(क) कुनै पनि व्यवहार गर्दा आफ्नो अर्को नभनी सबैलाई समान पूर्वक गरिनु नै ..................हो । (न्यायिक व्यवहार/समान व्यवहार)

(ख) अरूलाई डर, त्रास नदेखाई, अभद्र व्यवहार नगरी, सहयोगी, मिलनसार, संयमित ढङ्गबाट गरिने व्यवहार नै ........................हो । (शान्त र संयमित व्यवहार/ न्यायिक व्यवहार)

(ग) वि.सं. २०७८ को जनगणनाअनुसार नेपालमा ............... जाति छन् । (१४२, १४०)

(घ) छन्त्याल जातिको जन्म संस्कारमा ........................भित्र न्वारन संस्कार गरिन्छ । (७ देखि ११ दिन, १० देखि १२ दिन)

(ङ) नेपालमा स्काउटको स्थापना ..........................सालमा भएको हो । ( वि.सं.२००९, वि.सं. २०२०)

(च) ........................भन्नाले अरूको हैसियत, पहिचान र उपस्थितिलाई सम्मान गर्नु भन्ने बुझिन्छ । (सहअस्तित्व, सहयोग)

(छ) सबै धर्मप्रति समान व्यवहार, सम्मान र सहयोगपूर्ण भावना राख्नु ..........................हो । (धार्मिक सहिष्णुता, सामाजिक सहिष्णुता)

(ज) नेपाल संवत्को सुरुआत ..........................ले गराएका थिए । (फाल्गुनन्द, शङ्खधर साख्वा)

## २. ठिक बेठिक छुट्याउनुहोस् :

(क) स्काउटका जन्मदाता हेनरी ड्युना हुन् ।

(ख) नेपालमा स्काउटको स्थापना वि.स. २००९ सालमा भएको हो ।

(ग) स्काउटहरू खेलप्रेमी हुन्छन् ।

(घ) चरित्र निर्माणमा स्काउटको भूमिका महत्त्वपूर्ण हुन्छ ।

(ङ) सामुदायिक सेवा तथा जनहितकारी कार्य गर्नु गराउनु स्काउटको उद्देश्य हो ।

## ३. जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| (क) योगी नरहरि नाथ | सल्फेरिनोको सम्झना |
| (ख) फाल्गुनन्द लिङ्देन | राघवदेव |
| (ग) शङ्खधर साख्वा | सत्यधर्म मुचुल्का |
| (घ) हेनरी ड्युना | कालिकोट |
| (ङ) मदर टेरेसा | मेसोडोनिया |
| | स्काउटका जन्मदाता |

## ४. ठिक बेठिक छुट्याउनुहोस् :

(क) राष्ट्रियता भावनात्मक पक्ष हो ।

(ख) सामाजिक न्यायले राष्ट्रियता सबल हुन्छ ।

(ग) आत्मसम्मान भनेको बाहिरी देश वा निकायको दवावलाई स्विकार्नु हो ।

(घ) देशको सार्वभौमिकता जोगाउनु सबै नागरिकको दायित्व हो ।

## ५. जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| (क) भजनीकर्तन | बोन धर्म |
| (ख) चर्चमा प्रार्थना | बौद्ध धर्म |
| (ग) हाकुपटासी | परम्परागत परिकार |
| (घ) ढिकरी | लोक नृत्य |
| (ङ) सोरठी | सिख धर्म गुरु |
| (च) गुरुनानक | हिन्दु |
| (छ) नमाज | परम्परागत पहिरन |
| (ज) अहिंसा | इस्लाम धर्म |
| | इसाई धर्म |

## ६. तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) नेपाली समुदायमा प्रचलनमा रहेका सामाजिक परम्परा, प्रचलन र संस्कारको सूची बनाई कुनै दुईको छोटकरीमा व्याख्या गर्नुहोस् ।

(ख) तपाईँको आफ्नो जातिमा प्रचलित जन्म संस्कार, मृत्यु संस्कार र विवाह संस्कारको सम्बन्धमा आफ्नो घरपरिवारमा सोधखोज गरी छुट्टाछुट्टै लेख्नुहोस् ।

(ग) तपाईँको समुदायमा मानिने धर्मको सूची बनाई तपाईँको घरपरिवारमा मान्दै आएको धर्मको सम्बन्धमा एक अनुच्छेद लेख्नुहोस् ।

(घ) विविधतामा एकता शीर्षकमा निबन्ध लेख्नुहोस् ।

(ङ) "नेपाल एक प्राकृतिक तथा सांस्कृतिक सम्पदाले भरिपूर्ण देश हो ।" उदाहरणसहित प्रस्ट पार्नुहोस् ।

(च) प्रेरणादायी व्यक्तित्व भनेर कस्ता व्यक्तित्वलाई भनिन्छ ? तपाईँलाई मन पर्ने कुनै एक प्रेरणादायी व्यक्तित्वको सम्बन्धमा एक अनुच्छेद लेख्नुहोस् ।

एकाइ
३

# नागरिक चेतना

## पाठ १ राज्यका आधारभूत तत्त्व

**तलको पाठ अध्ययन गर्नुहोस् र छलफल गर्नुहोस् :**

स्थानीय निर्वाचन नजिकिँदै थियो । गाउँमा चुनावको बहस चल्दै थियो । रिकेशका मामाले पनि स्थानीय निर्वाचनमा गाउँपालिकाको अध्यक्षको पदका लागि उम्मेदवारी दिनुभएको थियो । यसै क्रममा रिकेशका मामा रिकेशको घरमा आउनुभयो ।

मामा आफ्नो घरमा आउनुभएकामा खुसी हुँदै रिकेशले भने, "मामा नमस्कार ! हजुर त चुनावमा उठ्नुभएको छ रे त आमाले भन्नुभएको । अनि हजुरले जितेपछि हजुरले के के गर्नुहुन्छ नि मामा ?"

मामाले भन्नुभयो, "ए भान्जा पहिले जित्नुपर्‍यो नि । त्यसपछि त म पनि राज्यको एक जिम्मेवार नागरिक बन्ने छु । यही देश र जनताका लागि राम्रा काम गर्छु भान्जा ।"

"जितिहाल्नुहुन्छ नि मामा । साँच्चै मामा हजुरले यो राज्य भन्नुभयो, राज्य भनेको के हो ?" भान्जाले प्रश्न गर्नुभयो ।

मामाले भन्नुभयो, "भान्जा ल सुन्नुहोस् है त । जसरी हामी व्यक्ति व्यक्ति मिलेर परिवार र परिवार मिलेर समाज बन्छ, त्यसरी नै समाज समाज मिलेर राज्य बन्छ । त्यसैले राज्यलाई समाजको एकीकृत एकाइका रूपमा लिइन्छ ।"




"मामा हजुरले भनेअनुसार त हाम्रो यो देश नै राज्य हो कि के हो ?" भान्जाले जिज्ञासा राख्नुभयो ।

"हो अब भने भान्जाले कुरो पहिल्याउनुभयो है । निश्चित भौगोलिक सिमानाभित्र फैलिएको सङ्गठित राजनीतिक एकाइ नै राज्य हो । राज्यभित्र विभिन्न जातजाति, वर्ण, लिङ्ग, समुदायका मानिसको बसोबास

हुन्छ र राज्यको आफ्नै छुट्टै पहिचान हुन्छ। जस्तै हाम्रो देश नेपाल नै हाम्रो राज्य हो।"

भान्जाले रमाइलो मान्दै थप प्रश्न गर्नुभयो। "मामा साँच्चै यो राज्यको उत्पत्ति र विकास कसरी भएको हो ?"

ओहो भान्जाले साह्रै राम्रो प्रश्न गर्नुभयो, "भान्जा राज्यको विकास र उत्पत्ति कुन समय वा कालखण्डमा भयो भन्ने त्यस्तो यकिन इतिहास तथा प्रमाण त भेटिएको छैन। समाजको उत्पत्ति र विकाससँगै राज्यको पनि उत्पत्ति र विकास भएको हो भनेर अनुमान लगाउन चाहिँ सकिन्छ। राज्य निश्चित भौगोलिक सिमाना वा त्यस राज्यको भूगोलभित्र बसोबास गर्ने मानिसको सेवा वा सुरक्षाको निम्ति निर्माण भएको हुन्छ। राज्य नागरिकका लागि सर्वोच्च शक्ति वा एकाइ हो। यसले सम्पूर्ण अधिकारको उपयोग गर्छ। राज्यले विभिन्न अङ्गको संरचना निर्माण गरेको हुन्छ र राज्यको मुख्य दायित्व भनेको आफ्ना नागरिकको सुरक्षा, विकास तथा सेवा सुविधा उपलब्ध गराउनु हो।"

भान्जाले हाँस्दै भन्नुभयो, "मामा अहिले हजुरले भनेको सुन्दा त नेताले भाषण गरेजस्तै लाग्यो मलाई त ?"

मामाले पनि जिस्किएर भन्नुभयो, "अनि म नेता नभएर के हो त ? नेता नै हो अनि पारा त ल्याउनै पऱ्यो नि होइन र भान्जा ?"

"मामा, साँच्चै यो राज्य बन्नका लागि के के आवश्यक पर्छ ?"

"भान्जाले भन्न खोजेको पक्कै पनि राज्यका आधारभूत तत्त्व हुन्। राज्यका आधारभूत तत्त्व भूमि, जनसङ्ख्या, सरकार, सार्वभौमसत्ता र संविधान हुन्।"

"मामा, यी राज्यका आधारभूत तत्त्व सबैको बारेमा क्रमैसँग छलफल गरौँ न हुँदैन ?"

"भइहाल्छ नि भान्जा । राज्यको जमिन वा फैलावट भएको क्षेत्र भूमि हो। जसलाई भूगोल पनि भन्न सकिन्छ। यो राज्यका लागि अनिवार्य पक्ष हो। भूमिविहीन राज्यको पकिल्पना पनि गर्न सकिँदैन। तसर्थ हरेक राज्यसँग भूमि अनिवार्य रूपमा हुनुपर्छ। भूमि राज्यको भौतिक आधार हो। भूमिले नागरिक गतिविधिका लागि स्थान प्रदान गर्छ र सरकारलाई स्वामित्व पनि प्रदान गर्छ। भूमि राज्यको शरीर हो भन्दा पनि कत्ति फरक पर्दैन।" मामाले प्रस्ट पार्नुभयो।

"ए बुझेँ मामा, जनसङ्ख्या भनेको त हामी मानिसको सङ्ख्यालाई त होला नि ?"

"जनसङ्ख्या भनेको राज्यको गतिशील तत्त्व हो। राज्यको उन्नति, प्रगति र समृद्धिको आधार नै जनसङ्ख्या हो। त्यसैले देशको स्रोत साधनको सदुपयोगदेखि लिएर हरेक क्षेत्रलाई चलायमान

बनाउने प्रमुख तत्त्व नै उपयुक्त जनसङ्ख्याको उपलब्धता हो ।"

"मामा, अर्को तत्त्व रहेछ सरकार । सरकारबिना त राज्य कसले सञ्चालन गर्छ र होइन त ?" भान्जाले आफ्नो विचार व्यक्त गर्नुभयो ।

मामाले भन्नुभयो, "हो नि भान्जा, सरकारले नै राज्यको नीति नियम तथा कानुनको निर्माण तथा कार्यान्वयन गरी कानुनको परिधिभित्र रहेर राज्य सञ्चालन गर्छ । सरकार भनेकै राज्यको सञ्चालन र व्यवस्थापन गर्ने महत्त्वपूर्ण एकाइ हो । देशमा शान्ति सुव्यवस्था कायम गराउने, नागरिकका आधारभूत आवश्यकता पूरा गरी सेवा सुविधा उपलब्ध गराउने र नागरिकको सुरक्षाको प्रत्याभूति गर्ने सबै दायित्व सरकारको हो । भान्जा साधारण भाषामा बुझ्दा सरकार नागरिकको अभिभावक हो ।"

"मामा, यो सार्वभौसत्ता भनेको चाहिँ के रहेछ ? कस्तो अप्ठ्यारो हो शब्द पनि !" भान्जाले जिज्ञासा राख्नुभयो ।

"सार्वभौमसत्ता राज्यको सर्वोच्च शक्ति हो । सार्वभौमिकता राज्यको स्वतन्त्रता वा सर्वोच्चता हो भन्ने बुझ्नुपर्छ । राज्य सञ्चालनका लागि भूमि, जनसङ्ख्या र सरकार मात्र भएर हुँदैन । राज्यसँग आफ्नो सिमानाभित्रको हरेक कुरामा आफैँ निर्णय गर्न पाउने स्वतन्त्रता, अधिकार र निर्णय गर्ने क्षमता प्राप्त हुनुपर्छ । राज्यले आफ्नो इच्छानुसार शासन सञ्चालन गर्ने, स्रोत साधन व्यवस्थापन गर्ने, जनसङ्ख्या व्यवस्थापन गर्नेलगायतका काम कुरा गर्न स्वतन्त्र हैसियत राख्नुपर्छ अनि बल्ल राज्य सार्वभौमसत्ता सम्पन्न हुन्छ । सार्वभौमिकताबिना राज्यको कल्पना पनि गर्न सकिँदैन । यसरी राज्य सञ्चालनका लागि राज्य अधिकार सम्पन्न र स्वतन्त्र हुनु नै सार्वभौमिकता हो ।"

"अब त बुझेँ मामा, संविधान भनेको त देशको मूल कानुन होइन त ?" भान्जाले सोध्नुभयो ।

"हो हो, संविधान भनेकै राज्यको मूल कानुन हो । संविधानमा नै राज्य कसरी सञ्चालन गर्ने, राज्यको संरचना कस्तो हुने, सरकार र जनताका अधिकार तथा कर्तव्य के के हुन् ? जस्ता सम्पूर्ण कुराको व्यवस्था गरेको हुन्छ । त्यसैले राज्यका अन्य सबै आधारभूत तत्त्वको अस्थित्व कायम गराउने र पूर्ण बनाउने काम नै संविधानद्वारा हुन्छ । त्यसैले राज्यलाई कानुनी राज्यको रूपमा स्थापित गराउन, सुशासन कायम गराउन संविधानको भूमिका महत्त्वपूर्ण हुन्छ ।"मामाले प्रस्ट पारिदिनुभयो ।

यसपछि मामा आफ्नो पक्षमा भोट माग्न गाउँतिर लाग्नुभयो ।

## पाठको आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) राज्य भनेको के हो ?

(ख) राज्यका आधारभूत तत्त्व के के हुन् ? सूची बनाउनुहोस् ।

(ग) भूमिलाई किन राज्यको आधारभूत तत्त्व भनिएको होला ?


(घ) संविधान भनेको के हो ?

(ङ) सार्वभौमसत्ता भनेको के हो ?

(च) सरकारलाई राज्यको आधारभूत तत्त्व मानिनाका कारण लेख्नुहोस् ।

## क्रियाकलाप

राज्यका आधारभूत तत्त्वको सम्बन्धमा दुई वा दुईभन्दा बढी साथीहरूका बिचमा संवाद तयार गर्नुहोस् ।




## क्रियाकलाप

राज्यका तत्त्व समेटिएको चार्ट तयार गरी सिकाइ केन्द्रमा टाँस्नुहोस् ।

## क्रियाकलाप

आफू बसेको समुदायमा गई सार्वभौमसत्ता संरक्षणका लागि नागरिकको दायित्व सम्बन्धमा सोधखोज गरी आफ्नो साथीलाई सुनाउनुहोस् ।

# पाठ २ हाम्रो संविधान

## तलको पाठ अध्ययन गर्नुहोस् र छलफल गर्नुहोस् :

संविधान देशको मूल कानुन हो । तपाईँको समुदाय कसरी चलेको छ नि, सम्झनुस् त ? त्यहाँ पनि टोल सुधार समितिले नियम बनाएको होला । सबैले उक्त नियमको पालना गरेका होलान् । यसरी हरेक क्षेत्रलाई व्यवस्थित बनाउनका लागि नियमको व्यवस्था गरिए जस्तै राज्यलाई व्यवस्थित ढङ्गले सञ्चालन गर्न बनेको मुख्य कानुन नै संविधान हो । संविधानलाई राज्यको मुहार हेर्ने ऐना पनि भन्न सकिन्छ । संविधानमा राज्यको शासन व्यवस्था कस्तो हुने, शासन कसरी सञ्चालन गर्ने र सरकार र नागरिकका हक अधिकारहरू के के हुन् भन्ने व्यवस्था गरिएको हुन्छ । राज्यका सर्वोच्च निकाय तथा राज्यशक्तिको बाँडफाँट पनि संविधानमा नै गरिएको हुन्छ । संविधानले राज्यको संरचना निर्धारण गर्छ । जनताका हक अधिकारको रक्षा गर्छ । देशमा शान्ति सुरक्षा कायम गर्न र राज्यमा विधिको शासनको प्रत्याभूति गर्न पनि संविधानकै आवश्यकता पर्छ । संविधानसँग बाझिने गरी कुनै पनि कानुन बनाउन पाइँदैन र बन्यो भने पनि बदर वा अमान्य हुन्छ ।

नेपालमा हालसम्म सातओटा संविधान बनेर कार्यान्वयनमा आइसकेका छन् । नेपालको पहिलो संविधान वि.सं. २००४ सालमा बनेको नेपाल सरकार वैधानिक कानुन, २००४ हो । हाल कार्यान्वयनमा रहेको नेपालको संविधान सातौँ संविधान हो । यो संविधान वि.सं. २०७२ असोज ३ गते डा. रामवरण यादवद्वारा जारी गरिएको हो । नेपालको संविधानको विशेषता सम्बन्धमा यहाँ एउटा समाचारको अंश प्रस्तुत गरिएको छ, अध्ययन गरौँ है त :

**नेपालको संविधानका विशेषता**

नेपाल साझाखबर

काठमाडौँ, २०८०/०६/०३

नेपालको संविधान घोषणा भएको दिनको खुसियालीमा हरेक वर्ष असोज तीन गते संविधान दिवस मनाइन्छ । हाल कार्यान्वयनमा रहेको संविधानलाई संविधान सभाबाट पारित पहिलो संविधान मानिन्छ । यस संविधानभन्दा अगाडिका संविधान शासकले बनाएका विभिन्न समिति, उपसमितिद्वारा बनेका थिए । संविधानसभा हामी जनताबाटै संविधान निर्माण गर्नका लागि जिताएर पठाएका प्रतिनिधिको सभा हो । त्यसैले नेपालको संविधानलाई जनताद्वारा निर्मित

पहिलो संविधान मानिन्छ । यो संविधानले नेपाललाई सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था भएको मुलुकको पहिचान दिएको छ । यस संविधानबमोजिम हाल हाम्रो देशमा राष्ट्रपति र उपराष्ट्रपति रहने व्यवस्था छ । राष्ट्रपति राष्ट्र प्रमुखको रूपमा रहने व्यवस्था संविधानमा नै गरिएको छ । राज्य सञ्चालनका लागि तीन तहको सरकारको संरचना रहने गरी संविधानमा व्यवस्था गरिएको छ । केन्द्रमा सङ्घीय सरकार, प्रत्येक प्रदेशमा प्रदेश सरकार र स्थानीय तहमा स्थानीय सरकार रहने व्यवस्था रहेको छ । यी तीन तहका सरकारको एकल अधिकार र साझा जिम्मेवारीको व्यवस्था पनि संविधानमा नै गरिएको छ । संविधानको भाग ३ धारा १६ देखि ४६ सम्म ३१ ओटा मौलिक हकको व्यवस्था गरिएको छ । मुलुकमा लोकतान्त्रिक संस्कारको विकास गर्न आवधिक निर्वाचनको व्यवस्था गरिएको छ । सोअनुसार स्थानीय, प्रदेश तथा सङ्घमा पाँच पाँच वर्षको अवधिमा जनप्रतिनिधिको निवार्चिन हुने व्यवस्था छ । यसबाट निश्चित अवधिमा जनताले चाहेका र जनहितमा काम गर्ने जनप्रतिनिधि छनोट हुने र विकासमा सहयोग पुग्ने कुराको अपेक्षा गर्न सकिन्छ । संविधानमा सबै प्रकारका विभेद तथा जातीय छुवाछुतको अन्त्य गरी समतामूलक समाज निर्माणको सङ्कल्प समेत गरिएको छ । यस किसिमको व्यवस्थाले समाजका सबै वर्ग,जाति तथा समुदायको समान विकासमा बल पुग्छ । मानव अधिकारको संरक्षणमा पनि सहयोग पुग्छ । सबै नागरिकले मान्ने धर्मको सम्मान गर्दै नेपाललाई धर्म निरपेक्ष राष्ट्र मानिएको छ । यसबाट स्वतन्त्र रूपले आफ्नो धर्म मान्न पाउने कुरामा बल पुगेको छ । यसले धार्मिक स्वतन्त्रता र सहिष्णुता दुवै कायम हुने कुरामा पनि विश्वास गर्न सकिन्छ । सार्वभौम तथा शासनको अधिकार नेपाली जनतालाई प्रदान गरिएको छ । राज्य सञ्चालको मुख्य स्रोत नेपाली जनतालाई मानिएको छ । प्रत्येक नागरिकलाई सुशासनको अधिकार प्रदान गरिएको छ । नागरिकको अधिकार सुनिश्चित गर्न मानव अधिकार आयोगलगायत विभिन्न सैवैधानिक आयोगहरूको व्यवस्था गरिएको छ । यसबाट नागरिकले पाउने आधारभूत अधिकार सुनिश्चित हुनुको साथै कानूनी राज्य स्थापित हुन सहयोग पुग्छ ।

## पाठको आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) संविधान भनेको के हो ?

(ख) संविधान र कक्षाकोठामा बनेको नियमबिचमा तुलना गर्नुहोस् ।

(ग) "संविधान देशको मूल कानुन हो ।" यस भनाइलाई उदाहरणसहित प्रस्ट पार्नुहोस् ।

(घ) संविधान सभा भनेको के हो ?

(ङ) नेपालको संविधान कहिले जारी भएको हो ?

(च) नेपालको संविधान कसरी बनेको हो ? उल्लेख गर्नुहोस् ।

(छ) नेपालको संविधानका विशेषताको सूची बनाउनुहोस् ।

### क्रियाकलाप

नेपालको संविधानका विशेषता चार्ट पेपरमा लेखी सिकाइ केन्द्रमा टाँस्नुहोस् ।

### क्रियाकलाप

संविधान सभाबाट बनेको संविधानमा जनताको अपनत्व रहन्छ । यस सम्बन्धमा समुदायमा जानकार व्यक्तिलाई सोधखोज गरी एक अनुच्छेद लेख्नुहोस् ।

### क्रियाकलाप

"संविधानको पालना गर्नु हामी नागरिकको कर्तव्य हो ।" यस भनाइलाई उदाहरणसहित पुष्टि गर्ने आधार लेख्नुहोस् ।

# पाठ ३ सङ्घीय संसद

### तल दिइएको कुराकानी अध्ययन गर्नुहोस् र छलफल गर्नुहोस् :

राजु र दीपा नयाँ बानेश्वरमा सङ्घीय संसद् भवनअगाडि उभिएर खासखुस गर्दै थिए । उनीहरूलाई एक जना सांसदले देख्नुभयो र सोध्नुभयो ? "भाइबहिनीहरू, तपाईँहरू यहाँ उभिएर के खासखुस गर्दै हुनुहुन्छ ?"



राजुले फ्याट्ट भनिहाले, "नमस्कार ! हजुर सांसद हो ? सांसदको व्याज लगाएको देखेर सोधेको ?"

सांसदले हाँस्दै भन्नुभयो, "हो बाबु आज संसद्को बैठक छ त्यसैले हामी यहाँ भेला भएका छौँ ।"

दीपाले आत्मविश्वासका साथ सोधिन्, "हामी पनि भित्र हेर्न जान पाइन्छ ? हामीले यो सङ्घीय संसद्को बारेमा पढ्नुपर्छ । गुरुआमाले सांसदहरू बैठक बसेको समयमा अनुमति लिएर कहिलेकाहीँ तपाईँहरू पनि जान सक्नुहुन्छ भन्नुभएको थियो । त्यसैले सोधेका हौँ ।"

सांसदले फेरि हाँस्दै भन्नुभयो, "हो तपाईँहरूकी गुरुआमाले ठिक भन्नुभएछ । आज जानुहुन्छ त हेर्न । जाने भए हिँड्नुस् मसँग ।"

राजु र दीपा सांसदसँगै भित्र गए । संसद्को बैठक सञ्चालन भएको थियो । उनीहरूले सांसदसँग

छलफल गर्नका लागि एकछिन समय मागे ।

सांसदले भन्नुभयो, "हुन्छ के सोध्नुछ, भन्नुस् न त ?"

राजुले भने, "आज हामीले सभामुखले संसद् बैठक सञ्चालन गर्नुभएको देख्यौँ । सभामुख सङ्घीय संसद्को प्रमुख हुनुहुन्छ हो ? अनि यो सङ्घीय संसद् भनेको के हो नि सांसदज्यू ?"

"हो नि बाबु, तपाईँले ठिक भन्नुभयो । व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका सरकारका तीन मुख्य अङ्ग हुन् । यही व्यवस्थापिकालाई सङ्घमा सङ्घीय व्यवस्थापिका भनिन्छ । यी तीन अङ्गमध्ये राज्यको कानुन निर्माण गर्ने मुख्य अङ्गलाई सङ्घीय संसद् भनिन्छ । चुनाव भएको त थाहा छ नि यहाँहरूलाई, होइन त ?" सांसदले प्रश्न गर्नुभयो ।

"थाहा छ ।" दीपाले भनिन् ।

सांसदले भन्नुभयो, "हो यसरी चुनावमा जनताले भोट दिएर जिताएर पठाएका प्रतिनिधिको संस्था नै सङ्घीय संसद् हो । हामीलाई पनि त जनताले नै जिताएर पठाएका त हुन् नि ।"

"ए चुनावमा जितेपछि त सङ्घीय संसद्को सदस्य बन्ने पो रहेछ है ?" आश्चर्य मान्दै राजुले भन्नुभयो ।

"ल सुन्नुहोस् है त देशको शासन व्यवस्था सञ्चालन गर्नका लागि कानुनको आवश्यकता पर्छ र त्यो कानुन यही संसद्ले बनाउँछ । त्यही कानुनको आधारमा देशको शासन सञ्चालन हुन्छ ।" सांसदले प्रस्ट पारिदिनुभयो ।

"सङ्घीय संसद्को गठन कसरी हुन्छ नि सांसद्ज्यू ?" दीपाले प्रश्न गरिन् ।

"नेपालको संविधानअनुसार सङ्घीय संसद् प्रतिनिधि सभा र राष्ट्रिय सभा गरी दुई सदनात्मक हुन्छ । म तपाईँहरूलाई दुवै सदनको गठन प्रक्रिया क्रमैसँग बताउने छु । कापीमा टिप्नुस् है त ?" सांसदले भन्नुभयो ।

"हुन्छ, हामी टिप्छौँ ।" राजु र दीपाले भन्नुभयो ।

"प्रतिनिधि सभामा जम्मा २७५ जना सदस्य हुन्छन् । जसमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबमोजिम १६५ जना सदस्य निर्वाचित हुन्छन् । समानुपातिक निर्वाचन प्रणाली बमोजिम ११० जना निर्वाचित हुन्छन् । यसरी २७५ जना सदस्य रहन्छन् ।" सांसदले प्रस्ट पार्नुभयो ।

"यो पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणाली भनेको चाहिँ के हो ?" राजुले भन्नुभयो ।

सांसदले प्रस्ट पार्दै भन्नुभयो, "पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीमा चुनावमा जनताले व्यक्तिलाई भोट मतदान गर्छन् र प्रत्येक निर्वाचन क्षेत्रबाट एक एक जना उम्मेदवारले चुनाव जित्छन् । त्यस्तै समानुपातिक निर्वाचन प्रणालीमा चाहिँ व्यक्तिलाई नभई सिङ्गो देशलाई एक निर्वाचन क्षेत्र मानी राजनीतिक दललाई मतदान गरिन्छ ।"

"प्रतिनिधि सभाको कार्यकाल कति समयको हुन्छ ?" दीपाले जिज्ञासा राख्नुभयो ।

"प्रतिनिधि सभाको कार्यकाल पाँच वर्षको हुन्छ । प्रतिनिधि सभामा सभामुख र उपसभामुख हुन्छन् । त्यो त अघि देखिहाल्नुभयो होला । सभामुख र उपसभामुखमध्ये एक जना महिला हुनैपर्छ र फरक राजनीतिक दलबाट हुनुपर्छ ।" उहाँले बताउनुभयो ।

"यो त अब प्रस्ट भयो । राष्ट्रिय सभाको गठन चाहिँ कसरी हुन्छ नि ?" राजुले प्रश्न गर्नुभयो ।

"राष्ट्रिय सभामा जम्मा ५९ जना सदस्य रहन्छन् । प्रत्येक प्रदेशबाट आठ जनाको दरले छपन्न जना निर्वाचित हुन्छन् । नेपाल सरकारको सिफारिसमा राष्ट्रपतिबाट तीन जना मनोनित हुन्छन् । जसमा एक जना अनिवार्य महिला हुनुपर्ने व्यवस्था रहेको छ ।" भनी सांसदले बताउनुभयो ।

"सर राष्ट्रिय सभाको कार्यकाल कति समयको हुन्छ नि ?" दीपाले जिज्ञासा राख्नुभयो ।

दीपाको जिज्ञासा मेटाउँदै सांसदले भन्नुभयो, राष्ट्रिय सभाको कार्यकाल छ वर्षको हुन्छ । जसमा प्रत्येक दुई वर्षमा एक तिहाइ सदस्यको कार्यकाल समाप्त हुन्छ । राष्ट्रिय सभामा चाहिँ अध्यक्ष र उपाध्यक्ष रहन्छन् । यहाँ पनि अध्यक्ष र उपाध्यक्षमध्ये एक जना अनिवार्य महिला हुनै पर्छ ।"

"अघि सुरुमा हजुरले सांसदले कानुन बनाउँछ भन्नुभएको थियो नि । कानुन कसरी बन्छ त्यो पनि भनिदिनुहोस् न ।" राजुले भन्नुभयो ।

साह्रै राम्रो प्रश्न गर्नुभयो तपाईँले, "कानुन निर्माण गर्नका लागि संसद्मा छलफल हुन्छ । उक्त छलफलपछि कानुनको मस्यौदा बनाइन्छ उक्त कानुनको मस्यौदालाई विधेयक भनिन्छ । जस्तै शिक्षासम्बन्धी विधेयक, स्वास्थ्यसम्बन्धी विधेयक आदि । सङ्घीय संसद्को प्रतिनिधि सभा वा राष्ट्रिय सभा दुवै सदनमा विधेयक प्रस्तुत गर्न सकिन्छ । अर्थ विधेयक चाहिँ प्रतिनिधि सभामा मात्र प्रस्तुत गर्न सकिन्छ ।"

"विधेयक किन सदनमा प्रस्तुत गरिन्छ ?" दीपाले प्रश्न गर्नुभयो ।

"सदनले हामी सबैको समर्थन छ भनेर पारित गर्नुपर्छ त्यसैका लागि विधेयक सदनमा प्रस्तुत गरिन्छ । प्रतिनिधि सभा जननिर्वाचित संस्था भएकाले यसले जनभावनाअनुसार काम गर्छ । सङ्घीय संसद्को एउटा सदनले पारित गरेको विधेयक अर्को सदनमा पठाइन्छ । उक्त सदनले

पारित गरेपछि प्रमाणीकरणका लागि राष्ट्रपति समक्ष पेस गरिन्छ। राष्ट्रपति समक्ष पेस भएको विधेयक राष्ट्रपतिले १५ दिनभित्र प्रमाणीकरण गर्नुपर्छ। राष्ट्रपतिले प्रमाणीकरण गरेपछि विधेयक कानुन बन्छ।" सांसदले प्रस्ट पारिदिनुभयो।

"संसदज्यू, कानुन बनाउने बाहेक सङ्घीय संसद्का अन्य के के काम छन् ?" राजुले जिज्ञासा राख्नुभयो।

ल सुन्नुहोस् है त, "देशको वार्षिक बजेट पारित गर्छ। सरकारको काम कारबाही हेर्ने र नियन्त्रण गर्ने गर्छ। त्यस्तै आवश्यकताअनुसार संविधान संसोधन गर्छ। प्रधानमन्त्रीको छनोट पनि संसद्ले बहुमत प्राप्त राजनीतिक दलबाट गर्छ। सरकारले गरेका सन्धि सम्झौतालगायत महत्त्वपूर्ण निर्णय पारित गर्ने काम पनि गर्छ।"

"ए सर सङ्घीय संसद् त धेरै नै महत्त्वपूर्ण रहेछ है ?" दीपाले भन्नुभयो।

"हो नि, राज्यका तीनओटै अङ्ग आआफ्नो कामका लागि धेरै महत्त्वपूर्ण छन्। ल अब म तपाईँहरूलाई प्रदेश व्यवस्थापिकाको गठनको सम्बन्धमा पनि बताउँछु है ?"

"प्रदेश व्यवस्थापिका भन्ने छुट्टै हुन्छ र ?" राजुले भन्नुभयो।

"अनि प्रत्येक प्रदेशमा प्रदेश सभाबाट जितेर गएका जनप्रतिनिधिको सभा छैन त। त्यही नै प्रदेश व्यवस्थापिका हो।" सांसदले भन्नुभयो।

"ए त्यसो भए प्रदेश व्यवस्थापिकाको गठन चाहिँ कसरी हुन्छ नि ?" दीपाले प्रश्न गरिन्।

"प्रदेश व्यवस्थापिका एक सदनात्मक हुन्छ। प्रत्येक प्रदेश सभामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट ६० प्रतिशत र समानुपातिक निर्वाचन प्रणालीबाट ४० प्रतिशत सदस्य निर्वाचित हुने व्यवस्था रहेको छ। नेपालमा सात प्रदेशमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट ३३० जना र समानुपातिक निर्वाचन प्रणालीबाट २२० गरी जम्मा ५५० जना सदस्य रहन्छन्। प्रदेश व्यवस्थापिकाले आफ्नो प्रदेशका लागि आवश्यक कानुनको निर्माण आफैँ गर्छ।"

**पाठको आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :**

(क) सङ्घीय संसद् भनेको के हो ?

(ख) सङ्घीय संसद्को गठन प्रक्रिया उल्लेख गर्नुहोस्।

(ग) प्रतिनिधि सभा र राष्ट्रिय सभामा कति कति जना सदस्य रहन्छन् ?

(घ) सङ्घीय संसद्ले कसरी कानुन बनाउँछ उल्लेख गर्नुहोस् ।

(ङ) प्रदेश व्यवस्थापिकाको गठन प्रक्रिया लेख्नुहोस् ।

(च) सङ्घीय संसद्का कार्य लेख्नुहोस् ।

(छ) वर्तमान सभामुख र उपसभामुखको नाम सोधखोज गरी लेख्नुहोस् ।

## क्रियाकलाप

सिकाइ केन्द्रमा सम्पर्क कक्षाको समयमा साथी साथी मिलेर सङ्घीय संसद्का सदस्यको भूमिका अभिनय गरी छलफल गरेर कक्षाकोठाका लागि नियम बनाउनुहोस् ।

## क्रियाकलाप

तपाईंको समुदायमा वा जिल्लामा रहनुभएका जनप्रतिनिधिसँग भेट गरी उहाँले देश र जनताका लागि के के कार्य गर्नुभएको छ ? सोधखोज गरी टिपोट गर्नुहोस् र साथीलाई सुनाउनुहोस् ।

## क्रियाकलाप

नेपालको संविधान पुस्तक (lawcommission.gov.np) वेबसाइटबाट डाउनलोड गरी सङ्घीय संसद् र प्रदेश संसद्को सम्बन्धमा थप जानकारी लिनुहोस् ।

## क्रियाकलाप

सङ्घीय संसद्का कार्य ठुला अक्षरले चार्टपेपरमा लेखी सिकाइ केन्द्रको भित्तामा टाँस्नुहोस् ।

# पाठ ४ न्यायपालिका

तलको पारिवारिक भलाकुसरी अध्ययन गर्नुहोस् र छलफल गर्नुहोस् :

"ए सुन्तली त्यो धनेले जग्गाको सिमाना मिचेर हाम्रै अगाडि हाम्रो जग्गामा खेती गरेर बसेको छ तर पनि हामी केही गर्न सक्दैनौँ ।" हर्कबहादुरले सुन्तलीसँग गुनासो गर्नुभयो ।




"होइन हजुर त्यहाँ पल्लाघरमा मास्टर्नी नानीले भन्नुभएको मुद्दा दिन मिल्छ रे त । यसरी अन्याय सहेर बस्नुहुँदैन, न्यायपालिकाले न्याय दिलाउँछ भन्नुहुन्थ्यो ।" सुन्तलीले हर्कबहादुरलाई सम्झाउँदै भन्नुभयो ।

हर्कबहादुरले सुन्तलीसँग गन्थनमन्थन गर्दै भन्नुभयो, "कहाँ गएर कसरी मुद्धा हाल्ने हो र आफूलाई थाहा त छैन बेक्कारको झन्झट । ऊ हेर त बुढी साँच्ची हामीले कुरा गर्दागर्दै मास्टर्नी नानी त टुप्लुक्क आइपुग्नुभयो । हजुरको आयु त १०० वर्ष छ जस्तो छ ।"

मास्टर्नीले भन्नुभयो, "होइन दाजु भाउजू किन मेरो कुरा गरेर बसिरहनुभएको थियो र ?"

सुन्तलीले भन्नुभयो, "त्यही क्या जग्गा मिचेको कुरा मास्टर्नी नानी ! मैले अस्ति हजुरसँग भनेकी थिएँ नि ।"

त्यसै समयमा हर्कबहादुर र सुन्तलीका छोरा पनि आइपुगे र भने । "मैले त मुद्दा दिऊँ भनेको हो के गुरुआमा, आमा बुबाले मैले भनेको मान्नुहुन्न ।"

"ए ए हो त हर्क दाइ, सुन्तली भाउजू । ल सुन्नुहोस् है त ध्यान दिएर, राज्यका तीन अङ्गमध्ये न्यायपालिका पनि एक हो । यो अन्यायमा परेकालाई न्याय दिलाउने, संविधान र कानुनको संरक्षण गर्ने र कानुनको पालना भएको छ कि छैन भनी हेर्ने र कार्यान्वयनमा मदत पुऱ्याउने र कानुन उल्लङ्घन गर्नेलाई सजाय दिने अङ्ग हो ।" मास्टर्नीले प्रस्ट पार्नुभयो ।

"मैले त न्यायपालिकाको सम्बन्धमा पढ्नुपर्छ । त्यसैले म त यहीँ बसेर सुन्छु । केही न केही त सिकिन्छ नि, होइन त गुरुआमा ?" हर्केका छोराले भने ।

गुरुआमाले भन्नुभयो, "हो त बाबु तपाईँलाई काम लाग्छ । बसेर सुन्दा फाइदा नै हुन्छ ।"

"ए त्यसो भए त हामी जनता अन्यायमा पऱ्यौँ भने राज्यले न्याय दिने पो रहेछ है ?" हर्कले प्रश्न गर्नुभयो ।

"हो नि हर्क दाइ । हाल नेपालमा तीन तहको सरकार छ भन्ने त तपाईँलाई थाहा छ नि होइन त ?" मास्टर्नीले सोध्नुभयो ।

"थाहा छ नानी ! अस्ति भर्खर चुनावमा भोट खसालेपछि थाहा भयो नि ।" हर्कबहादुरले भन्नुभयो ।

"हो यी तीनै तहमा अर्थात् केन्द्रमा सर्वोच्च अदालत, प्रत्येक प्रदेशमा उच्च अदालत र जिल्लामा जिल्ला अदालत गरी तीन तहका अदालत छन् भने स्थानीय तहमा न्यायिक समिति रहने व्यवस्था छ ।" मास्टर्नीले सम्झाउनुभयो ।

ए मास्टर्नी नानी ! भनेपछि त अदालत तीन तहका पो रहेछन् है ? अनि नि नानी ! यी सबै अदालतले गर्ने काम चाहिँ एउटै हो त ? हर्कबहादुरले भन्नुभयो ।

"काम त उस्तै उस्तै नै छन् हर्क दाइ ! उही कसैले अलि धेरै र कसैले अलि थोरै काम गर्छन् । त्यत्ति मात्र फरक हो ।" मास्टर्नीले भन्नुभयो ।

"गुरुआमा ! यी सबै अदालतको बारेमा भनिदिनुहोस् न सुन्न कस्तो रमाइलो लागिरहेछ ।" सुन्तलीका छोराले भन्नुभयो ।

"नेपालमा एउटा मात्र सर्वोच्च अदालत रहेको छ । सर्वोच्च अदालत सबैभन्दा माथिल्लो तहको अदालत हो । अन्य सबै अदालत सर्वोच्च अदालतको मातहतमा रहन्छन् । सर्वोच्च अदालतबाट गरिने न्यायिक कारबाही र निर्णयहरू लिपिबद्ध गरी अभिलेख गरिने हुनाले यसलाई

अभिलेख अदालत पनि भनिन्छ। संविधान र कानुनको व्याख्या गर्ने अन्तिम अधिकार सर्वोच्च अदालतलाई मात्र रहने कानुनी व्यवस्था रहेको छ। सर्वोच्च अदालतले आफ्नो अधिकार क्षेत्रभित्र पर्ने अदालत वा न्यायिक निकायको सुपरिवेक्षण गरी आवश्यक निर्देशन दिन्छ। सर्वोच्च अदालतमा प्रधानन्यायाधीशका अतिरिक्त बढीमा २० जना न्यायाधीशहरू हुन्छन्।

“गुरुआमा ! अनि यो न्यायाधीश चाहिँ धेरै पढेपछि बन्ने हो ?” हर्कबहादुरका छोराले प्रश्न गर्नुभयो।

“ए ल सुन्नुहोस् है त बाबु ! संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिद्वारा प्रधान न्यायाधीशको नियुक्ति हुन्छ भने न्याय परिषद्को सिफारिसमा सर्वोच्च अदालतका अन्य न्यायाधीशको नियुक्ति राष्ट्रपतिबाट हुन्छ। सर्वोच्च अदालतको न्यायाधीश पदमा कम्तीमा तीन वर्ष काम गरेको व्यक्ति मात्र प्रधान न्यायाधीशको पदमा नियुक्तिका लागि योग्य हुन्छ। प्रधान न्यायाधीशको पदावधि छ वर्षको हुन्छ।” मास्टर्नीले प्रस्ट पार्नुभयो।

“ए गुरुआमा ! सर्वोच्च अदालत त न्यायपालिकाको सबैभन्दा माथिल्लो अङ्ग पो रहेछ है ?” हर्कबहादुरका छोराले भने।

“हो बाबु ! ल अब उच्च अदालतको बारेमा पनि सुन्नुहोस् है त ? प्रत्येक प्रदेशमा एउटा उच्च अदालत रहन्छ। नेपालको सातओटै प्रदेशमा एक एकओटा उच्च अदालत छन्। उच्च अदालतमा मुख्य न्यायाधीशका अतिरिक्त कानुनमा व्यवस्था भएअनुसार अन्य न्यायाधीश पनि रहन्छन्। न्याय परिषद्को सिफारिसमा उच्च अदालतको मुख्य न्यायाधीश र न्यायाधीशको नियुक्ति प्रधान न्यायाधीशबाट हुन्छ।” मास्टर्नीले प्रस्ट पार्नुभयो।

“गुरुआमा ! उच्च अदालत भनेको प्रत्येक प्रदेशमा हुने अदालत होइन त ?” हर्कका छोराले भन्नुभयो।

“हो नि तपाईँले ठिक भन्नुभयो, अझ सुन्नुहोस् है त उच्च अदालतको बारेमा, जिल्ला अदालतको न्यायाधीश पदमा कम्तीमा पाँच वर्ष काम गरेको व्यक्ति मात्र उच्च अदालतको मुख्य न्यायाधीश वा न्यायाधीशका पदमा नियुक्तिका लागि योग्य हुन्छन्। उच्च अदालतले मौलिक हकको संरक्षणका लागि आदेश जारी गर्छ। उच्च अदालतले सङ्घीय कानुनबमोजिम मुद्दा हेर्ने, पुनरावेदन सुन्ने काम पनि गर्छ।” मास्टर्नीले बताउनुभयो।

“अब जिल्ला अदालतको बारेमा भनिदिनुहोस् है गुरुआमा ?” हर्कका छोराले भन्नुभयो।

“नेपालको प्रत्येक जिल्लामा एउटा जिल्ला अदालत हुन्छ। स्थानीय स्तरका न्यायिक निकाय जिल्ला अदालतको मातहतमा रहन्छन्। जिल्ला अदालतले आफ्नो मातहतका न्यायिक

निकायको सुपरिवेक्षण गरी आवश्यक निर्देशन दिन्छ । न्याय परिषद्को सिफारिसमा जिल्ला अदालतको न्यायाधीशको नियुक्ति प्रधान न्यायाधीशबाट हुन्छ । जिल्ला अदालतले सुरु मुद्दा हेरी किनारा लगाउँछ । स्थानीय स्तरका न्यायिक निकायले गरेको निर्णयको पुनरावेदन सुन्ने काम पनि गर्छ ।

“आहा गुरुआमा ! हजुरले कति राम्रोसँग बुझ्ने गरी भनिदिनुभयो ।” हर्कका छोरा खुसी हुनुभयो ।

“मेरो काम नै नजानेकालाई सिकाउने हो अनि सिकाउन के भयो त ? ल अब न्यायपालिकाका कामहरू सुन्नुहोस् है त ? कानुनअनुसार नागरिकलाई न्याय प्रदान गर्ने, मुद्दाहरू फैसला गरी अपराधीलाई सजाय दिने, संविधान र कानुनको व्याख्या गर्ने, जनताको मौलिक हक र अधिकारको संरक्षण गर्ने, कानुन उल्लङ्घन गर्ने व्यक्तिलाई दण्ड सजाय दिने, संसद् र सरकारले परामर्श मागेको खण्डमा परामर्श दिने र आफू मातहतका अदालत तथा न्यायिक निकायको सुपरिवेक्षण गर्ने जस्ता काम गर्छ ।” मास्टर्नीले भन्नुभयो ।

हर्कले खुसी हुँदै भन्नुभयो, “मास्टर्नी नानी हामीलाई यति धेरै कुरा थाहा भयो अब हामीलाई सहयोग गर्नुस् है, हामी मुद्दा दिन्छौँ ।”

हुन्छ हर्क दाइ पहिले भोलि यहीँ स्थानीय तहमा रहेको न्यायिक समितिमा उजुरी दिउँला । पछि यहाँबाट भएन भने जिल्ला अदालत जाउँला है त हर्के दाइ । म भोलि फेरि तपाईँको घरमा आउँछु अनि सँगै जाउँला नि हुँदैन र ? मास्टर्नीले भन्नुभयो ।

“हुन्छ नानी” हर्कबहादुरले भन्नुभयो ।

### पाठको आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) न्यायपालिका भनेको के हो ?

(ख) नेपालमा कति तहका अदालत छन् ? प्रत्येकको नाम लेख्नुहोस् ।

(ग) सर्वोच्च अदालत कस्तो अदालत हो ? छोटकरीमा लेख्नुहोस् ।

(घ) सुरु मुद्दा हेर्ने अदालत कुन हो ?

(ङ) न्यायिक समिति कहाँ रहन्छ ?

(च) न्यायपालिकाले गर्ने प्रमुख कार्यको सूची तयार गर्नुहोस् ।

## क्रियाकलाप

न्यायपालिकालाई स्वतन्त्र र निष्पक्ष राख्न के के गर्नुपर्ला ? समुदायमा जानकार व्यक्तिसँग सोधखोज गरी लेख्नुहोस् ।

## क्रियाकलाप

स्थानीय तहमा गएर न्यायिक समितिले कस्ता किसिमका मुद्दा हेर्ने र किनारा लगाउने गर्छन् ? सोधखोज गरी लेख लेख्नुहोस् ।

## क्रियाकलाप

समुदायमा कोही अन्यायमा परेको वा कसैबाट ठगिएको थाहा पाउनुभयो भने के सल्लाह दिनुहुन्छ ? लेख्नुहोस् ।

# पाठ ५ समावेशीकरण

**तलको वडा अध्यक्ष र गाउँलेको बिचमा भएको कुराकानी अध्ययन गर्नुहोस् र छलफल गर्नुहोस् :**

समुदायमा टोल सुधार समिति गठन गर्नका लागि समुदायमा मानिस एकै ठाउँमा भेला भएका छन् । समितिमा बसेर काम गर्न चाहनेहरूको सङ्ख्या धेरै भएकाले उनीहरू चुनावी प्रक्रियामा जाने कुरा गर्दै छन् । उनीहरू छलफल गर्दै थिए, वडा अध्यक्ष टुप्लुक्क आइपुग्नुभयो ।

"होइन केको छलफल हुँदै छ यहाँ, निकै हल्लाखल्ला सुनिन्छ त ।" वडा अध्यक्षले भन्नुभयो ।



"वडा अध्यक्षज्यू, हामी यहाँ यस गैरी गाउँका लागि टोल सुधार समिति गठन गर्न लागेको धेरै जनाले समितिमा बसेर काम गर्न इच्छा राख्नुभएकाले चुनाव गर्ने कि भन्ने सल्लाह गर्दै छौँ ।" धनवीरले भन्नुभयो ।

वडा अध्यक्षज्यूले गाउँलेलाई सम्झाउँदै भन्नुभयो । "हाम्रो समाज भनेको बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक र बहुधार्मिक विशेषतायुक्त समाज हो । त्यसैले समावेशिताको सिद्धान्तअनुसार टोल सुधार समितिको गठन गर्नुपर्छ । यसबाट सबैको समान प्रतिनिधित्व हुने हुनाले सबैलाई चित्त पनि बुझ्छ ।"

एक जना महिलाले भन्नुभयो, "वडा अध्यक्षज्यू, यो समावेशी भनेको के हो र ? मैले त बुझिन् ।"

वडा अध्यक्षले उक्त महिलाको जिज्ञासालाई कम गर्दै भन्नुभयो, "समावेशीकरण साझा

शासनको अवधारणा हो । राज्यको मूल धारमा आउन नसकेका वर्ग समुदायलाई मूलधारमा ल्याउन गरिने कार्य तथा प्रक्रियालाई समावेशीकरण भनिन्छ । यस अवधारणाले सबैको समान प्रतिनिधित्वको सुनिश्चितता गर्छ र स्रोत साधनमा सबैको समान पहुँच कायम गर्न मदत पुग्छ । त्यसैले समावेशीकरणलाई राज्यका सबै जाति, वर्ग, धर्म, लिङ्ग, क्षेत्र वा पृष्ठभूमिका नागरिकलाई समान अवसर उपलब्ध गराउन गरिने प्रयास हो भन्न सकिन्छ ।"

समुदायका एक जना प्रतिष्ठित व्यक्तिले भन्नुभयो, "मलाई वडा अध्यक्षज्यूको कुरा साह्रै राम्रो लाग्यो । समावेशीकरण भनेको लोकतान्त्रिक व्यवस्थाको मूल मर्मअनुसार जनतालाई हक अधिकार दिलाउनका लागि आएको राम्रो अवधारणा हो ।"

सबै गाउँले वडा अध्यक्षको कुरामा सहमत भएर समावेशिताकै अवधारणाअनुसार टोल सुधार समितिको गठन गर्ने कुरामा सहमति भयो वडा अध्यक्षसँग सबैले समावेशिताको सम्बन्धमा थप जानकारी दिनका लागि अनुरोध पनि गरे ।

फेरि अर्की एक जना महिलाले प्रश्न गर्नुभयो, "वडा अध्यक्षज्यू, सुरुमा यो समावेशिताको आवश्यकता किन महसुस गरियो ? यस सम्बन्धमा प्रस्ट पारिदिनुहोस् न ?"

"नेपालमा जब वि.सं. २०६२/०६३ मा लोकतन्त्र आयो नि त्यसपछि सबै जाति, भाषा, धर्म, लिङ्ग र क्षेत्रका मानिसलाई समान अवसर उपलब्ध गराउन, सामाजिक न्याय कायम गराउन र समान प्रतिनिधित्व सुनिश्चित गर्नका लागि संविधानमा नै समावेशी शब्दको प्रयोग गरियो र निर्वाचनमा पनि समानुपातिक निर्वाचन प्रणाली कायम गरियो ।" वडा अध्यक्षले बताउनुभयो ।

समुदायका एक जना राजनीतिज्ञले थप्नुभयो, "हो नि समावेशिताको अवधारणा राज्यका हरेक गतिविधि तथा क्रियाकलापमा सबै वर्गको समान पहुँच बढाउन, समान सहभागिता कायम गराउन, जनताको अपनत्व कायम गराउनका लागि आएको नयाँ अवधारणा हो ।"

वडा अध्यक्षले भन्नुभयो, "यस अवधारणाले शासन प्रणालीलाई प्रतिनिधिमूलक बनाउन, स्रोतसाधनको न्यायोचित वितरण कायम गराउन र सामाजिक सद्भाव कायम गर्न पनि मदत पुग्छ ।"

समुदायका एक जना शिक्षकले पनि थप्नुभयो, "राष्ट्रिय एकता र अखण्डता कायम गर्न पनि समावेशीकरणको आवश्यकता परेको हो ।"

अर्का एक जना स्थानीयले जिज्ञासा राख्नुभयो, "नेपालमा समावेशीकरणका लागि कस्ता प्रयास भएका छन् वडा अध्यक्षज्यू ?"

“एउटा त अघि मैले भनिसकेँ निर्वाचनमा समानुपातिक प्रणाली अवलम्बन गरिएको छ। अर्को निजामतीलगायत सरकारी पदहरूमा आरक्षणको व्यवस्था गरिएको छ। राष्ट्रपति र उपराष्ट्रपति मध्ये एक जना फरक लिङ्ग र समुदायको हुनुपर्ने, प्रतिनिधि सभामा सभामुख र उपसभामुख मध्ये एक जना अनिवार्य महिला हुनुपर्ने र विभिन्न संवैधानिक निकाय पनि समावेशी हुनुपर्ने व्यवस्था गरिएको छ। हाम्रै स्थानीय तहमा पनि नगरपालिका प्रमुख र उपप्रमुख, त्यस्तै गाउँपालिका अध्यक्ष, उपाध्यक्ष र महिला दलित वडा सदस्यहरू हुनुपर्नेलगायत थुप्रै प्रयास भएका छन् ।” वडा अध्यक्षले विस्तृत रूपमा बताउनुभयो । म पनि थप्छु है भन्दै समुदायका शिक्षकले भन्नुभयो, “नेपालको संविधान समावेशी किसिमको छ। संविधानको धारा ३ मा राष्ट्रको परिभाषामा बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषता भौगोलिक विविधतामा रहेका समान आकांक्षा र नेपालको राष्ट्रिय स्वतन्त्रता, भौगोलिक अखण्डता राष्ट्रिय हित तथा समृद्धि प्रति आस्थावान रही एकताको सूत्रमा आबद्ध सबै समष्टिमा राष्ट्र हो भनिएको छ। त्यस्तै समानताको हक छुवाछुत तथा जातीय भेदभाव विरुद्धको हक, महिलाको हक बालबालिकाको हक, दलितको हक, सामाजिक न्यायको हकलगायत संविधानका विभिन्न भाग र धारामा समावेशीकरणसम्बन्धी व्यवस्था रहेको छ।” एक जना स्थानीयले आफ्नो विचार राख्दै भन्नुभयो, “हामीलाई खासै थाहा नभएको मात्र रहेछ समावेशिताका लागि नेपालमा थुप्रै प्रयास भएका रहेछन् त।”

समुदायका एक जना सामाजिक अभियन्ताले भन्नुभयो, “सकारात्मक विभेद, सशक्तीकरण र आरक्षण भनेका समावेशीकरणकै लागि आएका अवधारणा हुन् ।” एक जना स्थानीय महिलाले भन्नुभयो, “सर सकारात्मक विभेद, सशक्तीकरण र आरक्षणको बारेमा पनि छोटोमा भनिदिनुहोस् न ।” उक्त महिलाको जिज्ञासा पूरा गर्दै ती बुद्धिजीवीले भन्नुभयो, “आर्थिक, सामाजिक, राजनीतिक दृष्टिकोणले पछि परेका तथा पारिएका जाति, वर्ग, क्षेत्र र समुदायको लागि राज्यको तर्फबाट गरिने विशेष व्यवस्थालाई सकरात्मक विभेद भनिन्छ । नेपालको संविधान तथा कानुनले महिला, मधेसी, आदिवासी, जनजाति, दलित, मुस्लिम अपाङ्गता भएको व्यक्ति र पिछडिएको क्षेत्रका लागि विशेष अवसर उपलब्ध गराएको छ। त्यो आरक्षण हो जसलाई सकारात्मक विभेदको उदाहरणको रूपमा लिन सकिन्छ। सशक्तीकरण भनेको पछाडि परेका वा पारिएका वर्गलाई उत्थान गरेर अगाडि बढ्न प्रेरित गर्ने नीति हो।” “ए प्रस्ट हुने गरी बुझ्यौँ। हामीलाई नाम थाहा नभएको मात्र रहेछ हाम्रै समाजमा अभ्यासमा रहेका प्रयास रहेछन् ।” खुसी हुँदै स्थानीय एक जना पुरुषले भन्नुभयो। यसरी समावेशीकरणको बारेमा यति धेरै छलफल गरेपछि गाउँलेहरू बसेर समावेशीकरणको सिद्धान्तअनुसार टोल सुधार समितिको गठन गरे।

## पाठको आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) समावेशीकरण भनेको के हो ?

(ख) समावेशीकरणको आवश्यकता बुँदागत रूपमा लेख्नुहोस् ।

(ग) नेपालमा समावेशीकरणका लागि भएका प्रयास उल्लेख गर्नुहोस् ।

(घ) सकारात्मक विभेद भन्नाले के बुझिन्छ ?

(ङ) आरक्षणको नीति र सशक्तीकरणले कसरी समावेशीकरणमा मदत पुग्छ । उदाहरणसहित प्रस्ट पार्नुहोस् ।

## क्रियाकलाप

तपाईंको समुदायमा भएका समावेशीकरणका प्रयास खोजी गरी लेख्नुहोस् ।

## क्रियाकलाप

समावेशिताले सबै जाति, वर्ग, धर्म, लिङ्ग र क्षेत्रका व्यक्तिको आफ्नो पहिचान र सम्मान कायम हुन्छ ? कसरी आफ्ना विचार प्रस्तुत गर्नुहोस् ।

## क्रियाकलाप

नेपालको संविधानमा समावेशीकरणका लागि भएका व्यवस्था खोजी  गरी साथीलाई सुनाउनुहोस् ।

# पाठ ६ लोकतान्त्रिक गणतन्त्र

**तलको सहजकर्ता र सिकारुबिचमा भएको कुराकानी अध्ययन गर्नुहोस् र छलफल गर्नुहोस् :**




सिकाइ केन्द्रमा गुरुआमाले कक्षा लिइरहनुभएको थियो। त्यसै समयमा सिकाइ केन्द्रसँगैको सडकमा र्‍याली आयो। सबै सिकारु पढाइमा ध्यान नदिई र्‍याली आएतिरै ध्यान दिन थाले र गुरुआमासँग प्रश्न गरे, "गुरुआमा भर्खर गएको के को र्‍याली हो। प्लेकार्डमा त गणतन्त्र जिन्दावाद, प्रजातन्त्र जिन्दावाद, हाम्रा सहिद अमर रहुन्, सहिदको सपना साकार पारौँ जस्ता नारा लेखिएका छन् त।" "ए त्यति छिटो नारा पनि पढ्न भ्याउनुभयो ? राम्रो गर्नुभयो। त्यहीँबाट पनि केही न केही त सिकियो नि त होइन र ? आजको हाम्रो पाठ शीर्षक र र्‍याली आउनु संयोग भएछ। भोलि जेठ १५ गते गणतन्त्र दिवस हो नि त। सायद त्यसैको पूर्व सन्ध्यामा निकालिएको र्‍याली हुन सक्छ।" गुरुआमाले भन्नुभयो।

"गुरुआमा यी लोकतन्त्र, प्रजातन्त्र, गणतन्त्र भनेका सबै एउटै हुन् कि फरक फरक हुन्।" कमलाले प्रश्न गर्नुभयो। "लोकतन्त्र, प्रजातन्त्र, गणतन्त्र सबै एक अर्काका पर्यायवाची शब्द हुन्। प्रजातन्त्र भनेको जनताले जनताका लागि र जनताद्वारा गरिने शासन हो। गणतन्त्र चाहिँ लोकतन्त्र र प्रजातन्त्रभन्दा अलि विकसित अवधारणा हो। नेपाल एक सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो भनी संविधानमा नै उल्लेख गरिएको छ।" गुरुआमाले प्रस्ट पार्नुभयो। रिताले प्रश्न गर्नुभयो, "गुरुआमा नेपाललाई वि.सं. २०६५ जेठ १५ गते गणतन्त्र घोषणा गरिएको होइन त ? अनि लोकतान्त्रिक गणतन्त्र भनेको के हो नि ?" गुरुआमाले प्रस्ट पार्दै भन्नुभयो, "लोकतन्त्र, प्रजातन्त्र र गणतन्त्र सबै उस्तै जनतालाई नै सर्वेसर्वा मानिने शासन हुन्। यी शासनमा जननिर्वाचित जनप्रतिनिधिले देशको शासन सञ्चालन गर्छन्। यसरी चलेको शासनमा जनभावनाको कदर हुन्छ। कानुनी तथा विधिको शासनको अपेक्षा गरिन्छ। कानुनी

शासन हुने भएकाले सबैले संविधान र कानुनको अधीनमा रही आफ्नो अधिकार र कर्तव्य पूरा गर्नुपर्छ ।"

राधाले भन्नुभयो, "गुरुआमा हाम्रो देशमा लोकतान्त्रिक गणतन्त्र भएकै कारणले संविधानद्वारा नै हामी जनताका लागि मौलिक हकको व्यवस्था गरिएको होइन त ?" हो नि तपाईंले ठिक भन्नुभयो राधा भनी गुरुआमाले भन्नुभयो, "जनतालाई संविधानले प्रदान गरेको मौलिक हकको उल्लङ्घन भएमा त्यसको संरक्षण गर्ने व्यवस्था पनि संविधानमा नै रहेको हुन्छ ।" रमेशले भने, "गुरुआमा लोकतन्त्रिक शासन त विश्वकै उत्कृष्ट शासन हो भनिन्छ नि किन हो ।" "अनि किन नहुनु त उत्कृष्ट शासन । यस शासन व्यवस्थामा फरक विचारको पनि सम्मान गरिन्छ । त्यस्तै विचारको विविधतालाई शासन प्रणालीको अभिन्न अङ्गको रूपमा लिइन्छ ।

जनताबाट निर्वाचित प्रतिनिधि राष्ट्र प्रमुख हुन्छन् । राष्ट्र प्रमुख जनताले वा जनताका प्रतिनिधिहरूको मतदानबाट चुनिन्छन् । लोकतन्त्रका यिनै सुन्दर पक्षका कारणले गर्दा लोकतान्त्रिक शासनलाई उत्कृष्ट शासन मानिएको हो ।" गुरुआमाले भन्नुभयो । "गुरुआमा नेपालमा गणतन्त्र कसरी स्थापना भयो ? भन्ने सम्बन्धमा छोटोमा भनिदिनुहोस् न ?" रमेशले भन्नुभयो । "ल म तपाईंहरूलाई नेपालमा प्रजातन्त्र स्थापनाको ऐतिहासिक पृष्ठभूमिको सम्बन्धमा छोटोमा बताउँछु है त ?" गुरुआमाले भन्नुभयो ।

"१०४ वर्षे राणा शासनको अन्त्य भई वि.सं. २००७ सालमा नेपालमा प्रजातान्त्रिक शासनको सुरुआत भयो । त्यस समयमा राजनीतिक अस्थिरता बढ्दै गयो र प्रजातन्त्र धेरै समय टिक्न सकेन अनि वि.सं. २०१७ सालमा राजा महेन्द्रले शासन सत्ता आफ्नो हातमा लिए । त्यसपछि ३० वर्ष पञ्चायती शासन व्यवस्था चल्यो र वि.सं. २०४६ सालमा जनआन्दोलनपछि प्रजातन्त्रको पुनर्स्थापना भयो । प्रजातन्त्र प्राप्तिपछि जनतामा जनचेतनाको लहर आउन थाल्यो र फेरि बिस्तारै गणतन्त्रका लागि आवाज उठ्न थाल्यो । वि.सं. २०५२ फागुन १ गतेबाट नेकपा माओवादी गणतन्त्र र संविधान सभाबाट संविधानका माग राखी भूमिगत भयो । त्यसपछि देशमा १० वर्षे लामो जनयुद्ध भयो । फलतः वि.सं. २०६२/०६३ मा दोस्रो जनआन्दोलनपश्चात् वि.सं. २०६३ वैशाख ११ मा लोकतन्त्र स्थापना भयो र वि.सं. २०६५ साल जेठ १५ गते संवैधानिक राजतन्त्रको अन्त्य गरी संविधान सभाको पहिलो बैठकबाट गणतन्त्र स्थापना भयो ।" गुरुआमाले विस्तृत रूपमा बताउनुभयो । "गुरुआमा नेपालमा प्रजातन्त्र स्थापनाको त खासै लामो इतिहास रहेनछ है ? हजुरले एकैछिनमा बताउनुभयो ।" रिताले प्रश्न गर्नुभयो । "हो हो तपाईंले सही अनुमान गर्नुभयो ।" गुरुआमाले हाँस्दै भन्नुभयो । "गुरुआमा लोकतन्त्रलाई सफल बनाउन के गर्नुपर्ला भन्ने सम्बन्धमा छलफल गरौं न हुँदैन ?" कमलाले भन्नुभयो । हो

हो मैले भन्न खोज्दै थिएँ । तपाईँले सम्झाउनुभयो ।

"लोकतन्त्रलाई सफल बनाउनका लागि जनताको सर्वोपरी हितलाई ध्यानमा राखी शासन सञ्चालन गर्नुपर्छ । लोकतान्त्रिक शासन व्यवस्थालाई मजबुत बनाउनका लागि विभिन्न जातजाति, भाषा, धर्म संस्कृति र परम्परा भएका मानिसलाई पनि शासन प्रणालीमा संलग्न भएको अनुभूति हुनुपर्छ ।" "यो कसरी सम्भव हुन्छ र ?" रिताले प्रश्न गर्नुभयो । गुरुआमाले जवाफ दिनुभयो, "अनि समावेशिताको सिद्धान्त अवलम्बनबाट सम्भव हुँदैन त । यो भन्दा अघिल्लो पाठमा छलफल गरेको होइन ? बिर्सनुभयो ?" "ए ए सम्झना आयो । गुरुआमा अनि नि मलाई मनमा लागेको के नागरिक शिक्षा एवम् चेतनाको माध्यमबाट पनि नागरिकलाई आफ्नो अधिकार र कर्तव्यप्रति सचेत गराउनुपर्छ होला है ?" कमलाले भन्नुभयो ।

"कति राम्रो कुरा गर्नुभएको कमला अनि नागरिकले पनि आफ्नो जिम्मेवारी र कर्तव्य पूरा गर्नुका साथै अधिकारको खोजी पनि आफैँ गर्नुपर्छ । अरू चाहिँ लोकतान्त्रिक संस्कार र लोकतन्त्र संस्थागत गर्न नागरिक समाजलाई जागरुक बनाउनुपर्छ । त्यस्तै आधारभूत मानव अधिकारको संरक्षण र संवर्धनमा सहयोग पुऱ्याउनुपर्छ। सबैले आफ्नो विचार राख्ने र फरक विचारको सम्मान गर्दै स्वस्थ तरिकाले आलोचना गर्ने वातावरणमा पनि सहयोग पुऱ्याउनुपर्छ । त्यस्तै देशमा सुशासन र कानुनी शासनका लागि आवश्यक सहयोग र सचेतना वृद्धि गर्नुपर्छ ।" "गुरुआमा, लोकतन्त्रलाई सफल बनाउन निर्वाचन प्रक्रियालाई स्वच्छ, स्वतन्त्र र निश्पक्ष बनाउन सहयोग गर्नुका साथै योग्य र सक्षम व्यक्तिलाई मतदान गरी प्रतिनिधिको रूपमा छनोट गर्ने पनि हामी सबैको कर्तव्य होइन त ?" हरिकलाले भन्नुभयो । "साह्रै राम्रा राम्रा कुरा गर्नुभयो तपाईँहरूले । हो यसरी नै हामी सबैले कानुनी शासन स्थापित गर्नका लागि राज्यलाई सहयोग गर्ने र आफ्नो जिम्मेवारी र कर्तव्यप्रति सचेत रहने हो भने लोकतन्त्रलाई सफल बनाउन सकिन्छ ।" आजलाई यति गरौँ है त भन्दै गुरुआमाले कक्षा छाड्नुभयो ।



**पाठको आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :**

(क) लोकतन्त्र भनेको के हो ?

(ख) नेपाललाई कहिले लोकतान्त्रिक गणतन्त्रको रूपमा घोषणा गरियो ?

(ग) नेपालमा गणतन्त्र स्थापनाको ऐतिहासिक पृष्ठभूमिको चर्चा गर्नुहोस् ।

(घ) लोकतन्त्रका विशेषता लेख्नुहोस् ।

## क्रियाकलाप

लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न नागरिकले कस्तो भूमिका निर्वाह गर्नुपर्छ ? समुदायमा जानकार व्यक्तिसँग सोधखोज गरी लेख्नुहोस् ।

## क्रियाकलाप

तपाईँको समुदायमा लोकतन्त्रको स्थापनापछि आएका परिवर्तन के के छन् । खोजी गरी लेख्नुहोस् ।

# पाठ ७ सेवा प्रवाह र सुशासन

तल दिइएको सम्पादकीय अध्ययन गर्नुहोस् र छलफल गर्नुहोस् :

**सम्पादकीय**

**सार्वजनिक सेवा प्रवाह**

**मिति :** २०८०/०८/१०

**फूलबारी दैनिक पत्रिका**

सार्वजनिक सेवाले जनता र राज्यबिच सुसम्बन्ध कायम गर्न मदत पुऱ्याउँछ । राज्यका निकायबाट सर्वसाधारणलाई प्रदान गरिने गतिविधिलाई सेवा भनिन्छ । यदि राज्यले जनतालाई प्रदान गर्ने सेवा सुविधा गुणस्तरीय ढङ्गबाट प्रदान गरिन्छ भने त्यसलाई सेवा प्रवाह भनिन्छ । त्यसैले सेवा प्रवाह भनेको नै सार्वजनिक सेवा प्रवाह हो । राज्यले प्रदान गर्ने यस्ता सेवाले जनताको आर्थिक, सामाजिक, राजनीतिक तथा सांस्कृतिक पक्षको विकासमा महत्त्वपूर्ण योगदान प्रदान गर्छ । शिक्षा, स्वास्थ्य, खानेपानी, विद्युत्, यातायात, जन्मदर्ता, मृत्युदर्ता, विवाहदर्ता, नागरिकता, राष्ट्रिय परिचयपत्र, राहदानी जस्ता क्षेत्रलाई सार्वजनिक सेवा भनिन्छ । सेवाग्राहीको आवश्यकता र चाहनाअनुसार छिटो र प्रभावकारी ढङ्गबाट सेवा प्रदान गर्नु राज्यको दायित्व हो । सार्वजनिक सेवा प्रवाह प्रभावकारी भएमा लोकतन्त्रको विकास र विस्तारमा योगदान पुग्छ । राष्ट्रसेवक कर्मचारीले सेवा प्रवाहका नाममा जनतालाई दुःख दिनुहुँदैन । अहिले नेपाल सरकारले जनतालाई प्रभावकारी ढङ्गले सेवा प्रदान गर्नका लागि हरेक सार्वजनिक निकायले अनिवार्य नागरिक बडापत्र र सूचना अधिकारी राख्नुपर्ने व्यवस्था पनि गरेको छ ।

*सम्पादक*

**तल दिइएका प्रश्नको उत्तर दिनुहोस् :**

(क) सेवा प्रवाह भनेको के हो ?

(ख) सार्वजनिक सेवा प्रवाहले कसरी सुशासन कायम गर्न मदत गर्छ ?

पत्रिका पढ्दै अमनको बुबाले आमासँग भन्नुभयो, "हेर न सुशासन भन्छन् । भाषणमा नेताहरू ठुला ठुला कुरा गर्छन् । यो देशमा सुशासन पनि कहिल्यै आउने भएन । उच्च पदस्थ सम्माननीय व्यक्ति नै भ्रष्टाचार भ्रष्टाचार गरेको आरोपमा समातिएछन् । आजको समाचारको हेडलाइनमा नै त्यही समाचार छ ।"




"हो र कस्तो अचम्म है हजुर । अनि देश कसरी विकास हुनु नि ?" अमनकी आमाले भन्नुभयो । अमन पनि त्यहीँ थिए । उनले आमा र बुबाले कुरा सुनिरहेका थिए । अनि बुबासँग प्रश्न गरे, "बुबा सुशासन भनेर हजुरले कुरा गर्नुभयो । सुशासन भनेको के हो नि ?" "ए तिमीले सुनिरहेका थियौ । सुशासन भनेको असल, कुशल र जनमुखी शासन हो । बिनाझन्झट राज्यबाट जनताले प्राप्त गर्ने सेवा र सुविधालाई सुशासन भनिन्छ अर्थात् जनतालाई छिटो छरितो ढङ्गबाट उनीहरूको चाहनाअनुसार तोकिएको नियमको परिधिभित्र रही सेवा प्रदान गर्ने गतिविधि नै सुशासन हो ।"

"अनि बुबा हजुरले किन भ्रष्टाचारलाई सुशासनसँग जोड्नुभएको त ?" अमनले सोधे । "ए ठिक प्रश्न गऱ्यौ । पारदर्शिता पनि सुशासनका विभिन्न तत्त्वमध्ये एक हो । यदि सरकारका हरेक गतिविधिमा आर्थिक पारदर्शिता हुने हो भने भ्रष्टाचार हुँदैन । भ्रष्टाचाररहित शासनलाई सुशासन भनिन्छ ।" अमनका बुबाले भन्नुभयो । "देशमा सुशासन कायम भयो भने के हुन्छ र बुबा ?" अमनले फेरि सोधे । "देशमा सुशासन कायम भयो भने कानुनी राज्यको पालना र विधिको शासनको स्थापना गर्न सहयोग पुऱ्याउँछ । त्यस्तै भ्रष्टाचार नियन्त्रणमा मदत पुग्छ । सार्वजनिक सेवा माथि नागरिकको अधिकार सुनिश्चित हुन्छ । राज्यमा स्रोत साधनको न्यायोचित वितरणमा मदत पुग्छ । विकास निर्माण कार्यमा जनसहभागिता वृद्धि गर्न सहयोग पुऱ्याउँछ । नागरिकलाई निष्पक्ष र प्रभावकारी रूपमा सेवा प्रवाह गर्न सहयोग पुऱ्याउँछ ।"

"ओहो, सुशासन त देश र जनताका लागि धेरै नै महत्त्वपूर्ण पो रहेछ त है ?" अमनले भने ।

"हो नि बाबु । देशमा सुशासन कायम गर्न र सेवा प्रवाहमा राष्ट्रसेवक कर्मचारीको महत्त्वपूर्ण भूमिका रहन्छ । राष्ट्रसेवक कर्मचारीले प्रचलित मूल्य, मान्यता र संस्कृतिअनुसार सेवाग्राहीसँग

शिष्ट व्यवहार गर्नुपर्छ । हरेक कार्यालयले अनिवार्य रूपमा नागरिक वडापत्र राख्ने व्यवस्था गर्नुपर्छ । राष्ट्रसेवक कर्मचारीले आफूलाई सेवाग्राहीको सेवकको रूपमा ठानी सेवा प्रदान गर्नुपर्छ । त्यस्तै सार्वजनिक स्रोतको प्रयोग गर्दा मितव्ययी ढङ्गले अधिकतम सदुपयोग हुने गरी गर्नुपर्छ । सेवा प्रदान गर्दा सेवाग्राहीसँग कुनै किसिमको उपहार, चन्दा वा आर्थिक लेनदेन गर्नुहुँदैन । सेवाग्राहीको कुनै काम गर्न नसकिने भएमा त्यसको जानकारी कारणसहित खुलाएर गराउनुपर्छ ।" अमनका बुबाले सुशासनको महत्त्व सम्बन्धमा बताउनुभयो ।

"अनि नि बुबा देशमा सुशासन कायम गर्न हामी नागरिकको चाहिँ के भूमिका हुन्छ नि ?" फेरि अमनले प्रश्न गरे ।

"हुन्छ नि हामी नागरिक सचेत भयौँ भने पनि देशमा सुशासन कायम हुन्छ । ल सुन है त ? यदि कोही राष्ट्रसेवक कर्मचारीले काम गरिदिएबापत कुनै चन्दा उपहार मागेमा हामीले खबरदारी गर्न सक्नुपर्छ । देशमा बनेका संविधान तथा कानुनको पालना गर्नुपर्छ । सार्वजनिक सम्पत्तिको संरक्षण तथा संवर्धनमा सहभागी हुनुपर्छ । राज्यले तोकेको कर नियमित रूपमा तिर्नुपर्छ । मुख्य कुरा त निर्वाचनमा देश र जनताका लागि राम्रोसँग काम गर्न सक्ने सक्षम र इमानदार जनप्रतिनिधि छनोट गर्नुपर्छ र अर्को कुरा हाम्रा जनप्रतिनिधिले देश र जनताको हित विपरीत काम गरेमा सचेत गराउने, खबरदारी गर्ने गर्नुपर्छ ।" बुबाले विस्तृत रूपमा जानकारी गराउनुभयो ।

"ए बुबा साँच्चै सुशासन कायम गर्न त हामी नागरिकको पनि धेरै नै हात हुने रहेछ है ? अमनले भने ।

"हो नि, अस्ति भर्खर तिम्रा ठुला बुबाले निजामती दिवसको दिनमा पुरस्कार पाउनुभएको होइन त ?" बुबाले भन्नुभयो ।

"ठुला बुबाले किन पुरस्कार पाउनुभएको हो र बुबा ?" अमनले प्रश्न गरे ।

"नागरिकलाई गुणस्तरीय सेवा प्रदान गरेको भनेर उत्कृष्ट कर्मचारीको रूपमा पुरस्कार पाउनुभएको हो नि त ।" बुबाले बताउनुभयो ।

अमनले अचम्म मान्दै सोधे, "ए, बुबा ! भनेपछि राम्रा कर्मचारीलाई राज्यले पुरस्कृत गर्ने र नराम्रो गर्नेलाई दण्ड सजाय दिने पनि गर्दो रहेछ है ?"

"हो अब भने तिमीले राम्रो कुरा बुझेछौ । यसरी पुरस्कार र दण्डले राष्ट्रसेवक कर्मचारीको हौसला बढेर जान्छ र नागरिकलाई सही सेवा प्रवाह गर्छन् ।" बुबाले भन्नुभयो ।

बुबा आज त मैले सुशासनको सम्बन्धमा साह्रै राम्रोसँग बुझेँ ।

## पाठको आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) सार्वजनिक सेवा प्रवाह भन्नाले के बुझिन्छ ?

(ख) सुशासन भनेको के हो ?

(ग) सुशासनको आवश्यकता तथा महत्त्व लेख्नुहोस् ।

(घ) राष्ट्रसेवक कर्मचारीले सेवा प्रवाह गर्दा के के कुरामा ध्यान दिनुपर्छ ?

## क्रियाकलाप

तपाईँको समुदायमा रहेको कुनै सार्वजनिक निकाय वा वडा कार्यालयमा जानुहोस् र नागरिकलाई कसरी सेवा प्रवाह गरिएको रहेछ ? र सुशासन कायम गर्नका लागि के के गरिने गरेको रहेछ ? सोधखोज गरी लेख्नुहोस् र साथीलाई सुनाउनुहोस् ।

## क्रियाकलाप



नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
राष्ट्रिय सूचना प्राविधि विकास समिति
राष्ट्रिय सूचना प्रविधि केन्द्र
सिंहदरबार, काठमाडौं

नागरिक बडापत्र

| क्र.सं. | कामको बिवरण | आवश्यक कागजातहरु | काम गर्ने अवधि | शाखा | लाग्ने दस्तुर | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|
| १. | Domain Registration | केन्द्रको ढाँचा अनुसारको अनुरोध पत्र | ३ दिन भित्र | Internet & Maintenance शाखा | शुल्क नलाग्ने | उप निर्देशक |
| २. | Internet सेवा प्रदान गर्ने | सिंहदरबार भित्रका कार्यालयबाट अनुरोध पत्र | ३ दिन भित्र | Internet & Maintenance शाखा | शुल्क नलाग्ने | उप निर्देशक |
| ३. | Web Hosting गर्ने | सरकारी कार्यालयबाट Web Security Audit सहितको अनुरोध पत्र | ३ दिन भित्र | GIDC शाखा | शुल्क नलाग्ने | उप निर्देशक |
| ४. | प्राविधिक परामर्श प्रदान गर्ने | सम्बन्धित सेवाको व्यहोरासहित अनुरोध पत्र | १ दिन भित्र | प्रशासन / योजना शाखा | शुल्क नलाग्ने | कार्यकारी निर्देशक |
| ५. | जनशक्ति तालिम प्रदान गर्ने | सम्बन्धित कार्यालयबाट आवश्यक तालिमको व्यहोरा सहितको अनुरोध पत्र | ३ दिन भित्र | प्रशासन / योजना शाखा | शुल्क नलाग्ने | कार्यकारी निर्देशक |
| ६. | Server Co-location गर्ने | सरकारी कार्यालयबाट सेवाको अनुरोध साथै आवश्यकता अनुसारको उपकरणहरु | ३ दिन भित्र | GIDC शाखा | शुल्क नलाग्ने | कार्यकारी निर्देशक |
| ७. | E-gatepass संचालन गर्ने | सिंहदरबार भित्रका कार्यालयहरुबाट सेवाको लागि माग पत्र | तत्काल | Internet & Maintenance शाखा | शुल्क नलाग्ने | उप निर्देशक |
| ८. | Singhadurbar Optical Fiber Network | सम्बन्धित मन्त्रालय/आयोग/विभाग तथा कार्यालयबाट अप्टिकल फाईबर वा नेटवर्क बिग्रिएको मर्मत गर्न अनुरोध पत्र वा फोनबाट सूचना | १ दिन भित्र | Internet & Maintenance शाखा | शुल्क नलाग्ने | उप निर्देशक |
| | Email Account खोल्ने | सम्बन्धित कार्यालयबाट अनुरोध पत्र | १ दिन भित्र | Internet & Maintenance शाखा | शुल्क नलाग्ने | उप निर्देशक |

माथिको तस्बिरमा देखिएको के हो ? यसले सुशासन कायम गर्न कसरी मदत पुऱ्याउँछ ? सोधखोज गरी लेख्नुहोस् ।

## क्रियाकलाप

तपाईँको कोही आफन्त वा समुदायमा हुनुहुने राष्ट्रसेवक कर्मचारीसँग जनतालाई कसरी सार्वजनिक सेवा प्रवाह गरिरहनुभएको छ र सुशासन कायम गर्न तपाईँको भूमिका कस्तो हुन्छ ? सोधखोज गरी लेख्नुहोस् ।

## आफूलाई जाँच्नुहोस् :

### १. पाठका आधारमा खाली ठाउँमा मिल्ने शब्द भर्नुहोस् :

(क) राज्यलाई समाजको ......................एकाइका रूपमा लिइन्छ । (एकीकृत, आधारभूत)

(ख) राज्य सञ्चालनका लागि राज्य अधिकार सम्पन्न र स्वतन्त्र हुनु नै ...................हो । (सार्वभौमिकता, समानता)

(ग) नेपालको संविधान नेपालको .........................संविधान हो । (छैटौँ, सातौँ)

(घ) प्रत्येक प्रदेशमा ..............................रहन्छन् । (सर्वोच्च अदालत, उच्च अदालत)

(ङ) ..............................अदालतलाई अभिलेख अदालत पनि भनिन्छ । (सर्वोच्च अदालत, उच्च अदालत)

(च) सुशासन भनेको असल, कुशल र ...................शासन हो । ( जनमुखी, प्रभावकारी)

(छ) सरकारका तीन अङ्ग मध्य कानुन निर्माण गर्ने काम ..........................ले गर्छ । (सङ्घीय संसद्, सङ्घीय सरकार)

(ज) केन्द्रमा रहेको सरकार नै .....................हो । (सङ्घीय सरकार, प्रदेश सरकार)

## २. तलका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) तपाईँको विचारमा राज्यका आधारभूत तत्त्वमध्ये सबैभन्दा महत्त्वपूर्ण कुन लाग्यो ? किन ?

(ख) तपाईँ देशको प्रधानमन्त्री हुनुभयो भने के के काम गर्नुहुन्छ ? कुनै चार काम लेख्नुहोस् ।

(ग) सङ्घीय संसद् (व्यवस्थापिका), सङ्घीय सरकार (कार्यपालिका) र न्यायपालिकाकाले गर्ने तीन/तीन कार्य लेख्नुहोस् ।

(घ) नेपालमा लोकतान्त्रिक गणतन्त्रात्मक शासनले पारेका कुनै तीन प्रभाव उल्लेख गर्नुहोस् ।

(ङ) सेवा प्रभाव र शुसासनको बिचमा के सम्बन्ध छ ? उल्लेख गर्नुहोस् ।

एकाइ ४

# सामाजिक समस्या र समाधान

## पाठ १ देखासिकी र फजुल खर्च गर्ने बानीलाई निरूत्साहन गरौँ

**देखासिकी र फजुल खर्च नियन्त्रण कसरी गर्न सकिन्छ भन्ने सम्बन्धमा श्रीमान् श्रीमतीबिचमा भएको कुराकानी पढौँ र छलफल गरौँ :**

रिता सिकाइ केन्द्रबाट आएकी थिइन् । घरमा आमालाई बुबाले "अस्ति मात्र तलब ल्याएर दिएको अहिल्यै सकियो भन्छ्यौ । महिना सकिन अझ एघार दिन बाँकी छ । महिनाभरिको खर्च कसरी टार्ने हो ? सोचेकी छौ ?" भनिरहनुभएको थियो । आमा पनि चर्को चर्को स्वरमा कराउँदै हुनुहुन्थ्यो । उनी आमाबुबाले नदेख्ने ठाउँमा लुकेर आमाबुबाको कुरा सुनिरहेकी थिइन् ।

बुबाले आमालाई सम्झाउँदै भनिरहनुभएको थियो, "मैले तिमीलाई कति भन्नु । जति भन्दा पनि लागेन । तिमीलाई अर्काले जे लगायो त्यही लगाउनुपर्ने । अरू घुम्न गए तिमी पनि घुम्न जानुपर्ने । अरूले घरमा जे सामान ल्यायो तिमीलाई पनि त्यो किनेर ल्याउनुपर्ने । यसरी देखासिकी र फजुल खर्च नगर भन्दा तिमी मसँग उल्टो मैले के धेरै खर्च गरेको छु र ? कति न धेरै पैसा कमाएर ल्याएर दिए जस्तो भन्दै कराउँछ्यौ । अनि कसरी पुग्छ खर्च । पैसा कमाउन कति गाह्रो छ । तिमीलाई थाहा छ ? त्यही एउटा सानो निजी कम्पनीको नोकरी हो । कम्पनी घाटामा छ भनेर साहुले कति वर्षदेखि तलब पनि बढाएको छैन । भोलि कम्पनी बन्द भयो भने के खाने हो ? छोराछोरी कसरी पढाउने हो । कहिल्यै सोचेकी छौ ।"

आमाले बुबाका प्रश्नका जवाफ दिँदै भन्नुभयो, "किन र बुढा कम्पनी बन्द हुने अवस्थामा छ र ? मैले त्यस्तो अनावश्यक खर्च गरेको जस्तो लाग्दैन । समाजमा साथी भाइ सँगै बसेपछि उनीहरूले सरह खान, लगाउन र हिँडडुल गर्न नसकेपछि त उनीहरूले हेप्छन् नि । त्यसैले अरूले नहेपुन् भनेर हो नि ।"

फेरि आमालाई सम्झाउँदै बुबाले भन्नुभयो, "आफ्नो घाँटी हेरेर हाड निल्नुपर्छ । आफूसँग प्रशस्त भए ... पुगे ...अरू सरह खर्च गरे पनि केही हुन्न । हामीसँग त प्रशस्त पैसा छैन । त्यसैले आफ्नो आम्दानीअनुसार चल्न सिक्नुपर्छ । तिमीले अघिल्ला महिनामा पनि खर्च नपुगेर आफ्नो माइती, दिदीबहिनीसँग ऋण सापटी लिएकी छौ । त्यो पनि कहिले तिर्ने हो थाहा छैन ।"

बुढा मलाई माफ गरिदिनुस् । म अबदेखि आफ्नो बानीमा सुधार गर्ने छु । म फजुल खर्च गर्दिनँ । हजुरले महिनाभरिलाई भनी घर खर्च गर्न दिएको पैसाले सकेसम्म पुऱ्याउने कोसिस गर्ने छु । मैले गर्दा हजुरलाई पनि धेरै तनाब भयो । साँच्चै छोराछोरीलाई पनि भनेजस्तो खान लाउन दिन सकिएको छैन । बरु हजुर भन्नुस्  न त के के गरेमा हामीले आफ्नो आम्दानीभित्र रहेर राम्रोसँग घर चलाउन सक्छौँ ?" आमाले बुबासँग भन्नुभयो ।

आहा ! कति खुसी लाग्यो । ढिलै भए पनि तिम्रो आँखा खुल्यो । ल सुन है त हाम्रा आवश्यकता त धेरै हुन्छन् । तीमध्ये महत्त्वपूर्ण आवश्यकताको प्राथमिकता क्रम निर्धारण गरेर सोहीबमोजिम खर्च गर्ने बानी बसालौँ । अनि अर्को कुरा चाहिँ तिमीले अरूको देखासिकी गर्ने बानी पूर्ण रूपमा नियन्त्रण गर्नुपर्छ । त्यसपछि तिमी र म बसेर सल्लाह गरेर भविष्यका लागि आर्थिक योजना बनाएर त्यसैबमोजिम खर्च गरौँला । अनि हरेक महिनामा आम्दानीको केही भाग सहकारी वा बैङ्कमा बचत गरौँ । जसबाट हाम्रो भविष्यको आवश्यकता सजिलै पूरा गर्न सक्छौँ । अरूले पनि आहा भन्ने गरेर मितव्ययी जीवनशैली अपनाउनुपर्छ । सादा जीवन उच्च विचारको अवधारणालाई अँगालौँ । चाडपर्व वा सामाजिक उत्सव पनि भड्किलो नगरी साधारण किसिमले मनाउने बानी गरौँ । अबदेखि आम्दानी र खर्चको नियमित हिसाब किताब पनि राख्ने गरौँ, हुँदैन ? तिमीलाई मेरो सल्लाह कस्तो लाग्यो त ?" बुबाले आमालाई सम्झाउनुभयो ।

बुबाको सल्लाहबाट खुसी हुँदै आमाले भन्नुभयो, "हुन्छ बुढा ।  म आज हजुरको कुराले साह्रै खुसी भएँ ।"

रिता खुसी हुँदै अर्को कोठाबाट आमाबुबा भएको कोठामा गइन् र भनिन्, "बुबाआमा मैले हजुरहरूको सबै कुरा सुनेकी थिएँ । आमाले फजुल खर्च नियन्त्रण गर्ने, अरूको देखासिकी नगर्ने भनी बुबाको कुरामा सहमति गरेर साह्रै राम्रो गर्नुभयो । म पनि आजैदेखि बुबाले भनेअनुसार नै हजुरहरूले गर्ने हरेक काममा साथ दिने छु ।"

## पाठको आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) देखासिकी भनेको के हो ? देखासिकीलाई किन सामाजिक समस्या भनिएको हो ?

(ख) फजुल खर्च भन्नाले के बुझ्नुहुन्छ ? फजुल खर्च गर्ने बानीले पार्ने नकारात्मक असर लेख्नुहोस् ।

(ग) मितव्ययिता भनेको के हो ?

(घ) रिताको आमाको बानीमा आएको सुधारलाई तपाईँ कसरी लिनुहुन्छ ?

## क्रियाकलाप

(क) देखासिकी र फजुल खर्च नियन्त्रण गर्ने उपाय के के हुन सक्छन् ? समुदायमा जानकार व्यक्तिसँग सोधखोज गरी लेख्नुहोस् ।

## क्रियाकलाप

(ख) फजुल खर्च नियन्त्रणका लागि तपाईँले के कस्ता उपाय अवलम्बन गर्नुहुन्छ ? सूची बनाउनुहोस् ।

# पाठ २ सामाजिक समस्या तथा विकृति अन्त्य गरौं

तल दिइएको समाचार अध्ययन गर्नुहोस् र छलफल गर्नुहोस् :

### नेपालमा बौद्धिक पलायनको बढ्दो प्रभाव

राष्ट्रिय नागरिक दैनिक
२०८०/०८/१३

प्राज्ञिक, सिपयुक्त र कर्मशील मानवीय स्रोत विदेश पलायन हुनुलाई बौद्धिक पलायन भनिन्छ। अहिले पछिल्लो समयमा नेपालबाट उच्च शिक्षा, रोजगारी र थप अवसरको खोजीका लागि बौद्धिक जनशक्ति विकसित देशमा जाने र शिक्षा, सिप र दक्षता हासिल गरिसकेपछि उतै बसोबास गर्ने प्रवृत्ति दिनप्रतिदिन बढ्दै गएको छ। तत्कालका लागि यसलाई अवसर र उन्नति प्रगति भनिए तापनि देशका लागि दीर्घकालीन असर पुग्ने निश्चित छ।



यसरी दिनप्रतिदिन युवा जनशक्ति विदेश पलायन हुनुका कारण देशमा शान्ति सुरक्षाको अभाव, नयाँ नयाँ अवसरको कमी, रोजगारीका अभाव जस्ता समस्याकै कारणले हो भन्न सकिन्छ। त्यति मात्र हो र ? कतिपयले त गरिबी, काम गरिखाने वातावरण नभएको, प्रविधिको विकास हुन नसकेको, देशमा बढ्दै गएको राजनीतिक अस्थिरता र देशको नीति तथा नियम व्यवसाय मैत्री नभएको कारणले विदेश जान बाध्य भएको पनि भन्ने गरेका छन्। आखिर जे सुकै कारण भनिए तापनि प्रत्यक्ष अप्रत्यक्ष रूपमा यसले राष्ट्रलाई ठुलो असर पारिरहेको छ। देशमा दक्ष जनशक्तिको अभाव हुने, राज्यको लगानी खेर जाने, उच्च शिक्षाका लागि ठुलो रकम बिदेशिने, देश विकासमा बाधा पुग्ने, देशमा शिक्षित जनशक्तिको अभाव हुने भएकाले उचित विकास योजना तर्जुमा हुन नसक्ने जस्ता समस्या सिर्जना भएका छन्। यसप्रति राज्य नै गम्भीर भएर लाग्नुपर्ने देखिन्छ। सिपमूलक, प्राविधिक तथा व्यावसायिक शिक्षामा जोड दिइनुपर्छ। नयाँ नयाँ प्रविधिको विकास गरी प्रविधिलाई विकाससँग जोड्दै लैजानुपर्छ। देशमा गरिबी निवारण तथा रोजगार प्रवर्धनका नयाँ नयाँ नीति तथा कार्यक्रम ल्याउनुपर्छ। देशमै प्रशस्त मात्रामा उद्योगधन्दा तथा कलकारखाना र विकास आयोजना सञ्चालन र स्थापना गरिनुपर्छ। सानैदेखि हाम्रा बालबालिकामा राष्ट्रियताको भावना अभिवृद्धि गराउँदै लैजाने किसिमको शिक्षा दिइनुपर्छ। उच्च शिक्षा अध्ययनका लागि विदेश जाने विद्यार्थीलाई पढाइ सकेपछि अनिवार्य रूपमा नेपाल फर्किनुपर्ने सर्त राखेर मात्र भिसा दिने व्यवस्था मिलाउन सकेमा पनि केही मात्रामा बौद्धिक पलायन नियन्त्रण गर्न सकिन्छ। आफ्ना नागरिकलाई स्वदेशमै केही गर्नका लागि प्रेरित गर्ने किसिमको नीति तथा कार्यक्रम ल्याइनुपर्छ।

**तलका प्रश्नको उत्तर दिनुहोस् :**

(क) बौद्धिक पलायन भनेको के हो ?

(ख) बौद्धिक पलायनका कारण उल्लेख गर्नुहोस्।

(ग) बौद्धिक पलायनका असरको सूची बनाउनुहोस्।

## क्रियाकलाप

बौद्धिक पलायन नियन्त्रण गर्न के के गर्नुपर्ला ? समुदायमा जानकार व्यक्तिसँग सोधखोज गरी लेख्नुहोस्।

## क्रियाकलाप

पढाइ र रोजगारीका सिलसिलामा विदेश जान लागेका आफ्ना छिमेकीलाई भेटेमा तपाईँ के सुझाव दिनुहुन्छ ?

## तल दिइएको मनोवाद अध्ययन गर्नुहोस् र छलफल गर्नुहोस् :

### दाइजो प्रथा

घरमा सबै  जना सुतिसक्नुभएको छ । नाईँ नाईँ .........भन्दै मनिला निद्राबाटै झसङ्ग बिउँझिन्छन् । ओहो कस्तो सपना देखेँ । सपनामा दाइजो नल्याएको कारणले आफूलाई शारीरिक यातना दिइरहेको ....

ओ ..हो ...अझै पनि मेरो जीवनमा घटेको घटना मैले बिर्सनै सकेको छैन । उठेर नजिकैको अङ्खोराबाट पानी पिउँछिन् । रातको ११ बजिसकेको छ ।

उनलाई आफ्नो जीवनमा विगतमा घटेका घटनाले झस्काइरहेका छन् ।

बाहिर कुकुर भुकिरहेको छ ।



सिरकभित्र पसेर निदाउने कोसिस गर्छिन् । फेरि उनको मनमा कुरा खेलिरहन्छ । बिचरा बुबाआमाले विवाहमा आफ्नो हैसियतअनुसार चलअचल सम्पत्ति दिनुभएकै थियो नि ! त्यसरी ऋण खोजेर भए पनि आफ्नो छोरीले सुख पाउँछे भनेर दिएको दाइजो त्यसै खेर गयो । उफ् !

होइन यिनीहरूलाई अर्काको सम्पत्तिले कतिन्जेल पुग्ने रहेछ । हुनत हाम्रो नेपाली समाजमा यो दाइजो प्रथाले लामै समयदेखि जरा गाडेर बसेको छ । अझ पहाडि क्षेत्रमा भन्दा पनि हाम्रो तराईमा त गरिबहरूका लागि साह्रै गाह्रो छ । अस्ति भर्खर पनि बिचरा त्यो मानबहादुर काकाको छोरीलाई त्यसरी धुमधामले विवाह गरे । भएभरको जग्गा बेचेर दाइजो पनि दिए । त्यही पनि ज्वाइँलाई पढाउने खर्च समेत मागेका रहेछन् । दिन सकेन भनेर श्रीमान् सासु ससुरा सबै मिलेर त्यति धेरै शारीरिक र मानसिक यातना दिए ।

आ ..यी दुनियाँको नानाथरीका कुरा सम्झेर बेक्कारको निद्रा बिथोलेर के गर्नु, अब त सुत्छु । मनिला एकछिन उभिएर झ्यालबाट बाहिर हेर्छिन् । अन्धकार र सुनसान हुन्छ । पानी पिएर अब त सुत्छु भनेर ओछ्यानमा आएर सिरकभित्र घुस्रिन्छिन् ।

फेरि उनको मनमा कुरा खेल्न थाल्छन् । साँच्ची नै यो दाइजो प्रथा हाम्रो समाजमा किन दिनप्रतिदिन बढ्दै गएको होला है ? सामाजिक प्रतिष्ठा र इज्जतका लागि देखासिकी गर्ने परिपाटि बढ्दै गएकाले र जनचेतनाको अभाव पनि हो । त्यस्तै अशिक्षा, गरिबी, छोराछोरीका बिचमा गरिने भेदभाव र परम्परादेखि चलिआएको संस्कारमा परिवर्तन गर्न नसकेकाले पनि हो । यसले समाजमा कति धेरै असर परेको छ । कतिपय परिवारमा ऋण खोजेर, जग्गा जमिन बेचेर भए पनि छोरीको विवाहमा दाइजो दिनुपर्ने बाध्यता रहेको छ । दाइजो नल्याएकै कारणले कतिपय चेलिबेटी श्रीमान्, सासुससुराबाट अपहेलित हुनुपरेको छ । म पनि त आखिर यस्तै समस्याका कारणले यसरी आएर माइतीमा बस्नुपरेको छ । अझ कतिपय चेलिबेटीले त यातना सहन नसकेर अकालमै ज्यान समेत गुमाउनुपरेको छ । अस्ति भर्खर हाम्रो छिमेकी गाउँमा एक जना महिलाले आत्महत्या गरेको समाचार बाहिररिएको थियो । बिचरा ती गरिबका छोरीहरूको विवाह हुन नै गाह्रो हुने समेत गरेको छ । बिचरा चेलिबेटीको के दोष ? बाबुआमाले सम्पत्ति दिन नसक्ने भएपछि उनीहरूलाई राम्रो पढेलेखेको केटाले विवाह पनि नगर्ने रे हरे शिव ! फेरि समाजमा हुनेखाने भनौदाहरूलाई फेरि दाइजो लिन दिनकै लागि प्रतिस्पर्धा गर्नुपर्‍या छ । छि ! सम्झिँदा पनि दिक्क लागेर आउँछ ।

आमाले खोकेको आवाज आउँछ । ओ हो ! रातको १२ बजिसकेछ । हेर घरमा सबै जना सुतिरहनुभएको छ मलाई भने अनेक नचाहिने कुरा दिमागमा आइरहेर सुत्न पनि सकेको छैन । अब त निदाउँछु भनेर कोसिस गर्छिन् । अझै निदाउन सक्दिनन् ।

आ ...मलाई त अब यो दाइजो प्रथाको विरुद्धमा आफैँ पनि उत्रिऊँ कि जस्तो पो लाग्न थालेको छ । छोरीलाई दाइजो होइन शिक्षा दिऊँ भनेर अभियान नै चाल्नुपर्छ कि जस्तो लाग्न थालेको छ। अनि गाउँपालिकालाई महिला सशक्तीकरणका कार्यक्रम सञ्चालन गरी महिलाहरूलाई रोजगारीको व्यवस्था गर्नुपर्‍यो भनी हामी महिला डेलिकेसन जानुपर्छ कि जस्तो लाग्यो । हुन त अस्ति टेलिभिजनमा एक जना महिला अधिकारकर्मीको अन्तर्वार्ता सुनेको थिएँ। उहाँले सरकारी तथा गैरसरकारी सङ्घसंस्थाहरूमार्फत सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, गरिबी निवारणका कार्यक्रम सञ्चालन गर्ने, दाइजो लिने र दिने दुवैलाई कडा कानुनी व्यवस्था गरी कानुनी दायरामा ल्याउने जस्ता उपायबाट दाइजो प्रथा नियन्त्रण गर्न सकिन्छ भनेर भनेको । अझ अर्को महत्त्वपूर्ण कुरा त उहाँले हरेक मानिसले आफैँबाट सुरुआत गर्ने हो भने दाइजो लिने र दिने कोहि पनि हुँदैन भन्नुभएको थियो ।

यस्तै मनमा अनेक कुरा खेल्दा खेल्दै मनिला कति बेला भुसुक्कै निदाउन पुग्छिन् ।

**माथि दिइएको मनोवाद अध्ययन गरी तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :**

(क) दाइजो भनेको के हो ?

(ख) दाइजो लिनु दिनुलाई किन दाइजो प्रथा भनिएको हो ?

(ग) दाइजो प्रथाका कारणको सूची बनाउनुहोस् ।

(घ) दाइजो प्रथाका कारणले समाजमा पारेका असर के के हुन् ?

(ङ) दाइजो प्रथा नियन्त्रणका लागि के कस्ता उपाय अवलम्बन गर्न सकिन्छ ?

## क्रियाकलाप

छोरीको विवाहमा केटा पक्षले मागेजति दाइजो दिने तयारीमा रहेका छिमेकीलाई भेट्दा तपाईँ के सुझाव दिनुहुन्छ ?

## क्रियाकलाप

दाइजो प्रथा नियन्त्रणका लागि के कस्ता उपाय अवलम्बन गर्न सकिन्छ ? समाजमा जानकार व्यक्तिसँग सोधखोज गरी लेख्नुहोस् ।

## क्रियाकलाप

दाइजो प्रथालाई सामाजिक समस्याको रूपमा लिइए तापनि अझै पनि दाइजो प्रथा नियन्त्रण हुन नसक्नाका कारण खोजी गरी लेख्नुहोस् ।

# पाठ ३ भ्रष्टाचार

**श्रीमान् श्रीमतीका बिचमा भएको कुराकानी अध्ययन गरौँ र छलफल गरौँ ।**

सुन्तली आफ्ना बुबासँग नागरिकता बनाउनका लागि जिल्ला प्रशासन कार्यालय गएकी थिइन् । उनले बुबासँग यो भित्तामा के लेखिएको हो बुबा भनेर सोधिन् ।



सुन्तलीका बुबाले "घुस लिनु र दिनु सामाजिक अपराध हो, भ्रष्टाचारीलाई समाजबाट बहिष्कार गरौँ ।" भनेर लेखेको हो भनी बताउनुभयो ।

त्यसपछि उनले बुबासँग भ्रष्टाचार भनेको के हो ? त्यो भित्तामा किन त्यस्तो लेखिएको हो ?भनेर सोधिन् ।

सुन्तलीका बुबाले भ्रष्टाचारको अर्थ प्रस्ट पार्दै भन्नुभयो, "भ्रष्टाचार भ्रष्ट र आचार दुई शब्द मिलेर बनेको छ अर्थात् भ्रष्टाचार भनेको खराब आचरण वा बानी व्यवहार भन्ने बुझिन्छ। कुनै पनि व्यक्तिले आफ्नो पदीय मर्यादा वा आचरण विपरीत गर्ने सबै किसिमका खराब, गैरकानुनी तथा अनैतिक कार्यलाई भ्रष्टाचार भनिन्छ । निजी वा व्यक्तिगत फाइदाका लागि सार्वजनिक पदका हैसियतले आफूले पाएको अधिकारको दुरुप्रयोग गर्ने, कानुन विपरीत आचरण गर्ने र सरकारी सम्पत्तिको हिनामीना वा घुसखोरी गर्नुलाई भ्रष्टाचार भनिन्छ ।"

ए ! भ्रष्टाचार भनेको त यस्तो नराम्रो पो रहेछ है ? कसैले पनि भ्रष्टाचार नगरुन् भनेर पो भित्तामा यसरी लेखेको रहेछ त है  बुबा भनी फेरि सुन्तलीले भनिन् ।

सुन्तलीको जिज्ञासालाई मेटाउँदै उनको बुबाले भन्नुभयो, "हो नि सुन्तली भ्रष्टाचार पनि ठुलो समस्याको रूपमा रहेको छ । भ्रष्टाचार दुई किसिमका हुन्छन् । एउटा हो आर्थिक र भ्रष्टाचार अर्को चाहिँ नैतिक भ्रष्टाचार ।"

"अनि बुबा यो आर्थिक र नैतिक भ्रष्टाचार भनेको के हो नि ? मैले त बुझिनँ नि ।" सुन्तलीले सोधिन् ।

"ए ए कुनै काम गरिदिएबापत नगद, जिन्सी, उपहार लिनुलाई आर्थिक भ्रष्टाचार भनिन्छ भने कुनै पनि काम सम्पन्न गर्नका लागि बाधा अवरोध सिर्जना गर्नु, काममा ढिलासुस्ती गर्नु, बेइमान गर्नु, अनैतिक काम गर्नु नैतिक भ्रष्टाचार हो।" सुन्तलीका बुबाले बताउनुभयो।

"ए भनेपछि आर्थिक लेनदेनका गतिविधिलाई आर्थिक भ्रष्टाचार भनिने रहेछ है ?" सुन्तलीले प्रश्न गरिन्।

"यसरी देशमा भ्रष्टाचार बढ्दै जानुमा मानिसहरूमा छिट्टै धनी बन्ने चाहना बढ्दै गएका कारणले, लोभलालच, मानिसमा सदाचार र नैतिकताको कमी भएका कारणले र अर्को कुरा हाम्रो समाजले सम्पत्तिको स्रोतलाई भन्दा स्वरूपलाई बढी महत्त्व दिने गरेका कारणले पनि हो। त्यस्तै आर्थिक पारदर्शिताको अभाव, देशमा भइरहने राजनीतिक अस्थिरता, हामी जनताहरू भ्रष्टाचारप्रति सचेत नहनु र देशमा दिनप्रतिदिन बढ्दै गएको महँगी जस्ता विविध कारणले गर्दा भ्रष्टाचार भएको देखिन्छ।" सुन्तलीका बुबाले बताउनुभयो।

"ओ हो ! बुबा अनि यसरी भ्रष्टाचार बढ्दै गयो भने त यसले देशलाई ठुलो असर पुग्छ होला है ?" सुन्तलीले फेरि सोधिन्।

"पुग्छ नि यसले समाजलाई गलत दिशातर्फ अगाडि बढाउँछ। राष्ट्रको पैसा विकास निर्माणका काममा नभई सीमित व्यक्तिको खल्तीमा पुग्छ। व्यक्तिको अनुशासन र मर्यादा नकारात्मक बाटोतर्फ अगाडि बढ्दै जान सक्छ। सार्वजनिक निकायप्रति जनविश्वास घट्दै जान्छ। राज्य प्रणाली कमजोर बन्दै जान्छ। समाजमा अस्वस्थ प्रतिस्पर्धा कायम हुन्छ। देशमा नराम्रो काम गर्ने व्यक्तिको बोलबाला झन् बढ्दै जान सक्छ।" सुन्तलीका बुबाले भ्रष्टाचारका नकारात्मक प्रभावको बारेमा प्रस्टसँग बताउनुभयो।

बुबा यसरी देशमा बढ्दै गएको भ्रष्टाचारलाई नियन्त्रण गर्ने कुनै उपाय छैनन् र ? सरकारले यसका लागि केही पहल गरेको छैन र ? सुन्तलीले प्रश्न गरिन्।

"भ्रष्टाचार निवारणका लागि राज्यका तर्फबाट पहल भइरहेका छन् र नियन्त्रणका उपाय पनि छन्। नागरिकले फजुल खर्च गर्ने बानीमा सुधार गरी सामाजिक सदाचारलाई महत्त्व दिनुपर्छ। हामी जनताहरूमा भ्रष्टाचार विरुद्ध उजुरी गर्ने बानीको विकास हुनुपर्छ। दिनप्रतिदिन बढ्दै गएको महँगी नियन्त्रण हुनुपर्छ। जनतालाई भ्रष्टाचारप्रति उजुरी गर्ने बानीको विकासका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनुपर्छ। बालबालिकामा नैतिक शिक्षा र सदाचार शिक्षाको व्यावहारिक पक्षमा जोड दिनुपर्छ। भ्रष्टाचारी व्यक्तिको नामावली सार्वजनिक गऱ्यो भने पनि इज्जत जाने डरले व्यक्ति भ्रष्टाचार गर्न डराउँछन्। सरकारी काम कार्बाही र विकास निर्माणका

कामलाई पारदर्शी बनाउनुपर्छ। राष्ट्रसेवक कर्मचारीलाई दिइने सेवासुविधामा पनि समयसमयमा यथोचित वृद्धि हुनुपर्छ। त्यस्तै अख्तियार दुरूपयोग अनुसन्धान आयोग र राष्ट्रिय सतर्कता केन्द्र जस्ता संस्थालाई सक्रिय एवम् स्रोत साधन सम्पन्न बनाउनुपर्छ। सञ्चारका साधन र नागरिक समाजको भूमिकालाई निष्पक्ष र सशक्त बनाउनुपर्छ। यस्तै उपायद्वारा भ्रष्टाचार नियन्त्रण गर्न सकिन्छ।" सुन्तलीका बुबाले प्रस्ट पार्नुभयो।

बुबाबाट यति धेरै कुरा सिक्न पाएकामा सुन्तली खुसी हुँदै मैले सिकेका कुरा भोलि सिकाइ केन्द्रमा साथीहरूलाई पनि सिकाउँछु भनी बुबासँग भनिन्।

## पाठको आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) भ्रष्टाचार भनेको के हो ?

(ख) भ्रष्टाचारका कारणको सूची बनाउनुहोस्।

(ग) भ्रष्टाचारले समाजमा पार्ने असर उल्लेख गर्नुहोस्।

(घ) भ्रष्टाचार निवारणका उपाय लेख्नुहोस्।

(ङ) नेपालमा भ्रष्टाचार नियन्त्रणका लागि काम गरिरहेका कुनै दुई संस्थाको नाम लेख्नुहोस्।

## क्रियाकलाप

नेपालमा भ्रष्टाचार निवारणका लागि भएका प्रयास खोजी गरी लेख्नुहोस्।

## क्रियाकलाप

भ्रष्टाचार निवारणसम्बन्धी नारा लेखी प्लेकार्ड बनाउनुहोस् र सिकाइ केन्द्र वरपर जनचेतनामूलक र्‍यालीको आयोजना गर्नुहोस्।

# पाठ ४ लागूपदार्थ दुर्व्यसनी

**तल दिइएको घटना अध्ययन गर्नुहोस् र छलफल गर्नुहोस् :**

राजीव आमाबाबुको एक्लो छोरा र पढाइमा पनि जेहेनदार थिए । बुबाआमा दुवै नोकरी गर्नुहुन्थ्यो । छोरालाई धेरै समय दिन भ्याउनु हुँदैनथ्यो तर पनि राजीव असल थिए । एकदिन उसको कक्षामा एक जना नयाँ साथी राजु भर्ना भयो । नयाँ साथीलाई एक्लो महसुस हुन दिनु हुँदैन भनेर राजीवले राजुलाई साथ दिन थाल्यो । राजु पहिलेको विद्यालयमा लागुपदार्थ सेवन गरेर नियमित विद्यालय नगएका कारणले पढ्न नसकेर बाबुआमाले विद्यालय परिवर्तन गराएका रहेछन् । लागेको बानी किन छाड्थ्यो राजुले । त्यस विद्यालयमा आएर पनि उसले लागुपदार्थ सेवन गर्न थाल्यो । उसले राजीवलाई पनि लागुपदार्थ सेवन गर कति आनन्द आउँछ भन्न थाल्यो । सुरु सुरुमा त राजीवले लागुपदार्थ सेवन गर्नुहुँदैन भनेर इन्कार पनि



गर्‍यो । विद्यालयमा राजुसँग सँगै बस्न र हिँड्न पनि छाड्यो तर घर जाँदा आउँदा उनीहरू सधैँ सँगै हुन्थे । राजीवलाई एकदिन कक्षामा साथीहरूले खाजा खान ल्याएको पैसा चोरेको आरोप लगाए । मैले चोरेको छैन भन्दा पनि धेरै जना साथी मिलेर राजीवलाई चोर भन्न थाले । यस घटनाले राजीव तनाबमा भयो । घर फर्कँदा राजुले लागुपदार्थ सेवन गर्‍यो भने

तनाव भुल्न सजिलो हुन्छ भनी सल्लाह दिए । अहिले भने राजीवलाई राजुको कुरा सही लाग्यो र राजुसँगै लागुपदार्थ सेवन गर्न थाले । राजु र राजीव मिलेर विद्यालयबाट घर फर्कँदा लागुपदार्थ सेवन गर्न थाले । बिस्तारै राजीव र राजु दुवै जना दुर्व्यसनी भइसकेका थिए । घरमा आमाबुबासँग खाजा खान भन्दै पैसा मागेर नियमित रूपमा लागुपदार्थ सेवन गर्न थाले । त्यसपछि त्यति राम्रो पढ्ने राजीव विद्यालयमा अनियमित हुन थाले । यति सम्म कि परीक्षामा समेत विषय लाग्यो । राजीवकी आमा विद्यालयमा रिजल्ट लिन आउँदा पो छोरा विद्यालयमा अनियमित भएको, पढाइमा ध्यान दिन छाडेको जस्ता कुरा थाहा पाउनुभयो । राजीवकी आमाले छोरासँग छोरा के कारणले यसरी बिग्रियो भनी कक्षाका अन्य साथीहरूसँग सोधपुछ गर्नुभयो र लागुपदार्थ सेवन गर्न थालेको कुरा थाहा पाउनुभयो । त्यसपछि पो आफूहरूले राम्रो समय दिन नसकेको कारणले छोरा लागुपदार्थको दुर्व्यसनीमा परेकामा झसङ्ग हुनुभयो र पश्चात्ताप पनि भयो । त्यसपछि छोरालाई केही समय सुधार केन्द्रमा राखे पनि राजीवको बानी व्यवहारमा सुधार भयो ।

### लागुपदार्थ दुर्व्यसनीका कारण

- खराब साथीको सङ्गत
- साथीभाइहरूको देखासिकी
- साथीहरूको अगाडि आफूलाई अब्बल देखाउन
- नसालु पदार्थ, रक्सी वा चुरोट सेवन गर्दा गर्दै
- आनन्द तथा मनोरञ्जनको साधनको रूपमा प्रयोग गर्दा
- तनाब भुल्ने बहानामा खाँदा खाँदै
- अरूको लहै लहैमा लागेर
- बालबालिकामा परिवारको निगरानी कम भएका कारणले
- परिवारको माया ममताबाट टाढा भएका कारण वा परिवारमा झै झगडा भइरहने कारणले

माथिको घटना लागुपदार्थ दुर्व्यसनीसँग सम्बन्धित छ । यस घटनाबाट हामी लागुपदार्थ दुर्व्यसनीका कारण र असरको सम्बन्धमा प्रस्टसँग बुझ्न सक्छौँ । मानिसमा लत सिर्जना गरी दुर्व्यसनी तुल्याउने, शारीरिक तथा मानसिक स्वास्थ्यमा असर पुऱ्याउने तथा चेतना तथा अनुभूतिलाई समेत विकृत तुल्याउने पदार्थलाई लागुपदार्थ भनिन्छ । जस्तैः गाँजा, अफिम, हिरोइन, मर्फिन, कोकिन आदि लागुपदार्थ हुन् । लागुपदार्थले मानिसको स्नायु प्रणालीमा समेत असर गरी उसको भावना र सोचाइमा परिवर्तन ल्याउँछ । लागुपदार्थको सेवन गरेमा हाम्रो मष्तिष्क र शरीरका अङ्ग काम नलाग्ने हुन्छन् । लागुपदार्थको

अत्यधिक सेवन गरेर आदत बस्नुलाई दुर्व्यसनी भनिन्छ । लागुपदार्थको दुर्व्यसनीले व्यक्तिको व्यक्तिगत तथा सामाजिक जीवनमा नकारात्मक असर गर्छ । प्राणघातक क्यान्सर, मुटुको रोग, मिर्गौलाको रोग, कलेजोको रोग लाग्न सक्छ । दुर्व्यसनीकै कारणले व्यक्तिको अकालमै मृत्यु हुन सक्छ । घरपरिवारमा झैझगडा तथा अशान्ति हुन्छ । समाजले हेर्ने दृष्टिकोणमा फरक हुने हुनाले इज्जत रहँदैन । त्यस्तै गरी समाजमा हत्या, हिंसा, बलात्कार, लुटपाट, चोरी, डकैती जस्ता गतिविधि पनि बढ्न सक्छन् ।

लागुपदार्थ दुर्व्यसनीले पछिल्लो समयमा युवा वर्गलाई प्रत्यक्ष असर पारेको देखिन्छ । त्यसैले लागुपदार्थ दुर्व्यसनी नियन्त्रण गर्ने तर्फ सबैको ध्यान जानु जरुरी देखिन्छ । यसका लागि बालबालिकालाई बाबुआमाले माया ममताका साथ प्रत्यक्ष निगरानीमा राख्नुपर्छ । युवावर्गलाई आफू पनि लागुपदार्थ सेवन नगर्ने र कसैले सेवन गरेको देखेमा सम्झाउने, बुझाउने र परिवारमा जानकारी गराउने गर्नुपर्छ भनी सचेत गराउनुपर्छ । खराब साथीको सङ्गत नगर्ने र कसैले लागुपदार्थ सेवन गर्न कर गरेमा इन्कार गर्ने हिम्मत राख्न सक्नुपर्छ । सरकारी तथा गैरसरकारी सङ्घसंस्थामार्फत लागुपदार्थका असर सम्बन्धमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै जानुपर्छ । युवायुवतीलाई रचनात्मक क्रियाकलापमा संलग्न गराउन सक्यो भने पनि लागुपदार्थको दुर्व्यसनी नियन्त्रण गर्न सकिन्छ । लागुपदार्थ ओसारपसार र बेचबिखन गर्नेलाई कडा कानुन बनाई कार्यान्वयन गरिनुपर्छ । लागुपदार्थको ओसारपोसार नियन्त्रणका लागि सुरक्षा व्यवस्था कडा गरिनुपर्छ ।

## पाठको आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) लागुपदार्थ भनेको के हो ?

(ख) लागुपदार्थ दुर्व्यसनी केलाई भनिन्छ ?

(ग) लागुपदार्थ दुर्व्यसनीका कारणको सूची बनाउनुहोस् ।

(घ) लागुपदार्थ दुर्व्यसनीका असर उल्लेख गर्नुहोस् ।

(ङ) लागुपदार्थ दुर्व्यसनीका नियन्त्रणका उपाय लेख्नुहोस् ।

## क्रियाकलाप

लागुपदार्थ दुर्व्यसनीका विरुद्धमा नाराहरू लेखी प्लेकार्ड बनाएर सिकाइ केन्द्र वरपर र्‍यालीको आयोजना गर्नुहोस् ।

## क्रियाकलाप

यदि तपाईँको साथी लागुपदार्थ दुर्व्यसनीमा फसेको थाहा पाउनुभयो तर उसको घरपरिवारलाई पनि थाहा छैन भने यस्तो अवस्थामा तपाईँ के गर्नुहुन्छ ?

## क्रियाकलाप

तपाईँ धेरै तनाबमा भएका बेलामा तपाईँको साथीले लागुपदार्थ सेवन गर्न सल्लाह दिएमा तपाईँ के गर्नुहुन्छ ?

## क्रियाकलाप

नेपालमा लागुपदार्थ दुर्व्यसनी नियन्त्रणका लागि भएका प्रयास खोजी गरी लेख्नुहोस् ।

# पाठ ५ सामाजिक समस्या तथा विकृति हटाउने उपाय

## तल दिइएको पारिवारिक कुराकानी अध्ययन गरौँ र छलफल गरौँ :

शनिबारको दिन थियो । अफिस जान नपर्ने भएकाले बुबा बिहान चिया पिउँदै पत्रिका पढ्दै बसिरहनुभएको थियो । आमा खाना पकाउँदै हुनुहुन्थ्यो । मलिना आइपुगिन् र बुबाको छेउमा बसिन् । "बुबा के गर्दै हुनुहुन्छ ?" छोरीले सोधिन् । "पत्रिका पढिरहेकी छोरी समाचार पढ्दा पनि यो समाजको अवस्था देखेर दिक्क लाग्छ" बुबाले भन्नुभयो ।

"किन र बुबा त्यस्तो के को समाचार पढ्नुभयो र ?"

"हाम्रो नेपाली समाजमा नि अहिले विभिन्न किसिमका सामाजिक समस्या र विकृतिले जरा गाडेर बसेका छन् । जसले गर्दा समाजको विकासमा प्रत्यक्ष असर पुगेको छ ।" बुबाले बताउनुभयो ।

"मुख्य के कारणले हो र बुबा ? यी सामाजिक समस्या तथा विकृति यसरी समाजमा फैलिँदै गएका ?" छोरीले जिज्ञासा राखिन् ।

बुबाले छोरीको जिज्ञासा पूरा गर्दै भन्नुभयो, "मुख्य त अशिक्षा तथा जनचेतनाको अभाव हो । त्यस्तै कतिपय समस्या गरिबी तथा बेरोजगारीको कारणले पनि उत्पन्न हुने गरेका छन् । कुनै समस्या तथा विकृतिहरू अन्धविश्वास, कुरीति, कुसंस्कार, प्रथा र परम्पराका कारणले पनि हुने गरेका छन् । कति समस्या चाहिँ देखासिकी, आधुनिकता, सामाजिक सञ्जाालको दुरुपयोग जस्ता कारणले पनि उत्पन्न हुने गरेका छन् ।"

"बुबा सामाजिक समस्या तथा विकृतिका कारण त यति धेरै रहेछन् है ? अनि यिनीहरूलाई नियन्त्रण गर्न सकिँदैन र ?" छोरीले प्रश्न गरिन् ।

"सकिन्छ छोरी यसका लागि सबैले आआफ्नो तर्फबाट कोसिस गर्नुपर्छ । सबैभन्दा महत्त्वपूर्ण कुरा त सामाजिक समस्या तथा विकृति उत्पन्न हुनाका खास कारण के के हुन् भन्नेतर्फ हामी सबै सचेत हुन जरुरी छ । अर्को भनेको विभिन्न सरकारी तथा गैरसरकारी सङ्घसंस्थामार्फत सामाजिक समस्या तथा विकृति नियन्त्रणका लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनुपर्छ । शिक्षा मात्र नभएर व्यावहारिक शिक्षामा जोड दिन सक्यो भने मानिसहरूमा सचेतना अभिवृद्धि गर्न सकिन्छ ।" बुबाले प्रस्ट पार्नुभयो ।

“बुबा यो व्यावहारिक शिक्षा भनेको के हो ? यसले कसरी मानिसमा सचेतना अभिवृद्धि गर्न सकिन्छ ?” छोरीले प्रश्न गरिन् ।

छोरीको प्रश्नको उत्तर दिँदै बुबाले भन्नुभयो, “मानिसको व्यवहारमा परिवर्तन गर्नका लागि प्रदान गरिने शिक्षा व्यावहारिक शिक्षा हो । शिक्षाले व्यक्तिलाई सामाजिक, आर्थिक, सांस्कृतिक तथा शैक्षिक रूपमा उत्थान तथा अवसर प्रदान गरी सशक्तीकरणमा समेत मदत पुऱ्याउँछ । व्यक्ति सचेत भइसकेपछि समाजमा विद्यमान असमानता, विभेद र छुवाछुतलगायतका सामाजिक समस्या समाधानमा आफू पनि सचेत भई अरूलाई पनि सचेत गराउन सक्छ ।”

“बुबा अरू कुन कुन उपाय छन् नि ? सामाजिक समस्या तथा विकृति अन्त्य गर्ने ।” छोरीले सोधिन् ।

“आत्मअनुशासनको पालना पनि सामाजिक समस्या तथा विकृति अन्त्य गर्ने महत्त्वपूर्ण उपाय हो । बुबाले भन्नुभयो ।

“बुबा यो आत्मअनुशासनको पालना भनेको के हो नि ?” छोरीले भनिन् ।

“व्यक्तिले स्वयम्लाई आफ्नो नियन्त्रणमा राखेर नकारात्मक कुराबाट बचेर सकारात्मक कार्य गर्न सफलता प्राप्त गर्नु नै आत्मअनुशासन हो । समाजमा रहेका विभिन्न प्रकारका विकृति, विसङ्गतिप्रति सचेत भई व्यक्तिले आफूले आफैँलाई नियन्त्रणमा राख्न सकेको खण्डमा समाजमा विद्यमान विकृति तथा विसङ्गति नियन्त्रण गर्न सकिन्छ ।”

“ए ए, बुबा आत्मअनुशासनको पालना चाहिँ साँच्ची नै धेरै महत्त्वपूर्ण जस्तो लाग्यो मलाई त ।” छोरीले भनिन् ।

हो नि छोरी भन्दै बुबाले भन्नुभयो, “अर्को सुन है त असल सङ्गतबाट पनि सामाजिक समस्या तथा विकृति नियन्त्रण गर्न सकिन्छ । प्रत्येक व्यक्ति स्वयम् गलत हुँदैन । ऊ गलत वा सही हुनुमा उसको वरपरको वातावरण र सङ्गतले निर्धारण गर्छ । व्यक्ति सही भए पनि कतिपय अवस्थामा गलत व्यक्तिको सङ्गतका कारण लागुपदार्थको दुर्व्यसनी हुन पुगेका प्रशस्त उदाहरण हाम्रो समाजमा भेट्न सकिन्छ त्यसैले तिमीले सधैँभरि असल साथी मात्र बनाउनु है ?”

“हो नि बुबा हजुरले भन्नुभएको एकदम सही लाग्यो मलाई त त्यसैले म त साथी बनाउने बेलामा ख्याल गर्ने गर्छु ।” छोरीले आफ्नो विचार व्यक्त गरिन् ।

“अर्को उपाय सदाचार कायम राख्ने पनि हो । सदाचार हरेक व्यक्तिले पालना गर्नुपर्ने असल व्यवहार वा आचरण हो । सदाचार भन्नाले त्यस्ता नैतिक नियम हुन् जसले व्यक्तिको व्यवहार,

क्रियाकलाप वा चालचलनलाई सञ्चालन तथा निर्देशित गर्छ । यदि समाजमा सदाचार कायम हुन सकेमा सामाजिक समस्या तथा विकृति सजिलै नियन्त्रण हुन्छन् ।" बुबाले प्रस्ट पार्नुभयो ।

"साह्रै खुसी लाग्यो बुबा आज हजुरसँगबाट मैले सामाजिक समस्या तथा विकृति सम्बन्धमा धेरै कुरा सिक्ने अवसर पाएँ" भनी छोरीले भनिन् ।

अझ अरू पनि सुन है छोरी भन्दै बुबाले थप्नुभयो, "कानुनको परिपालना पनि सामाजिक समस्या तथा विकृति नियन्त्रणको उपाय हो । राज्यको तर्फबाट संविधानमा नै सामाजिक समस्या तथा विकृति सिर्जना गर्ने व्यक्तिलाई कडा कानुनी व्यवस्था गर्ने र सही रूपमा कार्यान्वयन हुने हो भने हरेक नागरिक सचेत हुन्छन् । जसबाट सामाजिक समस्या तथा विकृति नियन्त्रण गर्न मदत पुग्छ । "

"हो त है बुबा कडा कानुन बन्ने हो भने त सबै सचेत भइहाल्छन् होला" छोरीले भनिन् ।

"हो नानु तिमीले ठिक भन्यौ । ल अब अर्को एउटा पनि सुन है त देशका नागरिकहरूमा देखासिकी गर्ने प्रवृत्ति नहुने हो भने पनि सामाजिक समस्या तथा विकृति नियन्त्रणमा मदत पुग्छ ।" बुबाले भन्नुभयो ।

"देखासिकीले के समस्या उत्पन्न हुन्छ र बुबा ?" छोरीले जिज्ञासा राखिन् ।

छोरीको जिज्ञासा मेटाउँदै बुबाले भन्नुभयो, "देखासिकीकै कारणले युवाहरू लागुपदार्थ दुर्व्यसनीमा परेका हुन्छन् । त्यस्तै फजुल खर्च गर्ने, दाइजो लिने दिनेलगायतका थुप्रै समस्या तथा विकृति पैदा हुन्छन् ।"

बुबा हामीले कहिल्यै पनि अरूको देखासिकी गर्नुहुँदैन रहेछ है ?

हो छोरी अब भने तिमीलाई प्रस्ट भएछ ।

**पाठको आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :**

(क) सामाजिक समस्या तथा विकृति भनेको के हो ?

(ख) सामाजिक समस्या तथा विकृतिका कारणको सूची बनाउनुहोस् ।

(ग) सामाजिक समस्या तथा विकृति नियन्त्रणका उपायको छोटकरीमा व्याख्या गर्नुहोस् ।

### क्रियाकलाप

तपाईँको समुदायमा रहेका सामाजिक समस्या तथा विकृतिको सूची बनाउनुहोस् ।

### क्रियाकलाप

तपाईँको समुदायमा रहेका सामाजिक समस्या तथा विकृतिको नियन्त्रणका लागि के कस्ता उपाय अवलम्बन गरिएका छन् ? खोजी गरी लेख्नुहोस् ।

### क्रियाकलाप

सामाजिक समस्या तथा विकृतिको नियन्त्रणका लागि के कस्ता उपाय अवलम्बन गर्दा उपयुक्त हुन्छ होला ? तपाईँको समुदायमा रहेका जानकार व्यक्तिसँग सोधखोज गरी टिपोट गर्नुहोस् ।

# पाठ ६ सामाजिक समस्या समाधानमा विभिन्न अन्तर्राष्ट्रिय सङ्घसंस्थाको भूमिका

## तलको गोष्ठीमा भएको कुराकानी अध्ययन गरौँ र छलफल गरौँ :

स्थानीय निकायले आफ्नो स्थानीय क्षेत्रलाई सामाजिक समस्या मुक्त गर्नका लागि सामाजिक समस्या समाधानमा अन्तर्राष्ट्रिय सङ्घसंस्थाको भूमिका सम्बन्धमा गोष्ठीको आयोजना गरेको थियो । उक्त गोष्ठीमा विभिन्न सङ्घसंस्थाका प्रतिनिधिको पनि उपस्थिति थियो । विभिन्न सङ्घसंस्थाका प्रतिनिधिको विचार हामी पनि अध्ययन गरौँ है त ?

**उपस्थित सम्पूर्णमा नमस्कार !**

म एमनेस्टी इन्टरनेसनलको नेपाल स्थित कार्यालयमा कार्यरत छु । हाम्रो संस्थाले मानव अधिकारको क्षेत्रमा काम गर्दै आएको छ। एमनेस्टि इन्टरनेसनलको स्थापना सन् १९६१ जुलाईमा भएको थियो । यसको मुख्य कार्यालय बेलायतको लन्डनमा रहेको छ । यस संस्थाले अहिले आफ्नो कार्यक्षेत्रलाई बढाएर १५० भन्दा बढी देशमा आफ्ना गतिविधि सञ्चालन गर्दै आइरहेको छ । विशेष गरी मानव अधिकारको उल्लङ्घन विरुद्ध खबरदारी गर्नु यस संस्थाको मुख्य उद्देश्य हो । यस संस्थाले मानव अधिकार सम्बन्धमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, मानव अधिकार उल्लङ्घन र ज्यादतीका विरुद्धमा खबरदारी गर्ने जस्ता महत्त्वपूर्ण कार्य गर्दै आएको छ। यस संस्थाले मानव अधिकार संरक्षणका लागि राजनीतिक निष्पक्षता, पारदर्शिता र स्वतन्त्रता कायम गर्ने काम गर्छ। हामी सबै मानव अधिकारप्रति सचेत बनौँ भन्दै मेरो भनाइहरू यहीँ अन्त्य गर्छु। धन्यवाद ।

**उपस्थित सम्पूर्णमा मेरो तर्फबाट नमस्कार !**

म अन्तर्राष्ट्रिय श्रमसङ्गठनको नेपालस्थित कार्यालयमा कार्यरत छु। यो संस्था संयुक्त राष्ट्रसङ्घको विशिष्टीकृत संस्था हो । यस संस्थाको स्थापना सन् १९१९ अप्रिल ११ मा भएको हो । नेपालले सन् १९६६ देखि

अन्तर्राष्ट्रिय श्रम सङ्गठनको सदस्यता लिएको हो । यस संस्थाले विशेष गरी श्रमिकहरूको हक अधिकार रक्षा र कार्यस्थलमा श्रमिकमाथि हुने गरेका विभेद र अनियमितताका विरुद्धमा काम गर्दै आएको छ। नेपालमा बालश्रम शोषणको अन्त्यका लागि, श्रमिकमैत्री नीति नियमका लागि र सचेतनामूलक कार्यक्रम सञ्चालनका लागि पहल गर्दै आएको छ। हामी सबै श्रमिक एक हौँ भन्दै मेरा भनाइ यहीँ टुङ्ग्याउँछु । हस् त धन्यवाद ।

**उपस्थित सम्पूर्ण महानुभावमा नमस्कार !**

म यहाँ सेभ द चिल्ड्रेन संस्थाको तर्फबाट उपस्थित भएको छु। यस संस्थाको स्थापना सन् १९१९ मा बेलायतमा भएको हो । सेभ द चिल्ड्रेनले बालबालिकाको समग्र स्वास्थ्य, सुरक्षा र संरक्षणका लागि विश्वव्यापी रूपमा काम गर्दै आएको छ । यो एक अन्तर्राष्ट्रिय संस्था हो । यस संस्थाले विभिन्न कारणले विद्यालय शिक्षाबाट वञ्चितका लागि शिक्षा लिने अवसर प्रदान गरेको छ । त्यस्तै घरबारविहीन, बालश्रम शोषणमा परेकालाई पनि संरक्षण दिँदै आएको छ । विपत् महामारी द्वन्द्व प्रभावित क्षेत्रमा आकस्मिक सहयोग तथा सेवा दिँदै आएको छ। नेपालमा कोभिड १९ को महामारीमा स्वास्थ्य सामग्री र व्यक्तिगत सुरक्षा सामग्री दिएर सहयोग गरेको थियो। यस संस्थाले HIV /AIDS र गरिबी निवारणका लागि पनि आफ्नो कार्यक्रम सञ्चालन गरेको छ। बालबालिका भनेका भोलिका भविष्यका कर्णधार हुन् त्यसैले हामी पनि उनीहरूको हक अधिकारप्रति संवेदनशील बनौँ भन्दै मेरा भनाइ यहीँ अन्त्य गर्छु। हस् त धन्यवाद।

**स्थानीय तहबाट खटिनुभएको उद्घोषकले सबै वक्तालाई आफ्नो अमूल्य शब्द र समयका लागि धन्यवाद दिँदै भन्नुभयो :**

हाम्रो समाजमा दिनप्रतिदिन सामाजिक समस्या बढ्दै गएका छन् । यिनीहरूको निराकरणका लागि हामी सबैले आआफ्नो तर्फबाट योगदान पुऱ्याउनुपर्छ । यस्ता कार्यका लागि विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घसंस्थाको पनि महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। यिनैमध्ये आज यहाँ एमनेस्टी इन्टरनेसनल, अन्तर्राष्ट्रिय श्रमसङ्गठन र सेभ द चिल्ड्रेनबाट प्रतिनिधिको उपस्थिति रहेको थियो। यीबाहेक पनि युनिसेफ, एस.ओ.एस. रेडक्रसलगायतका थुप्रै संस्था रहेका छन्।

**पाठको आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :**

(क) एमनेस्टी इन्टरनेसनल कस्तो संस्था हो ? यसको स्थापना कहिले भएको हो ?

(ख) एमनेस्टी इन्टरनेसनलले के के काम गर्ने गरेको छ ?

(ग) अन्तर्राष्ट्रिय श्रमसङ्गठनको मुख्य उद्देश्य के हो ?

(घ) सेभ द चिल्ड्रेनले कुन कुन क्षेत्रमा काम गर्दै आएको छ ?

(ङ) ILO को पूरा रूप लेख्नुहोस् ।

**क्रियाकलाप**

तपाईँको समुदायमा कार्यरत अन्तराष्ट्रिय सङ्घसंस्थाको नाम र तिनीहरूले गरेका काम खोजी गरी लेख्नुहोस् ।

**क्रियाकलाप**

सेभ द चिल्ड्रेनले नेपालमा के के काम गरेको छ ? जानकार व्यक्तिसँग सोधखोज गरी लेख्नुहोस् ।

**क्रियाकलाप**

अझै पनि हाम्रो समुदायमा बालश्रम शोषणका घटना भइरहेको, विद्यालय शिक्षाबाट वञ्चित बालबालिका पनि रहेको देखिन्छ ? यस्तो अवस्थालाई सुधार गर्नका लागि सेभ द चिल्ड्रेनलाई के कस्ता सल्लाह तथा सुझाव दिनुहुन्छ ? बुँदागत रूपमा लेख्नुहोस् ।

## सामुदायिक कार्य

तपाईँको समुदायमा कार्यरत राष्ट्रिय वा अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घसंस्थाका बारेमा खोजी गरी तल दिइएका शीर्षकमा केन्द्रित रही प्रतिवेदन तयार गर्नुहोस् :

संस्थाको नाम :

संस्थाको स्थापना र प्रधान कार्यालय :

संस्थाको उद्देश्य :

संस्थाले पुऱ्याएको योगदान :

# पाठ ७ द्वन्द्व व्यवस्थापन

**तलको आमाछोरीबिचमा भएको कुराकानी अध्ययन गरौँ र छलफल गरौँ :**

रमिला र नीता हस्याङ्फस्याङ गर्दै घरभित्र पसे र कुरा गर्दै थिए, "बल्ल बल्ल शान्त भयो है ? यिनीहरूको झगडाले झन्डै ठुलै रूप लिएको ।"

"के भयो र रमिला ? केको खासखुस हो ?" आमाले भन्नुभयो ।

"ए आमा आज के हामी धेरै साथीहरू मिलेर कपर्दी खेल खेल्दै थियौँ । कल्पना खेल खेल्ने क्रममा दिनेशको खुट्टामा अल्झिएर लडिन् । उनको गोडामा र हातमा चोट लागेर रगत पनि बगेको थियो । दिनेशले कल्पनासँग झुक्किएर हो ? माफ पाऊँ है ? पनि भनेका थिए । तर कल्पना तिमीले मलाई जानी जानी लडाएको हो भनेर निहुँ खोजिरहिन् । फेरि साथीहरू पनि कोही कल्पनाको पक्षमा कोही दिनेशको पक्षमा लागेर सानो झगडाले ठुलो रूप लियो । त्यसपछि खेल बन्द भयो । मलाई यिनीहरू दुवैको गल्ती छ । बेक्कार यिनीहरूका कारणले खेल नै बन्द भए जस्तो लाग्यो । अनि मैले कसैको पनि पक्षमा नलागी दुवैसँग एक्लाएक्लै कुरा गरेँ । दुवैलाई राम्रोसँग सम्झाएँ । हुन त कल्पनाले भनेजस्तै दिनेशले पनि खेल खेल्दा त्यसरी ऊ कपर्दी भन्दै आउँदा गोडा तेर्साएर अल्झाएको चाहिँ हो । त्यस्तो गोडा तेर्साउन त हुने थिएन नि पछाडिबाट हातले पो समाउने हो त जस्तो लाग्यो । तिमीहरू दुवैको गल्ती छ खेल खेल्दा त्यसरी गोडा तेर्साउने तिम्रो गल्ती हो दिनेश । कपर्दी खेल्दा त्यसरी गोडा तेर्साउन



त पाइँदैन नि, तिमीलाई थाहा रहेनछ कि के हो भनी सम्झाएँ र कल्पनालाई पनि तिम्रो हात र गोडामा चोट लाग्यो दुख्यो त्यसैले पनि तिमीलाई चित्त दुखेको होला तर खेल खेल्दा यस्ता दुर्घटना कहिलेकाहीँ हुन सक्छन् । त्यसैले मैले गर्दा अरूलाई पनि असर पर्छ कि भन्ने सोच्नुपर्छ कल्पना । दिनेशलाई पनि थाहा नभएर नै रहेछ उसले त्यसरी गोडा तेर्साएको बरु जाऊँ हिँड मेडिकलमा गएर तिम्रो चोट लागेको ठाउँमा लगाउने औषधी लिएर आउँला भनी सम्झाएँ । त्यसपछि दिनेशले पनि कल्पनासँग मलाई त थाहा थिएन त्यसरी

गोडा तेर्साउन हुँदैन भनेर मैले गोडा तेर्साएको जानी जानी नै हो अबदेखि कहिल्यै यस्तो गर्दिन भनी माफी मागे । कल्पनाले पनि माफी दिइन् ।  मेडिकलमा गएर कल्पनाको चोट लागेको ठाउँमा ब्यान्डेज गरेर आउँदै छौँ । त्यही कुरा गरेको आमा ।"

आमाले खुसी हुँदै भन्नुभयो, "स्यावास छोरी तिमीले त कति राम्रो काम गरिछौ । द्वन्द्व व्यवस्थापनमा सहयोग पुगेछ ।"

"आमा यो द्वन्द्व भनेको के हो र ?" रमिलाले प्रश्न गरिन् ।

"दुई वा दुईभन्दा बढी व्यक्ति वा पक्षबिच भएको मनमुटाव, असहमति, बेमेल वा झगडा नै द्वन्द्व हो । तिमीहरू खेल खेल्दा भएजस्तै अवस्था त हो नि । कल्पना लडिन्, उनिलाई चित्त दुख्यो उनी कराइन् । दिनेशले पनि आफू दोषी नभएको भनी प्रमाणित गर्न अनेक तर्कहरू गरे । तिमीहरू पनि कोही कल्पनाको पक्षमा कोही दिनेशको पक्षमा लाग्यौ । यसरी सानो विवाद बढ्दै जाँदा द्वन्द्वको अवस्था सिर्जना हुन्छ ।" आमाले प्रस्ट पार्नुभयो ।

"आमा द्वन्द्वका कारण त धेरै हुन्छन् होला है ?" छोरीले जिज्ञासा राखिन् ।

आमाले प्रस्ट पार्दै भन्नुभयो, "हुन्छन् नि छोरी, एकले अर्काको विचार वा भावनाको कदर नगरेर, शिक्षा र चेतनाको कमीका कारणले समझदारी कायम हुन नसकेर, अन्याय तथा विभेदका कारणले, राजनीतिक विचार नमिलेर आदि जस्ता विभिन्न कारणले गर्दा द्वन्द्वको अवस्था सिर्जना हुन्छ ।"

"आमा साथी साथीमा नभएको कुरा लगाइदिएर पनि द्वन्द्व हुन्छ है ? अस्ति हाम्रा साथी साथीबिचमा त्यस्तै भएको थियो के ।" नीताले सोधिन् ।

"हो नि नीता तिमीले ठिक भन्यौ । कसैले गलत समाचार फैलाएकै कारणले कतिपय ठाउँमा विवाद वा द्वन्द्व भइरहेको हुन्छ । तीबाहेक गरिबी र बेरोजगारीको कारणले, मानिसमा हुने घमन्ड, लोभ, ईर्ष्या जस्ता कुरा नियन्त्रण गर्न नसकेर पनि द्वन्द्व हुन्छ ।" आमाले बताउनुभयो ।

"द्वन्द्व, लडाईं, झगडा त हाम्रो समाजमा भइ नै रहन्छन् है आमा ? मुख्य कुरा त सकेसम्म हामीले द्वन्द्वको अवस्था सिर्जना हुन नदिनु नै राम्रो हुन्छ । होइन त ?" रमिताले भनिन् ।

"हो नि तिमीले साह्रै राम्रो कुरा गर्‍यौ । एउटा महत्त्वपूर्ण कुरा सुन है त ? द्वन्द्वको असर सधैँ नकारात्मक मात्र हुँदैन नि ? कहिलेकाहीँ द्वन्द्व सकारात्मक पनि हुन्छ । व्यक्ति समाज वा राष्ट्रलाई हानि पुर्‍याउने किसिमको द्वन्द्वलाई नकारात्मक द्वन्द्व भनिन्छ । जस्तै : धनजनको क्षति हुनु, काटमार हुनु, आगजनी हुनु, तोडफोड हुनु आदि नकारात्मक द्वन्दका उदाहरण

हुन् । त्यस्तै व्यक्ति, समाज वा राष्ट्रको विकासमा मद्धत पुऱ्याउने द्वन्द्वलाई सकारात्मक द्वन्द्व भनिन्छ । सकारात्मक द्वन्द्वलाई परिवर्तनको वाहक पनि भनिन्छ । जस्तै : वि.सं. २००७ सालको क्रान्तिपछि प्रजातन्त्र आउनु, २०६२/०६३ को जनआन्दोलनपछि देशमा लोकतन्त्र आउनु जस्ता घटनालाई सकारात्मक द्वन्द्वको रूपमा लिन सकिन्छ ।" आमाले प्रस्ट पार्नुभयो ।

"आज त आमाले नयाँ कुरा पो सिकाउनुभयो त, परिवर्तनका लागि त द्वन्द्व त नभई नहुने रहेछ है आमा ?" नीताले भनिन् ।

"हो त ! ल अब म तिमीहरूलाई द्वन्द्व व्यवस्थापन सम्बन्धमा पनि बताउँछु है ? द्वन्द्वको अवस्थालाई साम्य पारेर सहमति कायम गरी झगडा नगर्ने वातावरण तयार गर्नुलाई द्वन्द्व व्यवस्थापन भनिन्छ ।"

"अनि द्वन्द्व व्यवस्थापन चाहिँ कसरी गर्न सकिन्छ नि आमा ?" रमिताले सोधिन् ।

"द्वन्द्व व्यवस्थापनका लागि अरूको विचारको सम्मान गर्ने, घमन्ड, लोभ, ईर्ष्या जस्ता कुरा नियन्त्रण गर्ने, सामाजिक मेलमिलाप कायम गर्ने, अरूलाई पनि अवसर दिने, कुनै पनि समस्याको समाधान दोहोरो कुराकानी तथा छलफलबाट गर्ने र अन्यायमा परेकालाई न्याय दिने जस्ता कार्य गरिनुपर्छ ।" आमाले भन्नुभयो ।

"हो नि यसरी सबैले सकारात्मक मात्र सोच्न सके त द्वन्द्व नै हुने थिएन नि । होइन त आमा ?" नीताले भनिन् ।

"सही भन्यौ नीता तिमीले । खासमा द्वन्द्व व्यवस्थापनका लागि दोहोरो सञ्चार, वार्ता, मध्यस्थता, सम्झौता जस्ता धेरै तरिकाको प्रयोग गर्न सकिन्छ ।" आमाले भन्नुभयो ।

"आमा, यी सबै उपायको सम्बन्धमा छलफल गरौँ है ?" रमिताले भनिन् ।

"हुन्छ म सबैको बारेमा क्रमैसँग बताउने छु । द्वन्द्वमा संलग्न पक्षबाट नै समस्याको समाधान गर्न सकिन्छ जसलाई सम्झौता, वार्ता वा दोहोरो सञ्चार भनिन्छ । यसका लागि द्वन्द्वमा संलग्न दुवै पक्षले वातावरण तयार गर्ने, त्यसपछि दुवै पक्षले एक आपसमा छलफल गर्ने, द्वन्द्व उत्पन्न हुनाका कारण रिस, तनाव, लोभ, ईर्ष्या आदि नियन्त्रण गर्ने र एक आपसमा मेलमिलाप कायम गर्ने गर्नुपर्छ । यसमा दुवै पक्षले आफ्नो गल्ती कमीकमजोरीलाई स्वीकार गरेर अगाडि बढ्नुपर्छ ।"

"आहा कति राम्रो उपाय, आमा मलाई त साह्रै मन पऱ्यो ।" नीताले भनिन् ।

"हो नि यस उपायका लागि बाहिरी व्यक्तिको आवश्यकता नै पर्दैन । कहिलेकाहीँ सानातिना असहमतिका कारणले पनि दुई पक्षका बिचमा द्वन्द्व हुन सक्छ । त्यस्तो बेलामा दोहोरो संवाद

वा कुराकानीमार्फत द्वन्द्वको समाधान हुन सक्छ ।" आमाले बताउनुभयो ।

आमा द्वन्द्व व्यवस्थापनका अरू उपाय पनि छन् र ?

"छ म त्यो पनि बताउँछु । तेस्रो पक्ष वा मध्यस्तकर्ताको सहयोगमा द्वन्द्व समाधान । यसका लागि सबैभन्दा पहिले दुवै पक्षलाई उपयुक्त हुने व्यक्तिलाई मध्यस्तकर्ताका रूपमा छनोट गर्ने, मध्यस्तकर्ताले दुवै पक्षका कुरा सुन्ने, द्वन्द्व उत्पन्न हुनाका कारण पत्ता लगाउने, दुवै पक्षका बिचमा वार्ता/छलफल गराउने, दुवै पक्षलाई आफ्नो गल्ती कमीकमजोरी स्विकार्न लगाई सम्झौता गराउने र मध्यस्तकर्ताबाट सहमति गराउने गर्नुपर्छ ।" आमाले प्रस्ट पारिदिनुभयो ।

रमिताले आमाको कुरा सकिन नभ्याउँदै भनिन् ।" यो त अघि हामीले कल्पना र दिनेशको झगडा मिलाए जस्तै रहेछ है आमा ?"

आमाले खुसी हुँदै भन्नुभयो, "हो अब भने तिमीले बुझिहाल्यौ । तिमीले कल्पना र दिनेशको झगडा मिलाएकालाई पनि मध्यस्थकर्ताको भूमिकामा द्वन्द्व व्यवस्थापन भन्न सकिन्छ ।"

"आमा हजुरलाई धेरै धेरै धन्यवाद ! अब त हामी दुई  जनाले यसको बारेमा सिकाइ केन्द्रमा अरूलाई पनि सिकाउँछौँ ।" नीताले भनिन् ।

सिकाउने मात्र हो र ? यो त व्यवहारमा पनि लागु गर्नु पर्‍यो नि आमाले भन्नुभयो ।

हस् आमा ! दुवै जनाले भने ।

## पाठको आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) द्वन्द्व भनेको के हो ?

(ख) द्वन्द्वका कारणको सूची बनाउनुहोस् ।

(ग) द्वन्द्वका असर लेख्नुहोस् ।

(घ) द्वन्द्व व्यवस्थापन भन्नाले के बुझिन्छ ?

(ङ) द्वन्द्व व्यवस्थापनमा दोहोरो सञ्चारको भूमिका सम्बन्धमा छोटकरीमा लेख्नुहोस् ।

(च) द्वन्द्व व्यवस्थापनका उपायको छोटकरीमा व्याख्या गर्नुहोस् ।

## क्रियाकलाप

तपाईँको दुई साथी साथीबिचमा द्वन्द्व भएमा तपाईँ कसरी द्वन्द्व व्यवस्थापन गर्नुहुन्छ ?

## क्रियाकलाप

तपाईँको समुदायमा कस्ता कस्ता किसिमका द्वन्द्वका घटना भएका छन् ? तिनीहरूको समाधान कसरी गर्ने गरिएको छ ? समुदायमा सोधखोज गरी लेख्नुहोस् ।

## आफूलाई जाँचौँ :

### १. पाठका आधारमा खाली ठाउँमा मिल्ने शब्द भर्नुहोस् :

(क) भविष्यका लागि आर्थिक योजना बनाएर खर्च गर्ने बानीले .................गर्ने बानीमा नियन्त्रण गर्न सकिन्छ । (फजुल खर्च, देखासिकी)

(ख) जनशक्ति विकसित देशमा जाने र शिक्षा, सिप र दक्षता हासिल गरिसकेपछि उतै बसोबास गर्ने प्रवृत्तिलाई ...........................भनिन्छ । (बौद्धिक पलायन, वैदेशिक रोजगार)

(ग) दुई वा दुईभन्दा बढी व्यक्ति वा पक्षबिच भएको मनमुटाव, असहमति, बेमेल वा झगडा नै ....................हो । (द्वन्द्व, विवाद)

(घ) मानिसको व्यवहारमा परिवर्तन गर्नका लागि प्रदान गरिने शिक्षा ...................हो । (व्यावहारिक शिक्षा, सैद्धान्तिक शिक्षा)

(ङ) मानिसमा लत सिर्जना गरी दुर्व्यसनी तुल्याउने, शारीरिक तथा मानसिक स्वास्थ्यमा असर पुऱ्याउने तथा चेतना तथा अनुभूतिलाई समेत विकृत तुल्याउने पदार्थलाई ................भनिन्छ । (लागुपदार्थ, मादक पदार्थ)

(च) नेपालमा ..........................ले भ्रष्टाचार निवारण गर्नका लागि संवैधानिक निकायको रूपमा काम गरिरहेको छ । (अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्र)

(छ) सामाजिक समस्या तथा विकृतिको मुख्य कारण ..................तथा जनचेतनाको अभाव हो । (अशिक्षा, गरिबी)

(ज) मानव अधिकार उल्लङ्घन र ज्यादतीका विरुद्धमा खबरदारी गर्ने काम ............................संस्थाले गर्दै आएको छ । (एमनेस्टी इन्टरनेसनल, ट्रान्सपरेन्सी इन्टरनेसनल)

## २. तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) अरूको देखासिकी गर्ने र फजुल खर्च गर्ने बानी भएको तपाईँको साथीलाई के सुझाव दिनुहुन्छ ? उल्लेख गर्नुहोस् ।

(ख) तपाईँको समुदायमा विद्यमान कुनै एक सामाजिक समस्या र विकृतिको घटना उल्लेख गरी उक्त समस्या तथा विकृतिका कारण, असर र समाधानका उपाय लेख्नुहोस् ।

(ग) भ्रष्टाचारका कारण, असर र समाधानका उपाय तीन/तीनओटा लेख्नुहोस् ।

(घ) सामाजिक समस्या समाधानमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाको भूमिका लेख्नुहोस् ।

(ङ) द्वन्द्व व्यवस्थापनमा दोहोरो सञ्चार र मध्यस्थकर्ताको भूमिका लेख्नुहोस् ।

# एकाइ ५ हाम्रो विगत

## पाठ १ नेपाल शब्दको अर्थ र उत्पत्ति

**तलको पाठ अध्ययन गर्नुहोस् र छलफल गर्नुहोस् :**

सम्पर्क कक्षाको समयमा सहजकर्ताले सिकारुलाई इतिहासको पुस्तक दिएर अध्ययन गर्न दिनुभयो र नेपाल शब्दको उत्पत्ति र अर्थ सम्बन्धमा प्रचलित किंवदन्ती पत्ता लगाई कक्षामा प्रस्तुत गर्न लगाउनुभयो ।

सहजकर्ताले सिकारुसँग प्रश्न गर्दै भन्नुभयो, “तपाईँहरूले नेपालको उत्पत्ति र अर्थ सम्बन्धमा के के टिपोट गर्नुभयो त ल अब पालैपालो सुनाउनुस् है त ?”

गीताले भन्नुभयो, “गुरुआमा नेपाल शब्दको उत्पत्ति र अर्थ सम्बन्धमा विभिन्न आधारमा किंवदन्ती रहेछन् । त्यसमध्य मैले भाषागत आधारअनुसार किराँती भाषामा नेपाल शब्दको अर्थ टिपोट गरेको छु, नेपाललाई पौराणिक किराँती शब्द ‘नेपा’ को सांस्कृतिक रूप भनिने रहेछ । किराँती भाषामा ‘ने’ को अर्थ मध्य र पा को अर्थ देश अर्थात मध्यदेश भनिने रहेछ । पछि मध्यपर्वतीय खण्डमा रहेको नेपामा ल प्रत्यय जोडिन गएर नेपाल नाम रहन गएको हो भन्ने भनाइ रहेछ गुरुआमा ।”

“धन्यवाद ! गीता साह्रै राम्रोसँग टिपोट गर्नुभएछ । ललिता तपाईँले टिपोट गर्नुभएको पनि सुनाउनुस् न त”, गुरुआमाले भन्नुभयो ।

“हस् गुरुआमा मैले तिब्बती भाषामा नेपाल शब्दको उत्पत्ति सम्बन्धमा रहेको किंवदन्ती टिपोट गरेको छु ।” ललिताले सुनाउनुभयो । “तिब्बती भाषामा ने को अर्थ घर र पालको अर्थ उन भनिने रहेछ । उक्त समयमा यहाँ प्रशस्त मात्रामा ऊनको उत्पादन हुने भएकाले नेपाल नाम रहन गएको हो भन्ने भनाइ रहेको रहेछ गुरुआमा ।”

“हो स्याबास् ! ल म पनि तपाईँहरूलाई नेवारी भाषामा नेपाल शब्दको उत्पत्ति सम्बन्धमा सुनाउँछु है त ?” गुरुआमाले बताउनुभयो । “नेवारी भाषामा ने को अर्थ मध्य र पा को अर्थ देश हो । नेवारले त्यतिबेला नेपाललाई नेपा मात्र भन्ने गर्थे । जो पछि गएर नेपाल बन्न गयो भन्ने कुरा इतिहासमा उल्लेख गरेको पाइन्छ ।” गुरुआमाले बताउनुभयो ।

राकेशले भने, "गुरुआमा मैले लेप्चा भाषामा नेपाल शब्दको उत्पत्ति सम्बन्धमा टिपेको छु म सुनाउँछु है ? लेप्चा भाषामा ने को अर्थ पवित्र र पालको अर्थ गुफा हुन्छ । यो ठाउँ पवित्र पुण्यभूमि वा धार्मिक स्थल भएकाले पछि गएर नेपाल भन्न थालिएको रहेछ ।"

"अम्बिका तपाईँले के टिप्नुभयो त ?" गुरुआमाले प्रश्न गर्नुभयो ।

अम्बिकाले भन्नुभयो, "गुरुआमा मैले लिम्बु भाषामा नेपाल शब्दको उत्पत्ति सम्बन्धमा टिपेको छु । लिम्बु भाषामा नेपालको अर्थ समथल भूमि भनिने रहेछ । वरिपरि पहाडको बिचमा अत्यन्त ठुलो मैदानी उपत्यका भएकाले यसको नाम नेपाल रहन गएको हो भनेर लेखेको भेटेँ ।"

"हो स्याबासस् ! ल अब संस्कृत भाषामा नेपाल शब्दको उत्पत्ति सम्बन्धमा सुन्नुहोस् है त ? संस्कृत भाषामा नीपः भनेको पहाडको फेदी हुन्छ । आलको अर्थ घर हुन्छ । सो शब्दको उपसर्ग आल जोडिएर नेपाल भएको हो भन्ने गरिन्छ । पहाडी काखमा रहेको उपत्यका भएको हुनाले यसलाई नेपाल भन्न थालियो भनी उल्लेख गरेको पाइन्छ ।" गुरुआमाले प्रस्ट पार्नुभयो ।

कमलाले भन्नुभयो, "गुरुआमा तामाङ भाषामा फेरि यस्तो भनिएको रहेछ । नेपालका तामाङले तीर्थलाई ने भन्थे । लामा धर्मग्रन्थमा ने को अर्थ पवित्र स्थान हो । नेपालमा प्रशस्त धार्मिक स्थल भएकाले तामाङ भाषाअनुसार पुण्य भूमिका रूपमा नेपाल नाम रहन गएको हो भन्ने भनाइ रहेको छ भनेर लेखेको भेटेँ ।"

"ल सबै जनालाई धन्यवाद ! भाषागत आधारमा नेपाल शब्दको उत्पत्ति सम्बन्धमा साह्रै राम्रोसँग टिपोट गर्नुभएको रहेछ । नेपाल शब्दको उत्पत्ति सम्बन्धमा अन्य आधार पनि रहेका छन् । ल सुन्नुहोस् है त ?" गुरुआमाले थप जानकारी गराउनुभयो ।

"पौराणिक आधारमा नेपालको उत्पत्ति सम्बन्धमा यस्तो किंवदन्ती रहेको छ । नेपाल महात्म्यमा उल्लेख भएअनुसार उक्त समयमा यहाँ ने नाम गरेका ऋषिमुनि बस्थे । यसरी ने नाम गरेका ऋषिमुनिले लालनपालन गरेर बसेको ठाउँ भएकाले नेपाल नाम रहन गएको हो भन्ने भनाइ रहेको छ ।"

"गुरुआमा मैले पनि एउटा टिपेको छु । प्राचीन कालमा यहाँ गोपाल वंशावलीले शासन गर्ने रहेछन् । ती गोपाल वंशावलीलाई नीप भनिने रहेछ । यीनै निपहरूले शासन गरेको हुनाले नेपाल नाम रहन गएको हो भन्ने भनाइ रहेको भनी उल्लेख गरेको भेटेँ ।" गीताले भन्नुभयो ।

"हो त्यस्तै अर्को पनि सुन्नुहोस् है त ? नेपाल शब्द नीप र आलय मिलेर बनेको हो भनी उल्लेख गरेको पाइन्छ । नेपालमा सबैभन्दा पहिले नीप जातिले शासन गरेका थिए । यिनीहरूले गाई पाल्ने हुनाले यिनको वंशलाई गोपालवंश भनिन्थ्यो । आलयको अर्थ चाहिँ घर वा बासस्थान

हो । यसरी नीप जातिले राज्य स्थापना गरी बसेको हुनाले नीपआलय भनियो र पछि यसैबाट नेपाल शब्दको उत्पत्ति भयो भन्ने भनाइ रहेको छ।"  गुरुआमाले बताउनुभयो।

"गुरुआमा मैले यस्तो भेटेर टिपेको छु।" ललिताले भन्नुभयो। "प्राचीन कालमा नेपाल आएका चीनियाँ यात्रीहरूले यस भूमिलाई निपोलो भन्ने गर्थे। सोही निपोलो पछि अपभ्रंश भएर नेपाल नाम रहन गएको हो भनेर लेखिएको छ।"

सबै जनालाई धन्यवाद दिँदै गुरुआमाले भन्नुभयो, "यसरी तपाईँहरू आफैँले खोजी गरेर टिपोट गरेपछि तपाईँहरूलाई सम्झन सजिलो हुन्छ भनेर मैले इतिहासको पुस्तक अध्ययन गर्न दिएको हुँ । यसरी नेपाल शब्दको उत्पत्तिका सम्बन्धमा विभिन्न आधार र अवधारणा रहे तापनि वास्तवमा नेपाल नाम यसैबाट र यसैकारणले रहन गएको हो भनी स्पष्ट किटान भने गर्न सकिएको छैन। पहिले पहिले काठमाडौँ उपत्यकालाई मात्र नेपाल भनिन्थ्यो भने अहिले पुरै देशलाई नेपाल भनिन्छ।"

### पाठको आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) पहिले पहिले नेपाल भनेर कुन ठाउँलाई भनिन्थ्यो ?

(ख) नेपाल शब्दको उत्पत्ति सम्बन्धमा कुन कुन आधार रहेका छन् ? नाम लेख्नुहोस्।

(ग) नेपालको नामकरणसम्बन्धी भाषिक आधार के के हुन् ?

(घ) संस्कृत भाषामा नेपालको नामकरण सम्बन्धमा कस्तो किंवदन्ती रहेको छ ?

(ङ) नेपालको नामकरण सम्बन्धमा नेपाल माहात्म्यमा के उल्लेख गरिएको छ ?

### क्रियाकलाप

तपाईँलाई नेपालको नामकरण सम्बन्धमा सबैभन्दा बढी कुन आधार उपयुक्त लाग्यो ? र किन ?

### क्रियाकलाप

तपाईँ बसेको ठाउँको वा जिल्लाको नामकरण सम्बन्धमा कस्तो किंवदन्ती रहेको छ ? खोजी गरी लेख्नुहोस्।

# पाठ २ प्राचीन नेपालको आर्थिक र सामाजिक गतिविधि

## इतिहासविद् र सिकारुबिचमा भएको कुराकानी अध्ययन गर्नुहोस् र छलफल गर्नुहोस् :

सिकाइ केन्द्रबाट सिकारुलाई सम्पर्क कक्षाको समयमा चाँगुनारायण परिसरमा अवलोकन भ्रमणका लागि लगिएको थियो । त्यहाँ सिकारुको इतिहासविद्सँग भेट भयो । इतिहासविद् र सिकारुका बिचमा भएको कुराकानी हामी पनि अध्ययन गरौँ है त ?

**सिकारु** : नमस्कार ! सर

**इतिहासविद्** : नमस्कार ! ओ हो, तपाईँहरू त समूह नै हुनुहुँदो रहेछ। कहाँबाट आउनुभयो ?

**सिकारु** : हामी यहीँ ललितपुरको हरिसिद्धि सिकाइ केन्द्रबाट अध्ययन भ्रमणका लागि आएका हौँ सर । हजुर इतिहासविद् हुनुहुन्छ भनेर हामीलाई यहाँ चाँगुनारायण मन्दिरका पुजारीले भन्नुभएको थियो । त्यसैले हजुरसँग इतिहास सम्बन्धमा केही कुरा सिक्न पाइन्छ कि भनेर आएका हौँ सर ।

**इतिहासविद्** : के सहयोग गर्नुपर्‍यो भन्नुस् न । म सहयोग गरिहाल्छु नि ।

**अञ्जना** : सर हामीलाई प्राचीन नेपालको सामाजिक र आर्थिक गतिविधि सम्बन्धमा बताइदिनुस् न ।

**इतिहासविद्** : ए भइहाल्छ नि ल सुरुमा सुन्नुहोस् है त ? नेपालको इतिहास हजारौँ वर्ष अगाडिदेखि सुरु भएको हो भनिएता पनि किराँत कालभन्दा अगाडिका खासै ठोस ऐतिहासिक प्रमाण भेटिएका छैनन् । लिच्छविकालमा भेटिएका केही अभिलेखहरूकै आधारमा प्राचीन कालको राजनीतिक, आर्थिक र सामाजिक गतिविधिको सम्बन्धमा इतिहासकारले लेखेका हुन् ।

**भगवती** : सर खासमा प्राचीन काल भनेर कहिलेदेखिको समयावधिलाई भनिन्छ नि ?

**इतिहासविद्** : वि.सं. ९३६ भन्दा अगाडि अर्थात् नेपाल संवत् सुरु हुनुभन्दा अगाडिको समयावधिलाई खासमा गोपालवंशी शासनकाल, महिषपालवंशी शासनकाल र किराँती शासनको समयावधिलाई प्राचीनकाल भनिन्छ ।

**करुणा** : यी तीनओटै शासनकालको सम्बन्धमा छलफल गर्न पाए पनि हुन्थ्यो नि सर

हजुरलाई कत्तिको फुर्सद छ ?

**इतिहासविद्** : म यहीँ बस्ने हो । मेरो काम नै इतिहासको खोजी र अध्ययन अनुसन्धान गर्नु हो । म तपाईँलाई सहयोग गरिहाल्छु नि ।

**कल्पना** : सर गोपालवंशी शासनकाल भनेर सुन्दा पनि कस्तो मान्छेको नाम हो जस्तो लाग्यो मलाई त । किन गोपालवंशी भनिएको हो बताइदिनुस् न ?

**इतिहासविद्** : संस्कृत साहित्य वंशावलीका आधारमा गोपालहरू द्वापर युगमा भारतको मथुराबाट नेपाल आएका थिए। उनीहरू गोठाला थिए। यसरी गाईपालन गरेका हुनाले नै उनीहरूलाई गोपालवंशी भनेर भनिएको हो । गोपाल वंशका प्रथम शासक भूमिगुप्त र अन्तिम शासक विष्णु गुप्त थिए । काठमाडौँ उपत्यकामा भूमि गुप्त, जय गुप्त, धर्म गुप्त, हर्ष गुप्त, भीम गुप्त, मणि गुप्त, विष्णु गुप्त र जीत गुप्त गरी जम्मा आठ जना गोपालवंशका राजाहरूले शासन गरेका थिए भन्ने कुरा इतिहासमा उल्लेख छ। काठमाडौँको मातातीर्थबाट उनीहरूले शासन गरेका थिए । गोपाल वंशहरूकै समयमा पशुपतिनाथको निर्माण भई पूजाआजा सुरु गरिएको हो भन्ने उल्लेख गरिएको पाइन्छ । यसै समयमा उपत्यकामा व्यवस्थित मानव बस्ती थियो भन्ने भनाइ पनि रहेको छ।

**अञ्जना** : गोपालवंशीहरूले पनि आठ आठ जनाले धेरै वर्ष पो शासन गरेका रहेछन् है सर ?

**इतिहासविद्** : हो नि ! ल अब महिषपाल वंशीहरूको सम्बन्धमा सुन्नुस् है त । गोपालवंशी शासकहरूलाई महिषपाल वंशी शासकहरूले विस्थापित गरी शासन गरेको कुरा इतिहासकारहरूले प्रस्ट पारेका छन् । यिनीहरू भैँसी पालन गर्ने हुनाले यिनीहरूलाई महिषपालवंशी भनिएको थियो। महिषपालहरू दक्षिण भारतबाट नेपाल प्रवेश गरेका थिए। प्राचीन भारतमा हिन्दु र अहिन्दुबिचको लडाइँमा पराजित भएका नेपाल प्रवेश गरेका थिए र नेपालमा शासन गरिरहेका गोपालवंशीहरूलाई पराजित गरी शासन सञ्चालन गरेका थिए । यिनीहरू बडा लडाकु, बलिया र रिसाहा स्वभावका थिए । तीन जना महिषपाल वंशीले जम्मा १६१ वर्ष २ महिना शासन गरेका थिए। वरसिंहले ४९ वर्ष, जय सिंहले ७१ वर्ष र भुवन सिंहले ४१ वर्ष शासन गरेका थिए भन्ने कुरा इतिहासकारहरूले उल्लेख गरेका छन् ।

**कल्पना** : अब किराँतीहरूको शासनको सम्बन्धमा पनि छलफल गरौँ है सर ?

**इतिहासविद्** : हुन्छ ल सुन्नुहोस् है त ? नेपालमा तेस्रो राजवंशको रूपमा किरात शासनकाल प्रारम्भ भएको मानिन्छ । महिषपाल वंशका अन्तिम शासक भुवनसिंहको राज्यकालमा पूर्वतिरबाट प्रवेश गरेका किरातीहरूले महिषपालवंशीलाई युद्धमा पराजित गरी किराँतीहरूले शासन गरेका थिए । किरातीहरूलाई लडाकु जातिका नामले पनि चिनिने गरेको थियो । किराँतीहरूको राजधानी काठमाडौँको मातातीर्थमा रहेको थियो । किराँत वंशका ३२ जना राजाहरूले करिब १५०० वर्ष नेपालमा शासन गरेका थिए भन्ने इतिहासकारहरूको भनाइ रहेको छ । यलम्बर किराँती वंशका पहिलो शासक थिए । सातौँ किराती राजा जितेदास्ती थिए । अन्तिम किराँती राजा गस्ती थिए ।

**अञ्जना** : ओ हो सर, आज त यहाँ आएको धेरै राम्रो भएछ । हजुरबाट धेरै कुरा सिक्ने अवसर पाइयो ।

**इतिहासविद्** : अब म तपाईँहरूलाई गोपाल, महिषपाल र किराँतीहरूको शासनकालको सामाजिक र आर्थिक अवस्था पनि बताउँछु है ?

**कल्पना** : हुन्छ सर । मैले त्यही नै सोध्न लागिरहेको थिएँ । सरले नै भन्नुभयो ।

**इतिहासविद्** : गोपाल, महिषपाल वंशावलीको समयमा मुख्य आर्थिक क्रियाकलाप पशुपालन थियो । काठमाडौँ उपत्यकामा तलैया माटो भएका कारणले प्रशस्त मात्रामा घाँसे मैदान थियो । त्यसैले गोपालवंशीहरूले गाईपालन गर्थे भने महिषपाल वंशीहरूले भैँसीपालन गरेका थिए । किराँतकालमा मानिसहरू सिकार पनि गर्थे ।

**भगवती** : सर अनि किराँतकालमा कस्तो शासन व्यवस्था थियो ? किराँतीहरूले के काम गर्थे नि ? भनिदिनुहोस् न ?

**इतिहासविद्** : किराँतीहरूको शासन पद्धति राजतन्त्रात्मक थियो । शासन व्यवस्थालाई व्यवस्थित बनाउनका लागि यिनीहरूले कुथेर, शुल्ली, लिङ्गवल तथा माप्चोकको व्यवस्था गरेका थिए । पशुपालन, खेतीपाती, व्यापार, कुटीर उद्योग आदि किराँतकालका आर्थिक क्रियाकलाप थिए । किराँतकालमा नेपालबाट कस्तूरी, फलाम, तामा, मृगको छाला, भारतको पाटली पुत्रमा निकासी हुन्थ्यो ।

**अञ्जना** : किराँतकालको सामाजिक अवस्था चाहिँ कस्तो थियो नि सर ?

**इतिहासविद्** : किराँती समाज नारीप्रधान थियो । पारिवारिक निर्णय र व्यवस्थापनमा पनि नारीको स्थानलाई महत्त्वपूर्ण ठानिएको थियो । यसकालमा संयुक्त परिवार प्रथा कायम रहेको थियो । माछा, मासु, दुध, मदिरा र हरिया सागपात यस कालका मानिसले भोजनको रूपमा प्रयोग गर्थे । किराँतीहरूले किराती धर्म मान्थे र प्रकृतिको पूजा गर्थे । पारुहाङ र सुम्निमा किराँतीहरूका मूल देवता र देवी हुन् । बिरामी पर्दा उपचारका लागि धामी राख्ने र पशुबलि दिने यिनीहरूको चलन थियो ।

**कल्पना** : सर हजुरलाई धेरै धेरै धन्यवाद । धेरै कुरा सिक्न पाइयो । अब त हामी फर्कनुपर्छ ।

**इतिहासविद्** : हस्, फेरि फेरि पनि आउनुहोला नि ।

## पाठको आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) नेपालको इतिहासमा प्राचीन काल भनेर कुन समयावधिलाई भनिन्छ ?

(ख) गोपालवंशी र महिषपालवंशीको अर्थ लेख्नुहोस् ।

(ग) पहिलो र अन्तिम गोपालवंशी शासक को को थिए ?

(घ) महिषपालवंशीले नेपालमा कति समय शासन गरेका थिए ?

(ङ) पहिलो र अन्तिम किराँती राजा को को थिए ?

(च) किराँतीहरूले नेपालमा कति वर्ष शासन गरेका थिए ?

(छ) गोपालवंशी, महिषपालवंशी र किराँतकालको सम्बन्धमा छोटा छोटा अनुच्छेद लेख्नुहोस् ।

## क्रियाकलाप

गोपालवंशी, महिषपालवंशी र किराँतकालको सम्बन्धमा खोजी गरी तल दिइएको तालिका भर्नुहोस् :

| शासनकाल | शासन सञ्चालन अवधि | पहिलो र अन्तिम राजा | आर्थिक गतिविधि | सामाजिक गतिविधि |
|---|---|---|---|---|
| गोपालवंशी | | | | |
| महिषपालवंशी | | | | |
| किराँतवंशी | | | | |

## क्रियाकलाप

समुदायमा जानकार व्यक्तिसँग सोधखोज गरी किराँतकालको सामाजिक अवस्था र अहिलेको सामाजिक अवस्थाको बिचमा समानता र भिन्नता छुट्याउनुहोस् ।

# पाठ ३ काठमाडौँ उपत्यकाको सभ्यता

## तलको पाठ अध्ययन गर्नुहोस् र छलफल गर्नुहोस् :

रेस्माले आज आरतीलाई पनि आफ्नो घरमा ल्याएकी छिन् त्यसैले उनीहरू खुसी हुँदै हजुरआमासँगै लुटुपुटु गरिरहेका छन् । यत्तिकैमा रेस्माले भनिन्, "हजुरआमा हामीलाई एउटा कथा सुनाउनुस् न ?"

"कस्तो कथा सुन्न मन पर्छ र तिमीहरूलाई ?" हजुरआमाले भन्नुभयो ।

"हजुरले अरू बेलामा पनि कति राम्रा कथाहरू सुनाउनुहुन्छ नि त्यस्तै के आज मेरो साथी आरती पनि आएकी छिन् ।" रेस्माले हजुरआमासँग जिद्दी गरिन् ।

"ल त्यसो भए म तिमीहरूलाई काठमाडौँ उपत्यकाको सभ्यता सम्बन्धमा एउटा कथा सुनाउँछु है त ?" हजुरआमाले भन्नुभयो ।

"आहा हजुरआमा, यो त हामीले पढ्नुपर्छ नि झन् मजा हुने भयो । भोलि सिकाइ केन्द्रमा अरू साथीहरूलाई पनि सुनाउन हुन्छ ।" रेस्माले खुसी व्यक्त गरिन् ।

"ल कथा सुन है त ?" हजुरआमाले कथा भन्न थाल्नुभयो ।

"पहिला पहिला अर्थात् प्राचीन कालमा काठमाडौँ उपत्यकालाई मात्र नेपाल भनिन्थ्यो । यस उपत्यकामा धेरै वर्ष अगाडि ठुलो दह थियो । त्यस दहलाई नाग दह भनिन्थ्यो । यो दहको उत्तर पश्चिममा रहेको नागार्जुन डाँडामा विपस्वी ऋषीको कुटी थियो । विपस्वी ऋषीले पूर्णिमाको दिन पारेर उक्त पोखरीमा कमलको बिउ छरिदिए । बिउ छरेको केही समयपछि त्यस दहमा कमलको फूलको बोट उम्रियो र फूल फुल्न थाल्यो । त्यो कमलको फूलमा हेर्दा स्वयम्भूनाथको आकृति देखियो । विपस्वी ऋषिले कमलको फूलमा देखिएको आकृतिमा पूजा गर्न थाले । केही समयपछि चीनबाट मञ्जुश्री नेपाल आएका थिए । उनले पनि उक्त कमलको फूलमा देखिएको स्वयम्भूको आकृतिमा पूजा गर्न थाले । उनै मञ्जुश्रीले उक्त नागदहको पानी चोभारको गल्छीबाट बाहिर पठाएपछि काठमाडौँ उपत्यकामा बस्ती बस्नका लागि योग्य भयो र मञ्जुश्रीले धर्माकर नाम गरेका एक जना व्यक्तिलाई राजा बनाए भन्ने कुरा स्वयम्भू पुराणमा उल्लेख गरिएको छ ।"

कथा सुन्न पाएर खुसी हुँदै रेस्माले भनिन्, "आहा हजुरआमा, काठमाडौँ उपत्यको उत्पत्ति सम्बन्धमा त यस्तो रमाइलो कथा पो रहेछ है ?"

"हो नि नानी, यो भयो स्वयम्भू पुराणअनुसार काठमाडौँ उपत्यको उत्पत्ति सम्बन्धमा कथा । हिन्दु धर्मअनुसार फेरि अर्कै कथा छ म त्यो पनि सुनाउँछु है ?"

"हुन्छ नि हजुरआमा सुनाउनुस् न ।" रेस्माले भनिन् ।

"ल सुन है त ?" हजुरआमाले हिन्दुधर्म ग्रन्थअनुसार काठमाडौँ उपत्यकाको उत्पत्ति सम्बन्धमा रहेको किंवदन्ती पनि सुनाउनुभयो ।

"हिन्दुधर्म ग्रन्थअनुसार काठमाडौँ उपत्यकामा ठुलो दह थियो । उक्त दहलाई कटुवाल दह भनिन्थ्यो । त्यही समयमा भगवान् श्री कृष्ण केही ग्वाला लिएर काठमाडौँ आएका थिए । भगवान् श्री कृष्णले कटुवाल दहको पानी चोभारको डाँडो काटेर बाहिर पठाए । त्यसपछि उक्त स्थान मानव बसोबास गर्नका लागि योग्य भयो । श्रीकृष्णसँगै आएका ग्वालाहरू कीर्तिपुर वरपर बस्न थाले ती ग्वालालाई नीप भनिन्थ्यो । तीनै ग्वालाका सन्तान भूमि गुप्तलाई ने नाम गरेका ऋषिले राजा बनाए । त्यसैले भूमि गुप्तलाई नेपालको पहिलो राजा भनिन्छ । ग्वाला गाईपालक भएकाले उनीहरूलाई गोपाल भनिन्थ्यो । यसरी काठमाडौँ उपत्यकामा गोपालवंशको सुरुआत भयो भन्ने भनाइ रहेको छ ।"

"ओहो हजुरआमा, काठमाडौँ उपत्यकाको उत्पत्ति सम्बन्धमा फरक फरक कथा पो रहेछन् है ? हजुरआमालाई त हाम्रो नेपालको इतिहास सम्बन्धमा पनि थाहा रहेछ त है हजुरआमा ।" आरतीले भनिन् ।

"हो नि नानी, मैले इतिहासका पुस्तकहरू पढेको छु नि त । ल केही सोध्नुछ भने सोध ?" हजुरआमाले भन्नुभयो ।

"ए हजुरआमा हामीलाई गोपालवंशी, महिषपालवंशी र किरातकालको सम्बन्धमा सिकाइ केन्द्रमा गुरुआमाले बताइसक्नुभएको छ । बरु किराँतकालपछि के भएको थियो भनिदिनुहोस् न ?" रेस्माले हजुरआमालाई अनुरोध गरिन् ।

ल सुन है त भन्दै हजुरआमाले भन्नुभयो । "नेपालमा किरातीको शासन चलिरहेको बेला हालको भारतको बिहारमा पर्ने वैशाली भन्ने स्थानबाट लिच्छवि नेपाल प्रवेश गरेका थिए । ती लिच्छवि र यहाँका किराँती शासकहरूको बिचमा युद्ध भयो । त्यस युद्धमा किराँतीहरूको हार भयो अनि लिच्छविले शासन गर्न थाले । जयवर्मा लिच्छवि वंशका प्रथम राजा हुन् । मानदेव, अंशुवर्मा पनि लिच्छवि वंशका प्रख्यात राजा हुन् । मानदेवको पालामा उनले चाँगुनारायणमा शिलालेख राख्न लगाएका थिए । मानदेवको शासनकालका केही प्रमाणहरू भेटिएका हुनाले उनलाई प्रामाणिक राजा भनिन्छ ।"

"हजुरआमा लिच्छविकालको शासन व्यवस्थाको बारेमा पनि भनिदिनुहोस् न ?" आरतीले प्रश्न गरिन् ।

आरतीको जिज्ञासाालाई प्रस्ट पार्दै हजुरआमाले भन्नुभयो ।

"लिच्छविकालमा पनि किराँतकालमा जस्तै राजतन्त्रात्मक शासन व्यवस्था थियो । राजधानीबाट नजिकका स्थानमा राजदरबारबाट प्रत्यक्ष शासन सञ्चालन भएको थियो भने केन्द्रबाट टाढाका स्थानमा शासन सञ्चालनका लागि सामन्त (राजाका प्रतिनिधि) राखिन्थे । देशको शासनलाई प्रभावकारी बनाउन विभिन्न पदको व्यवस्था गरिएको थियो । त्यसबेलाको समाज वर्णव्यवस्थामा आधारित थियो । समाजलाई ब्राह्मण, क्षेत्री, वैश्य र शूद्र गरी चार भागमा विभाजन गरिएको थियो । समाजमा संयुक्त प्रथा कायम थियो । यस समयमा नारीको स्थान उच्च थियो । विधवा विवाह र पुनर्विवाहलाई पनि मान्यता दिइएको थियो । कुनै पनि सामुदायिक काम समूहमा मिलेर गर्थे । जसलाई गोष्ठी भनिन्थ्यो । यही गोष्ठी प्रथा अहिले पनि नेवारी समुदायमा गुठीको नामले प्रचलित छ । मानिसहरूको मुख्य पेसा नै कृषि र पशुपालनमा आधारित थियो । मानिसहरू आफैँले उत्पादन गरेका खानेकुरा खाने चलन थियो । लिच्छविकाललाई नेपालको इतिहासमा स्वर्ण युगको नामले चिनिन्छ । लिच्छविकालमा बनेको मानगृह र कैलाशकुट भवनको वर्णन चिनियाँ यात्रीहरूले गरेका थिए भन्ने कुरा इतिहासकारहरूले लेखेको पाइन्छ ।"

"हजुरआमा काठमाडौँ उपत्यकाको सभ्यता सम्बन्धमा धेरै कुरा भनिदिनुभयो । हजुरलाई धेरै धेरै धन्यवाद !" आरतीले भनिन् ।

## पाठको आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) प्राचीनकालमा हालको काठमाडौँ उपत्यकामा के थियो ? भन्ने भनाइ रहेको छ ?

(ख) काठमाडौँ उपत्यकाको उत्पत्ति सम्बन्धमा कस्तो किंवदन्ती रहेको छ ? छोटकरीमा उल्लेख गर्नुहोस् ।

(ग) लिच्छविकालको शासन व्यवस्था कस्तो थियो ?

(घ) लिच्छविकाललाई किन इतिहासमा स्वर्णयुग भनिन्थ्यो ?

(ङ) लिच्छविकालीन सामाजिक अवस्थाको बारेमा उल्लेख गर्नुहोस् ।

## क्रियाकलाप

काठमाडौं उपत्यकाको सभ्यता सम्बन्धमा इतिहासका पुस्तक अध्ययन गरी वा जानकार व्यक्तिसँग सोधखोज गरी थप जानकारी हासिल गर्नुहोस् ।

## क्रियाकलाप

तपाईँलाई काठमाडौं उपत्यकाको सभ्यता सम्बन्धमा स्वयम्भू पुराणमा उल्लेख गरिएको किंवदन्ती वा हिन्दुधर्म ग्रन्थअनुसारको किंवदन्ती कुन चाहिँ बढी विश्वसनीय लाग्यो ? किन ? उल्लेख गर्नुहोस् ।

# पाठ ४ मध्यकालीन नेपालको राजनीतिक अवस्था

**सहजकर्ता र सिकारुबिचमा भएको कुराकानी अध्ययन गरौँ र छलफल गरौँ :**

सहजकर्ताले हातमा चार्ट लिएर कक्षामा प्रवेश गर्नुभयो । सिकारु खुसी हुँदै प्रश्न गरे, "गुरुआमा आज हजुरले हामीलाई के देखाउन लाग्नुभएको हो ?"

"गुरुआमाले आज हामी मध्यकालीन नेपालको राजनीतिक अवस्थाको सम्बन्धमा छलफल गर्ने छौँ त्यसका लागि तपाईँहरूलाई बुझ्न सजिलो हुन्छ कि भनेर चार्ट बनाएर ल्याएकी छु । ल सुन्नुहोस् है त ? भनी विस्तृत रूपमा बताउनुभयो । वि.सं. ९३६ देखि वि.सं. १८२५ सम्ममा पृथ्वीनारायण शाहले उपत्यका विजय गर्नुभन्दा अगाडिको करिब ९०० वर्षको समय अवधिलाई नेपालको इतिहासमा मध्यकाल भनिन्छ । वि.सं. ९३६ मा नेपाल संवत् सुरु भएपछि यसैलाई आधार मानेर काल विभाजन गरी मध्यकाल भनी नामकरण गरिएको पाइन्छ । मध्यकालीन राजनीतिक अवस्थालाई पनि नेपालको इतिहासमा पूर्व मध्यकाल र उत्तर मध्यकाल भनेर विभाजन गरेको पाइन्छ ।"

"मध्यकालीन नेपालको शासन व्यवस्था कस्तो थियो गुरुआमा ?" राधाले प्रश्न गरिन् ।

"मध्यकालीन समयमा राजतन्त्रात्मक शासन प्रणाली थियो । हामी आजको कक्षामा मध्यकालका काठमाडौँ उपत्यका, सेन राज्य र बाइसी र चौबिसी राज्यको सम्बन्धमा छलफल गर्ने छौँ ।

ल सबै जनाले यहाँ चार्टमा हेर्नुस् त ?

वि.सं. ९३६ देखि यक्ष मल्लको शासनकाल वि.सं. १५३७ सम्म

(क) काठमाडौँ उपत्यकामा अरि मल्लको राज्य जसलाई नेपाल मण्डल पनि भनिन्थ्यो ।

(ख) दक्षिण पूर्वको सिम्रौनगढमा तिरहुत राज्य जसलाई डोय राज्य पनि भनिन्थ्यो ।

(ग) खस राज्य जसलाई सिँजा क्षेत्र पनि भनिन्थ्यो ।

यी तीनओटा राज्य भएको समयलाई नेपालको इतिहासमा पूर्व मध्यकाल भनिन्छ ।

पूर्व मध्यकालको ऐतिहासिक कुरा खासै नपाइएका हुनाले यस समयलाई अन्धकारको युग पनि भनिन्छ ।"

"अनि उत्तर मध्यकाल भनेर चाहिँ कहिलेलाई भनिने हो नि गुरुआमा ?" हरिले प्रश्न गरे ।

"वि.सं. १५३७ मा नेपाल मण्डल टुक्रिएदेखि वि.सं. १८२५ मा पृथ्वीनारायण शाहले उपत्यका विजय गर्नुभन्दा अगाडिको समयावधिलाई नै नेपालको इतिहासमा उत्तर मध्यकाल भनिन्छ ।

मध्यकालमा काठमाडौँ उपत्यकामा चाहिँ कस्तो शासन थियो नि गुरुआमा ?" दीपाले प्रश्न गरिन् ।

"ल अब हामी काठमाडौँ उपत्यकाको शासन व्यवस्था सम्बन्धमा छलफल गरौँ है त ?" गुरुआमाले भन्नुभयो :

"मध्यकालमा काठमाडौँ उपत्यकामा मल्लवंशको शासन थियो । मल्लहरू भारतको कुसीनगर र आसपासबाट नेपाल प्रवेश गरेका थिए । लिच्छवि शासन कमजोर भएपछि अरिदेव मल्लले मल्ल राज्य स्थापना गरेका थिए । अरिदेव कुस्ती खेलिरहेका बेला उनको पुत्र जन्मिएकाले मल्ल उपाधि ग्रहण गरेका हुन् भन्ने भनाइ रहेको छ । कुस्ती खेललाई मल्ल युद्ध पनि भनिन्थ्यो । देव तथा मल्ल थरका राजाको राज्यलाई नेपाल मण्डल भनिन्थ्यो । मल्लकालको सुरुवाती चरणमा उपत्यका विभाजन भएको थिएन । एकीकृत नेपालको राजधानी भक्तपुर थियो । जयस्थिति मल्ल पूर्वमध्य कालका एक प्रभावशाली राजा हुन् । उनी राजवंशका व्यक्ति नभएता पनि विवाहपछि श्रीमतीसँगको सम्बन्धका कारणले उनले नेपालको शासनमा प्रवेश पाएका थिए । यक्ष मल्ल जयस्थिति मल्लका नाति हुन् । यिनले आफ्नो राज्यको सिमाना पूर्वमा बङ्गाल, पश्चिममा गोरखा पाल्पा, उत्तरमा सिकारजोङ तथा दक्षिणमा गङ्गाको तटसम्म फैलाएका थिए तर उनको शेषपछि यो राज्य छिन्नभिन्न भयो । काठमाडौँ उपत्यकामा स्वतन्त्र तीन राज्य बने । त्यसपछि काठमाडौँ उपत्यकामा कान्तिपुर, भादगाउँ र पाटन गरी तीन राज्य स्थापित भए । अनि पृथ्वीनारायण शाहले उपत्यका विजय गर्नुभन्दा अगाडिसम्म नै कायम रहेको पाइन्छ ।"

"आहा ! गुरुआमा यो त रोचक कथा जस्तै पो रहेछ है ? गुरुआमा आठमाडौँ उपत्यकालाई मध्यकालमा त नेपाल मण्डल पो भनिने रहेछ है ?" आस्थाले भनिन् ।

"होहो तपाईँले ठिक भन्नुभयो । नेपाल मण्डल कसरी टुक्रियो भन्ने सम्बन्धमा इतिहासकारको मत यसप्रकार रहेको छ । यक्ष मल्लको शासनकालमा छोराहरूबिचको आपसी सम्बन्ध बिग्रन गयो । त्यसैले उनले आफ्नो शासनको अन्तिम समयमा आफ्ना चार भाइ छोराहरूलाई राज्य बाँडिदिए । जसअन्तर्गत उनले जेठो छोरा राय मल्ललाई भक्तपुर, माहिलो छोरा रणमल्ललाई बनेपा, कान्छा छोरा रत्न मल्ललाई कान्तिपुर र छोरी पट्टिका नातिलाई पाटन भाग लगाइदिए । कतिपय विद्वान्हरूले यक्ष मल्लका छोराहरूबिचको आपसी कलहका कारण राज्य टुक्रिन गएको हो भन्ने मत पनि राखेका छन् ।"

"गुरुआमा अहिलेको काठमाडौँ उपत्यकामा त पहिले त तीन राज्यहरू पो रहेछन् है ?" राजेशले जिज्ञासा राखे ।

"हो नि । ल अब सेन राज्यको सम्बन्धमा सुन्नुहोस् है त ? सोह्रौँ शताब्दीको मध्यतिर नेपालको पूर्वी तथा मध्य भागमा सेन वंशले शासन गरेका थिए । मुसलमानको आक्रमणबाट जोगिन सेनहरू बङ्गालबाट नेपाल प्रवेश गरेका थिए । वि.सं. १५५० मा रुद्र सेनले पाल्पा राज्यको स्थापना गरेका थिए । रुद्र सेनका उत्तराधिकारी मुकुन्द सेनले पाल्पा राज्यको सिमाना पूर्वमा कोसी नदीसम्म विस्तार गरे । मुकुन्द सेनले आफ्ना छोराहरूलाई राज्य विभाजन गरिदिए । त्यसपछि पाल्पा राज्य चार छुट्टाछुट्टै सेन राज्यमा विभाजन भयो । सेन राज्यमा मुलतः मकवानपुर, विजयपुर र चौदण्डी पर्थे । लोहान सेन मकवानपुरका प्रथम सेन राजा हुन् । यस राज्यको स्थापना वि.सं. १६१० मा भएको थियो । उनले आफ्नो राज्यलाई पश्चिममा पाल्पा, बुटवल, राजपुर, पैयुँ र तनहुँ तथा पूर्वमा मकवानपुर, चौदण्डी एवम् विजयपुरसम्म विस्तार गरेका थिए ।

"गुरुआमा नेपालको इतिहास पढ्दा त कस्तो रमाइलो लाग्छ । अब बाइसी चौबिसी राज्यको सम्बन्धमा छलफल गर्न बाँकी छ है ?" मीनाले भनिन् ।

"हो हो मीना कर्णाली प्रदेशमा अभय मल्लपछि खस मल्ल राज्य बिस्तारै टुक्रिन थालेको अनुमान गरिएको थियो । यसरी कर्णाली प्रदेशमा मध्यकालमा नै विशाल खस राज्य स्थापना भएर करिब २५० वर्ष शासन चलेको थियो । तिनै राज्यहरू टुक्रिँदै गएर बाइसी राज्यको निर्माण भएको पाइन्छ । कर्णाली प्रदेशको सिँजा तथा नेपाल मण्डलको अधीनमा रहेका ससाना सामन्त राज्य वा जिल्ला कर्णाली प्रदेशमा थिए । मध्यकालको अन्त्यतिर खस, नेपाल मण्डल र डोय राज्यहरू कमजोर भएका बेलामा ती ससाना राज्यहरूले आफैँ स्वतन्त्र भएको घोषणा गरे । यसरी पूर्वमा त्रिशूली नदीदेखि पश्चिममा राप्ती नदीको आसपासमा बाइसओटा राज्यको स्थापना भयो । ती राज्यहरूलाई नै मध्यकालमा बाइसी राज्य भनिन्थ्यो । कर्णाली प्रदेशका बाइसी राज्यहरू यहाँ मैले चार्टमा लेखेर ल्याएको छु हेर्नुस् त ।"

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | जुम्ला | २. | जाजरकोट | ३. | डोटी | ४. | सल्यान | ५. | अछाम |
| ६. | रुकुम | ७. | बाँफी | ८. | फलावाङ | ९. | दैलेख | १०. | छिल्लीकोट |
| ११. | मुसिकोट | १२. | दर्ना | १३. | धुलिकोट | १४. | गजुल | १५. | खुम्री |
| १६. | बाजुरा | १७. | मालनेटा | १८. | बझाङ | १९. | दाङ | २०. | जहारी |
| २१. | थलारा | २२. | दुल्लु | | | | | | |

"ए... । गुरुआमा पृथ्वीनारायण शाहले एकीकरण गर्नुभन्दा अगाडि बाइसी चौबिसी राज्य थियो भनेको त सुनिएको थियो बल्ल पो थाहा भयो । अब चौबिसी राज्यको बारेमा पनि भनिदिनुहोस् है गुरुआमा ।" राजेशले प्रश्न गरे ।

"ल सुन्नुहोस् है त ? गण्डकी क्षेत्रमा कर्णाली र तिरहुत राज्यमा जस्तो छुट्टै विशाल राज्य थिएन । पश्चिमतर्फको केही भूभाग खस राजाहरूले नै ओगटेका थिए भने बाँकी भूभाग उपत्यकाकै लिच्छवि र मल्लकालमा विस्तार भएर नेपाल राज्यअन्तर्गत रहेको थियो । खस राज्यका अन्तिम राजा निःसन्तान भएकाले यो राज्य क्रमशः कमजोर बन्दै गयो । राजपरिवारका सदस्य, भाइभारदार, सामन्त तथा राज्यद्वारा नियुक्त पदाधिकारीहरूले स्वतन्त्र राज्य स्थापना गरी शासन गर्न थाले । गण्डकी प्रदेशका यिनै स्वतन्त्र राज्यहरूलाई नै मध्यकालमा चौबिसी राज्यका नामले चिनिन्थ्यो । गण्डकी प्रदेशअन्तर्गत पर्ने चौबिसी राज्यहरू निम्नअनुसार रहेका छन् ।" गुरुआमाले विस्तृत रूपमा बताउनुभयो ।

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | पर्वत | २. | गलकोट | ३. | धुर्कोट | ४. | अर्घा | ५. | खाँची |
| ६. | गुल्मी चारपाला | ७. | पल्लो नुवाकोट | ८. | पाल्पा | ९. | इस्मा | १०. | मुसिकोट |
| ११. | प्युठान | १२. | तनहुँ | १३. | ढोर | १४. | लमजुङ | १५. | सतहुँ |
| १६. | रिसिङ | १७. | घिरिङ | १८. | गर्हौं | १९. | भिरकोट | २०. | पैयुँ |
| २१. | रामपुर | २२. | विनायकपुर/ बुटवल | २३. | बलिहाङ | २४. | कास्की | | |

"साँच्चै गुरुआमा मलाई एउटा कुरा मनमा लागिरहेको छ के । मध्यकालमा स साना राज्यहरू कहिले टुक्रिने कहिले उत्पत्ति हुने भएको रहेछ है ? यसरी राज्यहरू कहिले टुक्रिने कहिले एकीकृत हुनाका कारण के के हुन् ?" मीनाले जिज्ञासा राखिन् ।

"हो तपाईंले ठिक भन्नुभयो । मध्यकालीन इतिहास हेर्दा कर्णाली प्रदेशमा बाइसी राज्य, गण्डकी प्रदेशमा चौबिसी राज्य, उपत्यकामा मल्ल राज्यहरू र पूर्वी क्षेत्रमा सेन राज्यहरूको स्थापना भएको थियो । यसरी टुक्रे राज्यहरूको उदय हुनाका कारण यहाँ चार्टमा हेरेर सबैले पढ्नुस् है त ?"

(क) भौगोलिक विकटता र दुरीका कारणले गर्दा प्रशासनिक दृष्टिकोणले टाढाका क्षेत्र केन्द्रको नियन्त्रणमा रहन नसक्नु

(ख) तत्कालीन शासकहरू दुराचारी हुनु

(ग) शासकहरूले जनचाहनालाई भन्दा पारिवारिक तथा व्यक्तिगत हितलाई महत्त्व दिनु

(घ) केन्द्रबाट नियुक्त भएका सामन्तहरू बिस्तारै शक्तिशाली हुँदै जानु र स्वतन्त्र राजा घोषित गर्नु

(ङ) राज परिवार, भारदारहरू र राजाबिचको द्वन्द्वले गर्दा दरवारमा अविश्वास र षड्यन्त्र बढ्दै जानु र केन्द्रीय प्रशासन कमजोर हुँदै जानु

(च) साना राज्यहरूको ठुलो र शक्तिशाली बन्ने महत्त्वाकाङ्क्षाका कारण आपसी भिडन्तले पनि राज्य कमजोर हुँदै जानु

अब त सबै कुरा प्रस्ट भयो गुरुआमा । मीनाले भनिन् ।

## पाठको आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) नेपालको इतिहासमा मध्यकाल भनेर कुन समयावधीलाई भनिन्छ ?

(ख) पूर्व मध्यकाल र उत्तर मध्यकाल भनेर कहिलेदेखि कहिलेसम्मको शासनकाललाई भनिन्छ ?

(ग) मध्यकालमा काठमाडौँ उपत्यकालाई के भनिन्थ्यो ?

(घ) बाइसी राज्यहरूको नाम लेख्नुहोस् ।

(ङ) चौबिसी राज्यहरूको नाम लेख्नुहोस् ।

(च) बाइसी र चौबिसी राज्य भनेर कुन कुन राज्यहरूलाई भनिएको हो ?

(छ) मध्यकालमा ससाना टुक्रे राज्यहरूको उदय हुनाका कारण के के हुन् ?

## क्रियाकलाप

मध्यकालीन इतिहासमा जस्तो राज्य पनि आफ्ना छोराछोरीहरूमा अंशबन्डा गर्नु ठिक हो वा बेठिक हो ? आफ्ना विचार लेख्नुहोस् ।

## क्रियाकलाप

बाइसी र चौबिसी राज्य चार्टपेपरमा ठुला अक्षरमा लेखी कक्षाकोठामा टाँस्नुहोस् ।

# पाठ ५ मध्यकालीन नेपालको सामाजिक र आर्थिक अवस्था

राकेश, रिता र नीतालाई मध्यकालीन नेपालको सामाजिक र आर्थिक अवस्था अध्ययन गरी प्रतिवेदन लेख्नु थियो। त्यसैले उनीहरू इतिहासविद्का घरमा गए। इतिहासविद् र राकेश, रिता र नीताको बिचमा भएको छलफलको अंश यहाँ प्रस्तुत गरिएको छ।

**इतिहासविद्** : भाइबहिनीहरू ! तपाईँहरू आज मेरो घर खोज्दै यहाँसम्म के कामका लागि आउनुभयो ?

**रोकश** : सर हामीलाई मध्यकालीन नेपालको सामाजिक र आर्थिक अवस्था सम्बन्धमा सिक्नु थियो त्यसैले हजुरको घर खोज्दै यहाँसम्म आएका हौँ।

**इतिहासविद्** : आहा भइहाल्छ नि ! कति राम्रो तपाईँहरूको यो सिक्ने चाहनालाई म सम्मान गर्छु र सहयोग पनि गर्ने छु। तपाईँहरूलाई मध्यकाल भनेर कहिलेको समयलाई भनिन्छ भन्ने त थाहा छ नि होइन त ?

**रिता** : थाहा छ सर वि.सं. ९३६ देखि वि.सं. १८२५ सम्ममा पृथ्वीनारायण शाहले उपत्यका विजय गर्नुभन्दा अगाडिको करिब ९०० वर्षको समय अवधिलाई नेपालको इतिहासमा मध्यकाल भनिन्छ।

**इतिहासविद्** : हो अब भने मलाई सिकाउन पनि सजिलो हुने भयो। प्राचीन कालदेखि नै नेपालको व्यापार तिब्बत, भारत र चीनसँग रहिआएको थियो। उद्योग वाणिज्य र व्यवसायको विकासले मध्यकालको आर्थिक विकासमा तिव्रता पाएको थियो भन्ने त तपाईँहरूलाई पनि थाहा नै छ होला नि ?

**नीता** : सुनेका थियौँ सर, अब पूर्वमध्यकालीन र उत्तरमध्यकालीन दुवै अवस्थाको आर्थिक अवस्थाको सम्बन्धमा पनि भनिदिनुहोस् है सर ?

**इतिहासविद्** : ल सुन्नुहोस् है त ? मध्यकालीन नेपालको अर्थव्यवस्थाको मुख्य आधार कृषि थियो।

पूर्व मध्ये मल्लकालीन नेपालको आर्थिक जनजीवन तत्कालीन बाइसी चौबिसी र सेन राज्यहरूको भन्दा निकै नै समुन्नत थियो। मध्यकालमा घरेलु उद्योगको विकास पनि राम्रैसँग भएको थियो। घरेलु उद्योगतर्फ गरगहना बनाउने, कपडा बुन्ने, कपडा रङ्ग्याउने, माटाका भाँडा बनाउने, ईँट पोल्ने,

झिँगटी पोल्ने, तेल पेल्ने, युद्धका लागि बन्दुक र हातहतियारहरू निर्माण गर्ने जस्ता उद्योगहरू निकै नै विकसित भएका थिए ।

**राकेश** : ए, सर मध्यकालमा त नेपालमा घरेलु तथा साना उद्योगको राम्रो विकास भएको रहेछ है ?

**इतिहासविद्** : हो नि त्यति मात्र हो र ? त्यस बखत प्रस्तर, धातु, काष्ठ, मूर्तिकला, चित्रकलाको पनि राम्रो विकास भएको थियो । नेपालमा तयार भएका कलाकृति विदेशमा समेत माग हुन्थ्यो । मध्यकालीन समयमा कपडा बुन्ने, रङ्ग्याउने जस्ता कुटीर उद्योगहरू सञ्चालनमा थिए । नेपालमा बनेका ढलौटका मूर्तिहरू तिब्बतमा निकासी हुन्थ्यो । सट्टामा तिब्बतबाट सुनचाँदी नेपाललाई प्राप्त हुन्थ्यो ।

**रिता** : सर, भनेपछि त त्यतिबेला नेपालको तिब्बतसितको व्यापारिक सम्बन्ध पनि राम्रो रहेछ है ?

**इतिहासविद्** : हो नि ! व्यापार लाभदायक बनाउन तत्कालीन राजाहरूले ठुलो योगदान गरेका थिए । मध्यकालीन नेपाल आर्थिक रूपमा सबल थियो । लत्ता कपडा, भाँडाकुँडा, सुनचाँदीबाहेक स्वदेशमै प्रशस्त उत्पादन हुन्थ्यो । नेपालको मुख्य व्यापार तिब्बत र भारतसित हुन्थ्यो । आन्तरिक रूपमा राज्यहरूबिच पनि व्यवार हुने गर्थ्यो । बाग्मती, विष्णुमती, मनोहरा, टुकुचा आदि नदी नालाहरूबाट सिँचाइ सुविधा उपलब्ध गराई खाद्यान्न र नगदेबाली पनि प्रशस्त मात्रामा उब्जनी भएका थिए । उपत्यकाका बस्तीहरूलाई ग्राम, द्रङ, कोट्ट, तल गरी चार प्रकारमा वर्गीकरण गरिएको थियो । त्यति बेला व्यापारलाई प्रोत्साहन दिनुको अतिरिक्त अन्तशुल्क, भन्सार, मालपोत, अपराधीहरू आदिबाट उठाइएका कर राष्ट्रिय आम्दानीका स्रोत थिए ।

**राकेश** : सर, मध्यकालीन आर्थिक अवस्थाको सम्बन्धमा त धेरै कुरा सिक्ने अवसर पाइयो । अब मध्यकालीन सामाजिक अवस्थाको सम्बन्धमा पनि छलफल गरौँ है ?

**इतिहासविद्** : हुन्छ मध्यकालीन सामाजिक अवस्था त धेरै राम्रो थियो नि भाइबहिनीहरू । म तपाईँहरूलाई छोटकरीमा बताउने छु । ल सुन्नुहोस् है त मध्यकालमा संयुक्त परिवार प्रथा कायम रहेको थियो । मध्यकालमा राजनीतिक रूपमा पनि संयुक्त परिवार प्रथा नै कायम थियो । सामाजिक, धार्मिक तथा आर्थिक

कारणले गर्दा मध्यकालमा मानिसहरू संयुक्त परिवारमा बस्थे ।

**रिता** : ए, सर यो संयुक्त प्रथा त मध्यकालबाट पो सुरु भएको रहेछ है ?

**इतिहासविद्** : हो नि ! मध्यकालमा डोटी र काठमाडौँ उपत्यकाका मल्ल राजाहरूले आफूलाई सूर्यवंशी भनी परिचित गराएका थिए भने उपत्यका बाहिरका शाहहरूले चन्द्रवंशी भन्न थाले । यसरी सूर्यवंशी र चन्द्रवंशीका नामले वंश परम्परा सामाजिक संरचनामा स्थापित भएको पाइन्छ ।

**राकेश** : सर, वंश परम्परा पनि मध्यकालबाट नै पो सुरु भएको रहेछ है ?

**इतिहासविद्** : मध्यकालमा कामका आधारमा थर लेख्ने प्रचलन थियो । जस्तै कर्णाली प्रदेशमा वैद्य, खड्का, भण्डारी, जोशी आदि थिए । त्यस्तै काठमाडौँ उपत्यकामा राजा जयस्थिति मल्लको शासनकालमा मन्त्रीलाई मुल्मी, भारदारलाई शिष्ट वा श्रेष्ठ, प्रधान मन्त्रीलाई महाथ भन्ने चलन थियो ।

**नीता** : ए ! सर यी थरहरू त अहिले पनि प्रचलनमा छन् है ?

**इतिहासविद्** : हो त अर्को सुन्नुहोस् है । मध्यकालमा दुलाहालाई दुलहीका घरमा झिकाएर विवाह गर्ने प्रचलन थियो । जसलाई डोलाजी प्रथा भनिन्छ । यस प्रथामा विवाह गर्ने दुलाहाले दुलहीको थर ग्रहण गर्नुपर्थ्यो । जस्तै जयस्थिति मल्लले राजकुमारी राजल्लदेवीसँग विवाह गरेपछि मल्ल थर ग्रहण गरेका थिए ।

**राकेश** : सर, मध्यकालमा नारीको स्थान उच्च थियो रे नि त ? हजुरआमाले भन्नुभएको ।

**इतिहासविद्** : हो नि ! हजुरआमाले सही भन्नुभएछ । मध्यकालमा विधवा वा पुनः विवाहको प्रचलन रहेको थियो । यसै चलनका कारणले भक्तपुरका राजा रुद्र मल्लकी छोरी नायकदेवीको पहिलो विवाह काशीका राजकुमार हरिश्चन्द्रसँग र दोस्रो तिरहुतका राजकुमार जगत्सिंह कुम्हरसँग भएको थियो । त्यस्तै नारीलाई सम्मानपूर्वक व्यवहार गरिन्थ्यो । सिम्रौनगढका राजा हरिसिंहदेवको रानी देवलदेवी काठमाडौँ आई आफ्नो प्रभुत्व जमाउन सफल भएकी थिइन् ।

**रिता** : सर, अहिले नेवारी समाजमा मनाइने जात्रा, चाडपर्व, रीतिरिवाज र संस्कार मध्यकालबाट नै सुरु भएका हुन् भनेको सुनेकी थिएँ त ?

**इतिहासविद्** : हो नि ! बिस्केट जात्रा, रातो मच्छिन्द्रनाथको जात्रा, सिठी, दुर्गापूजा,

यमपञ्चकजस्ता महत्त्वपूर्ण जात्रा तथा चाडपर्व प्रचलनमा थिए । दरबारमा पण्डितहरू राखी शिक्षा दिने चलन थियो । नारीहरूलाई शैक्षिक तथा आर्थिक अवस्थाबाट वञ्चित गरिएको थियो । सती प्रथा कायम थियो । मन्दिर विहारहरू शिक्षाका मुख्य केन्द्रको रूपमा रहेका थिए ।

**नीता** : आज हजुरसँगको भेटबाट मध्यकालीन सामाजिक र आर्थिक अवस्थाको सम्बन्धमा धेरै कुरा सिक्ने अवसर पाइयो सर हजुरलाई धेरै धेरै धन्यवाद ।

**इतिहासविद्** : ठिक छ नि । मेरो त कर्तव्य नै हो आफूले जानेको कुरा सिकाउने ।

### पाठको आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) मध्यकालीन आर्थिक अवस्थाले समाजमा पारेको प्रभाव लेख्नुहोस् ।

(ख) मध्यकालमा घरेलु तथा साना उद्योगको अवस्था कस्तो थियो ?

(ग) मध्यकालमा नेपालको वैदेशिक सम्बन्धको बारेमा एक अनुच्छेद लेख्नुहोस् ?

(घ) मध्यकालमा सामाजिक अवस्था कस्तो थियो ? छोटकरीमा व्याख्या गर्नुहोस् ।

(ङ) डोलाजी प्रथा भनेको के हो ?

### क्रियाकलाप

मध्यकालीन आर्थिक र सामाजिक अवस्थाबाट हालको अवस्थामा सिक्न सकिने कुरा के के हुन् ? सोधखोज गरी लेख्नुहोस् ।

### क्रियाकलाप

मध्यकालबाट सुरु भएका हालसम्म पनि प्रचलनमा आएका आर्थिक र सामाजिक कुराहरू के के छन् ? खोजी गरी सूची बनाउनुहोस् ।

# पाठ ६ हाम्रा राष्ट्रिय विभूति : गौतम बुद्ध, अरनिको र पृथ्वीनारायण शाह

सहजकर्ताले सिकारुलाई तीन समूहमा विभाजन गरी हाम्रा राष्ट्रिय विभूतिहरू: गौतम बुद्ध, अरनिको र पृथ्वीनारायण शाहको सम्बन्धमा खोजी गरी कक्षामा प्रस्तुत गर्ने काम दिनुभएको थियो । सिकारुले पुस्तकालयबाट नेपाल परिचय पुस्तक र इतिहासका पुस्तकहरू अध्ययन गरी टिपोट गरे र कक्षामा समूहगत रूपमा प्रस्तुतीकरण गरे ।

सहजकर्ताले कक्षामा प्रवेश गर्दै भन्नुभयो : तपाईँहरू समूहगत प्रस्तुतिका लागि तयार हुनुहुन्छ होइन त ?

सिकारुले आफू तयार भएको जानकारी गराए ।

सहजकर्ताले राष्ट्रिय विभूतिको सम्बन्धमा सामान्य परिचय दिँदै भन्नुभयो, "राष्ट्रको गौरव बढाउनका लागि आआफ्नो क्षेत्रबाट विशिष्ट योगदान पुऱ्याउने व्यक्तित्व राष्ट्रिय व्यक्तित्व हुन् । उनीहरूले देश र जनताका लागि उल्लेखनीय तथा प्रशंसनीय काम गरेर विशेष योगदान पुऱ्याएका छन् । वि.सं. २०१२ सालमा राजा महेन्द्रको पालामा नाट्य शिरोमणि बालकृष्ण समको संयोजकत्वमा आयोग गठन भएको थियो । उक्त आयोगले नेपालमा राष्ट्रिय विभूतिको छनोट गर्ने काम गरेको हो । हालसम्म नेपालमा १७ जना राष्ट्रिय विभूति रहेका छन् । तीमध्ये हामी आजको पाठमा तीन जना राष्ट्रिय विभूतिको सम्बन्धमा छलफल गर्ने छौँ । ल अब सबैभन्दा पहिलो समूह क बाट आफ्नो प्रस्तुतिलाई अगाडि बढाउनुहोस् ।

### समूह क को प्रस्तुति



सबैलाई नमस्कार ! हाम्रो समूहले विभिन्न स्रोत सामग्रीको अध्ययन गरी गौतम बुद्धको सम्बन्धमा टिपोट गरेका छौँ ।

गौतम बुद्ध (सिद्धार्थ गौतम) को जन्मवैशाख शुक्ल पूर्णिमाको दिनमा रूपन्देही जिल्लाको लुम्बिनीमा भएको थियो । उनले विश्वलाई सत्य न्याय र शान्तिको मार्गमा हिँड्न अभिप्रेरित गरे । त्यसैले उनलाई शान्तिका अग्रदूत, Light of Asia जस्ता उपनामले पनि चिनिन्छ । उनले चोरी नगर, झुटो नबोल, हातहतियारले घातप्रतिघात नगर, नसालु पदार्थबाट टाढा बस, यौन दुराचार नगर भन्ने जस्ता पञ्चशीलका उपदेश दिएका छन् । उनको यही

योगदानले गर्दा नेपालको नाम विश्वमा नै चर्चित भएको छ । सम्पूर्ण बौद्ध धर्मावलम्बीहरूले उनीलाई भगवान् गौतम बुद्धको नामले पूजा गर्ने गर्छन् । हाम्रो समूहको प्रस्तुति यहीँ अन्त्य गर्छु । हस् त धन्यवाद ।

राम्रो प्रस्तुतिका लागि समूह कलाई धेरै धेरै धन्यवाद ! सहजकर्ताले केही कुरा थप्दै भन्नुभयो :

गौतम बुद्धका चार आर्य सत्य छन् जसलाई गौतम बुद्धले मानव जातिलाई खुसी र सुखी हुनका लागि दिएका सन्देशकै रूपमा लिइन्छ । यस सम्बन्धमा एउटा तथ्य सुनाउँछु है त ? गौतम बुद्ध राजपरिवारमा जन्मेका थिए । उनलाई चाहिने आवश्यक भौतिक सुख सुविधा दिएर उनलाई दरबारबाट खासै बाहिर जान दिइँदैनथ्यो । एकदिन उनी जिद्दी गरेर दरबार बाहिर घुमफिरका लागि निस्के । यसै क्रममा उनले वृद्धवृद्धा देखे । बिरामी मानिस देखे । मरेको मानिस देखे । उनलाई यी घटनाले दुःखी बनायो । यस्ता दुःख निरोधका उपायहरू खोज्नका लागि दरबार त्यागेर निस्के र भारतको गयामा पुगेर पिपलको रुखमुनि बसेर कठोर तपस्यापछि उनलाई ज्ञान प्राप्त भयो । उनलाई ज्ञान प्राप्ति हुँदा संसारमा दुःख छ । दुःखका कारण छन् । ती दुःखलाई निराकरण गर्न सकिन्छ । दुःख निराकरणका उपाय छन् भन्ने चार आर्य सत्य बताएका हुन् । ल अब समूह ख समूहले प्रस्तुतीकरण गर्नुस् है त ?

### समूह ख को प्रस्तुति



आहा सर ! हजुरले त कति राम्रोसँग कथा जस्तै गरी सुनाउनुभयो । हाम्रो समूहले पनि अरनिकोको सम्बन्धमा टिपोट गरेका छौँ । म प्रस्तुत गर्छ भनी एक जना सिकारुले भन्नुभयो ।

बलबाहुको नामले परिचित अरनिको वि.सं. १३०० मा पाटनमा जन्मिएका प्रसिद्ध कलाकार थिए । उनी १७ वर्षको उमेरमै मूर्तिकला, चित्रकला र वास्तुकलाका विशेषज्ञ भइसकेका थिए । राजा अभय मल्लको शासनकालमा चिनियाँ सम्राट् कुवलए खाँको निमन्त्रणामा उनी असी  जना कलाकारको टोलीको नेतृत्व गर्दै तिब्बत गएका थिए । उनको कलाकारितालाई देखेर चिनियाँ सम्राट् छक्क पर्थे । उनले नेपाली कलालाई विश्व सामु परिचित गराएका थिए । हाम्रा राष्ट्रिय विभूतिको सम्मान गरौँ भन्दै यहाँबाट बिदा हुन्छु ।

हस् त धन्यवाद ।

समूह ख लाई पनि धेरै धेरै धन्यवाद ! ल अब थप केही कुरा सुन्नुहोस् है त भनी सहजकर्ताले थप्नुभयो । अरनिको कलाकार, मूर्तिकार, वास्तुविद् र वैज्ञानिक पनि थिए । उनमा तामा, पित्तल, जस्ता धातुबाट मिश्रित धातु बनाउने र मूर्ति ढलान गर्ने उच्चकोटीको ज्ञान थियो । चीनको राजधानी बेइजिङमा अहिले पनि रहेको श्वेत प्यागोडा यिनैले बनाएका हुन् । यिनलाई चीन सरकारले मिङ्होई (तीव्र प्रतिभा) को उपाधि प्रदान गरेका थिए । यसरी अरनिकोको कारणले हाम्रो देशको इज्जत र प्रतिष्ठा बढेको थियो । उनकै कारणले नेपाली कलाको विश्वमा प्रचार प्रसार भयो । अरनिकोले गर्दा चिनियाँहरू अहिले पनि नेपाललाई मूर्तिकलाको देश भनेर चिन्छन् । नेपाली कलालाई विश्व सामु चिनाएका कारणले अरनिकोलाई राष्ट्रिय विभूतिको सम्मान दिइएको हो । ल अब समूह ग को प्रस्तुतीकरणको पालो है त ।

हाम्रो समूह ग ले पृथ्वीनारायण शाहको सम्बन्धमा तयार पारेको टिपोट निम्नअनुसार रहेको छ :

**समूह ग को प्रस्तुति**

सम्पूर्णमा नमस्कार !



पृथ्वीनारायण शाह आधुनिक नेपालका परिकल्पनाकार तथा राष्ट्रनिर्माता थिए । उनको राज्यारोहण ताका नेपाल बाइसी, चौबिसी, सेन र मल्ल राज्यमा विभाजित थियो । उनले वर्तमान नेपालको झन्डै आधा भाग एकीकरण गरेपछि त्यो अभियान बढ्दै गएर नेपालको सिमाना पूर्वमा टिस्टा नदी, दक्षिणमा मगध र पश्चिममा सतलज नदीसम्म विस्तार भएको थियो । उनले राष्ट्रियताको सुरक्षाका लागि थुप्रै दिव्योपदेश दिएका थिए । जुन आज पनि राज्य सञ्चालनका लागि आवश्यक निर्देशक सिद्धान्त सावित भएको छ । उद्योगधन्दा कलकारखाना खोलेर राष्ट्रिय उद्योगलाई प्रोत्साहन गर्नुपर्ने, खेतीयोग्य जमिनलाई आवास क्षेत्र बनाउन नहुने, घुस

लिने र दिने राज्यका महान् शत्रु हुन् भन्ने जस्ता अति उपयोगी वाणीहरू छाडेर गएका छन् । यी वाणीहरूलाई अँगाल्न सकेमा हाम्रो देश साँच्चै अगाडि बढ्न सक्छ । हाम्रो समूहको प्रस्तुतिको अन्त्य गर्दै म बिदा हुन्छु । हस् त धन्यवाद ।

समूह ग लाई पनि राम्रो प्रस्तुतिका लागि धेरै धेरै धन्यवाद ! पृथ्वीनारायण शाहको बारेमा केही थप कुराहरू सुन्नुहोस् है त भन्दै सहजकर्ताले भन्नुभयो । पृथ्वीनारायण शाहको राष्ट्रप्रतिको योगदानलाई हेर्दा उनलाई सफल योजनाकार, महान् राजनीतिज्ञ, न्यायप्रेमी र दूरदर्शी राजाको रूपमा लिन सकिन्छ । नेपालको भूराजनीतिक अवस्था र यसले अँगाल्नुपर्ने परराष्ट्रनीति सम्बन्धमा पनि उनले अनुपम शिक्षा दिएका थिए । उनी एक दूरदर्शी र जनभावनाको कदर गर्ने राजा थिए । यसरी ससाना टुक्रे राज्यहरूलाई एकीकरण गरी विशाल नेपालको निर्माण गर्ने राष्ट्रनिर्माता र राष्ट्रप्रतिको महत्त्वपूर्ण योगदानका कारण नेपाल सरकारले पृथ्वीनारायण शाहलाई राष्ट्रिय विभूतिको रूपमा घोषणा गरेको हो ।

सर, आज त हाम्रा तीन जना राष्ट्रिय विभूतिको सम्बन्धमा साह्रै राम्रोसँग सिक्ने अवसर पाइयो ।

### पाठको आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) राष्ट्रिय विभूति भनेर कस्ता व्यक्तिलाई भनिन्छ ?

(ख) गौतम बुद्धका पञ्च शीलाका सिद्धान्त लेख्नुहोस् ।

(ग) गौतम बुद्धका चार आर्य सत्य के के हुन् ?

(घ) गौतम बुद्धलाई किन राष्ट्रिय विभूति भनिएको हो ?

(ङ) अरनिकोको अर्को नाम के थियो ?

(च) अरनिकोले नेपाललाई कसरी विश्व सामु चिनाए ?

(छ) अरनिकोलाई किन राष्ट्रिय विभूति भनिएको हो ?

(ज) पृथ्वीनारायण शाहलाई किन राष्ट्रिय विभूति भनिएको हो ?

## क्रियाकलाप

हाम्रा राष्ट्रिय विभूतिलाई किन सम्मान गर्नुपर्छ ? आफ्ना विचार लेख्नुहोस् ।

## क्रियाकलाप

स्रोत सामग्रीबाट खोजी गरी हाम्रा सबै राष्ट्रिय विभूतिको नाम लेख्नुहोस् ।

## क्रियाकलाप

पृथ्वीनारायण शाहका दिव्योपदेश खोजी गरी सिकाइ केन्द्रमा चार्टपेपरमा लेखेर टाँस्नुहोस् ।

## क्रियाकलाप

नेपाल र चीनको सम्बन्ध सुदृढीकरणमा अरनिकोको कस्तो योगदान रहेको छ ? समुदायमा जानकार व्यक्तिसँग सोधखोज गरी लेख्नुहोस् ।

# पाठ ७ हाम्रा वीर सहिदको परिचय र योगदान

**काका भतिजबिचमा भएको कुराकानी अध्ययन गर्नुहोस् र छलफल गर्नुहोस् :**

दिनेश काकासँग काठमाडौँ घुम्न गएका थिए । दिनेशलाई उनका काकाले धरहरा देखाउन र न्युरोड वरपर घुमाउन लैजानुभएको थियो । उनीहरू सहिदगेटनिर पुगेका थिए । त्यसदिनमा सहिद दिवस रहेछ । त्रिपुरेश्वरतिरबाट जुलुस आउँदै थियो । त्यसैले उनीहरूको बस जाममा रोकियो । जुलुसमा वीर सहिद अमर रहुन्, सहिदका सपना साकार पारौँ जस्ता नारा लेखिएका प्लेकार्ड देखिन्थे । दिनेश र उनका काका दिनभरी घुमेर बेलुका कोठामा आइपुग्नुभयो । दिनेशले दिउँसो आफूले देखेको जुलुसको सम्बन्धमा आफ्ना काकासँग सोधे ।

"काका आज दिउँसो मानिसहरू किन त्यसरी जुलुसमा हिँडेका हुन् ?"

काकाले भन्नुभयो, "आज माघ १६ गते सहिद दिवस हो नि त त्यसैले त्यो जुलुस सहिद गेटतिर जाँदै थियो ।"

"किन र काका सहिदगेटतिर गएको ?" फेरि दिनेशले प्रश्न गरे ।

"त्यहाँ सहिदगेटमा सहिदको शालिक छ त । मैले तिमीलाई त्यहीँबाट लगेको थिएँ त ? देखेनौ र ?" काकाले भन्नुभयो ।

"ए हो त देखेँको थिएँ । मैले त कसको शालिक होला भन्ने सोचेको थिएँ, हाम्रा सहिदको पो रहेछ है ?" दिनेशले भने ।

"हरेक वर्ष माघ १६ गते सहिद दिवशको दिनमा सहिदहरूको सम्झनामा सहिदहरूको फोटोमा पुष्प गुच्छा चढाउने र माल्यार्पण गर्ने गरिन्छ । आजको दिनमा त्यहाँ सर्वसाधारण जनता र राजनीतिज्ञको घुइँचो लाग्छ ।"

"काका हाम्रो देशका सहिदहरू को को हुन् ?" दिनेशले प्रश्न गरे ।

"सहिदहरू त धेरै छन् । म आज तिमीलाई नेपालका मुख्य मुख्य सहिदहरूको बारेमा बताउँछु है त ? वि.सं. १९०३ देखि वि. सं. २००७ सम्म १०४ वर्ष नेपालमा राणा शासन चलेको थियो । राणा शासनको विरोध गरेको हुनाले शुक्रराज, गङ्गालाल, धर्मभक्त, दशरथ चन्दलगायत थुप्रै व्यक्ति सहिद भए । त्यस्तै वि.सं. २०४६ सालमा पञ्चायती शासन व्यवस्थाको विरोधमा आन्दोलन भयो र वि.सं. २०६२ चैत्र २४ गतेदेखि देखि वि.सं. २०६३ वैशाख ११ गतेसम्म

पनि गणतन्त्र स्थापनाका लागि आन्दोलन भयो । यी सबै आन्दोलनमा थुप्रै व्यक्ति सहिद बने ।"

"ए काका थुप्रै व्यक्ति पो सहिद बनिसकेका रहेछन् त है ?" दिनेशले आश्चर्य मान्दै भने ।



"हो नि ! लखन थापा नेपालका प्रथम सहिद हुन् । उनी राणा प्रधानमन्त्री जङ्गबहादुर राणाको विरुद्धमा लागेका थिए । जनताको हक अधिकार र स्वतन्त्रताका लागि आवाज उठाएका थिए । त्यसैले उनलाई राणा सरकारले वि.सं. १९३३ मा मनकामना मन्दिर नजिकै रुखमा झुन्डाएर हत्या गरेको थियो । उनलाई नेपाल सरकारले वि.सं. २०५६ फागुन ११ गते सहिद घोषणा गरेको हो । उनको सम्झनामा वि.सं. २०६६ साल फागुन २ गते बुङ्कोटमा उनको शालिक स्थापना भएको हो ।"

"अनि अरू को को सहिद छन् नि काका ?" दिनेशले सोधे ।



"अब शुक्रराज शास्त्रीको बारेमा पनि सुन है त ? शुक्रराज शास्त्रीको जन्म वि.सं. १९५० मा भारतको बनारसमा भएको थियो । उनले संस्कृत पढेका थिए र प्रारम्भिक शिक्षा गुरुकुलबाट प्राप्त गरेका थिए । उनले पञ्जाव विश्वविद्यालयबाट संस्कृत भाषामा शास्त्री गरेको हुनाले नै उनलाई शास्त्री भनिएको हो । उनको पिता माधव राज जोशीलाई राणाहरूको विरोध गरेको आरोपमा देश निकाला गरिएको थियो । शुक्रराज शास्त्री लेखक पनि थिए । उनले नेपालको झलक, संस्कृत प्रदीप, सत्यार्थ प्रकाश,

ब्राह्मणशुक्त, सत्य कल्पना, स्वर्गका द्वारलगायतका थुप्रै पुस्तकहरू लेखेका छन् । उनी पञ्जाव विश्वविद्यालयबाट शास्त्री सकेर काठमाडौँ आएपछि क्रान्तिकारी युवाहरूसँग भेट भयो । उनलाई निरङ्कुशता मन पर्दैनथ्यो । उनी शासन व्यवस्थामा सुधार ल्याउन चाहन्थे । वि.सं. १९९३ मा नेपाली नागरिक अधिकार समितिमा बसेर प्रवचनका माध्यमबाट समाजमा चेतना फैलाउन थाले । यसरी राणा शासन विरुद्धमा नेपाली नागरिकलाई सचेत बनाएको राणाहरूलाई पटक्कै मन परेको थिएन । त्यसैले राणाहरूले उनलाई दण्ड दिन खोजिरहेका थिए । यसै क्रममा वि.सं. १९९५ मा उनले काठमाडौँको इन्द्रचोकमा प्रवचन दिँदै गर्दा राणाहरूले उनलाई गिरफ्तार गरे । त्यसपछि उनलाई राजद्रोहको अभियोग लगाई तीन वर्ष कैद गरियो । उनलाई विभिन्न आठओटा मुद्दामा फसाएर सर्वस्व हरणसहित फाँसीको सजाय सुनाइयो । अन्त्यमा वि.सं. १९९७ माघ १० गते राती काठमाडौँको टेकुस्थित खरीको बोटमा झुन्डाएर मृत्युदण्ड दिइयो ।"

"ओहो काका, राणाहरू त कति सम्म निर्दयी रहेछन् है यस्तो गरेर पनि मान्छेलाई मार्दा रहेछन् ।" आश्चर्य मान्दै दिनेशले भने ।

"अझ सबै सहिदहरूलाई राणाहरूले गरेको व्यवहार सुनेपछि त झन् के भन्छौ होला ? अझ अरू पनि छन् नि सहिदहरू ।" काकाले बताउनुभयो ।

हो र काका अरूको बारेमा पनि भनिदिनुहोस् न ?

"ल सुन है त अर्को सहिद् हुन् गङ्गालाल श्रेष्ठ । "गङ्गालाल श्रेष्ठको जन्म वि.सं. १९७५ सालमा रामेछाप जिल्लाको भँगेरी गाउँमा भएको थियो । उनले दरबार हाईस्कुलबाट मेट्रिक परीक्षा उत्तीर्ण गरेपछि उच्च शिक्षाका लागि त्रिचन्द्र कलेजमा भर्ना भएका थिए । उनी निरङ्कुश जहानिया राणा शासन हटाई देशमा परिवर्तन ल्याउन चाहन्थे । त्यसैले राणा विरोधी क्रियाकलापमा सरिक हुन्थे । यसै क्रममा उनको दशरथ चन्दसँग भेट भएपछि नेपालको पहिलो राजनीतिक दल नेपाल प्रजा परिषद्को सदस्य बने । त्यसपछि नेपाल प्रजा परिषद्ले आयोजना गरेको राणा विरोधी गतिविधिमा सरिक हुन्थे । राणा विरोधी गतिविधिमा सरिक भएको भनी वि.सं. १९९७ कार्तिक २ गते राणा सरकारले पक्राउ गऱ्यो । त्यसपछि वि.सं. १९९७ माघ १५ गते राती दशरथ चन्दसँगै विष्णुमतीको किनारमा रहेको शोभा भगवती मन्दिर नजिकै गोली हानी मृत्युदण्ड दियो ।"

"काका, मलाई हजुरले हाम्रा सहिदहरूको बारेमा भनिरहँदा आँखाबाट आँशु आउन लाग्यो । कति बिजोग है ? देश र जनताका लागि आवाज उठाउँदा पनि यसरी मर्नुपर्ने ।" दिनेशले दुःख पोखे ।

“हो नि बाबु त्यसैले त राणा शासनलाई निरङ्कुश शासन भनिएको हो । ल अब अर्का सहिद दशरथ चन्दको बारेमा पनि सुन है त ?” काकाले दशरथ चन्दको बारेमा बताउनुभयो ।

दशरथ चन्दको जन्म वि.सं. १९६० मा बैतडी जिल्लाको बालकोटमा भएको थियो । उनले बनारसबाट प्रमाणपत्र तह उत्तीर्ण गरेका थिए । दशरथ चन्द पनि सानैदेखि समाजमा भएका समस्या र विकृतिलाई हटाउनुपर्छ भन्ने मान्यता राख्थे । उच्च शिक्षा अध्ययनका क्रममा बनारसमा रहेको बेला दशरथ चन्दले भारतीय स्वतन्त्रता सङ्ग्राममा पनि भाग लिएका थिए र नेपाली विद्यार्थीलाई राणा शासनका विरुद्धमा सङ्गठित पनि गरेका थिए । सोही क्रममा उनको धर्मभक्त माथेमा र टङ्कप्रसाद आचार्यसँग पनि सम्पर्क बढ्दै गयो । वनारसबाट काठमाडौँ फर्केपछि वि.सं. १९९३ जेठ २० गते उनीहरूसँग मिलेर नेपाल प्रजा परिषद् नामको राजनीतिक दल खोले । राणा शासनको विरोधमा लागेको भन्ने आरोपमा यिनलाई गिरफ्तार गरी गङ्गालालसँगै एउटै जेलमा राखियो । त्यसपछि राणा सरकारले गङ्गालालसँगै वि.सं. १९९७ माघ १५ गते राती शोभा भगवती नजिकै गोली हानी मृत्यु दण्ड दिइएको थियो ।

“राणा शासनको समयमा त उनीहरूको विरोध गर्ने सबैलाई फाँसी दिने रहेछन् है काका ? मलाई कस्तो नराम्रो लाग्यो ।” दिनेशले अचम्म मान्दै भने ।

“हो नि बाबु हाम्रा यी सहिदहरू प्रजातन्त्रका लागि लडेका थिए तर मर्नुपर्‍यो । अब एक जना सहिदको बारेमा तिमीलाई सुनाउन बाँकी छ । धर्मभक्त माथेमाको जन्म वि.सं. १९६६ असोज ९ गते काठमाडौँमा भएको थियो । उनले भारतको कलकत्ता र दार्जिलिङमा बसी शिक्षा हासिल गरेका थिए । धर्मभक्त माथेमा भारतमा बस्दा अङ्ग्रेजको शासन थियो । उनी अङ्ग्रेज विरोधी आन्दोलनमा समेत सहभागी भएका थिए । उनी शारीरिक व्यायाम सिकाउने प्रशिक्षक पनि थिए । त्यसैले उनी कहिलेकाहीँ राणा र राजालाई व्यायाम सिकाउनका लागि दरबारमा समेत जाने गरेका थिए । व्यायम सिकाउने क्रममा उनको राजा त्रिभुवनसँगको सामीप्यता बढेको थियो र राजा त्रिभुवनबाट नै उनले राणाहरूका खराब कार्यका बारेमा जान्ने अवसर पाएका थिए । उनी पनि वि.सं. १९९३ सालमा स्थापना भएको नेपाल प्रजा परिषद्को संस्थापक सदस्य थिए । नेपाल प्रजा परिषद्ले गर्ने राणा विरोधी गतिविधिमा उनी सक्रिय सहभागी हुन्थे । यसैबाट उनी पनि राणाहरूको आँखाको तारो बनेका थिए । त्यसपछि उनलाई पनि राणा सरकारले पक्राउ गरी वि.सं. १९९७ माघ १२ गते राती काठमाडौँको सिफलमा बकैनाको रुखमा झुन्डाएर मृत्युदण्ड दिइयो ।”

काका आज सहिद दिवसको दिनमा सहिद गेट पनि देखेँ र हाम्रा सहिदहरूको बारेमा पनि यति धेरै कुरा जान्ने अवसर मिल्यो । हजुरलाई धेरै धेरै धन्यवाद !

## पाठको आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) कस्ता व्यक्तिलाई सहिद भनिन्छ ?

(ख) नेपालका पहिलो सहिद को हुन् ?

(ग) लखन थापालाई किन सहिद मानिएको हो ?

(घ) राणा शासनको विरुद्धमा र प्रजातन्त्र प्राप्तिका लागि आफ्नो जीवनको बलिदानी दिने चार वीर सहिदहरूको नाम लेख्नुहोस् ।

(ङ) सहिदहरूबाट हामीले कस्तो प्रेरणा पाउन सक्छौँ ? उल्लेख गर्नुहोस् ।

## क्रियाकलाप

सहिदहरूले पुऱ्याएका योगदानको सम्बन्धमा तल दिइएको तालिका भर्नुहोस् :

| सहिदहरूको नाम | जन्म मिति | जन्म स्थान | पुऱ्याएको योगदान |
|---|---|---|---|
| लखन थापा | | | |
| धर्मभक्त माथेमा | | | |
| दशरथ चन्द | | | |
| गङ्गालाल श्रेष्ठ | | | |
| शुक्रराज शास्त्री | | | |

## क्रियाकलाप

सहिदको सम्मान कसरी गर्नुपर्छ ? जानकार व्यक्तिसँग सोधखोज गरी लेख्नुहोस् ।

## क्रियाकलाप

राणा शासनको विरोध किन गरिएको होला ? तपाईँको विचारमा राणा शासनको विरोध गर्नु ठिक थियो कि बेठिक ? उल्लेख गर्नुहोस् ।

# पाठ ८ ग्रिस र रोमको सभ्यता

## तलको पाठ अध्ययन गर्नुहोस् र छलफल गर्नुहोस् :

ग्रिस र रोमको सभ्यताका सम्बन्धमा सहजकर्ताले कक्षालाई दुई समूहमा विभाजन गरी इन्टरनेट र विभिन्न स्रोत सामग्रीको खोजी गरी कक्षामा प्रस्तुत गर्न भन्नुभएको थियो । दुई समूहले ग्रिस र रोमको सभ्यताको सम्बन्धमा गरेको प्रस्तुतीकरण यसप्रकार रहेको छ :

### समूह क

सम्पूर्णमा नमस्कार

हामीले पुस्तकालयबाट युरोपको इतिहासको पुस्तक अध्ययन गर्दा र इन्टरनेटबाट विभिन्न स्रोत सामग्री अध्ययन गर्दा ग्रिस सभ्यताको सम्बन्धमा निम्नलिखित तथ्य फेला पाऱ्यौँ । हाम्रा पुर्खाहरूले विगतमा पुऱ्याएको योगदानको कारण मानव सभ्यता अहिलेको अवस्थासम्म आइपुगेको रहेछ । विगतदेखि वर्तमानसम्म मानिसले सिर्जना गरेका सबै कुराहरूको समष्टिगत स्वरूपलाई नै सभ्यता भनिने रहेछ । भाषा, गीत-सङ्गीत, भवन, सडक, कला, ज्ञान आदिलाई मानव सभ्यताका पक्ष मानिने रहेछ । सिन्धु उपत्यकाको सभ्यता, बेबिलोनिया/मेसोपोटामियाको सभ्यता, नाइल नदी/मिश्रको सभ्यता, ह्वाङहो सभ्यता, याङजेक्याङ सभ्यता, रोमको सभ्यता, ग्रिसको सभ्यता आदि प्राचीन मानव सभ्यता भएको कुरा हामीले पत्ता लगायौँ । हामीले पत्ता लगाएका तथ्यलाई बुँदागत रूपमा प्रस्तुत गरेका छौँ ।

१. युरोपको ग्रिसमा भएको सभ्यतालाई युनानी सभ्यताको नामले चिनिने रहेछ । यो सभ्यता ई.पू. १२ औँ शताब्दीबाट विकसित भई ई.पू. ८ औँ शताब्दीसम्म कायम रहेको थियो । ग्रिस युरोपको दक्षिण पश्चिम किनारमा अवस्थित देश हो । यसकालमा यहाँ साना साना नगर राज्यहरू पनि रहेछन् । तिनीहरूलाई 'पोलिस स्टेट' भनिने रहेछ । तिनीहरूमा स्पार्टा र एथेन्स प्रमुखको रूपमा रहने रहेछन् ।

२. ग्रिसका नगर राज्यहरूबिचमा आपसी मित्रता नभएका कारणले तिनीहरूका बिचमा आपसी मेलमिलाप कायम होओस् भनेर ओलम्पिक खेलको सुरुआत गरिएको थियो । ओलम्पिक खेलको सुरुआत सन् ७७६ मा प्राचीन ग्रिसबाट भएको थियो ।

३. ग्रिस राज्य तीन तिरबाट समुद्रले घेरिएको हुनाले यहाँका मानिस जलयातायातको प्रयोग गरी विभिन्न स्थानको सजिलै भ्रमण गर्न सक्ने रहेछन् । स्पार्टामा कुलीन वंशीय निरङ्कुश

शासन पद्धति र एथेन्समा प्रजातान्त्रिक व्यवस्था रहेछ । एथेन्समा संविधानको निर्माण समेत गरिएको थियो र देशको शासन चलाउनका लागि लोकसभा तथा परिषद् रहने व्यवस्था रहेछ । लोकसभामा चाहिँ जननिर्वाचित प्रतिनिधि रहने व्यवस्था गरिएको रहेछ । परिषद्मा कुलीन तथा भूमिपति वर्गका व्यक्तिलाई मात्र मनोनीत सदस्यको रूपमा राख्ने गरिएको रहेछ । यसप्रकार एथेन्सबाटै संसद्को पनि थालनी भएको मानिन्छ ।

४. साहित्य र दर्शनको क्षेत्रमा पनि ग्रिसका नगर राज्यहरूले निकै प्रगति गरेका रहेछन् । हाम्रा लक्ष्मीप्रसाद देवकोटा जस्तै होमरलाई ग्रिस साहित्यका महाकवि भनिँदो रहेछ । उनले "ओडिसी" र "इलियड" भन्ने महाकाव्य लेखेका रहेछन् । यी कृतिहरूलाई पूर्वीय साहित्यमा हाम्रा रामायण र महाभारत जस्तै मानिने रहेछन् । हेसोइड अर्का महान् कवि रहेछन् । त्यस्तै एस्काइलस र युरिपिडिज त्यसकालका नाटककार रहेछन् । हेरोडोटसूले "पर्सियन वार" को इतिहास लेखेका रहेछन् । उनलाई अहिले पनि 'इतिहासका पिता' भनेर चिनिन्छ । हामीले पनि नाम सुनिरहेका सुकरात, प्लेटो र अरस्तु त्यहाँका प्रसिद्ध दार्शनिक पो रहेछन् । उनीहरूले प्रतिपादन गरेका दर्शनका सिद्धान्त आज पनि उत्तिकै सान्दर्भिक र महत्त्वपूर्ण छन् ।

५. सुकरातको बारेमा पढ्दा त दुःख पो लाग्यो । सुकरातले कुनै पनि कुरालाई अपव्याख्या गरेर होइन प्रमाणका आधारमा प्रमाणित गरिनुपर्छ भनेकै आधारमा उनलाई धर्मको विरोधमा भड्काएको आरोपमा विष खुवाइएको रहेछ । उनले विष पिउने बेलामा आफूलाई चिन, म तिम्रो तरिकाबाट बाँच्नुभन्दा आफ्नो तरिकाबाट बोलेर मर्नु उचित सम्झन्छु" भनेका रहेछन् । सुकरातका चेला प्लेटोले 'रिपब्लिक' भन्ने किताब लेखेर जनचेतना फैलाए । प्लेटोका चेला अरस्तुले विज्ञान, तर्कशास्त्र तथा दर्शनशास्त्रको माध्यमबाट जनचेतना फैलाए ।

६. ग्रिसको सभ्यतामा मूर्तिकला र वास्तुकलाको पनि राम्रो विकास भएको मानिन्छ । एथिनादेवीको मूर्ति तथा ओलम्पियाको जियस देवताको मूर्ति त्यसबेलाका मूर्तिकलाका प्रमुख नमुना रहेछन् । पार्थेनियन मन्दिर वास्तुकलाको उत्कृष्ट नमुना रहेछ ।

७. हाल प्रयोगमा आएका राजनीति, लोकतन्त्र र नागरिक शब्दको उत्पत्ति प्राचीन ग्रिसबाट नै भएको थियो ।

### समूह ख

सम्पूर्णमा नमस्कार

हाम्रो समूहले रोम सभ्यताको सम्बन्धमा तयार पारेको टिपोट निम्नअनुसार रहेको छ । ग्रिस सभ्यता कमजोर भएपछि रोमको सभ्यताको विकास भएको कारणले गर्दा यसलाई ग्रिस सभ्यताको

निरन्तरता मानिने रहेछ । ई.पू. ७५३ मा रोमुलस र रोमस नाम गरेका जुम्ल्याहा दाजुभाइले हालको इटलीमा रोम नगरको स्थापना गरेका रहेछन् । हाल यो टाइबर नदीको किनारमा रहेको छ । हालका इटली, स्पेन, जर्मनी, फ्रान्स, ग्रिस, मिश्र (Egypt) तथा मेसोपोटामिया आदि रोमको साम्राज्यभित्र पर्थे । रोमको समाजमा दुई वर्ग रहेछन् । पहिलो वर्गमा कुलीन पर्थे । यिनीहरूलाई राज्यले विशेषाधिकार प्रदान गरेको रहेछ । दोस्रो वर्गमा सर्वसाधारणहरू पर्थे र यसवर्गका मानिस श्रमजीवी र दास थिए । उनीहरू अधिकारविहीन थिए । उनीहरूमाथि राज्यले नराम्रो व्यवहार गर्थ्यो । रोमन साम्राज्यमा सबैभन्दा उपल्लो तहमा सम्राट् रहन्थे । सिनेट र एसेम्लीले साम्राज्यको शासन चलाउन सम्राट्लाई सहयोग गर्थे । रोमन साम्राज्यमा विस्तारको क्रममा विभिन्न योद्धाहरूको उदय भएको रहेछ । त्यसमध्येमा एक जना जुलियस सिजर जसले आफ्नो साम्राज्यमा विकास निर्माण र सुधारका कार्य गरेका थिए । तर उनलाई अप्रजातान्त्रिक शासकको आरोपमा सिनेटका दुई सदस्यले हत्या गरे । जुलियस सिजरको हत्यापछि त्यहाँ सम्राट्को शासन चल्न थाल्यो । सम्राट अगस्ट सिजरको शासनकालमा रोममा अत्यधिक विकास भएकाले उनको शासनकाललाई रोमको इतिहासमा स्वर्णयुग भनिन्छ ।

### पाठको आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) सभ्यता भन्नाले के बुझिन्छ ?

(ख) प्राचीन सभ्यता सूची बनाउनुहोस् ।

(ग) युनानी सभ्यता कहिलेदेखि कहिलेसम्म रहेको थियो ?

(घ) ग्रिसको सभ्यतामा साहित्य र दर्शनको विकास सम्बन्धमा लेख्नुहोस् ।

(ङ) रोमको सभ्यताको सम्बन्धमा छोटकरीमा व्याख्या गर्नुहोस् ।

### क्रियाकलाप

ग्रिस र रोमको सभ्यताका महत्त्वपूर्ण पक्षको टिपोट गर्नुहोस् ।

### क्रियाकलाप

प्राचीन ग्रिसका नगर राज्यका बिचमा मेलमिलाप नहुनुको कारण के होला ? त्यस्तै अहिलेका कतिपय देशका बिचमा पनि मेलमिलाप छैनन् ? यस्तो किन भएको होला ? तुलनात्मक अध्ययन गरी लेख्नुहोस् ।

### क्रियाकलाप

प्राचीन ग्रिक र रोमको राजनीतिक अवस्था र वर्तमान नेपालको राजनीतिक अवस्थाबिच तुलना गरी लेख्नुहोस् ।

### क्रियाकलाप

युरोपको नक्सामा ग्रिस र रोम पत्ता लगाउनुहोस् ।

### क्रियाकलाप

प्रजातन्त्र शब्दको उत्पत्ति प्राचीन ग्रिसबाट भएको मानिन्छ । नेपालमा पनि प्रजातान्त्रिक शासन व्यवस्था कायम रहेको छ । नेपालमा प्रजातन्त्रको संरक्षणका लागि के के गर्नुपर्ला ? जानकार व्यक्तिहरूसँग सोधखोज गरी लेख्नुहोस् ।

# पाठ ९ सिन्धु घाँटीको सभ्यता

**तल दिइएको समाचारको नमुना अध्ययन गर्नुहोस् र छलफल गर्नुहोस् :**

**सिन्धुघाँटीको सभ्यता**

**सगरमाथा राष्ट्रिय दैनिक**

**काठमाडौँ, २०८०/०८/१५**

सिन्धुघाँटीको सभ्यता प्राचीन सभ्यता मध्य एक हो । यो ठाउँ पाकिस्तानमा सिन्धु नदीको किनारमा पर्छ । यस स्थानमा विकास भएको मानव सभ्यतालाई नै सिन्धु उपत्यकाको सभ्यता भनेर चिनिन्छ । यसलाई सिन्धुघाँटीको सभ्यता पनि भनिन्छ । कुनै प्रकारको प्राकृतिक प्रकोपले यो सभ्यता नष्ट भएको हुन सक्ने अनुमान पनि विभिन्न अनुसन्धानबाट गरिएको छ । यहाँ मोहेनजोदारो र हरप्पा नामका दुईओटा ठाउँहरूको उत्खनन गरिएको थियो । मोहेनजोदारो सिन्धु नदी र हरप्पा रावी नदीको किनारमा रहेका स्थान हुन् । यी दुवै स्थानमा व्यवस्थित रूपले नगर विकसित भएका थिए । त्यहाँ गल्ली, नाली, स्नानगृह, सभागृह, तथा अन्य भवनहरू बनेका थिए । यी स्थानमा पाकेको इँटाले बनाइएका दुई तले घरहरू थिए । यहाँका यी दुवै नगरमा ढल निकासको व्यवस्था समेत भएको थियो । यी दुवै स्थानमा बस्ने मानिसहरूले लगाउने लुगाहरू उनी र सुतीका हुन्थे । महिला र पुरुष दुवैले लामो कपाल पाल्ने यहाँको चलन थियो । महिलाहरूले सुन, चाँदी, तामा आदिका गहना लगाउँथे । यहाँका मानिसहरूको खाना यहीँकै उत्पादनमा भर पर्थ्यो । यस स्थानमा गहुँ, जौ, खरबुजा, खजुर आदिको उत्पादन हुन्थ्यो । यहाँका मानिसहरूले माछा र मासु पनि खान्थे । विभिन्न प्रकारका खेलहरूबाट नै उनीहरूले मनोरञ्जन प्राप्त गर्थे ।

सिन्धुघाँटीको सभ्यतामा उत्खनन गर्दा केही मूर्तिहरू पनि पाइएका हुनाले यस सभ्यताका मानिसहरूले मूर्ति पूजा पनि गर्थे भन्ने अनुमान गरिएको छ । यहाँका मानिस प्रकृतिका समेत पुजारी थिए । उनीहरूले सर्प, परेवा, बाख्रा, गोरु आदि जनावरहरू सिन्धुघाँटीका मानिसहरूले पूजा गर्ने प्राणी हुन् भन्ने विभिन्न तथ्यले प्रस्ट पारेका छन् । कुनै मानिसको मृत्यु भएमा सो लासलाई नदी किनारमा लगेर दाहसंस्कार गर्ने परम्परा रहेको बुझिएको छ । लासलाई गाडेर वा जलाएर दाहसंस्कार गरिन्थ्यो ।

यस उपत्यकामा कलाकारिताको पनि प्रचुर विकास भएको थियो । त्यसैले कलाकारिता यहाँका मानिसको एउटा पेसा थियो । त्यस्तै इँटा, भवन, मूर्ति, भाँडाकुँडा, गरगहना आदि बनाउने काम पनि यहाँका मानिसको अर्को पेसा थियो । खेतीपाती, पशुपालन, लुगा बुन्ने तथा समुद्रपार व्यापार जस्ता काममा पनि मानिस सक्रिय रूपमा सहभागी थिए । यहाँका मानिसको आर्थिक अवस्था राम्रो थियो भन्ने पनि अनुसन्धानकर्ताले पत्ता लगाएका छन् । यहाँ लिङ्गको आधारमा कामको पनि विभाजन भएको बुझ्न सकिन्छ । महिलाले कपडा बुन्थे भने पुरुषले खेती, पशुपालन र व्यापार गर्ने गर्थे । त्यस समयमा माटाका मुद्राहरू प्रचलनमा थिए भन्न सकिन्छ किनभने उक्त समयका माटाका मुद्रा पनि भेटिएका छन् ।

यस सभ्यताका केही प्रभाव अहिलेसम्म पनि विभिन्न देशमा समेत रहेको पाइन्छ । नेपाल, भारत, बङ्गलादेश, पाकिस्तान, अफगानिस्तान आदि मुलुकमा सिन्धु सभ्यताको प्रभाव रहेको छ । यी मुलुकको व्यापार तथा कला सिन्धु सभ्यताबाट नै थालनी भएको हो भन्न सकिन्छ । यी मुलुकहरूमा हाल पनि उनी र सुतीकै लुगाको प्रयोग हुन्छ । मूर्ति बनाउने कलाको थालनी सिन्धु सभ्यताबाट भएको हो भन्ने तर्क इतिहासविद्ले राखेका छन् । हाल यी मुलुकहरूमा मूर्ति पूजा गरिन्छ । सिन्धु सभ्यताका मानिसले प्रकृतिको पूजा गर्थे । हाल पनि यी मुलुकमा प्रकृतिको पूजा हुन्छ । यो सभ्यतामा लासलाई नदीको किनारमा लगेर जलाउने वा गाड्ने गरिन्थ्यो । हाल पनि सो परम्परा कायम नै रहेको छ । यसरी वर्तमान अभ्यासमा रहेका धेरै सामाजिक मूल्य र संस्कारलाई सिन्धु सभ्यताको निरन्तरताकै रूपमा लिन सकिन्छ ।

## पाठको आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) सिन्धुघाँटीको सभ्यता भनेर कुन सभ्यतालाई चिनिन्छ ?

(ख) सिन्धुघाँटीको सभ्यतामा नगरको विकास कसरी भएको थियो ?

(ग) सिन्धुघाँटीको सभ्यतामा मानिसको जनजीवनको अवस्था उल्लेख गर्नुहोस् ।

(घ) सिन्घुघाँटीका मानिसको सांस्कृतिक अवस्थाको चर्चा गर्नुहोस् ।

## क्रियाकलाप

सिन्धुघाँटीको सभ्यताबाट पत्ता लागेका हालसम्म पनि प्रयोगमा आएका तथ्यको खोजी गरी टिपोट गर्नुहोस् ।

## क्रियाकलाप

एसियाको नक्सामा सिन्धुघाँटीको सभ्यता देखाउनुहोस् ।

# पाठ १० पुनर्जागरण

**तलको पाठ अध्ययन गर्नुहोस् र छलफल गर्नुहोस् :**

रिता अनौपचारिक तथा वैकल्पिक शिक्षाको तह तीन दोस्रो वर्षमा अध्ययनरत सिकारु हुन् । उनले घरमा सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा विषयमा पुनर्जागरण भन्ने पाठ पढिरहेकी थिइन् ।

नजिकै सरकारी विद्यालयमा पढाउने शिक्षक आइपुग्नुभयो । उहाँले रिता बहिनी के पढ्दै हुनुहुन्छ, किताब निकालेर बसेको देख्दा खुसी लाग्यो भन्नुभयो ।

रिताले भन्नुभयो, “ए सर सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा विषयको पुनर्जागरण भन्ने पाठ पढिरहेकी छु । ए अनि कत्तीको बुझ्दै हुनुहुन्छ नि ?” सरले सोध्नुभयो ।

रिताले जवाफ दिँदै भनिन्, “यो त कहिल्यै नसुनेको विषयवस्तु रहेछ सर मलाई त बुझ्न गाह्रो भइरहेछ ।”

“हो र ल मलाई अहिले एकछिन फुर्सद नै छ म तपाईँलाई सहयोग गर्छु नि ।” सरले भन्नुभयो ।

रिताले खुसी हुँदै भनिन्,“आहा हुन्छ सर सुरुमा मलाई पुनर्जागरण भनेको के हो भनिनदिनुस् न ?”

सरले प्रस्ट पार्दै भन्नुभयो । “पुनर्जागरणको अर्थ पुनः जाग्नु वा सचेत हुनु हो । युरोप प्राचीन समयमा शिक्षा संस्कृति, कला, सभ्यता र भाषाको क्षेत्रमा सम्पन्न र समुन्नत थियो तर छैटौँ शताब्दीदेखि तेह्रौँ शताब्दीसम्म धार्मिक अन्धविश्वासले ती सम्पूर्ण सभ्यता एवम् समुन्नतिमा ह्रास आयो । फेरि चौधौँ शताब्दीदेखि पुनः शिक्षा संस्कृति, कला, वैज्ञानिक खोज र आविष्कार हुनु र ज्ञानको पुनर्जन्म हुनुलाई नै पुनर्जागरण भनिएको हो ।”

“सर हजुरले कति राम्रोसँग प्रस्ट हुने गरी भनिदिनुभयो । अनि यो पुनर्जागरण काल के कारणले भएको हो नि ?” रिताले भन्नुभयो ।

“सामुद्रिक यातायातको विकासले मानिसहरूमा चहलपहल र एक देशबाट अर्को देशमा जाने क्रम बढ्न थाल्यो । जसले गर्दा मानिसमा सचेतना बढ्दै गयो । अर्को छ, तीव्र सहरीकरण । जसले गर्दा पनि मानिसहरू विभिन्न पेसाहरूमा आबद्ध हुन थाले र बाहिरी सम्पर्क पनि बढ्न थाल्यो । अर्को छ, युरोपमा अरबी संस्कृति र सभ्यतामा आएको परिवर्तनले मानिसमा पनि जागरण ल्यायो । अर्को छ पुस्तक र पत्रपत्रिकामा नयाँ नयाँ जागरणका बारेमा प्रचार प्रसार हुनु ।

त्यस्तै गरी अर्को छ, मानिसमा व्यापार र भ्रमणका कारण ज्ञान र अनुभवमा वृद्धि भई धार्मिक आडम्बरको पर्दाफास र विरोध हुन थाल्नु हो ।"

"सर, मैले त बुँदा टिपोट गरेँ हजुरले त साह्रै राम्रोसँग प्रस्ट पारिदिनुभयो ।" रिताले खुसी हुँदै भनिन् ।

"धेरै राम्रो गर्नुभयो टिपोट गर्नुभयो भने पछिलाई पनि काम लाग्छ नि त ।" सरले भन्नुभयो ।

सर, अघि हजुरले मानिसमा चेतना र जागरण आएको कुरा गर्नुभएको थियो नि साँच्चै पुनर्जागरणका कारणले के के कुरामा जागरण तथा परिवर्तन आएको थियो नि ?

ल टिप्नुस् है त म बुँदागत रूपमा प्रस्ट पारिदिन्छु :

- अन्धविश्वासको बिस्तारै अन्त्य हुन थाल्यो ।
- धार्मिक ठगीको पर्दाफास हुन थाल्यो ।
- मानिसहरूले तर्क र प्रमाणमा विश्वास गर्न थाले ।
- वैज्ञानिक खोज र आविष्कारमा क्रमशः वृद्धि हुन थाल्यो ।
- पोप र पादरीको प्रशंसा भएका साहित्य रचना विरुद्ध मानिसले आवाज उठाउन थाले ।
- साहित्यमा स्वतन्त्र अभिव्यक्तिलाई प्रशंसा दिन थालियो ।
- ग्रिक र ल्याटिन भाषामा साहित्य सिर्जना हुन थाले ।

रिताले खुसी हुँदै भन्नुभयो, "सर मैले सबै टिपोट गरेँ । अनि अर्को कुरा यो पुनर्जागरण हुनमा विशेष योगदान दिने व्यक्ति चाहिँ को को हुनुहुन्छ र उहाँहरूले कुन कुन क्षेत्रमा योगदान दिनुभएको थियो नि सर ?"

"पुनर्जागरणको प्रभाव साहित्य, कला, विज्ञान, गणित र भौतिक खोजको क्षेत्रमा परेको थियो । ल टिप्दै जानुस् है त म क्रमैसँग भन्दै जाने छु । सबैभन्दा पहिले साहित्यमा आएको पुनर्जागरण भन्छु है त भन्दै ?"

सरले फेरी थप्नुभयो, "इटालियन कवि दाँतेले डिभाइन कमेडी नामको महाकाव्य लेखे । यसबाट पोप, पादरी र सामन्तहरूको खराब कार्यको चर्चा भयो जसले मानिसमा जनजागरण ल्याउन थप मदत पुग्यो । इरासमसले द प्रेज अफ द फुल्ली भन्ने महाकाव्य लेखे । यसमार्फत समाजमा अन्धविश्वास र सामाजिक कुरीति विरुद्ध जनचेतना फैलाए । त्यस्तै कवि स्पेन्सरले काव्य साहित्यमा आधुनिकता भित्र्याएका थिए । उनले पनि कवितामार्फत जनचेतना फैलाएका थिए ।"

“सर भनेपछि साहित्यको क्षेत्रमा पुनर्जागरण ल्याउने थुप्रै साहित्यकार रहेछन् है ?” रिताले जिज्ञासा राखिन् ।

“हो नि ! ल अब कलाको क्षेत्रमा आएको पुनर्जागरण भन्छु है त ?” सरले भन्नुभयो ।

“बहुमुखी प्रतिभाका धनी कलाकार लियोनार्दो दा भिन्चीले विश्वप्रसिद्ध चित्र मोनालिसा बनाए । यो चित्रमा सौन्दर्य, मौन हाँसो र सजीवता झल्कन्छ । त्यस्तै माइकेल एन्जेलो र राफेल पनि पुनर्जागरण कालका प्रसिद्ध चित्रकारहरू थिए । गिवर्टी पनि पुनर्जागरण कालका प्रसिद्ध मूर्तिकार हुन् । उनले फ्लोरेन्स भन्ने स्थानमा रहेको गिर्जाघरमा पित्तलको ढोका बनाएका थिए । त्यो ढोका निकै कलात्मक भएकाले स्वर्गको द्वार समेत भनिएको छ । अर्का प्रसिद्ध वास्तुविद् ब्रुन्लेस्कीले पनि गुम्बज आकारको फ्लोरेन्स गिर्जाघरको निर्माण गरेर कलाको क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएका थिए ।”

“सर, आज हजुर हाम्रो घरमा आउनुभएको त मेरा लागि साह्रै राम्रो भयो । ती धेरै कुरा सिक्ने अवसर पाएँ ।” रिताले खुसी हुँदै भनिन् ।

“सिकाउने त मेरो काम नै हो नि कहिलेकाहीँ नजानेका कुरा सिक्न मेरो घरमै आउनुभए पनि हुन्छ । ल अब विज्ञान र प्रविधिमा आएको पुनर्जागरण सुन्नुहोस् है त ?” सरले भन्नुभयो ।

“यसकालमा थुप्रै वैज्ञानिकहरूको पनि जन्म भएको थियो । निकोलस कोपर्निकसले सूर्य घुम्दैन । पृथ्वी र अन्य ग्रहले सूर्यको परिक्रमा गर्छन् भन्ने सिद्धान्त प्रतिपादन गरेका हुन् । केपलरले कोपरनिकसको सिद्धान्तलाई गणितीय आधारमा प्रमाणित गरेका थिए । ग्यालिलियोले दुरबिनको आविष्कार गरे भने न्युटनले गुरुत्वाकर्षणको सिद्धान्त प्रतिपादन गरे । कोलम्बसले अमेरिका र भास्को डिमाले भारत र मार्कोपोलोले चीन पत्ता लगाएका थिए ।”

सर हजुरलाई धेरै धेरै धन्यवाद ! फेरि पनि नजानेका विषयवस्तु सिक्नका लागि म हजुरको घरमा आउने छु ।

## पाठको आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) पुनर्जागरणको अर्थ लेख्नुहोस् ।

(ख) पुनर्जागरण कालको थालनी कसरी भएको थियो ? उल्लेख गर्नुहोस् ।

(ग) पुनर्जागरण कालमा कुन कुन क्षेत्रमा विकास भएको थियो ?

(घ) पुनर्जागरण कालमा विज्ञान र अन्वेषणको क्षेत्रमा के कस्ता उपलब्धि भएका थिए ?

(ङ) पुनर्जागरण कालमा सिर्जना गरिएका साहित्यिक कृतिको नाम लेख्नुहोस् ।

## क्रियाकलाप

युरोपमा भएको पुनर्जागरणले के कस्ता क्षेत्रमा परिवर्तन ल्यायो ? तालिकामा देखाउनुहोस् ।

| क्र.सं. | परिवर्तन आएको क्षेत्र | आएको परिवर्तन |
|---|---|---|
| | | |
| | | |
| | | |

## क्रियाकलाप

पुनर्जागरण कालमा कुन कुन कलाकारले कसरी योगदान दिए ? कलाकारको नाम र योगदान तल दिइएको तालिकामा देखाउनुहोस् :

| क्र.सं. | कलाकारको नाम | योगदान |
|---|---|---|
| | | |
| | | |
| | | |

## आफूलाई जाँच्नुहोस् :

### १. पाठका आधारमा खाली ठाउँमा मिल्ने शब्द भर्नुहोस् :

(क) नेवारी भाषामा नेको अर्थ मध्य र पाको अर्थ .................. थियो । ( देश, नेपाल)

(ख) लिम्बु भाषामा नेपालको अर्थ ...................थियो । (समथल भूमि, मैदान)

(ग) किराँती समाज ...............................थियो । (नारीप्रधान, पुरुषप्रधान)

(घ) किराँत शासनकालमा ............. जना किरातीहरूले शासन गरेका थिए । (३२, ३५)

(ङ) नेपालको इतिहासमा ........................शासनकाललाई स्वर्णयुग भनिन्थ्यो ।

(च) वि.सं. ९३६ देखि...................सम्ममा पृथ्वीनारायण शाहले उपत्यका विजय गर्नुभन्दा अगाडिको समय अवधिलाई नेपालको इतिहासमा मध्यकाल भनिन्छ । (वि.सं. १८२५, वि.सं. १९००)

(छ) चौधौँ शताब्दीदेखि युरोपमा पुनः शिक्षा संस्कृति, कला, वैज्ञानिक खोज र आविष्कार भएको अवस्थालाई नै ................भनिएको हो । (पुनर्जागरण, जागरण)

(ज) पाकिस्तानमा सिन्धु नदीको किनारमा विकास भएको मानव सभ्यतालाई नै ......................भनिन्छ । (सिन्धुघाँटीको सभ्यता, ह्वाङ्हो नदीको सभ्यता)

## २. जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| (क) प्राचीनकाल | वि.सं. ९३६ देखि १८२५ |
| (ख) मध्यकाल | वि.सं ९३६ भन्दा अघिको समय |
| (ग) पहिलो किराँती राजा | गस्ती |
| (घ) सातौँ किराँती राजा | एलम्बर |
| (ङ) अन्तिम किराँती राजा | जितेदास्ती |
| | लखन थापा |

## ३. तलका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) तिब्बती, नेवारी, लेप्चा, लिम्बु आदि भाषामा नेपालको नामकरण सम्बन्धमा भएका किंवदन्ती लेख्नुहोस् ।

(ख) किराँत कालको सामाजिक र आर्थिक अवस्थाको सम्बन्धमा छुट्टाछुट्टै लेख्नुहोस् ।

(ग) मध्यकालमा राज्यहरू कहिले टुक्रिने, कहिले एकीकरण हुनाका कारण लेख्नुहोस् ।

(घ) विभिन्न स्रोत सामग्रीको अध्ययन गरी हाम्रा राष्ट्रिय विभूतिको नाम लेख्नुहोस् ।

(ङ) ग्रिस र रोमको सभ्यताबाट विकास भई हाल पनि प्रयोगमा आएका तीन तथ्य लेख्नुहोस् ।

# एकाइ ६

# हाम्रा आर्थिक क्रियाकलाप

## पाठ १ मौद्रिक कारोबार

"आमा आज त कति धेरै बोडी, मास, मस्याङ र काफल ल्याउनुभएको रहेछ त ? बजार जानुभएको थियो कि के हो ?" छोरीले सोधिन् ।

"होइन छोरी दिउँसो लेकतिरबाट बोडी, मास, मस्याङ र काफल बेच्न ल्याएका थिए । उनीहरूसँगै लिएको हो ।" आमाले जवाफ दिनुभयो ।

"अनि कतिमा किन्नुभयो नि आमा ?" फेरि छोरीले प्रश्न गरिन् ।

"पैसामा किनेको होइन । मैले चामलसँग साटेकी हुँ ।" आमाले जवाफ दिनुभयो ।

"कस्तो कुरा गर्नुभएको आमा चामलसँग पनि साट्न मिल्छ र ?" छोरीले आश्चर्य मान्दै भनिन् ।

"मिल्छ नि छोरी पहिले पहिले कहाँ पैसा थियो तनी यसरी नै सबै मानिसले वस्तुसँग वस्तु साटेर त कारोबार गर्थे । अहिले त पैसाको विकास भएकाले पो हामी सबै सामान पैसामा किनबेच गर्छौं । माथि लेकतिर धान खेती हुँदैन त्यसैले उनीहरूलाई चामलको रहर हुन्छ त्यसैले त्यहाँको उत्पादनसँग उनीहरूले साटेर चामल लैजान्छन् ।" आमाले प्रस्ट पार्नुभयो ।

"ओहो ! आमा आज त मैले नयाँ कुरा पो सिक्ने अवसर पाएँ । मलाई त अनौठो लाग्यो ।" छोरीले अचम्म मान्दै भनिन् ।



टुप्लुक्क बुबा आईपुग्नुभयो र भन्नुभयो ? "हो छोरी तिमीलाई अनौठो लाग्नु स्वाभाविकै हो । पहिलेका मानिसहरूको आवश्यकता अहिले हाम्रो भन्दा निकै नै कम थियो त्यसैले उनीहरूले अधिकांश आफ्ना आवश्यकता पूरा गर्नका लागि आफैँ उत्पादन गर्थे । बढी भएका वस्तु अरूलाई दिएर अरूसँग भएका वस्तु आफूले लिएर साटासाट गरेर आफ्ना आवश्यकता पूरा गर्थे । यसलाई वस्तु विनिमय प्रणाली भनिन्थ्यो छोरी ।" बुबाले प्रस्ट पारिदिनुभयो ।

"अनि बुबा यो वस्तु विनिमय प्रणाली कसरी परिवर्तन भएको हो नि ?" छोरीले सोधिन् ।

"पछि बिस्तारै मानिसका आवश्यकता दिनप्रतिदिन बढ्दै गए । वस्तु विनिमयबाट ति आवश्यकता पूरा हुन सकेनन् र विभिन्न किसिमका व्यावहारिक कठिनाइ देखा पर्न थाले । त्यसपछि मानिसहरू विकल्पको खोजीमा लाग्दा लाग्दै वस्तु विनिमय प्रणालीको सुरुआत भएको हो ।" बुबाले प्रस्ट पार्नुभयो ।

"के के कठिनाइ देखा परेका थिए र बुबा ? त्यो पनि भनिदिनुहोस् न ?" फेरि छोरीले थप जिज्ञासा राखिन्

"ल सुन है त ! मुख्य कुरा त मानिसहरूका आवश्यकतामा मेल हुन नसक्नु । एक जनासँग भैँसी छ उसलाई नुन, चीनी, चियापत्ती, खाने तेल, कपडा चाहिएको छ । तर ऊ बजारमा जाँदा यदि एउटै पसलमा ती सबै सामान नभए कसरी साट्ने त ?" भनी बुबाले उदाहरणसहित भनिदिनुभयो ।

"ए हो त है बुबा ? अनि अरू कठिनाइ के के हुन् त बुबा ?" फेरि छोरीले प्रश्न गरिन् ।

"वस्तुका लागि उचित मूल्य निर्धारणको अभाव पनि एउटा मुख्य समस्या हो । जस्तै वस्तु विनिमय गर्दा कुन वस्तुका लागि अर्को वस्तु कति साट्ने त ? यसमा अप्ठ्यारो भयो । अहिले हामीलाई सामान किनबेच गर्न पैसाका कारणले कति सजिलो भएको छ ।" बुबाले बताउनुभयो ।

"हो त है बुबा ! हामी सामान किन्न जाँदा कति पैसा हो त्यति तिरेर किन्छौँ त्यसैले कति सजिलो भएको छ ।" छोरीले भनिन् ।

अर्को सुन है त भन्दै बुबाले भन्नुभयो, "त्यस्तै नाशवान् प्रकृतिका वस्तु विभाजनमा कठिनाइ हुनु, सम्पत्ति सञ्चितीकरणमा कठिनाइ, भविष्यमा ऋण तिर्ने गरी सापटी लिन दिन जस्ता विभिन्न समस्या समाधान गर्नका लागि उपयुक्त विकल्पको खोजी हुन थाल्यो । त्यसपछि सर्वस्वीकार्य विकल्पका रूपमा मुद्रा प्रचलनमा आउन थाल्यो ।"

"ए, अनि बुबा सबैभन्दा पहिले कस्तो पैसा बनेको थियो नि ?" छोरीले फेरि जिज्ञासा राखिन् ।

"सबैभन्दा पहिले सुन, चाँदी, तामा, पित्तल जस्ता धातु मुद्रा प्रचलनमा आयो । अनि धातु मुद्रा पनि एक ठाउँबाट अर्को ठाउँमा लैजान समस्या हुन थाल्यो । त्यसपछि कागजी मुद्रा प्रचलनमा आयो । नेपालमा वि.सं. २००२ बाट कागजी मुद्रा प्रचलनमा आएको हो । अहिले हेर त छोरी मुद्रामा कति धेरै विकास भइसकेको छ । विभिन्न दरका कागजी नोट छन् । त्यति मात्र हो र मुद्राको सट्टामा चेक, बैङ्क ड्राफ्ट, एटिएम कार्ड, अनलाइन भुक्तानी कति धेरै तरिकाबाट मुद्राको कारोबार गर्न सकिन्छ । यसरी मुद्राका माध्यमबाट गरिने कारोबारलाई मौद्रिक कारोबार

भनिन्छ। नेपालमा नेपाल राष्ट्र बैङ्कले केन्द्रीय बैङ्कको रूपमा मुद्रा निष्कासन गर्ने काम गर्छ।" बुबाले प्रस्ट पार्नुभयो।

"बुबा साँच्चै हाम्रो नेपाली मुद्रा कहाँ छापिन्छ नि ?"

ए महत्त्वपूर्ण प्रश्न गऱ्यौ। ल सुन है त ? भन्दै बुबाले भन्नुभयो, "अन्तर्राष्ट्रिय मुद्रा कोषमा देशको अर्थतन्त्रले धान्न सक्ने जति सुन चाँदी, विदेशी मुद्रा आदि धरौटी राख्ने गरिन्छ। त्यसपछि अन्तर्राष्ट्रिय बोलपत्रको माध्यामबाट सुरक्षण मुद्रण कम्पनी छनोट गरी सोही कम्पनीमार्फत मुद्रा छाप्ने काम गरिन्छ। "

छोरीले फेरि भनिन् "बुबा पैसा त वास्तवमै हामी मानिसलाई नभई नहुने आधारभूत आवश्यकता हो नि, होइन त ?"

"हो नि छोरी मौद्रिक कारोबारका माध्यामबाट आफूलाई आवश्यक पर्ने हरेक सामान खरिद गर्न सकिन्छ। आफूले उत्पादन गरेका वस्तु विक्री वितरण गरेर मुद्रा आर्जन गर्न सकिन्छ। आफूसँग भएको मुद्रा वित्तीय संस्थामा सुरक्षित रूपमा राख्न काम लाग्छ। कसैसँग ऋण सापटी लिन र दिन सकिन्छ। विकास निर्माणका कार्यमा लगानी गर्न जस्ता धेरै काम मुद्राकै माध्यामबाट गर्न सकिन्छ।"

## पाठको आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) वस्तु विनिमय प्रणाली भनेको के हो ?

(ख) वस्तु विनिमय प्रणालीका कठिनाइ लेख्नुहोस्।

(ग) मुद्राको विकासक्रमको सम्बन्धमा छोटो अनुच्छेद लेख्नुहोस्।

(घ) नेपालमा मुद्रा निष्कासन कसले गर्छ ?

(ङ) मुद्राका उपयोगिताको सूची बनाउनुहोस्।

## क्रियाकलाप

समुदायमा हुनुभएका जेष्ठ नागरिकलाई भेट्नुहोस् र उहाँहरूसँग वस्तु विनिमय प्रणालीको सम्बन्धमा अनुभव सोध्नुहोस् र एउटा लेख लेख्नुहोस्।

## क्रियाकलाप

यदि अहिले पनि पहिलेको जस्तो मुद्राको विकास नभएको भए के हुन्थ्यो होला ? कल्पना गरेर लेख्नुहोस् ।

## क्रियाकलाप

समुदायमा जानकार व्यक्तिसँग अनलाइन कारोबारका फाइदा र बेफाइदा सम्बन्धमा सोधखोज गर्नुहोस् र साथीलाई सुनाउनुहोस् ।

# पाठ २ वित्तीय संस्था

**तलको पाठ अध्ययन गर्नुहोस् र छलफल गर्नुहोस् :**

अशोक र नीता सिकाइ केन्द्रबाट घर फर्कँदै थिए । बाटामा धनबहादुर काकासँग भेटभयो । अनि नीता र अशोकले भने, “नमस्कार काका !”

धनबहादुर काकाले भन्नुभयो, “नमस्कार ! नानीबाबु कताबाट आउँदै हुनुहुन्छ ?”

“काका हामी सिकाइ केन्द्रबाट घर फर्कँदै छौँ ।” अशोक र नीताले भने ।

“म त वित्तीय संस्थामा गएर आउँदै छु ।” धनबहादुरले भने ।

नीताले सोधिन्, “काका वित्तीय संस्था भनेको के हो ?”




“आर्थिक कारोबार वा मुद्राको कारोबार गर्ने संस्थालाई वित्तीय संस्था भनिन्छ । बैङ्क, सहकारी संस्था भनेको सुन्नुभएको छैन र ? बैङ्क, सहकारी संस्था नै वित्तीय संस्था हुन् ।” धनबहादुरले भन्नुभयो ।

“ए काका बैङ्क, सहकारी संस्था भनेको त थाहा थियो नि ।” अशोकले हाँस्दै भने ।

“हो नि ! नेपालमा राष्ट्रिय वाणिज्य बैङ्क, विकास बैङ्क, वित्त कम्पनी, लघुवित्त कम्पनी आदि सबै वित्तीय संस्थाहरू हुन् ।” धनबहादुरले प्रस्ट पार्नुभयो ।

“काका यी वित्तीय संस्थाले के के सेवा सुविधा दिन्छन् नि ?” नीताले प्रश्न गरिन् ।

धनबहादुरले प्रस्ट पार्दै भन्नुभयो । “हामीसँग भएको पैसा बचत गर्न मिल्छ । आवश्यक परेका बेलामा उक्त बचत गरेको पैसा झिक्न मिल्छ । पैसा जम्मा गरेबापत बैङ्कले हामीलाई ब्याज

दिन्छ । हाम्रो पैसा घरमा राखे चोरी हुन सक्छ भने बैङ्कमा सुरक्षित हुन्छ । त्यस्तै विभिन्न पेसा व्यवसाय सञ्चालनका लागि बैङ्कबाट ऋण लिन पनि सकिन्छ ।"

"अनि काका ऋण लिएर त के गर्नु नि त्यो बुझाउनुपर्दैन र ?" अशोकले प्रश्न गरे ।

धनबहादुरले भन्नुभयो, "पर्छ नि बैङ्कबाट लिएको ऋणको त व्याजसहित बुझाउनुपर्छ । फेरि त्यसरी बैङ्कबाट ऋण लिएको पैसा जथाभावी खर्च पनि गर्नुहुँदैन । उत्पादनमूलक अर्थात् आम्दानी योग्य कामका लागि खर्च गर्नुपर्छ । समय समयमा व्याजसहित ऋण तिरेर घटाउँदै पनि जानुपर्छ ।"

"त्यही त काका मैले हाम्रो आफन्तमै समयमा ऋण तिर्न नसकेर घर लिलाममा परेछ भनेर बुबाआमाले कुरा गरेको सुनेको थिएँ त्यसैले सोधेको हो ।" अशोकले भने ।

"हो नि ! ल वित्तीय संस्थाका अरू थप काम पनि सुन्नुहोस् है त ? वित्तीय संस्थाले विदेशी मुद्रा सटही गर्छन् । हाम्रा बहुमूल्य सुन, चाँदी, महत्त्वपूर्ण कागजपत्र आदि सुरक्षित साथ राख्नका लागि लकर सुविधा समेत प्रदान गरेको हुन्छ । अहिले पछिल्लो समयमा त झन् प्रविधिको विकाससँगै एस.एम.एस बैङ्किङ, अनलाइन सेवा, क्रेडिट कार्ड, एटिएम कार्ड आदिको सुविधा समेत प्रदान गरेको छ ।" धनबहादुरले भन्नुभयो ।

"एटिएम कार्डबाट त कार्ड मेसिनमा घुसाएर पिन नम्बर डायल गरेपछि पैसा आउने रहेछ है काका ? मैले बुबाले एटिएम कार्डबाट पैसा झिक्दा देखेको थिएँ ।" नीताले भनिन् ।

"हो नि ! अझ अर्को कुरा बैङ्कमार्फत एक ठाउँबाट अर्को ठाउँमा सजिलै पैसा पठाउन पनि सकिन्छ । यसरी आजको युगमा यी वित्तीय संस्थाहरू हाम्रा लागि अत्यन्तै उपयोगी छन् ।" धनबहादुरले भन्नुभयो ।

**पाठको आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :**

(क) वित्तीय संस्था भनेको के हो ?

(ख) वित्तीय संस्थाका नाम लेख्नुहोस् ।

(ग) वित्तीय संस्थाहरूबाट हामीले के के फाइदा लिन सक्छौँ ?

(घ) बैङ्कमा किन पैसा जम्मा गरिन्छ ?

(ङ) बैङ्कबाट ऋण लिन र लिएपछि के के कुरामा सचेत हुनुपर्छ ?

### क्रियाकलाप

तपाइँको समुदायमा रहेका वित्तीय संस्थाको खोजी गर्नुहोस् र तिनिहरूले के कस्ता सेवा सुविधा दिँदै आएका छन्, सोधखोज गरी लेख्नुहोस् ।

### क्रियाकलाप

वित्तीय संस्थाबाट ऋण लिएर काम गर्न तयार हुनुभएका तपाईँको छिमेकीलाई तपाईँ के सल्लाह दिनुहुन्छ ?

### क्रियाकलाप

एस.एम.एस बैङ्किङ, अनलाइन सेवा, क्रेडिट कार्ड, एटिएम कार्ड जस्ता आधुनिक मौद्रिक कारोबारको सम्बन्धमा विभिन्न स्रोत सामग्री वा जानकार व्यक्तिसँग सोधखोज गरी एउटा लेख लेख्नुहोस् ।

# पाठ ३ नेपालमा पर्यटन व्यवसाय

चिसापानीलाई गाउँपालिकाले र त्यहाँका स्थानीय बासिन्दा मिलेर पर्यटकीय क्षेत्रको रूपमा विकास गरेपछि घुम्न आउने स्वदेशी तथा विदेशीहरूको घुइँचो नै लाग्ने गरेको छ । यसरी विभिन्न उद्देश्य राखेर एक ठाउँबाट अर्को ठाउँमा घुमफिर गर्ने कार्यलाई पर्यटन भनिन्छ भने विभिन्न उद्देश्य राखेर एक ठाउँबाट अर्को ठाउँमा घुमफिर गर्ने मानिसलाई पर्यटक भनिन्छ । पर्यटकहरू पनि आन्तरिक र बाह्य गरी दुई किसिमका हुन्छन् । कुनै देशका बासिन्दा आफ्नै देशभित्र विभिन्न उद्देश्यले घुमफिर गर्छन् भने तिनीहरूलाई आन्तरिक पर्यटन भनिन्छ । आफ्नो देशको सिमानाभन्दा बाहिर विभिन्न उद्देश्यले घुमफिर गर्ने व्यक्तिलाई बाह्य पर्यटक भनिन्छ । चिसापानीमा आन्तरिक र बाह्य दुवै किसिमका पर्यटकहरू आउने गरेका छन् । झन् त्यही गाउँका थुप्रै युवाले पथप्रदर्शकको तालिम लिएपछि त गाउँमा आउने पर्यटकहरूको सङ्ख्या ह्वात्तै बढेको छ । पथप्रदर्शक भनेका पर्यटकलाई कसरी सेवा सुविधा प्रदान गर्ने भन्ने सम्बन्धमा तालिम लिएका मानिस हुन् । पर्यटकलाई विभिन्न किसिमका सेवा सुविधा प्रदान गर्ने उद्देश्यले चिसापानीमा होमस्टे, होटल तथा रेस्टुरेन्टहरू थुप्रै खुलेका छन् । त्यति मात्र हो र पार्क निर्माण गरिएको छ । बाटाघाटाको सुविधा छ । बिजुली बत्ती, टेलिफोन लगायतका सुविधा छन् । पर्यटकहरूलाई स्थानीय मौलिक परिकार खुवाएर, मौलिक कला संस्कृति नाचगान देखाएर घरायसी वातावरणमा सेवा सत्कार गरिन्छ । अहिले त झन् प्याराग्लाइडिङको सञ्चालन पछि चिसापानीमा आउने पर्यटकहरूको सङ्ख्या बढेको छ । प्याराग्लाइडिङ पनि एक किसिमको साहसिक पर्यटन नै हो । साहसिक पर्यटन भनेको आँट साहस बटुलेर गरिने पर्यटन हो । जस्तै प्याराग्लाइडिङ लगायत बन्जिजम्पिङ, ट्रेकिङ, रकक्लाइबिङ, र्‍याफ्टिङ, जिपलाइन, माउन्टेन फ्लाइट आदि सबै साहसिक पर्यटन हुन् । यसरी पर्यटकलाई विभिन्न किसिमका सेवा सुविधा प्रदान गर्ने उद्देश्यले सञ्चालित सबै व्यवसायलाई पर्यटन उद्योग भनिन्छ । जस्तै पर्यटकलाई सशुल्क भ्रमण गराउने, आवासको व्यवस्था गर्ने, यातायातको व्यवस्था मिलाउने, दृश्यावलोकन गराउने, होटल व्यवसाय सञ्चालन गर्ने आदि सबै पर्यटन उद्योगअन्तर्गत पर्छन् ।

यसरी चिसापानीमा पनि थुप्रै पर्यटन व्यवसाय सञ्चालनमा आएका देखिन्छन् । घरेलु तथा साना उद्योगको विकास भएको छ । चिसापानी गाउँको प्रचार प्रसार भएको छ । कला र संस्कृतिको पनि संरक्षण र प्रचार प्रसार समेत भएको छ । पर्यटन प्रवर्धनमार्फत् रोजगारी सिर्जना गरी गरिबी निवारणमा समेत मदत पुगेको छ । यसरी चिसापानी गाउँमा जस्तै देशमा पर्यटकहरू भित्राउन सकियो भने विदेशी मुद्रा आर्जन गर्न सकिन्छ । विश्वमा नेपालको प्रचार प्रसार हुन्छ ।



साँच्ची नै नेपालमा पर्यटन व्यवसायको प्रशस्त सम्भावना रहेको छ। यहाँको प्राकृतिक सौन्दर्य, पूर्वदेखि पश्चिमसम्म फैलिएका हिमाली श्रृङ्खला, विभिन्न धर्मावलम्बीहरूसँग सम्बन्धित धार्मिक स्थलहरू, प्राचीन तथा ऐतिहासिक सम्पदा र कलाकृति, धार्मिक तथा सांस्कृतिक विविधता जस्ता कारणले नेपालमा पर्यटन व्यवसायको प्रशस्त सम्भावना रहेको छ । कुल गार्हस्थ उत्पादनमा पनि पर्यटन क्षेत्रको योगदान दिनप्रतिदिन बढ्दै गएको छ। वर्षेनी लाखौँ स्वदेशी तथा विदेशी पर्यटकहरूले नेपालको पर्यटकीय क्षेत्रको भ्रमण गर्ने गरेका छन्। यसबाट पर्यटनसँग सम्बन्धित विभिन्न होटल, रेस्टुरेन्ट, ट्रेकिङ तथा ट्राभल एजेन्सीहरूको स्थापना र सञ्चालन भएका छन् । त्यस्तै राफ्टिङ, पदयात्रा, हिमाल, आरोहण, क्यानोयिङ, माउन्टेन बाइकिङ, बन्जी जम्पिङ, प्यारा ग्लाइडिङ, जस्ता साहसिक पर्यटनको पनि नेपालमा विकास भइसकेको छ। चिसापानीमा जस्तै नेपालका थुप्रै ठाउँ पर्यटकीय गन्तव्यको रूपमा विकास हुँदै आएका छन्। त्यसैले नेपालमा पर्यटनलाई राष्ट्रिय आम्दानीको मुख्य आधारको रूपमा लिएको पाइन्छ।

**पाठको आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :**

(क) पर्यटन भनेको के हो ?

(ख) पर्यटक कसलाई भनिन्छ ?

(ग) पर्यटक कति किसिमका हुन्छन् ? तिनिहरूको बारेमा लेख्नुहोस्।

(घ) नेपालमा पर्यटन व्यवसायको महत्त्वको सूची बनाउनुहोस् ।

(ङ) नेपालमा पर्यटन व्यवसायको सम्भावना सम्बन्धमा छोटकरीमा लेख्नुहोस् ।

(च) पर्यटन व्यवसाय रोजगार प्रवर्धनको प्रमुख आधार हो । यस भनाइलाई उदाहरणसहित प्रस्ट पार्नुहोस् ।

## क्रियाकलाप

**तल दिइएको सम्पादकीय अध्ययन गर्नुहोस् र सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

**सम्पादकीय** **मिति : २०८०/०८/१५**

**नेपालमा पर्यटन क्षेत्रको विकासमा देखिएका समस्या र समाधानका उपाय**

**अन्नपूर्ण राष्ट्रिय दैनिक**

नेपालमा पर्यटन व्यवसायको प्रशस्त सम्भावना हुँदाहुँदै पनि विभिन्न समस्याका कारणले पर्यटन व्यवसायमा हुनुपर्ने जति विकास भएको छैन । अझै पनि पर्यटकहरू आकर्षित गर्न सकिने कतिपय ठाउँमा उच्चस्तरको होटल तथा लजको सुविधामा कमी छ । पर्यटकका लागि आवश्यक विभिन्न वस्तु तथा सेवा सुविधाको अभाव रहेको छ । पर्याप्त मात्रामा मनोरञ्जनको साधनको अभाव रहेको छ । कतिपय ठाउँमा यातायात र सञ्चारका साधनको अभाव छ । हाम्रो देशमा भएका कतिपय ठाउँमा रहेका धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षणको अभाव रहेको छ । दक्ष तथा अनुभवी पथप्रदर्शकको अभाव रहेको छ ।

नेपालमा पर्यटन क्षेत्रको विकास गर्नका लागि उच्चस्तरको होटल तथा लजको व्यवस्था गरिनुपर्छ । हाम्रा धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षणका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्छ । पर्यटन क्षेत्रको विज्ञापन तथा प्रचार प्रसारमा जोड दिनुपर्छ । मनोरञ्जनका साधनको व्यवस्था गर्नुपर्छ । समय समयमा पथप्रदर्शक उत्पादनका लागि तालिम सञ्चालन गरिनुपर्छ । नेपालका प्राकृतिक, धार्मिक तथा सांस्कृतिक सम्पदाको व्यापक रूपमा प्रचार प्रसार गरिनुपर्छ ।

**प्रधान सम्पादक**

(क) नेपालमा पर्यटनको विकासमा देखिएका समस्या र समाधानमा उपाय लेख्नुहोस् ।

## क्रियाकलाप

तपाईँको समुदायमा कस्ता पर्यटन व्यवसाय सञ्चालनमा रहेका छन् । खोजी गरी सूची बनाउनुहोस् र कुनै एकको पर्यटकीय क्षेत्रका लागि प्रचार प्रसारका लागि विज्ञापन सामग्री बनाउनुहोस् ।

**पर्यटकीय क्षेत्रका लागि प्रचार प्रसारका लागि विज्ञापनको नमुना**

**सूचना** !! **सूचना** !! **सूचना** !!

**आउनुहोस्** !! **आउनुहोस्** !! **आउनुहोस्** !!

सिन्धुपाल्चोक जिल्लाको थाम्पलधाप गाउँपालिकाम पर्ने पाँचपोखरी सुन्दर पर्यटकीय क्षेत्र हो । यहाँ हरेक वर्ष जनैपूर्णिमामा मेला लाग्ने गरेको छ । यो पोखरी समुद्र सतहबाट ४,५१४ मिटर उचाइमा रहेको छ । यो ठाउँ अत्यन्त रमणीय र सुन्दर छ । ट्रेकिङका लागि उपयुक्त गन्तव्य स्थल भएकाले फुर्सदको समयमा ट्रेकिङबाट भरपुर मनोरञ्जन लिनुहोस् र यहाँको मनोरम प्राकृतिक छटाबाट आनन्द लिनुहोस् ।

## क्रियाकलाप

तपाईँको समुदायमा गाउँपालिका/नगरपालिकाले पर्यटन क्षेत्रको विकासका लागि के के काम गर्दै आएका छन् । खोजी गरी लेख्नुहोस् ।

## क्रियाकलाप


पर्यटन क्षेत्रको विकासका लागि स्थानीय तह, प्रदेश सरकार र गैरसरकारी संस्थाको भूमिका के के हुन सक्छन् ? छुट्टाछुट्टै तालिकामा देखाउनुहोस् :

| स्थानीय तह | प्रदेश सरकार | गैरसरकारी संस्था |
| --- | --- | --- |
| | | |

# पाठ ४ वैदेशिक व्यापार

दिनेशको बुबा कपडा पसल गर्नुहुन्छ । उहाँ पसलमा बसेर सामान बेच्दै हुनुहुन्थ्यो । दिनेश सानैमा अलि ठुलै बिरामी भएका कारणले उनको पढाइ बिचैमा टुटेको थियो । त्यसपछि उनी सिकाइ केन्द्रमा तह तीनमा पढ्दै छन् । अहिले तह तीनको दोस्रो वर्षमा अध्ययन गर्दैछन् । उनी सिकाइ केन्द्रबाट घर फर्कँदा कपडा पसलमा पसे । सिकाइ केन्द्रमा गुरुआमाले वैदेशिक व्यापार भन्ने पाठको सम्बन्धमा हामी भोलि सिक्ने छौँ । यसो घरबाट केही अध्ययन गरेर आउनु है भन्नुभएको थियो । त्यसैले उनलाई बुबाले सामान बेचिरहँदा व्यापारको सम्बन्धमा छलफल गर्न मन लाग्यो ।

दिनेशले बुबालाई प्रश्न गरे, “बुबा हाम्रो पसलमा हजुरले कहाँ कहाँबाट सामान ल्याउने गर्नुभएको छ ?”




“नेपाली र विभिन्न देशहरूबाट ल्याएका सामान छन् बाबु यहाँ । नेपाली सामान मात्र राखेर त व्यापार गर्न नै सकिँदैन । ग्राहकहरूको इच्छाअनुसारको सामान राख्दा स्वदेशी विदेशी दुवै किसिमका सामान राख्नुपरेको हो ।” बुबाले प्रस्ट पार्नुभयो ।

“बुबा अनि वेदेशिक व्यापार भनेको चाहिँ यही बाहिरबाट सामान ल्याएर बेच्ने कामलाई हो ?” दिनेशले जिज्ञासा राखे ।

“ल सुन है त म तिमीलाई व्यापार के हो भन्नेबाटै बुझाउँछु तिमीलाई बुझ्न सजिलो हुन्छ भन्दै बुबाले प्रस्ट पार्नुभयो । हामीले आफूलाई आवश्यक परेका वस्तु अरूबाट खरिद गर्छौं र

आफूले उत्पादन गरेर बढी भएका वस्तु बिक्री गर्छौँ । यसरी वस्तु तथा सेवाको खरिद विक्री गर्ने कार्यलाई व्यापार भनिन्छ ।"

दिनेशले आश्चर्य मान्दै प्रश्न गरे, "बुबा मैले वैदेशिक व्यापारको बारेमा सोधेको हजुरले त व्यापार के हो ? भन्ने पो बताउनुभयो त । किन व्यापार पनि धेरै किसिमका हुन्छन् र ?"

"हो नि बाबु, व्यापार आन्तरिक र बाह्य गरी दुई किसिमका हुन्छन् । आफ्नो देशको भौगोलिक सिमानाभित्र सीमित रहेर गरिने व्यापारलाई आन्तरिक व्यापार र कुनै देशमा उत्पादन भएका वस्तु तथा सेवाहरू एक देश र अर्को देशबिच आदान प्रदान तथा खरिद बिक्री गरिने कार्यलाई बाह्य व्यापार वा वैदेशिक व्यापार भनिन्छ । आन्तरिक व्यापारमा देशभित्रै एक ठाउँमा उत्पादन भएका वस्तु विभिन्न ठाउँमा पुऱ्याइन्छ भने वैदेशिक व्यापारमा एक देशमा उत्पादन भएका वस्तु विभिन्न देशमा पुऱ्याईन्छ ।" बुबाले विस्तृत रूपमा बताउनुभयो ।

"ए बुबा गुरुआमाले भन्नुभएको वैदेशिक व्यापार त यस्तो पो रहेछ । हाम्रो देशमा प्रायः जसो बाहिरबाट कस्ता सामान ल्याइन्छन् र हाम्रो देशबाट बाहिर चाहिँ कस्ता सामान पठाइन्छन् नि ?" दिनेशले प्रश्न गरे ।

"हाम्रो देशमा बाहिरबाट पेट्रोलियम पदार्थ, इलेक्ट्रिक सामान, तयारी पोसाक, रासायनिक मल, सवारी साधन, मेसिनरी सामान, सुन चाँदी हिरा मोती जस्ता धेरै सामान आयात गरिन्छन् र नेपालबाट बाहिरचाहिँ कृषिजन्य  चिया, कफी, गलैँचा, नेपाली कागज, छाला, हस्तकलाका सामग्री, पस्मिना, तयारी पोसाकलगायतका सामान निर्यात गरिन्छ ।" बुबाले जवाफ दिनुभयो ।

"ए बुबा यदि वैदेशिक व्यापार नहुने हो भने त हामीले केही सामान पनि प्रयोग गर्न नपाइने रहेछ कि जस्तो लाग्यो ।" दिनेशले थप प्रश्न गरे ।

दिनेशको जिज्ञासालाई प्रस्ट पार्दै बुबाले भन्नुभयो, "हो नि आजको यस विज्ञान र प्रविधिको युगमा वैदेशिक व्यापार धेरै नै महत्त्वपूर्ण छ किनभने वैदेशिक व्यापारकै कारणले गर्दा हामीले विभिन्न देशमा बनेका सामान छानी छानी प्रयोग गर्ने अवसर पाएका छौँ । आफूलाई इच्छा लागेका र आवश्यक पर्ने सामान प्रयोग गरेका छौँ । हाम्रा आधारभूत आवश्यकता पूरा भएका छन् । वैदेशिक व्यापारकै कारणले रोजगारीको अवसरमा वृद्धि भएको छ । स्वदेशमा उत्पादन भएका वस्तु निर्यात गरेर विदेशी मुद्रा आर्जन भएको छ । देशको राजस्व सङ्कलनमा वृद्धि भएको छ । देशमा उपलब्ध कच्चा पदार्थको सदुपयोग भएको छ । वैदेशिक व्यापारको माध्यामबाट नेपालको सम्बन्ध विश्वबजारसम्म फैलिएको छ । देशमै उद्योगधन्दा कलकारखाना सञ्चालनका लागि मदत पुगेको छ ।"

दिनेशले खुसी हुँदै भने, "आहा बुबा हजुरले त कस्तो प्रस्ट हुने गरी वैदेशक व्यापारको महत्त्व भनिदिनुभयो ।"

"म तिमीलाई नेपालको वैदेशिक व्यापारको वर्तमान अवस्थाको सम्बन्धमा पनि सुनाउँछु यसबाट पनि तिमीलाई बुझ्न अझ सजिलो हुन्छ ।" बुबाले भन्नुभयो ।

"हस् बुबा ।" दिनेशले खुसी हुँदै भने ।

बुबाले भन्नुभयो, "नेपालको वैदेशिक व्यापारको ठुलो क्षेत्र भारत र त्यसपछि चीनले ओगटेको छ । नेपालले स्वतन्त्र व्यापार नीति अवलम्बन गरेपछि र विश्व व्यापार सङ्गठनको सदस्यता लिएका कारणले समुद्रपारका अन्य देशहरूसँग पनि व्यापारिक सम्बन्ध कायम भएको छ । नेपालको वैदेशिक व्यापार घाटाको अवस्थामा रहेको छ । एकातिर आयात बढी र निर्यात कम छ भने अर्कोतिर हाम्रो देशबाट बाहिर निर्यात गर्ने वस्तु कृषिजन्य र सस्ता छन् भने बाहिरबाट आयात गर्ने वस्तुहरू महङ्गा मेसिनरी सामान, सवारी साधन, विलासिताका सामान आदि छन् ।"

"बुबा नेपालमा वैदेशिक व्यापारको क्षेत्रमा देखिएका मुख्य समस्या के के हुन् ?" भनिदिनुहोस् न भनी दिनेशले प्रश्न गरे ।

"मुख्य समस्या त अघि मैले भनिसकेँ व्यापार घाटा नै हो । उपभोग्य तथा विलासी वस्तुको आयात उच्च हुनु र पेट्रोलियम पदार्थको आयात उच्च भएका कारणले व्यापार घाटा बढेको हो । त्यस्तै नेपाली उद्योगहरूबाट उत्पादित सामग्री विदेशी सामानसँग प्रतिस्पर्धा गर्न नसक्नु पनि वैदेशिक व्यापारमा देखिएको समस्या हो । अर्को छ लगानीकर्ताले औद्योगिक लगानीमा भन्दा आयातमा बढी ध्यान दिएकाले पनि व्यापारको विकासमा समस्या उत्पन्न भएको हो ।" बुबाले प्रस्ट पार्नुभयो ।

"बुबा यसरी वैदेशिक व्यापारको क्षेत्रमा देखिएका यस्ता समस्या समाधानका लागि केही गर्न सकिँदैन ?" दिनेशले प्रश्न गरे ।

"सकिन्छ नि किन नसक्नु ल सुन है त म तिमीलाई समस्या समाधानका उपाय सम्बन्धमा पनि बताउँछु है त ? यसका लागि हाल बढ्दै गएको विलासी वस्तुहरूको आयातमा रोक लगाउनुपर्छ । पेट्रोलियम पदार्थको सट्टा वैकल्पिक ऊर्जाका स्रोत जस्तै जलविद्युत्‌को उत्पादन र प्रयोगमा जोड दिनुपर्छ । विदेशबाट निर्यातमा वृद्धि गर्नुको सट्टा नेपालमै कृषिजन्य र वनजन्य उद्योगको स्थापना गर्नुपर्छ । नेपाली उद्योगबाट उत्पादित सामग्रीको गुणस्तरीयतामा ध्यान दिनुपर्छ । कच्चा पदार्थ र अर्धप्रशोधित उद्योगको निर्यातमा जोड दिइनुपर्छ । यस्ता कार्य गर्न सकेमा हाल बढ्दै गइरहेको व्यापार घाटा नियन्त्रण गर्न सकिन्छ ।" बुबाले प्रस्ट पार्नुभयो ।

## पाठको आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) व्यापार भनेको के हो ?

(ख) व्यापार कति किसिमका छन् ? ती के के हुन् ?

(ग) आन्तरिक र बाह्य व्यापारको बिचमा फरक छुट्याउनुहोस् ।

(घ) नेपालमा वैदेशिक व्यापारको महत्त्व उल्लेख गर्नुहोस् ।

(ङ) नेपालमा वैदेशिक व्यापारको विकासमा देखिएका समस्या र समाधानका उपाय तालिकामा देखाउनुहोस् :

| वैदेशिक व्यापारको विकासमा देखिएका समस्या | समाधानका उपाय |
|---|---|
| | |

## क्रियाकलाप

तपाईँको समुदायमा बजार अवलोकन गर्नुहोस् र विदेशबाट आयात गरिएका र नेपालमै बनेका सामान छुट्टाछुट्टै तालिकामा देखाउनुहोस् :

| विदेशबाट आयात गरिएका | नेपालमै बनेका |
|---|---|
| | |

## क्रियाकलाप

नेपालमा हाल बढ्दै गएको व्यापार घाटाको अवस्थामा सुधार गरी व्यापार प्रवर्धन गर्न के के गर्नुपर्ला ? समुदायमा जानकार व्यक्तिलाई सोधखोज गरी लेख्नुहोस् ।

# पाठ ५ वैदेशिक रोजगारी

प्रेरणा सिकाइ केन्द्रका महिलालाई सहजकर्ताले वैदेशिक रोजगारी सम्बन्धमा सोधखोज गरी तल दिइएका शीर्षकमा केन्द्रित रही प्रतिवेदन तयार गर्न दिनुभएको थियो :

(क) शीर्षक

(ख) अध्ययनको उद्देश्य

(ग) विधि

(घ) पत्ता लगाइएका कुरा

(ङ) निष्कर्ष तथा सुझाव

सिकारुले तयार पारेको प्रतिवेदनको नमुना हामी पनि हेरौँ है त ?



**(क) शीर्षक :**

**नेपालमा वैदेशिक रोजगारीको अवस्था**

**(ख) अध्ययनको उद्देश्य**

१. नेपालमा वैदेशिक रोजगारीको अवस्था अध्ययन गर्ने ।

२. नेपालमा वैदेशिक रोजगारीको क्षेत्रमा देखिएका चुनौती तथा अवसरको खोजी गर्ने

**(ग) अध्ययनको विधि :**

- विभिन्न स्रोत सामग्रीको अध्ययन
- अन्तर्वार्ता

**(घ) पत्ता लगाइएका कुरा :**

हाल नेपालमा दिनप्रतिदिन विदेशमा काम गर्न जाने नेपालीको सङ्ख्या बढ्दै गएको छ । वर्तमानमा यसलाई राम्रो मानिए तापनि देशमा काम गर्ने युवा जनशक्ति देश बाहिर जाँदा देशलाई पक्कै पनि असर पर्छ भन्ने लागेर नै हामीले नेपालमा वैदेशिक रोजगारीको वर्तमान अवस्था, चुनौती र अवसर पत्ता लगाउने उद्देश्यका साथ यो प्रतिवेदन तयार गरेका हौँ । हामीले हाम्रो समुदायमा वैदेशिक रोजगारमा गएर फर्केर आउनुभएका दुई जनासँग सोधखोज गरी उहाँहरूबाट आएको जवाफलाई लिएर यो प्रतिवेदन तयार गरेका छौँ ।

रोजगारीका लागि एक देशका व्यक्ति अन्य देशमा गएर काम गर्नुलाई वैदेशिक रोजगारी भनिन्छ । हाल नेपालमा रोजगारीको पर्याप्त मात्रामा अवसर नहुँदा नेपाली दिनप्रतिदिन वैदेशिक रोजगारीमा जान बाध्य भएको देखिन्छ । नेपालबाट हरेक दिन करिब एक हजार नेपाली रोजगारीका लागि बिदेसिएका छन् भनी समाचारमा भनेको सुनिन्छ । यदि यो साँचो हो भने त वर्तमानमा यसले खासै असर नगरे तापनि भविष्यमा नेपालमा काम गर्ने युवा जनशक्तिको अभाव हुने निश्चित छ भनी उहाँहरूले मन नै छुने कुरा गर्नुभयो । नेपालमा आफ्नो योग्यताअनुसार रोजगार काम र पारिश्रमिक नपाउनु, व्यापार व्यवसाय गर्ने उपयुक्त वातावरण नहुनु, उद्योग धन्दाको पर्याप्त विकास नहुनु जस्ता कारणले नेपालीहरू वैदेशिक रोजगारीमा जान बाध्य भएका हुन् कि जस्तो लाग्छ भनी जवाफ दिनुभयो ।

तत्कालका लागि त वैदशिक रोजगारीकै कारणले विप्रेषण (Remittance) मार्फत विदेशी मुद्रा प्राप्त भएको छ । विदेशमा सिकेका सिप र प्रविधि नेपालमा भित्र्याउन सकिन्छ । नेपालीहरूको जीवनस्तरमा सुधार भएको छ । अन्तर्राष्ट्रिय सम्बन्ध पनि राम्रो भएको छ ।

वैदेशिक रोजगारीको क्षेत्रमा देखिएका चुनौती के के हुन् ? भन्ने प्रश्नको जवाफमा उहाँहरूले वैदेशिक रोजगारीलाई अवसर सम्झेर विदेशमा जाने नेपालीको सङ्ख्या दिनप्रतिदिन बढ्दै गए तापनि विभिन्न चुनौतीका कारणले विदेशमा जाने नेपालीको सहज जीवनयापन हुन नसकेको कुरा व्यक्त गर्नुभयो । मुख्य त हाम्रो नेपालमा अन्तर्राष्ट्रिय श्रम बजारको मागअनुसार सिपयुक्त श्रमशक्तिको विकास गर्नु, वैदेशिक रोजगारका लागि गएका नेपालीको सुरक्षा, वैदेशिक रोजगारका नाममा बढ्दै गएका ठगीको पहिचान र नियन्त्रण जस्ता चुनौती रहेका छन् । त्यस्तै वैदेशिक रोजगारबाट सिर्जित समस्या कम गर्नु, वैदेशिक रोजगारबाट प्राप्त पुँजी, ज्ञान, सिप र प्रविधिको सदुपयोग गर्नु जस्ता विभिन्न थप चुनौती रहेको भनी आफ्ना विचार व्यक्त गर्नुभयो ।

तपाईँहरूको विचारमा वैदेशिक रोजगारका अवसर के के छन् भनी प्रश्न गर्दा उहाँहरूले वैदेशिक रोजगारलाई अवसरको रूपमा लिएर यसको विकासका लागि विभिन्न प्रयास भएको देखिन्छ । पछिल्लो समयमा प्राविधिक तथा व्यावसायिक शिक्षालाई प्राथमिकता दिइएको छ । विभिन्न देशहरूसँग द्विपक्षीय श्रम सम्झौता गरेको छ । श्रम तथा रोजगारसम्बन्धी कानुन जारी गरी कार्यान्वयनमा रहेको छ । वैदेशिक रोजगारबाट देशमा पुँजी, ज्ञान, सिप र प्रविधि भित्रिएका छन् । वैदेशिक रोजगारमा जान चाहाने युवालाई श्रम स्वीकृति दिने, अभिमुखीकरण कक्षाको व्यवस्था गर्ने जस्ता थुप्रै प्रयास भएको देखिन्छ भनी बताउनुभयो ।

### (ङ) निष्कर्ष तथा सुझाव

आजको युग विज्ञान र प्रविधिको युग हो । विज्ञान र प्रविधिकै कारणले विश्व एउटा सिङ्गो

गाउँमा परिणत भएको छ। त्यसैले अहिले संसारभरका मानिस जतातत्तै छरिएर रहेका देखिन्छन्। वैदेशिक रोजगार अहिले विश्वव्यापी रूपमा नै फैलिएको छ। नेपालको सन्दर्भमा पनि वैदेशिक रोजगार दिनप्रतिदिन बढ्दै गएको देखिन्छ। यसबाट तत्कालका लागि देशलाई र जनता दुवैलाई फाइदा भएको छ। त्यसैले वैदेशिक रोजगारलाई अझ व्यवस्थित बनाउने तर्फ राज्य लाग्नुपर्ने देखिन्छ र वैदेशिक रोजगारको क्षेत्रमा देखिएका चुनौतीको पनि समाधान गर्नुपर्छ।

मेरो विचारमा नेपाली युवालाई वैदेशिक रोजगारका लागि प्रोत्साहित गर्नुभन्दा पनि स्वदेशमै प्राविधिक तथा व्यावसायिक सिपमूलक शिक्षाको व्यवस्था गर्नुपर्छ। अहिले केही समयका लागि वैदेशिक रोजगारमा युवालाई पठाइए तापनि उनीहरूलाई स्वदेशमा फिर्ता बोलाएर विदेशमा सिकेका ज्ञान, सिप र क्षमताको प्रयोग गरी नेपालमै केही गर्ने वातावरण प्रदान गर्नुपर्छ। त्यस्तै युवालाई रोजगार तथा स्वरोजगारको अवसर प्रदान गर्नुका साथै व्यवसाय सञ्चालन गर्न सहुलियत रूपमा ऋण प्रदान गरिनुपर्छ।

### पाठको आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) वैदेशिक रोजगार भनेको के हो ?

(ख) वैदेशिक रोजगारको महत्त्व उल्लेख गर्नुहोस्।

(ग) नेपालमा वैदेशिक रोजगारीको अवसर सम्बन्धमा एक अनुच्छेद लेख्नुहोस्।

(घ) वैदेशिक रोजगारको क्षेत्रमा देखिएका चुनौतीको सूची बनाउनुहोस्।

### क्रियाकलाप

तपाईँको समुदायमा वैदेशिक रोजगारीमा गएका व्यक्तिको नाम सङ्कलन गर्नुहोस् र तल दिइएको तालिकामा भर्नुहोस् :

| व्यक्तिको नाम | वैदेशिक रोजगारीमा गएको देश | गरेको काम | भोग्नुपरेका समस्या |
|---|---|---|---|
| | | | |

## क्रियाकलाप

तपाईंको विचारमा वैदेशिक रोजगार ठिक कि बेठिक पक्ष र विपक्षका तर्फबाट तर्क लेख्नुहोस् ।

## क्रियाकलाप

अहिले नेपालबाट वैदेशिक रोजगारका लागि बिदेशिने नेपालीको सङ्ख्या दिनप्रतिदिन बढ्दै गएको छ। यसरी नेपाली बिदेसिनुका कारण के के होलान् ? यसरी बढिरहेको विदेश पलायनलाई रोक्न के के गर्नुपर्ला ? समुदायमा जानकार व्यक्तिलाई सोधखोज गरी लेख्नुहोस् ।

## आफूलाई जाँच्नुहोस् :

### १. पाठका आधारमा खाली ठाउँमा मिल्ने शब्द भर्नुहोस् :

(क) बढी भएका वस्तु अरूलाई दिएर अरूसँग भएका वस्तु आफूले लिएर साटासाट गरेर आफ्ना आवश्यकता पूरा गर्ने प्रणालीलाई .....................भनिन्छ। (वस्तु विनिमय प्रणाली, बैङ्किङ प्रणाली)

(ख) आर्थिक कारोबार वा मुद्राको कारोबार गर्ने संस्थालाई ......................भनिन्छ। (वित्तीय संस्था, सङ्घसंस्था)

(ग) विभिन्न उद्देश्य राखेर एक ठाउँबाट अर्को ठाउँमा घुमफिर गर्ने कार्यलाई ................भनिन्छ। (पर्यटक)

(घ) रोजगारीका लागि एक देशका व्यक्ति अन्य देशमा गएर काम गर्नुलाई .................भनिन्छ। (वैदेशिक रोजगारी स्वदेशी रोजगार)

(ङ) नेपालको वैदेशिक व्यापारको ठुलो क्षेत्र ........................ओगटेको छ । (भारत र चीनले, अमेरिका र बेलायत)

(च) पैसा जम्मा गरेबापत बैङ्कले हामीलाई .....................दिन्छ। (ब्याज, स्यावासी)

(छ) आफ्नो देशको भौगोलिक सिमानाभित्र सीमित रहेर गरिने व्यापारलाई ......................भनिन्छ। (आन्तरिक व्यापार वैदेशिक रोजगार)

## २. तल दिइएका प्रश्नको उत्तर दिनुहोस् :

(क) वस्तु विनिमय प्रणाली किन लोप हुँदै गएको होला ?

(ख) बैङ्कमा खाता खोल्न के के गर्नुपर्ला ? जानकार व्यक्तिसँग सोधखोज गरी लेख्नुहोस् ।

(ग) नेपालमा पर्यटन क्षेत्रको विकासका लागि के के गर्नुपर्ला ? उल्लेख गर्नुहोस् ।

(घ) वैदेशिक रोजगारी र स्वदेशी रोजगारमध्ये तपाईँलाई कुन मन पर्छ ? किन ?

(ङ) नेपालले हाल भइरहेको वैदेशिक व्यापार घाटाको अवस्थालाई कम गरी व्यापार प्रवर्धनका लागि के गर्नुपर्छ ?

# एकाइ ७

# हाम्रो पृथ्वी

## पाठ १ मौसम र हावापानी

**तलको पाठ अध्ययन गर्नुहोस् र छलफल गर्नुहोस् :**

मौसम र हावापानी सम्बन्धमा गुरुआमाले कक्षामा छलफल सुरु गर्नुभयो । सुरुमा विकल्पले मौसम र हावापानी भनेको सधैँ सुन्ने गरेको तर आफू त्यति स्पष्ट हुन नसकेको भनेपछि गुरुआमाले मौसम सम्बन्धमा यसरी स्पष्ट पार्नुभयो ।

"कुनै स्थानको वायुमण्डलको तापक्रम, हावाको चाप, बादल र वर्षाको अवस्थालाई मौसम भनिन्छ । यो स्थायी र निश्चित हुँदैन ।"

हावापानी र मौसम उही हो र गुरुआमा भनेर कृष्णाले जिज्ञासा राखिन् ।

गुरुआमाले यसरी प्रस्ट पार्नुभयो, "वातावरण र वायुमण्डलमा हामी छिनछिनमा फेरबदल भएको अनुभव गर्छौं । हो, त्यो चाहिँ मौसम हो । हावापानी भनेको लामो समय र ठुलो स्थानको वायुमण्डलको अवस्था हो । यसलाई कुनै स्थानको वर्षभरिको मौसमको औसत अवस्था भनेर पनि बुझिन्छ ।"

उहाँले थप उदाहरण दिएर अझ बुझाउँदै भन्नुभयो, "एउटै समयमा कुनै पनि दुई स्थानको वायुमण्डलको अवस्था र वातावरण एकै प्रकारको हुँदैन । एक ठाउँमा वर्षा हुँदा अर्को ठाउँमा घाम लागेको हुन सक्छ भने अन्य स्थानमा बादल लागेको पनि हुन सक्छ । त्यसै गरी कुनै एक स्थानमा दिनभरिको वायुमण्डलको अवस्था र वातावरण पनि एकै प्रकारको हुँदैन । एकछिन अघि घाम चर्केको स्थानमा एकछिनमा बादल लाग्न वा वर्षा हुन सक्छ । वायुमण्डल र वातावरणको यही अवस्थालाई मौसम भनिन्छ ।

तर हावापानी मौसम जस्तो छिनछिनमा फेरिँदैन । नेपालको हावापानी मनसुनी हावापानी हो । यो हावापानीमा ग्रीष्म ऋतुमा गर्मी र वर्षा हुन्छ । त्यस्तै गरी हिउँद ऋतुमा ठन्डा र कम वर्षा हुन्छ । त्यसैले हिउँद सुक्खा हुन्छ । ग्रीष्म ऋतुमा हरेक दिन मौसमी अवस्थामा फेरबदल भइरहन्छ तर औसत तापक्रम, औसत वर्षा, वायुको आर्द्रता हरेक वर्ष उस्तै हुन्छ । हावापानी मौसमजस्तो क्षणक्षणमा परिवर्तन हुँदैन । यो लामो अवधिमा मात्र फेरिन्छ । यसलाई नै जलवायु पनि भनिन्छ ।"

यति भनेपछि स्रोत शिक्षकले मौसम र हावापानीलाई यसप्रकार तालिकामा देखाउनुभयो ।

**मौसम र हावापानीबिचमा भिन्नता**

| मौसम | हावापानी |
| --- | --- |
| - मौसम भनेको दिनभरीको वायुमण्डलीय अवस्था हो ।<br>- वायुमण्डलमा हुने वायुको ताप र चापमा मौसको अवस्था निर्भर हुन्छ ।<br>- मौसम क्षण क्षणमा परिवर्तन भइरहन्छ ।<br>- कुनै विशेष स्थानमा वायुमण्डलको अल्पकालीन अवस्थालाई नै मौसम भनिन्छ ।<br>- पानी पर्नु, घाम लाग्नु, हुरी चल्नु तापक्रम र वायुको चापमा तल माथि हुनु नै मौसमको अवस्था हो । | - वर्षभरीको मौसमको कुल अवस्थालाई हावापानी भनिन्छ ।<br>- वर्षभरी मौसमको अवस्था कस्तो रह्यो, कुन महिनाको औसत तापक्रम कस्तो रह्यो ? कुन कुन महिनामा वर्षा भयो ? वर्षा हुँदा कति परिणाममा भयो ? कुन महिना सुक्खा रहे ? यिनै कुराको आधारमा कुनै पनि ठाउँको हावापानी निर्धारण गरिन्छ ।<br>- अक्षांश, उचाइ, सामुन्द्रिक दुरता, सामुद्रिक धार, वायुको दिशा पर्वतको ढाल, धरातलीय बनोट, वनस्पति हावापानी आदि मा प्रभाव पार्ने मुख्य तत्त्व हुन् । |


मौसम र हावापानीको तालिका प्रस्तुतिपछि सहजकर्ताले हावापानीमा प्रभाव पार्ने तत्त्व सम्बन्धमा छलफल सुरु गर्नुभयो । उहाँले पृथ्वीको विभिन्न ठाउँमा विभिन्न प्रकारका हावापानी पाइने र ती हावापानीमा विभिन्न तत्त्वले प्रभाव पार्ने सन्दर्भ उठान गर्दै तलको चार्ट प्रस्तुत गर्नुभयो ः

हावापानीमा प्रभाव पार्ने तत्त्वहरू





कक्षामा विद्यार्थी मनिषाले अक्षांशले हावापानीमा कसरी प्रभाव पार्छ गुरुआमा भनी प्रश्न गरिन् ।

गुरुआमाले भन्नुभयो, "हामीले पहिला अक्षांश के हो ? बुझ्नुपर्छ। पृथ्वीको बिचमा भाग पारेर खिचिएको रेखा भूमध्य रेखा हो। सो रेखाको समानान्तर रूपमा खिचिएका उत्तरतिर ९० ओटा र दक्षिणतिर ९० ओटा रेखाहरू अक्षांश रेखा हुन्। भूमध्य रेखा ०० अक्षांश रेखा हो। अक्षांश रेखा काल्पनिक रेखा हुन्। यी रेखा नक्सा वा ग्लोबमा मात्र हुन्छन्। भूमध्य रेखाबाट उत्तर वा दक्षिणतर्फ जाँदा सूर्यको किरण छड्के पर्दै जान्छ। त्यसैले भूमध्यरेखाबाट जति जति उत्तर वा दक्षिणतिर गयो उति उति तापक्रम घट्दै जान्छ। भूमध्यरेखीय क्षेत्रमा सधैँभरि सूर्यको किरण सिधा पर्ने भएकाले त्यहाँ वर्षैभरी गर्मी हुन्छ। यसरी अक्षांशको मान बढ्दै जाँदा तापक्रम घट्दै जान्छ।



प्रवेशको जिज्ञासा थियो, गुरुआमा हामी पहाडको फेदीमा हुँदा गर्मी महसुस गर्छौं, जब पहाडको माथि माथि जान्छौं । शीतल महसुस गर्छौं । यो उचाइ बढ्दै जाँदा नि हावापानीमा फरक पर्छ हो ?

गुरुआमाले प्रवेशलाई धन्यवाद दिँदै उनको जिज्ञासा यसरी पूरा गर्नुभयो ।




"हो नि, उचाइले पनि हावापानीमा परिवर्तन ल्याउँछ । जतिजति जमिनको उचाइ बढ्दै गयो त्यति त्यति वायुको घनत्व घट्दै जान्छ। कम उचाइमा वायुको घनत्व बढी हुन्छ। सतहको वायुमण्डल बाक्लो हुन्छ र यहाँको वायुमण्डमण्डलमा धुलाका कणसमेत हुन्छन् । बढी घनत्व भएको बाक्लो वायुमण्डलले सूर्यको तापलाई बढी सोस्न सक्छ। उच्च क्षेत्रमा हावाका कण थोरै र पातला हुन्छन्। यिनीहरूले सूर्यको तापलाई धेरै सोसेर राख्न सक्दैनन्। त्यसैले कम उचाइमा गर्मी हुन्छ।"

छलफलकै क्रममा विद्यार्थी धनञ्जयले आफ्नो जिज्ञासा यसरी राखे, "उचाइले हावापानीमा परिवर्तन आउने कुरा त मैले बुझेँ, त्यो हामीले पनि अनुभव गरेकै कुरा भयो, तर सामुद्रिक दूरताले हावापानीमा कसरी प्रभाव पार्छ होला भन्ने मेरो जिज्ञासा हो, गुरुआमा ?"

धनञ्जयको जिज्ञासालाई उदाहरण दिँदै गुरुआमाले भन्नुभयो, "हामीलाई थाहा छ नि, पानी ढिलो तातेर बिस्तारै सेलाउँछ भने जमिन पानीको तुलनामा चाँडै तातेर चाँडै सेलाउँछ । दिउँसोको समयमा जमिन र समुद्रमा सूर्यको ताप बराबर मात्रामा परे पनि जमिन समुद्रभन्दा तातो हुन्छ। जमिन तात्दा यहाँको हावा पनि तातेर माथितिर जान्छ। यसै बखत समुद्रको चिसो हावा जमिनतिर बहन्छ। जसले गर्दा जमिनमा शितल हुन्छ भने समुद्रको नजिकका स्थानमा पर्याप्त वर्षा हुन्छ र गर्मी कम हुन्छ। त्यहाँको तापक्रम र हावापानी सुरम्य प्रकारको हुन्छ। रातको समयमा जमिन सेलाएर यहाँको तापक्रम कम हुन्छ तर समुद्र न्यानो नै हुन्छ। समुद्रको न्यानो वायुको प्रभावले गर्दा रातमा समुद्रको नजिकका स्थान पनि प्रायः न्यानो नै हुन्छन्। समुद्रदेखि टाढाको क्षेत्रमा भने समुद्रको वायुको प्रभाव कम पर्ने हुनाले दिनमा ज्यादै गर्मी र रातमा ज्यादै जाडो हुन्छ र कम वर्षा हुन्छ। अब त धनञ्जयको जिज्ञासा शान्त पार्न सफल भएँ कि जस्तो लाग्छ।

धनञ्जयले गुरुआमाको विचारमा सहमति  जनाए तर उनी अझै रोकिएनन्, उनले सामुद्रिक धारले कसरी हावापानीमा परिवर्तन ल्याउँछ भनी अर्को प्रश्न सोधे ।

उनको प्रश्नको जवाफ गुरुआमाले यसरी दिनुभयो,“ समुद्रमा नियमित रूपमा निश्चित दिशा भई बग्ने पानीको वहावलाई सामुद्रिक धार भनिन्छ । यस्ता धार चिसो र न्यानो गरी दुई प्रकारका हुन्छन् । न्यानो धार बहने क्षेत्र न्यानो हुन्छन् भने चिसो धार बहने क्षेत्रमा जाडो हुन्छ ।” यसमा अझ पनि अस्पष्टता छ र, गुरुआमाले भन्नुभयो । सबैले बुझ्यौँ भनी सहमति  जनाए ।

त्यसपछि गुरुआमाले पहाडको उपस्थितिले पनि हावापानीमा प्रभाव पार्ने कुरा बताउनुभयो । नेपालमा उच्च पहाड र हिमालले उत्तरबाट वहने चिसो वायुलाई रोकेर नेपालमा धेरै चिसो हुन रोकेको कुरा पनि बताउनुभयो भने ग्रीष्ममा हिन्दमहासागर र बङ्गालको खाडीबाट वहने जलवाष्पयुक्त मनसुनी वायुलाई नेपालमा वर्षा गराउने सन्दर्भ पनि स्पष्ट बुझाइदिनुभयो ।

छलफल चलिरहँदा दीपेश घलानले वनजङ्गलको हावापानी परिवर्तनमा भूमिका हुने वा नहुने जिज्ञासामा गुरुआमाले यसरी स्पष्ट पार्नुभयो, “घना जङ्गल भएको ठाउँमा आर्द्रता बढी भई वर्षा हुन्छ । जङ्गलले नजिकका स्थानहरूको वायुमण्डललाई स्वच्छ राख्छ र गर्मी समयमा चिसो हावा दिन्छ । यसरी जङ्गलले पनि हावापानीमा प्रभाव पारेको हुन्छ ।”

उहाँले जमिनको ढालले पनि कुनै स्थानको हावापानीमा प्रभाव पार्ने सन्दर्भ स्पष्ट पार्नुभयो । सूर्यको सम्मुख पर्ने ढालको हावापानी न्यानो हुन्छ । त्यसै गरी विमुख पर्ने ढालको हावापानी प्रायः चिसो र सुक्खा किसिमको हुन्छ ।

अन्तिममा गुरुआमाले कुनै स्थानको हावापानीमा माटाले पनि प्रभाव पार्ने कुरा बुझाउनुभयो । उहाँले लेसिलो माटाको उदाहरण दिँदै त्यस्तो माटामा पानीको मात्रा  थोर बहुत हुने भएकाले त्यस्तो माटो भएको स्थानमा शीतल र ओसिलो हावापानी पाइने बताउनुभयो भने बलौटे माटाले पानीलाई सोसेर राख्न नसक्ने हुनाले ती स्थानको हावापानी सुक्खा प्रकारको हुन्छ भनी आजको छलफललाई अन्त्य गर्नुभयो ।

**पाठको आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :**

(क) मौसम भनेको के हो ?

(ख) हावापानी भनेको के हो ?

(ग) मौसम र हावापानीबिचमा भिन्नता लेख्नुहोस् ।

(घ) हावापानी परिवर्तन ल्याउने तत्त्वको सूची तयार पार्नुहोस् ।

(ङ) समुद्र आसपासको क्षेत्रभन्दा भित्री क्षेत्र बढी सुक्खा हुन्छन्, किन ? भौगोलिक कारण दिनुहोस् ।

### क्रियाकलाप

आफ्नो विद्यालय वरपरको आजको मौसमको अवलोकन गरी कुन वेला कस्तो मौसम देखियो, टिपोट गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

### क्रियाकलाप


मौसम र हावापानीबिचका भिन्नतालाई चार्टपेपरमा तयार पारी आफ्नो सिकाइ केन्द्रमा टाँस्नुहोस् ।

### क्रियाकलाप

तपाईं बसोबास रहेको स्थानमा कुन प्रकारको हावापानी पाइन्छ ? त्यस स्थानको हावापानीमा कुन कुन तत्त्वको प्रभाव रहेको छ ? साथीहरूसँग छलफल गरेर लेख्नुहोस् ।

सङ्कलन गरी सो तथ्याङ्कलाई रेखाचित्रमा देखाउनुहोस् :

**रेखाचित्रको नमुना**



## परियोजना कार्य

करिनाले आफ्नो बसोबास रहेको स्थानको एक हप्तासम्मको तापक्रम र वर्षाको औसत तथ्याङ्क सङ्कलन गरी सो तथ्याङ्कलाई रेखाचित्रमा देखाएकी छिन् । तपाईँ पनि आफू बसोबास गरेको स्थानको एक हप्ता सम्मको तापक्रम र वर्षाको औसत तथ्याङ्क सङ्कलन गरी तल नमुनामा देखाईए जस्तै रेखाचित्रमा देखाउनुहोस् ।

**जलवायु परिवर्तनको असरसम्बन्धी घटना अध्ययन गरौँ है त ?**

अचेल श्यामशरण काका आफ्नो परम्परागत खेती छाडेर व्यवसायिक तरकारी खेतीमा लागेका छन् । उनी परम्परागत खेती गर्दा बिरुवाले समयमा उत्पादन नदिने, उत्पादन पनि कम हुने कुराले हैरान थिए । रोपाई गर्ने समयमा पानी नपरेर चिन्तित काका, बल्लबल्ल साउनको अन्तिमतिर जसोतसो रोपाईँ त गरे तर धानमा धेरै खालमा झार उम्रेर र रोगलागेर धानलाई राम्रोसँग हुर्कन दिएन् । धान काट्ने समयमा असिना पानीले उनको धानबाली सखाप पारिदियो । वर्षाको पूर्वानुमान गर्न नसकिने, ऋतुअनुसार मौसमी ढाँचामा परिवर्तन आउनुको कारण जलवायु परिवर्तनको असर हो भन्ने उनले थाहा पाएको धेरै भएको छैन । भारी हिमपात हुने, अप्रत्याशित ठुलो पानी परेर बाढी पहिरो जानुको कारक जलवायु परिवर्तन हो भन्ने उनले थाहा पाएर उनी निराश भएर व्यावसायिक तरकारी खेतीतिर आकर्षित भएका हुन् । जलवायु परिवर्तनको असर त हामी जस्ता गरिबलाई नै पर्ने रै छ भनेर उनी दुखेसो गर्छन् । धनी र औद्योगिक देशले गरेको कार्बन उत्सर्जनको मारमा हामी नेपाली पर्नुलाई उनी दुर्भाग्य ठान्छन् । कार्बन उत्सर्जनमा खासै भूमिका नहुने हाम्रो जस्तो अल्पविकसित देशले शक्ति सम्पन्न र विकसित देशसँग क्षतिपूर्ति दावी गर्नुपर्ने उहाँको विचार छ ।

# पाठ २ जलवायु परिवर्तन

**तलको पाठ अध्ययन गर्नुहोस् र मुख्य मुख्य बुँदा टिपोट गरी छलफल गर्नुहोस् :**

जलवायु परिवर्तन भन्नाले विश्वव्यापी रूपमा तापमान र मौसमको स्वरूपमा लामो अन्तरालमा आउने परिवर्तनलाई बुझाउँछ । जलवायु प्राकृतिक रूपमा नै परिवर्तनशील छ तर हालको जलवायु परिवर्तन, विश्वव्यापी तापमानमा वृद्धिका कारण भएको हो । विश्वव्यापी तापमान वृद्धि हुनुमा मानवीय गतिविधि जिम्मेवार छन् जसको कारण वायुमण्डलको संरचनामा बद्लाव आएको हो । जलवायु परिवर्तनले जलवायुका कैयौँ पक्षलाई प्रभावित तुल्याउँछ । जस्तै वर्षाको सही पूर्वानुमान गर्न सकिँदैन, ऋतुजन्य मौसमको ढाँचा बदलिदिन्छ, विषम प्रकृतिका मौसमजन्य घटना (जस्तैः भारी हिमपात हुनु, सुक्खा खडेरी पर्नु, उष्ण र ठण्डी वायुभाटा पैदा हुनु र अचानक हिमताल फुट्नु) जस्ता घटनाको सम्भावना बढाइदिन्छ ।

### जलवायु परिवर्तनका कारक तत्वहरू

- प्राकृतिक स्रोत साधनको अत्यधिक दोहनबाट वन विनाश र वन क्षयीकरण हुनु
- दिगोपन रहित खेती प्रणालीको प्रयोग
- जथाभावी तवरले पूर्वाधारको निर्माण
- अव्यस्थित सहरीकरण र प्रदूषण
- गरिबी
- ऊर्जाशक्तिको मागमा उच्च वृद्धि
- हरितगृह ग्यास उत्सर्जन



### जलवायु परिवर्तनले पार्ने असर

- हिमालमा हिउँ पग्लिई हिमालहरू नाङ्गा हुने खतरा रहनु
- हिमतालहरू पग्लिएर फुटने र आकस्मिक बाढी र डुबानको डर हुनु
- तापक्रममा वृद्धि भई समुद्र सतह बढ्न जाने र तटीय क्षेत्र डुबानमा पर्ने खतरा वृद्धि हुनु
- बालीहरूको फुल्ने, फल्ने र पाक्ने समय चक्रमा फेरबदल आउनु

- चराहरूले फुल पार्ने र बच्चा कोरल्ने समय चक्र परिवर्तन हुनु
- समय चक्रमा फेरबदलसँगै रोग कीराको प्रकोप बढ्नु
- बिउ भण्डारण गर्न कठिनाइ हुनु
- अति वृष्टि र अनावृष्टि हुनु
- सङ्क्रामक रोगमा वृद्धि हुनु
- औषधीजन्य जडीबुटीको क्षमता र उपलब्धतामा कमी हुनु
- नौला किसिमका रोगकिरा तथा झारपातको वृद्धिले बालीनालीको हेरचाह र गोडमेलमा बढी समय र श्रम लगाउन पर्नु
- कृषि उत्पादनमा आएको ह्रासले खाद्य असुरक्षा बढ्नु

### जलवायु परिवर्तनले नेपालमा सिर्जित समस्या

- हिमालहरूमा हिउँ कम परी हिमालहरू नाङ्गा देखिन थालेका छन् ।
- अतिवृष्टि, अनावृष्टि, खडेरी र बाढी पहिरोको प्रकोपमा वृद्धि हुन थालेको छ ।
- समयभन्दा अगाडि वा पछाडि फूल फुल्ने र फलहरू फल्न थालेका छन् ।
- हिमरेखाहरू माथि माथि सर्दै जान थालेका छन् ।
- रैथाने बालीहरू नष्ट हुँदै जान थालेका छन् ।
- विभिन्न सङ्क्रामक रोगहरू बढ्न थालेका छन् । जस्तैः डेङ्गु

### अनुकूलनका उपाय

- हरितगृह ग्यास उत्सर्जनलाई कम गर्ने
- वैकल्पिक ऊर्जाको प्रयोगलाई वृद्धि गर्ने जस्तो सौर्य ऊर्जा, जलविद्युत् आदि
- वनजङ्गलको संरक्षण र संवर्धनमा जिम्मेवार बन्ने
- डिजेल, पेट्रोल जस्ता जीवाष्म इन्धनको प्रयोगलाई घटाउने
- खेतबारीमा पराल, छ्वाली आदि नबाल्ने
- खेतबारीमा रासायनिक मलको प्रयोगलाई कम गर्दै प्राङ्गारिक मलको स्थानीय स्तरमा तयार पारिएको कीटनाशक औषधीको प्रयोग गर्ने आदि

## पाठको आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) जलवायु परिवर्तन भनेको के हो ?

(ख) जलवायु परिवर्तनका कारक तत्त्वको सूची बनाउनुहोस् ।

(ग) जलवायु परिवर्तनका असरको विश्लेषण गर्नुहोस् ।

(घ) जलवायु परिवर्तनका असर न्यूनीकरणका उपाय प्रस्तुत गर्नुहोस् ।

## तल दिइएको सन्दर्भ अध्ययन गरी सोधिएका प्रश्नको उत्तर दिनुहोस्

### जलवायु परिवर्तनका दुष्प्रभाव

केही वर्षयता विश्वमै जलवायु परिवर्तनले समस्या निम्त्याएको छ। यसको न्यूनीकरणका लागि विश्व समुदाय नै चिन्तित भएको अवस्था छ। जलवायु परिवर्तनको समस्या ल्याउनमा विकसित मुलुक जिम्मेवार भए पनि त्यसको असर नेपालजस्ता अतिकम विकसित देशले समेत भोग्नुपरेको छ। केही विकसित मुलुकको उच्च औद्योगिकीकरणले गर्दा विपन्न मुलुकले ठुलो क्षति बेहोर्नुपरिरहेको छ। जहाँसम्म नेपालको प्रश्न छ, जलवायु परिवर्तन र त्यसको असरबाट नेपाल निकै टाढा रहनुपर्ने हो। तर, त्यस्तो अवस्था देखिँदैन। देशमा उद्योगधन्दा, कलकारखाना र औद्योगिक उत्पादन न्यून भए तापनि यहाँ जलवायु परिवर्तनको असर भने निकै चर्को परेको देखिन्छ किनभने सगरमाथा र अन्य हिमशृङ्खलामा जलवायु परिवर्तनको चर्को असर देखिन थालेको छ। यसलाई आफ्नो लयमा फर्काउन तथा यथावत् कायम राख्न नेपालसामु गम्भीर चुनौती खडा भएको छ।

जलवायु परिवर्तनको मुख्य कारक तत्त्व भनेको मानवीय पक्ष हो। मानिसका अमानवीय क्रियाकलापबाटै प्रकृतिमा परिवर्तन आउने हो। अहिले विश्वका विकसित मुलुकले अन्धाधुन्ध विकासलाई तीव्र गति दिएका कारण जलवायु परिवर्तनले उग्ररूप लिँदै आएको छ। विज्ञान र प्रविधिलाई मानवमैत्री बनाउन सकिएको छैन। आणविक भट्टी, आणविक हातहतियार, कार्बन उत्सर्जन, खनिज उत्खनन तथा जीवाष्म इन्धनको खपतलाई न्यूनीकरण नगर्दा विश्व नै अहिले जलवायु परिवर्तनको सङ्कटबाट गुज्रिरहेको छ।

नेपाल अहिले नै जलवायु परिवर्तनबाट त्यति जोखिममा नदेखिए पनि यसका असर देखिन थालिसकेका छन्। अमेरिकापछिको दोस्रो ठुलो औद्योगिक देश चीन नेपालको उत्तरी छिमेकमै छ। त्यहाँको तीव्र औद्योगिकीकरण जलवायु परिवर्तनका लागि गम्भीर रूपमा जिम्मेवार छ।

दक्षिणी छिमेकी मुलुक भारत पनि औद्योगिकीकरणमा चीनसँगै अघि बढिरहेको छ। भारत र चीनमा उत्पादनका लागि प्रयोग हुने कोइलाबाट जलवायु परिवर्तनमा ठुलो असर परेको छ।

विभिन्न विकसित देशले आआफ्नो अर्थतन्त्रलाई विशिष्ट बनाउने होडबाजी गरेर यो ब्रह्माण्डलाई नै कुरूप बनाएर आफैँलाई विनाशतिर धकेल्दै छन् । पश्चिमा देशले तीव्र रूपमा कार्बन उत्सर्जन गरिरहेका छन्, तर न्यूनीकरणतर्फ भने यिनले कुनै प्रयास गरेका छैनन् । परिणामतः जलवायु परिवर्तनबाट विश्वले नै ठुलो क्षति बेहोर्ने दिन अब धेरै टाढा देखिँदैन ।

जलवायु परिवर्तनको असर एकैचोटी र तत्कालै नदेखिने भए पनि क्रमिक रूपमा देखिने गर्छ, जुन हामीलाई थाहा नहुन पनि सक्छ।बुझ्नुपर्ने तथ्य के छ भने यसले केही समयमै मानव जीवनलाई तहसनहस बनाउन सक्छ। छिमेकी भारतमा कृषकले हरेक वर्ष खेतबारीमा पराल पोल्छन् । त्यसको धुवाँले भारतलाई मात्र नभई नेपाललाई समेत गम्भीर असर पार्दै आएको छ ।

विकसित देशले अन्धाधुन्ध कार्बन उत्सर्जन गरिरहने, त्यसको असर अन्य देशलाई पनि पर्ने र त्यसको न्यूनीकरणका लागि बेलामा सचेत नहुने हो भने हामी बसेको पृथ्वी पनि हाम्रो नहुने निश्चित छ। जलवायु परिवर्तनको कुरा गर्दा हालै संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टेनियो गुटेरेसको चारदिने नेपाल भ्रमणसँग पनि जोडिएको छ। उनले भ्रमणलाई मूलतः नेपालको सङ्क्रमणकालीन न्यायलाई तार्किक निष्कर्षमा पुऱ्याउन र नेपालमा भइरहेको जलवायु परिवर्तनको असरलाई न्यूनीकरण गर्ने सम्बन्धमा संसद्को संयुक्त सदनलाई नै सम्बोधन गरेको हुनाले यी दुई विषयले विशेष अर्थ राखेका छन्। (जलवायु परिवर्तनको असरको प्रारम्भिक चरणदेखि नै नेपालले विषय उठाएको र महासचिवले पनि चासो लिएर सगरमाथाको खुम्बु र अन्नपूर्ण क्षेत्रको अवलोकन भ्रमण गरेको सन्दर्भमा उनको आफ्नै प्रत्यक्ष अनुभवले पनि विश्व समुदायलाई जानकारी गराउन थप प्रभावकारी हुने छ।) जनताका प्रतिनिधि बस्ने थलोमै सम्बोधन गरेका विषयलाई जनप्रतिनिधिले कुन रूपमा हेर्ने छन् र यसको कार्यान्वयन सम्बन्धमा केकस्ता ऐन नियम आउने छन्, त्यो भने हेर्न बाँकी नै छ। जलवायु परिवर्तन न्यूनीकरणका लागि नेपालले गरेका प्रयासलाई महासचिव गुटेरेसले प्रशंसा गरेका छन् । कार्यान्वयनमा आउन नसके पनि जलवायु परिवर्तनसम्बन्धी ऐन नियम संसद्बाट पारित भइसकेका छन् र सन् २०४५ सम्ममा नेपालले शून्य कार्बन उत्सर्जनमा पुग्ने लक्ष्य लिएकामा खुसी पनि व्यक्त गरेका छन् । हुन त नेपालजस्ता विपन्न देशले जलवायु परिवर्तनको सङ्कट बढाउन भूमिका खेलेका हुँदैनन् । यद्यपि आफू बस्ने पृथ्वीलाई जोगाइराख्ने काम भने गर्नैपर्छ। त्यसकारण नेपालले यसप्रति समयमै अग्रसरता लिनुलाई राम्रै अर्थमा लिन सकिन्छ। शून्य कार्बन उत्सर्जनमा पुग्ने नेपालको लक्ष्य त्यति सजिलो भने देखिँदैन । नेपालको वनजङ्गलको संरक्षण भएको अवस्था देखिए पनि

त्यसलाई दिगो रूप दिनु चुनौतीपूर्ण देखिन्छ। अहिले युवा जनशक्ति पलायन भएका कारण खेतबारी बाँझै छन् । खेती गर्ने जनशक्तिको चरम अभाव छ । गाउँघरमा सामुदायिक वनजङ्गल संरक्षण भएकाले वातावरणमा पर्ने असर न्यूनीकरण भएको छ। देशको कुल भूभागको करिब ५० प्रतिशत जङ्गल हुनुभनेको वातावरण संरक्षणका लागि ठुलो योगदान हो। मुख्य प्रश्न भनेको यसलाई कसरी दिगो बनाउने र कसरी बढाउने भन्ने नै हो।

तापक्रममा अत्यधिक वृद्धि भएका कारण हाम्रा हिमशृङ्खला काला पत्थरमा परिणत हुँदै छन् । पर्वतारोहीले हिउँमा टेक्न नपाउने अवस्था सिर्जना हुँदै छ। हिउँ पग्लिएर हिउँको सट्टा कालो चट्टानमा पर्वतारोहीको लौरो ठोकिन्छ। हिमनदी पग्लिँदा वरपरका बस्ती जोखिममा परेका छन् । यसरी नै हिमाल को हिउ पग्लँदै जाने हो भने नेपाल मात्र जोखिममा पर्ने होइन, यहाँबाट बग्ने नदीको एकातिर प्रवाह बढ्ने छ भने अर्कातिर समुद्रको सतह पनि बढ्ने छ। जसले गर्दा तटीय क्षेत्र डुबानमा पर्ने सम्भावना बढ्छ। अहिले नेपालको हिमाली क्षेत्रमा वनजङ्गलको अवस्था पनि दयनीय देखिन्छ। पहाडमा पनि भूक्षय, बाढीपहिरो, अतिवृष्टि, अनावृष्टि, सुक्खा, खडेरी, भूस्खलनजस्ता विपत्ले जनजीवन अस्तव्यस्त भएर दुर्घटना निम्त्याएका देखिन्छन् । तापक्रम बढेकै कारणले गर्दा धेरै धनजनको क्षति भइरहेको छ। यस्तो क्षति आउनुमा प्रकृतिको कम भूमिका छ भने हामी मानवका कैयौँ गुणा बढी भूमिका छ। मानिसले वातावरण विनाश हुने काम नगर्ने हो भने प्रकृति आफैँले यस्तो विनाश निम्त्याउँदैन।

जलवायु परिवर्तनमा विकसित मुलुकले जस्तो आफ्नातर्फबाट योगदान नगरे पनि नेपाल पनि यसबाट मुक्त हुन सक्दैन  किनभने पृथ्वीको तापक्रम बढ्दै गएको छ। यसरी तापक्रम बढ्नुमा हामी सबै जिम्मेवार छौँ। पेरिसमा सम्पन्न कोप-२७ को बैठकमा पृथ्वीमा बढ्दो तापक्रमलाई १.५ डिग्री सेल्सियसभन्दा बढी हुन नदिने भनिएकामा युएईमा हुने सम्मेलनमा त्यसको लेखाजोखा हुने छ। पृथ्वीको तापक्रम बढ्न नदिने एजेन्डाको सम्बन्धमा ठुला देशको सहमतिमा त्यति विश्वास गरिहाल्न सकिँदैन।

नेपालमा पनि केही वर्षयता वन विनाश, रासायनिक मलको अत्याधिक प्रयोग, औद्योगिक प्रदूषण, सहरी प्रदूषण, कीटनाशक औषधि प्रयोगलगायतले उर्वराशक्तिमा प्रतिकूलता आएको छ। यिनले वातावरणलाई मात्र असर पारेका छैनन्, ओजन तहलाई समेत क्षति पुऱ्याएको वैज्ञानिकको भनाइ छ।

तापक्रम बढेकै कारण जलवायुमा परिवर्तन आउने र जलवायु परिवर्तनले वर्षा, हिमताल विस्फोटन, विपत्जस्ता विषयले प्रत्यक्ष रूपमा खाद्य उत्पादन, जलस्रोत र मानिसको दैनिकीमा सङ्कट ल्याउँदै गरेको अहिलेको नेपालको अवस्था हो। निश्चय नै नेपालले जलवायु

परिवर्तनमा उल्लेख्य भूमिका निभाएको देखिँदैन । तर विपत् निम्त्याउने ठुला देशको कार्बन उत्सर्जनबाट उत्पन्न क्षति भने नेपालले पनि सहनुपर्ने निर्विवाद छ । त्यसकारण नेपालजस्ता मुलुकले जलवायु परिवर्तनबाट हुने असर न्यूनीकरण गर्न अहिले उपलब्ध हुने क्षतिपूर्ति बजेटमा वृद्धि गर्न सामूहिक दबाब सिर्जना गर्न सक्नुपर्छ ।

*(नयाँ पत्रिका दैनिकमा मिति २०८०/०८/१० मा प्रकाशित समाचारबाट साभार गरिएकोको अंश)*

## क्रियाकलाप

जलवायु परिवर्तनका लागि व्यक्तिगतरूपमा गर्न सकिने उपाय लेखी सहजकर्ता र साथीलाई सुनाऔँ ।

## क्रियाकलाप

**तल दिइएका क्रियाकलाप गरौँ र साथीलाई सुनाऔँ :**

- हवाईजहाजको यात्रा कम गर्ने
- विद्युतीय गाडीको प्रयोग गर्ने
- मासु तथा दुग्ध पदार्थको उपयोग कम गर्ने
- ऊर्जा खपत घटाउने
- विद्युत् चुलोको प्रयोग गर्ने

## क्रियाकलाप

जलवायु परिवर्तनले तपाईँको समुदायमा पारेका असर खोजी गरी सम्पर्क कक्षामा प्रस्तुत गर्नुहोस् ।

## क्रियाकलाप

जलवायु परिवर्तनका कारक तत्त्व सम्बन्धमा साथीहरूबिचमा हुने संवादको नमुना तयार पार्नुहोस् ।

## परियोजना कार्य

जलवायु परिवर्तनसम्बन्धी विभिन्न पत्रिकामा प्रकाशित समाचार, सम्पादकीय र फोटा सङ्कलन सिकाइ केन्द्रमा बुलटिन बोर्डमा टाँस्नु पर्छ ।


# पाठ ३ हाम्रा छिमेकी देश

**तलको तालिका अध्ययन गरी छलफल गर्नुहोस् र हाजिरी जवाफ प्रतियोगिता सञ्चालन गर्नुहोस् :**

नेपाल एसिया महादेशमा पर्ने स्वतन्त्र देश हो । यो देश दक्षिण एसियामा पर्छ । नेपालको पूर्व, पश्चिम र दक्षिणमा भारत देश पर्छ भने उत्तरी सिमाना चीनसँग जोडिएको छ । नेपालको सिमाना जोडिएको देश भारत र चीन हुन् भने दक्षिण एसियाका भुटान, बङ्गलादेश, माल्दिभ्स, पाकिस्तान, श्रीलङ्का र अफगानिस्तान पनि नेपालका छिमेकी देश हुन् । नेपालको छिमेकी देशहरूसँग असल र मित्रवत् सम्बन्ध छ । यस पाठमा यिनै छिमेकी देश र ती देशहरूसँग

नेपालको सम्बन्धको चर्चा गरिएको छ :

| देशको नाम | राजधानी | क्षेत्रफल | सिमाना | बोलिने भाषा | जनसङ्ख्या |
|---|---|---|---|---|---|
|  नेपाल | काठमाडौँ | १४७१८१ व.कि.मि. | पूर्व, पश्चिम र दक्षिणमा भारत<br>उत्तरमा चीन | नेपाली, मैथिली, भोजपुरी | २,९१,६४ ५०४ |
|  भारत | नयाँ दिल्ली | ३२,६७,२६३ व.कि.मि. | पूर्वः बङ्गालको खाडी, म्यान्मार र बङ्गलादेश(पश्चिम बङ्गालको पूर्व)<br>पश्चिम : अरब सागर<br>पश्चिम उत्तर : पाकिस्तान र अफगानिस्तान<br>उतरः चीन, नेपाल र भुटान<br>दक्षिण : हिन्द महासागर, श्री लङ्का | हिन्दी, अङ्ग्रेजी र स्थानीय भाषा | १ अरब ४०करोड ६६ लाख |
|  चीन | बेइजिङ | ९५,९६,९६१ व.कि.मि. | पूर्व : पूर्वी चाइना समुद्र<br>पश्चिमः<br>उतर : मङ्गोलिया र रुस<br>दक्षिणः नेपाल, भुटान, भारत, पाकिस्तान | मन्देरियनचाइनिज, उइगुर, तिब्बती, झुयाङ | १ अरब ४४ करोड ८४ लाख |

| देशको नाम | राजधानी | क्षेत्रफल | सिमाना | बोलिने भाषा | जनसङ्ख्या |
|---|---|---|---|---|---|
|  पाकिस्तान | इस्लामावाद | ८,८१,९१३ व.कि.मि. | पूर्व : भारत, पश्चिमः अफगानिस्तान र इरान उत्तरः चीन, दक्षिण : अरब सागर | उर्दु, अङ्ग्रेजी, पञ्जावी, सिन्धी,पास्तो, बालुची | २२ करोड ९४ लाख |
|  बङ्गलादेश | ढाका | १,४८,४६० व.कि.मि. | पूर्व, पश्चिम, उत्तर : भारत दक्षिणः बङ्गालको खाडी | बङ्गाली | १६ करोड ७८ लाख |
|  भुटान | थिम्पु | ३८३९४ व.कि.मि. | पूर्वःभारत, पश्चिमः भारत, दक्षिणः भारत,उत्तरः चीन | | ७ लाख ८७ हजार |
|  श्रीलङ्का | कोलम्बो | ६५६१० व.कि.मि. | चारैतिर हिन्द महासागरले घेरिएको | सिंहाला, तमिल र अङ्ग्रेजी | २ करोड १५ लाख |
|  माल्दिभ्स | माले | ३०० व. कि.मि. | चारैतिर हिन्द महासागरले घेरिएको | दिवेही, अङ्ग्रेजी | ५ लाख ४० हजार |
|  अफगानिस्तान | कावुल | ६५२८६७ व.कि.मि. | पूर्व : पाकिस्तान पश्चिमः इरान र तुर्किमिनिस्तान उत्तर ताजकिस्तान र उज्वेकिस्तानः दक्षिण :इरान र पाकिस्तान | पास्तो र दारी | ४ करोड ७५ लाख |

## भारत

भारत दक्षिण एसियामा पर्ने नेपालको छिमेकी देश हो । यो देशसँग नेपालको सम्बन्ध प्राचीन कालदेखि नै रहँदै आएको छ। नेपाललाई तिनतिरबाट घेरेको यो देशको क्षेत्रफल ३२६७२६३ व.कि.मि रहेको छ।

नेपाल र भारत दुई असल छिमेकी देशहरू हुन् । दुवै देश दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) का सदस्य राष्ट्र हुन् । दुवै देशहरूबिचमा परापूर्व कालदेखि नै सहयोगको आदान प्रदान हुँदै आएको छ । भारतले नेपालको पूर्वाधार विकास, शिक्षा, स्वास्थ्य क्षेत्रमा

सहयोग उपलब्ध गराउँदै आएको छ । भारतको स्वतन्त्रता आन्दोलनमा नेपाली नेताहरू समेत सहभागी भएका थिए । नेपालमा पनि लोकतन्त्र र गणतन्त्रको स्थापना गर्नका लागि भारतको प्रत्यक्ष तथा परोक्षरूपमा सहयोग रहेको छ । नेपालमा आइपर्ने विभिन्न समस्यामा भारतले सहयोग गर्दै आइरहेको छ । वि.सं.२०७२ सालको महाभूकम्प र २०८० को जाजरकोट र पश्चिम रुकुममा गएको भूकम्पको समयमा समेत भारतले नेपाललाई आर्थिक तथा प्राविधिक सहयोग गरेको थियो । त्यसैगरी कोभिड १९ को समयमा पनि भारतले नेपालमा कोरोना विरुद्धको खोप अनुदान सहयोग गरेको थियो । त्यस्तै भारतको गुजरातमा सन् २००१ मा गएको भूकम्पमा नेपालले आर्थिक सहयोग गरेको थियो । भारतका नागरिकले नेपालका प्राविधिक तथा व्यापारिक क्षेत्रमा काम गरेर सहयोग गरिरहेका छन् भने ठुलो सङ्ख्यामा नेपालीले पनि भारतमा रोजगारी प्राप्त गरेका छन् । नेपाली युवाहरू भारतीय सेनामा कार्यरत छन् । भारतको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सुरक्षामा समेत नेपालको योगदान रहेको छ । नेपाल र भारत दुवै दक्षिण एसियाली क्षेत्रिय सहयोग सङ्गठन  सार्क) का सदस्य हुन् । नेपाल र भारतका उच्च पदस्थ व्यक्तिले समेत एक अर्को मुलुकको औपचारिक भ्रमण गर्ने गरेका छन् । नेपालको जलस्रोतलाई सामूहिक हितमा समेत प्रयोग गर्न सकिने कुरा दुईपक्षीय भेटघाटमा छलफल भएको छ  भारतले नेपालको पूर्वाधार र शिक्षा, स्वास्थ क्षेत्रमा पुऱ्याएका योगदान यसप्रकार रहेको छ ः

- वीर अस्पतालको स्थापना
- त्रिभुवन राजपथको स्थापना
- सिद्धार्थ राजपथ
- हुलाकी राजमार्ग
- बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान
- त्रिशूली, देवीघाट जलविद्युत् परियोजना
- चन्द्र नहर, सप्तरी

## चीन

चीन पनि नेपालको छिमेकी देश हो । चीन र नेपालबिचमा प्राचीन कालदेखि नै सम्बन्ध र सहयोग रहँदै आएको छ। चीनबाट मन्जुश्री आएर चोभारको गल्छी काटी काठमाडौँ उपत्यकामा बस्ती बसाएको किंवदन्ती स्वयम्भू पुराणमा उल्लेख भएको पाइन्छ । चीनियाँ यात्री हु यान साङले नेपालको भ्रमण गरेको इतिहास छ । त्यस्तै नेपालको कलाकार अरनिको र भृकुटीले चीनमा नेपाली कला र संस्कृतिको प्रचारमा योगदान पुऱ्याएको ऐतिहासिक घटनाक्रमले पनि नेपाल र चीनबिचमा ऐतिहासिक सम्बन्धलाई स्पष्ट पार्छ ।

नेपाल र चीनको दौत्य सम्बन्धको इतिहास भने त्यति लामो छैन । नेपालमा राणा शासनको अन्त्यपछि मात्र वि.सं.२०१२ सालमा नेपाल र चीनबिचमा दौत्य सम्बन्ध कायम भएको थियो। समय समयमा हुने राष्ट्र प्रमुख र उच्चस्तरीय व्यक्तित्वबाट हुने भ्रमणले दुई देशको सम्बन्ध, सहयोग र सहकार्यमा मदत पुगेको देखिन्छ । चीनले नेपालको पूर्वाधार विकास, शिक्षा र स्वास्थ्य क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ। नेपाल र चीनबिचमा वाणिज्य सन्धि समेत भएको छ। दुवै देश बिचमा व्यापारीक कारोबार हुने गरेका छन् । चीनबाट हजारौँ पर्यटकहरू नेपाल भ्रमणमा आउने गरेका छन् । अरनिको राजमार्ग, पृथ्वी राजमार्ग, काठमाडौँ उपत्यकाको चक्रपथ आदि चीनियाँ सहयोगमा निर्मित सडकहरू हुन्। काठमाडौँ वानेश्वरमा रहेको निजामती अस्पताल, भरतपुर क्यान्सर अस्पताल, सुनकोसी जलविद्युत् आयोजना पनि चीनको सहयोगमा निर्माण भएको हो। हरिसिद्धि इँटा तथा टायल कारखाना, भृकुटी कागज उद्योग, बाँसबारी छाला जुत्ता कारखाना पनि चीनको सहयोगमा स्थापना भएका हुन् । काठमाडौँ नयाँ वानेश्वरमा रहेको अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र पनि चीनको सहयोगमा निर्माण भएको हो । बर्सेनि सयौँ नेपाली विद्यार्थी चीनमा उच्च शिक्षा अध्ययनका लागि जाने गरेका छन् । यसरी नेपाल र चीनबिचमा सम्बन्ध सुमधुर र प्रगाढ रहेको छ।

भारत र चीनसँगको नेपालको सम्बन्ध अध्ययन पछि मुकेश र डोल्माले सामुदायिक अध्ययन केन्द्रमा रहेको पुस्तकालय र गुगलमा खोजी गरी सार्क राष्ट्रका अन्य मुलुकहरूको सम्बन्ध खोजी गरेका थिए। हामी पनि सोको अध्ययन गरौँ है त ?

**मुकेशले तयार पारेको विवरण**

| सम्बन्धका आयाम | भुटान | बङ्गलादेश | श्रीलङ्का |
|---|---|---|---|
| कूटनीतिक सम्बन्ध | वि.सं.२०४० जेठ २० | वि.सं.२०२८ चैत्र २६ | वि.सं.२०१४ असार १८ |
| भौगोलिक स्वरूप र हावापानी | उच्च हिमाली प्रदेश<br>मध्य क्षेत्र दक्षिणी मैदानी भाग भुटान मनसुनी क्षेत्रमा परे पनि यहाँको हावापानीमा एक रूपता पाईंदैन । | – अधिकांश भूभाग समथर<br>– कहीँ ससाना पहाडहरू, कतै नदीले बनाएका समथर भूभाग र तटीय मैदानी भागहरू रहेका<br>– मनसुनी हावापानी<br>– ग्रीष्ममा गर्मी र हिउँदको तापक्रम चिसो<br>– ग्रीष्ममा समुद्रमा आउने आँधीले तटीय क्षेत्रमा नोक्सानी पुऱ्याउने | मध्य उच्चभूमि, मैदानी क्षेत्र र तटीय क्षेत्र उष्ण प्रकारको हावापानी पाइने |
| मुख्य पेसा | कृषि, व्यापार, पर्यटन, पशुपालन | – कृषि र मत्स्य पालन, पर्यटन, व्यापार | मत्स्य व्यवसाय, कृषि र पर्यटन |

| सम्बन्धका आयाम | भुटान | बङ्गलादेश | श्रीलङ्का |
| --- | --- | --- | --- |
| सम्बन्धका आयाम | – नेपालबाट मूर्तिकलाका सामान, सावुन, गार्मेन्ट, विद्युतीय सामग्री निर्यात तथा सिमेन्ट, कोइला आदि आयात<br>– भुटान र नेपालको बिचमा हुने उच्च स्तरीय भ्रमणले दुई देशबिचमा सम्बन्धमा नयाँ आयाम थपेको छ | – नेपालबाट सागसब्जी, मुसुरो, अदुवा, फलफूल निर्यात<br>– जुस, अन्न, कपडा, औषधी, रासायनिक मल आयात<br>– नेपालबाट विद्युत् निर्यातको सम्भावना रहेको<br>– नेपाली विद्यार्थी छात्रवृत्तिमा अध्ययन गर्न जाने गरेका<br>– राष्ट्र प्रमुख र सरकार प्रमुखबाट उच्च स्तरीय भ्रमण हुने गरेको | – दुवै देश बिचमा सांस्कृतिक सम्बन्ध सुमधुर रहेको छ ।<br>– नेपालले कोइला, सिसा, रसायन तथा मेसिनरी सामान आयात<br>– उन, उनबाट बनेका सामान, तयारी पोसाक आदि निर्यात |

**डोल्माले तयार पारेको विवरण**

| सम्बन्धका आयाम | माल्दीभ्स | पाकिस्तान | अफगानिस्तान |
|---|---|---|---|
| कूटनीतिक सम्बन्ध | वि.सं.२०३७ साउन १७ | वि.सं. २०१६ चैत्र ७ | वि.सं. २०१८ असार १७ |
| भौगोलिक स्वरूप र हावापानी | – १२०० ओटा टापुहरू मिलेर बनेको टापुहरू धेरै अग्ला छैनन् ।<br>– टापुहरूको तटीय क्षेत्र समुद्रबाट करिब ६ फिटमाथि रहेको<br>– समुद्रको प्रभावले गर्दा यहाँ प्रायः वर्षा भइरहने<br>– सुरम्य प्रकारको हावापानी | – उत्तरी उच्च हिमाली क्षेत्र, पश्चिमी पहाडी क्षेत्र,उच्च समस्थली, उच्च भूमि, मैदानी भूभाग<br>– विश्वको दोस्रो उच्च शिखर गड्बिन अस्टिन (के२) र नवौँ उच्च शिखर नाङ्गा पर्वत पर्छन् । | – उब्जाउ उपत्यका, गहिरा गल्छी, मरुभूमि, उच्चसमस्थली, मैदानी तथा हिमाली क्षेत्र रहेका<br>– हिउँद निकै चिसो हुन्छ भने ग्रीष्म न्यानो<br>– मनसुनी वायुका कारणले गर्दा यहाँ वर्षा हुने |
| मुख्य पेसा | पर्यटन,मत्स्य पालन र डुङ्गा निमाण | – कृषि, पर्यटन, व्यापार | कृषि |

| सम्बन्धका आयाम | माल्दीभ्स | पाकिस्तान | अफगानिस्तान |
|---|---|---|---|
| सम्बन्धका आयाम | – नेपालीहरू रोजगारीको सिलसिलामा माल्दिभ्स जाने गरेका छन् । समय समयमा हुने<br>– उच्चस्तरीय भ्रमणले दुई देशबिचमा सम्बन्ध सुमधुर बनाउन मदत पुऱ्याएको छ । | – चिया, मफ्लर, अलैँची, मुसुरोको दाल, जडीबुटी आदि सामान निर्यात<br>– मसला, ओखर, विभिन्न उपकरण औषधी आदि आयात<br>– दुवै देशका राष्ट्र प्रमुख तथा उच्च सरकारी अधिकारीहरूको भ्रमणले दुई देश बिचमा सम्बन्ध सुमधुर बनाएको | सार्क राष्ट्रका रूपमा दुवै देश बिचमा सम्बन्ध सुमधुर रहेको |

## पाठको आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) भारतको भौगोलिक अवस्थिति छोटकरीमा उल्लेख गर्नुहोस् ।

(ख) चीनले नेपाललाई गरेका सहयोगका क्षेत्र उल्लेख गर्नुहोस् ।

(ग) नेपाल र भुटान असल छिमेकी हुन्, यस भनाइलाई उदाहरणसहित पुष्टि गर्नुहोस् ।

(घ) सार्कका देशहरूको क्षेत्रफल र जनसङ्ख्याको तालिका बनाउनुहोस् ।

## क्रियाकलाप

चीनले नेपाललाई सहयोग पुऱ्याएका विभिन्न पूर्वाधारसँग सम्बन्धित फोटा सङ्कलन गरी एल्बम तयार गर्नुहोस् ।

## क्रियाकलाप

भारत र नेपालको सम्बन्ध ऐतिहासिक, जीवन्त र प्रगाढ छ भन्ने पक्षमा दुई साथीबिचमा हुने संवादको नमुना तयार पार्नुहोस् ।

## क्रियाकलाप

सार्क राष्ट्रमध्ये कुन राष्ट्रसँग नेपालको सम्बन्ध त्यति प्रभावकारी हुन नसकेको जस्तो लाग्छ र किन ? जोडीमा छलफल गरी तर्क प्रस्तुत गर्नुहोस् ।

## क्रियाकलाप

नेपाल र भारतको सम्बन्ध झल्कने चित्र, फोटा आदि सङ्कलन गरी भित्तेपत्रिकामा टाँस गर्नुहोस् ।

# पाठ ४ विपत् व्यवस्थापन

**तलको पाठ पढी छलफल गर्नुहोस् र आफू पनि विपत्बाट जोगिने उपाय अवलम्बन गर्नुहोस् भनि अरूलाई पनि सचेत गराउनुहोस् :**

विपत् भन्नाले कुनै स्थानमा आपत्कालीन अवस्था सिर्जना भई जन वा धनको क्षतिको साथै जीवनयापन र वातावरणमा प्रतिकूल असर पार्ने प्राकृतिक वा गैरप्राकृतिक विपत् सम्झनुपर्छ ।

प्राकृतिक विपत् भन्नाले हिमपात, असिना, हिमपहिरो, हिमताल विस्फोटन, अतिवृटि, अनावृष्टि, बाढी, पहिरो तथा भूस्खलन, डुवान, खडेरी आँधी, हुरी बतास, शीतलहर, तातो हावाको लहर, चट्याङ, भूकम्प, ज्वालामुखी विष्फोटन, डढेलो यस्तै अन्य प्राकृतिक विपद्बाट उत्पन्न जनुसुकै विपत् सम्झनुपर्छ ।

गैरप्राकृतिक विपत् भन्नाले महामारी, अनिकाल, डढेलो, कीट वा सूक्ष्म जीवाणु आतङ्क, चरा तथा पशुपन्छीमा हुने फ्लु, पान्डामिक फ्लु, सर्पदंश, जनावर आतङ्क, खानी, हवाई, सडक, जल वा औद्योगिक दुर्घटना, आगलागी, विषाक्त ग्याँस, रसायन वा विकिरण चुहावट, ग्यास विष्फोटन, विषाक्त खाद्य सेवन, वातावरणीय प्रदूषण, वन विनाश वा भौतिक संरचनाको क्षति तथा प्रकोप उद्धार कार्यमा हुने दुर्घटना वा यस्तै अन्य गैरप्राकृतिक विपत्लाई सम्झनुपर्छ ।

नेपाल विपत्का लागि विश्वमा उच्च प्रभावित देशमा पर्छ । भूकम्प तथा मिश्रित विपत्को जोखिमको सन्दर्भमा नेपाल एघारौँ र सौहौँ स्थानमा छ भने जलवायु परिवर्तनको जोखिममा नेपाल विश्वमा नै चौथो स्थानमा रहेको छ ।

### नेपालमा हुने विभिन्न विपत् र विपत्बाट बच्ने उपाय

| विपत्को प्रकार | कारण | न्यूनिकरणका उपाय |
| --- | --- | --- |
| भूकम्प | आन्तरिक संरचनामा हलचलको कारण, ज्वालामुखी विष्फोटन | भूकम्प प्रतिरोधी संरचना निर्माण भूकम्प आउँदा अपनाउने उपायहको पूर्व तयारी सचेतना सावधानी राहत र पुनर्स्थापना |
| वर्ड फ्लु | चरामार्फत् एउटाबाट अर्कामा सर्ने | सचेतना, सावधानी मरेका र सङ्क्रमित कुखुरा वा चराहरूलाई खाल्डो खनेर पुर्ने |

| विपत्को प्रकार | कारण | न्यूनिकरणका उपाय |
|---|---|---|
| असिना | बादलमा रहेका पानी जमेको अवस्थामा पृथ्वीमा खस्ने | ओत लाग्ने, बाली नकाट्ने |
| आगलागी | सुक्खा मौसम, खडेरी, मानवीय लापरबाही | सचेतना, शिक्षा मार्फत जानकारी, स्थानीय सरकारको सक्रियता |

### विपत्पूर्वको अवस्था

विपत् नै नआउने अवस्था सिर्जना गर्ने र विपत्मा सुरक्षित हुन जागरण ल्याउने काम विपत् व्यवस्थापनको पहिलो काम हो । विपत् जोखिम अवस्थाको पूर्व आकलन गरी सम्भावित क्षेत्रमा सतर्कता अपनाउने र शिक्षा र सचेतनाको कार्यमा जोड दिनुपर्छ । विपत्पूर्व तयारीमा एक रुपियाँले हुने काम विपत्पश्चात् त्यही काममा आठ रुपियाँ खर्च हुन्छ भन्ने एक तथ्याङ्कले देखाएको छ । त्यसैले विपत्को पूर्व तयारीमा राज्य, स्थानीय सरकार, समुदाय र व्यक्ति समेत सचेत र जिम्मेवार हुनुपर्छ । यस चरणमा भविष्यमा कुन प्रकारका विपत् आउलान् भन्ने कुराको अनुमान गरी ती विपत् व्यवस्थापन गर्ने योजना बनाइन्छ । विपत् पूर्वतयारी गर्दा केही औषधी, तयारी खाना, पानी तथा अन्य कुरा साँचेर राख्नुपर्छ र सुरक्षित हुनका लागि पूर्व अभ्यास पनि गर्नुपर्छ । विपत् पूर्वतयारीका लागि विभिन्न विपत्सम्बन्धी सचेतनामूलक कार्यक्रमको सञ्चालन, भौतिक संरचनालाई विपत् प्रतिरोधी बनाउने, विपत्का सम्भाव्य जोखिम क्षेत्र पहिचान गर्ने जस्ता कार्य गर्नुपर्छ ।

### विपत्को अवस्था

विपत्को अवस्था भनेको आपत्कालीन अवस्था हो । यस अवस्थामा होसियारी र सचेतना अपनाउँदै उद्धारमा जुट्नुपर्छ । यसमा व्यक्ति, स्थानीय सरकार, सङ्घसंस्था, नागरिक समाज आदिको भूमिका महत्त्वपूर्ण हुन्छ । मानवीय क्षति कम गर्न उद्धारको प्रयत्नमा सक्रिय हुन, घाइतेको उपचारमा संलग्न रहन र जोखिममा परेका व्यक्तिलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्नुपर्छ । पीडितका लागि आधारभूत आवश्यकता खाना, पानी, औषधी, बास आदिको अस्थायी प्रबन्ध मिलाउनुपर्छ ।

### विपत्पश्चात्को अवस्था

यो विपत्को पुनर्स्थापना र प्रबलीकरणको अवस्था हो । यस अवस्थामा घरवारविहीनहरूका लागि आवास, पीडितका लागि क्षतिपूर्ति आदिको व्यवस्था गर्नुपर्छ । विद्यालयमा क्षति पुगेको

अवस्थामा अस्थायी सिकाइ केन्द्रको स्थापना गरी सिकाइलाई निरन्तरता दिनुपर्ने हुन्छ । यो अवस्था विपत्‌ले बिगारेका संरचनाहरू हटाउने, नयाँ संरचनाका लागि योजना र रणनीति तयार पार्ने अवस्था पनि हो । जोखिमका स्थान पहिचान गर्ने, सुरक्षित स्थानमा मानिसलाई सार्ने, हुन सक्ने सम्भावित जोखिमको निरन्तर सूचना प्रवाह गर्ने कार्य यस चरणमा गर्नुपर्छ । त्यस्तै राहत वितरणलाई भर पर्दो र प्रभावकारी बनाउने, प्रभावितलाई मनोसामाजिक परामर्श प्रदान गर्ने काम पनि यस चरणमा गर्नुपर्छ ।

**विपत्‌बाट सुरक्षित रहन हामीले गर्नैपर्ने कुरा**

- पूर्वाधार संरचना मानवमैत्री बनाउने
- वातावरण संरक्षणमा जोड दिने
- प्राकृतिक चक्रमा अवरोध नगर्ने
- आनीबानीमा सुधार गर्ने

## विपत् व्यवस्थापनमा प्रदेश सरकारको भूमिका

विपत् जोखिम न्यूनीकरण गर्न प्रदेश सरकारको भूमिका महत्त्वपूर्ण हुन्छ । नेपालको संवैधानिक इतिहासमा नै पहिलो पल्ट नेपालको संविधान २०७२ मा सङ्घ, प्रदेश र स्थानीय तहलाई विपत्‌को तीनओटै चरणमा कार्य गर्ने गरी अधिकार दिएको छ । जुन संसारको कमै संविधानले यस्तो खालको अधिकार प्रदान गरेका छन् । साथै नेपालको संविधानले प्राकृतिक विपत्  बिस र गैरप्राकृतिक विपत् चौबिस गरी नेपालमा चवालिस प्रकारका विपत् रहेको उल्लेख छ । संविधानले विपत् व्यवस्थापनका लागि सङ्घ, प्रदेश र स्थानीय तहलाई जिम्मेवार बनाई एकल र सामूहिक अधिकार प्रदान गरेको छ ।

नेपालले भर्खर भर्खर सङ्घीयताको अभ्यास गरिरहेकाले प्रदेशमा पर्याप्त जनशक्ति र आवश्यक नीतिगत व्यवस्थाको अभाव हुन सक्छ । यस्तो अवस्थामा आवश्यक नीतिगत व्यवस्था र जनशक्ति तयारीलाई उच्च प्राथमिकता दिई विपत् व्यवस्थापन कार्यलाई गतिशील बनाउनुपर्ने हुन्छ । यसका लागि प्रदेश सरकारले आफ्नो सञ्जाललाई सक्रिय बनाउनुपर्ने हुन्छ । त्यसै गरी विपत् व्यवस्थापनका लागि विभिन्न सङ्घसंस्था, नागरिक समाज र स्वयम्‌सेवकलाई सक्रियरूपमा परिचालन गर्नुपर्ने हुन्छ ।

**विपत् व्यवस्थापनमा प्रदेश सरकारको भूमिका**




प्रदेश विपत् व्यवस्थापन परिषद्को काम कर्तव्य र अधिकार सम्बन्धमा स्मृतिले वेबसाइडमा खोजी गर्दा सुदूरपश्चिम प्रदेश सरकारले विपत् व्यवस्थापनका लागि प्रदेश विपत् व्यवस्थापन परिषद् गठन गर्ने र सो परिषद्को काम कर्तव्य र अधिकार देहायबमोजिम हुने कुरा पत्ता लगाइन् र उनले मुख्य मुख्य कुराहरू टिपोट गरिन् । हामी पनि सोको अध्ययन गरी छलफल गरौँ :

**प्रदेश विपत् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार**

(क) प्रदेशस्तरमा विपत् व्यवस्थापनसम्बन्धी नीति तथा योजना स्वीकृत गर्ने

(ख) स्वीकृत नीति तथा योजना कार्यन्वयनको सहजीकरण, समन्वय र अनुगमन गर्ने

(ग) खोज, उद्धार तथा राहत वितरण कार्यमा प्रभावकारिता ल्याउन सङ्घ, प्रदेश र स्थानीय तहलगायत अन्य सरोकारवालासँग समन्वय र सहकार्य गर्ने

(घ) राहत सामग्री वितरणका लागि विषयगत मन्त्रालयलाई मापदण्ड बनाउन सिफारिस गर्ने

(ङ) नेपाल सरकार वा प्रदेश सरकारबाट विपत् सङ्ककग्रस्त क्षेत्र घोषणा गरेको अवस्थामा

स्थानीय स्तरका सरकारी, गैरसरकारी एवम् निजी सवारी साधन, यन्त्र, उपकरण, सरसामान खाद्यान्न आदिको अभिलेख राखी नियन्त्रणमा लिई प्रयोग गर्ने वा गर्न लगाउने

(च) जोखिमयुक्त असुरक्षित भवन भत्काउने वा भत्काउन लगाउने

(छ) असुरक्षित स्थानमा रहेका विपत् प्रभावित व्यक्तिलाई सुरक्षित स्थानमा स्थान्तरण गर्ने गराउने

(ज) प्रचलित कानूनको अधीनमा रही राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घसंस्थाबाट प्राप्त राहत सामग्री वा सहयोगलाई समन्वयात्मक रूपमा वितरण एवम् उपयोग गर्ने गराउने

(झ) प्रदेश स्तरको विपत् व्यवस्थापन सूचना प्रणाली तथा पूर्व चेतावनी प्रणालीको विकास र विस्तार गर्ने

(ञ) विपत्को समयमा गरिएका खोज, उद्धार तथा राहत कार्यसम्बन्धी विवरण प्राधिकरणमा पठाउने

(ट) प्रदेशस्तरमा विपत् प्रतिकार्य, पुनर्लाभ,पुनस्थापना तथा पुननिर्माण र स्थान्तरण सम्बन्धमा आवश्यक पर्ने अन्य कार्य गर्ने /गराउने

(ठ) विपत् व्यवस्थापनसम्बन्धी सम्पूर्ण कार्यको अनुगमन, मूल्याङ्कन गरी सो को वार्षिक प्रतिवेदन प्राधिकरणमा पठाउनुपर्ने

(ड) प्रदेशअन्तर्गतका विपत् व्यवस्थापनसम्बन्धी सम्पूर्ण कार्यको अनुगमन र मूल्याङ्कन गरी निर्देशन दिने


(ढ) जिल्ला तथा स्थानीय तहलाई विपत् व्यवस्थापनसम्बन्धी आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउने

(ण) विपत् व्यवस्थापनको क्षेत्रमा प्राप्त हुने अन्तर्राष्ट्रिय, दुईपक्षीय र बहुपक्षीय सहायताको एकीकृत अभिलेख राख्ने

(त) विपत् प्रभावित क्षेत्रमा सङ्कटकाल घोषणा गर्नुपर्ने अवस्था रहेमा नेपाल सरकार समक्ष सिफारिस गर्ने

(थ) विपत् व्यवस्थापन सम्बन्धमा तोकिएका अन्य कार्य गर्ने गराउने

## विपत् व्यवस्थापनमा रेडक्रस र सङ्घसंस्थाको भूमिका



- विपत् जोखिम न्यूनीकरणसम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने
- विपत् व्यवस्थापनसम्बन्धी पूर्वअभ्यास गराउने
- विपत् जोखिमबाट सुरक्षित भवन निर्माणमा प्राविधिक सहयोग गर्ने
- विपत्‌बाट घाइते भएकाका लागि रगतको प्रबन्ध मिलाउने
- विपत् जोखिम न्यूनीकरणसम्बन्धी सङ्गठनको क्षमता बढाउने
- विपत् मानवीय क्षति र घाइते धेरै भएको प्रभावित क्षेत्रमा स्वास्थ्य सेवा विस्तार गर्ने
- प्राथमिक उपचार तालिम चलाउने
- विपत्‌को अवस्थामा उद्धार र त्यसपछि राहत वितरण कार्य गर्ने

### तल दिइएको समाचार पढी प्रश्नको उत्तर दिनुहोस् :

**पूर्वी तराईमा हात्ती आतङ्क:** *१५ दिनमा ४ जनाको मृत्यु (मिति २०८० मङ्सिर २१ को अनलाइन खबरमा प्रकाशित समाचार)*

१ मङ्सिर, विराटनगर

सोमबार बिहान लेटाङबाट साइकलमा आफ्नो घर बेलबारी नगरपालिका-१० भाउन्नेतर्फ फर्किँदै गर्दा स्थानीय ५३ वर्षका कमल माझीको जङ्गली हात्तीको आक्रमणबाट घटनास्थलमै मृत्यु भयो ।



१५ मङ्सिरमा झापाको हल्दिबारी गाउँपालिका-३ को रणकाली सामुदायिक वनका चौकीदार ४० वर्षीय धनबहादुर बनलाई ड्युटीमै रहेका बेला जङ्गली हात्तीले कुल्चिएर माऱ्यो ।

१३ मङ्सिरमा हात्तीको आक्रमणबाट सुनसरीको इटहरी उपमहानगरपालिका- २ का रविन खड्काको मृत्यु भयो । राति वनबाट बस्ती प्रवेश गरेको हात्तीले आक्रमण गर्दा उनको घटनास्थलमै मृत्यु भएको थियो ।

५ मङ्सिरमा झापा दमकको बेलडाँगीस्थित भुटानी शरणार्थी शिविरका ७२ वर्षीय पदमलाल तामाङको हात्तीको आक्रमणबाट मृत्यु भएको थियो ।

विराटनगरस्थित कोसी प्रदेश प्रहरी कार्यालयका अनुसार तीन जिल्लामा पछिल्लो १५ दिनमा हात्तीको आक्रमणबाट चार जनाको मृत्यु भएको छ । बथानसहित आउने हात्तीले बस्ती आसपास आतङ्क सिर्जना गर्ने गरेको उनको भनाइ छ । यस्ता हात्तीले किसानले लगाएको बाली नष्ट गरिरहेको छ भने भौतिक संरचनामा पनि क्षति पुऱ्याइरहेको छ ।

मोरङको बेलबारी, भाउन्ने, मङ्गलबारे, कानेपोखरी जङ्गल आसपासको क्षेत्रमा हात्तीका बथान देखिएको जिल्ला प्रहरी कार्यालय मोरङका डिएसपी रञ्जन दाहालले बताए ।

२४-२५ ओटा हात्तीको बथान बस्ती छेउछाउ देखिने गरेका छन् । बस्तीमा पसेर किसानको बालीमा क्षति पुऱ्याउन थालेपछि प्रहरीले स्थानीयसँगको सहकार्यमा गस्ती गरिरहेको उनले बताए । हात्ती आएको सर्वसाधारणलाई जानकारी दिन र सम्भावित दुर्घटना र क्षति रोक्नका लागि गस्ती गरेको डिएसपी दाहालले बताए । वन क्षेत्रबाट बस्तीमा पस्न खोज्ने हात्ती धपाउन सशस्त्र प्रहरी बल, नेपाल प्रहरी र वन सुरक्षाको टोली साइरनसहित खटिएको छ ।

हात्तीको आगमन बाक्लिएपछि बेलबारीको बेलबारी चिसाङ साझेदारी वन उपभोक्ता समूहले घाँस दाउरा गर्नका लागि जङ्गल नजान सर्वसाधारणलाई आग्रह गरेको छ । कात्तिक अन्तिम साता पूर्वी नाका बाहुनडाँगी हुँदै भारतबाट नेपाल छिरेका हात्ती पछिल्लो समय मोरङ र सुनसरीको वन क्षेत्रमा देखिएका छन् ।

भारत हुँदै झापाको बाहुनडाँगीबाट प्रवेश गरेको हात्तीको बथान हुम्सेदुम्से हुँदै मोरङको उर्लाबारी, लेटाङ, मिक्लाजुङ, बेलबारी, कानेपोखरी, केराबारी, पथरी क्षेत्रमा आएको छ । सुनसरी र कोसी टप्पु क्षेत्रमा पनि जङ्गली हात्तीको बथान देखिएको छ ।

हात्ती विज्ञ डा. अशोक रामका अनुसार आहारा खोज्दै जङ्गलबाट निस्किने हात्ती बस्ती पस्दा जोखिम हुन्छ । मानवीय असावधानीकै कारण हात्तीको आक्रमणमा सर्वसाधारण परिरहेको उनले बताए । उनका अनुसार भारत हुँदै बाहुनडाँगीबाट कोसी टप्पुसम्म हात्ती धेरै पहिलेदेखि

नै आवतजावत गर्थे ।

पहिले धेरै वन थियो, चारकोसे झाडी थियो र हात्ती आएको जानकारी हुँदैनथ्यो । हात्तीको वासस्थानको अतिक्रमण, खानेकुराको अभाव भयो, हात्ती हिँड्ने बाटाको अतिक्राण भयो । भारतबाट कात्तिक मङ्सिर र जेठ असारको समयमा हात्ती नेपाल प्रवेश गर्ने देखिएको छ । हात्तीविज्ञ रामका अनुसार यो समय प्रजननको बेला पनि भएका कारण भाले हात्ती धेरै आक्रामक हुन्छन् ।

### माथिको समाचारको आधारमा तलका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) विपत् भनेको के हो ?

(ख) प्राकृतिक विपत्को सूची तयार पार्नुहोस् ।

(ग) विपत् बाजा बजाएर आउँदैन भन्ने तथ्यलाई उदाहरणसहित पुष्टि गर्नुहोस् ।

(घ) विपत्पूर्व गरिने तयारीहरू विपत् व्यवस्थापनका लागि कामयावी हुन्छन् भन्ने सन्दर्भलाई उदाहरणसहित पुष्टि गर्नुहोस् ।

### क्रियाकलाप

विपत् व्यवस्थापनमा तपाईँको स्थानीय पालिकामा के कस्ता कार्य भइरहेका छन् ? खोजी गरी साथीहरूलाई सुनाउनुहोस् ।

# पाठ ५ नक्सा कार्य

**तल दिइएको नक्सा निर्माण गर्ने विधिहरूको अध्ययन गर्नुहोस् र नक्सा निर्माण गर्ने अभ्यास गर्नुहोस् :**

कुनै पनि समतल सतहमा छापिएको वा कोरिएको भौगोलिक रेखाचित्र नक्सा हो । यसले एक निश्चित भौगोलिक क्षेत्रको प्रतिनिधित्व गर्छ । नक्सा बनाउने कार्यलाई अङ्ग्रेजीमा कार्टोग्राफी भनिन्छ । नक्सा कोर्ने विभिन्न विधि छन् । स्वतन्त्र नक्साकङ्न विधि, टेम्पलेट विधि, कार्बन विधि, वर्ग विधि, ट्रेसिङ विधि, ओभरहेड प्रोजेक्टर विधि आदि नक्सा निर्माणका परम्परागत विधिमा पर्छन् भने आधुनिक विधिमा भौगोलिक सूचना प्रणाली, विश्व अवस्थिति, गुगल अर्थ पर्छन् । यी माथिका जुनसुकै विधि प्रयोग गरेर पनि हामी विद्यार्थीलाई नेपालको नक्सा कोर्न सक्ने सक्षम बनाउनुपर्छ ।

### नक्सामा प्रयोग हुने भौगोलिक सङ्केत


नक्सामा विभिन्न प्रकारका रङ तथा सङ्केतको प्रयोग गरिएको हुन्छ । नक्सामा संसारभरी नै प्रायः एकै किसिमका रङ तथा सङ्केतको प्रयोग गरिएको हुन्छ । नक्सामा हिमाल, नहर, रेलमार्ग, केबलकार, नदी, ताल, विद्यालय, सडक तथा भन्ज्याङ जस्ता तथ्यलाई एकै किसिमका सङ्केतको प्रयोग गरिन्छ । यस्ता सङ्केतलाई भौगोलिक सङ्केत भनिन्छ । त्यसै गरी, निलो रङले जलाशय, हरियोले मैदानी भाग, खैरोले पहाड, सेतोले हिमाल र पहेँलोले उच्च समस्थली देखाउँछ ।  नक्सामा प्रयोग हुने केही सङ्केतलाई तल तालिकामा प्रस्तुत गरिएको छ :

| तथ्याहरू | भौगोलक सङ्केत | तथ्य | भौगोलिक सङ्के |
|---|---|---|---|
| १. नदी |  | २. ताल |  |
| ३. टाकुरा |  | ४. सडक |  |
| ५. भन्ज्याङ |  | ६. पुल |  |
| ७. मन्दिर |  | ८. पहाडी शृङ्खला |  |

### नक्सा निर्माण विधि


**नेपालको नक्सा बनाउने तरिका**

(१) यस विधिद्वारा नक्सा बनाउँदा चित्र नं. (क) मा देखाइएजस्तै १२ से.मि. चौडाइ र २० से.मि. लम्बाइ भएको एउटा आयत बनाउनुहोस् । त्यसलाई चित्रमा देखाएजस्तै गरी विभिन्न नापमा विभाजन गर्नुहोस् :





*चित्र नं. (क)*

(२) चित्र नं. (ख) मा देखाएजस्तै चिह्न लगाउनुहोस् :





*चित्र नं. (ख)*

(३) चित्र नं. (ग) मा देखाएजस्तै गरी चिह्न लगाएको स्थानमा आकार बनाउनुहोस् :





*चित्र नं. (ग)*

(४) नेपालको नक्सा भित्र र बाहिर गएको सिमानालाई स्मरण गर्दै आकारलाई जोड्नुहोस् । अब नेपालको नक्सा तयार भयो ।




*चित्र नं. (घ)*

(५) चित्र (ङ) मा देखाए जस्तै नेपालको नक्सामा उत्तर दिशा सङ्केत गर्नुहोस् । त्यसपछि नक्साभित्रका रेखाहरू मेट्नुहोस् :




धरै पटक नेपालको नक्सा बनाउने यो अभ्यास गरेपछि राम्रो नक्सा बनाउन सकिन्छ ।

## पाठको आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) नक्सा भनेको के हो ?

(ख) नक्सामा नदीलाई कस्तो सङ्केतले देखाइन्छ ?

(ग) नक्सा बनाउन कुन कुन कुराको जानकारी हुन आवश्यक हुन्छ ?

## क्रियाकलाप

नेपालको नक्सा वनाई उपयुक्त सङ्केतद्वारा निम्नलिखित तथ्यहरू भर्नुहोस् :

आफू बसेको प्रदेश, मध्य पहाडी लोक मार्ग, तिलिचो ताल, कोसी टप्पु वन्यजन्तु आरक्ष, स्वर्गद्वारी, कर्णाली पुल (चिसापानी), गलेश्वर धाम, खाँडादेवी, रसुवा गढी गल्छी सडक, ट्याम्के मैयुम, रुबी भ्याली, भरत ताल

## क्रियाकलाप

ठुलो चार्ट पेपरमा विभिन्न सङ्केतको चित्र बनाई सम्पर्क कक्षामा टाँस्नुहोस् ।

## क्रियाकलाप

नक्सा निर्माणका लागि आवश्यक विभिन्न भौगोलिक तथ्यमा अद्यावधिक हुन कक्षामा हाजिरी जवाफ प्रतियोगिता सञ्चालन गर्नुहोस् ।

## आफूलाई जाँच्नुहोस् :

### १. पाठका आधारमा खालि ठाउँमा मिल्ने शब्द भर्नुहोस् :

(क) पृथ्वीको बिचमा भागबाट जाने वृत्ताकार काल्पनिक रेखालाई ................भनिन्छ। (भूमध्यरेखा, प्रधान मध्याह्न रेखा)

(ख) कुनै स्थानको वायुमण्डलको तापक्रम, हावाको चाप, बादल र वर्षाको अवस्थालाई .....................भनिन्छ। (मौसम, हावापानी)

(ग) हामी जति जति पहाडको उचाइमा जान्छौँ उति नै तापक्रम .......... ....हुन्छ। (घट्दै, बढ्दै)

(घ) हिमालय पर्वतको उपस्थितिले उत्तरबाट आउने ........................हावालाई रोकेर नेपालमा धेरै जाडो हुन दिँदैन। (मनसुनी, चिसो )

(ङ) विश्वव्यापी रूपमा तापमान र मौसमको स्वरूपमा लामो अन्तरालमा आउने परिवर्तनलाई ........................भनिन्छ । (जलवायु परिवर्तन, मौसम परिवर्तन)

(च) बलौटे माटोले पानीलाई सोसेर राख्न नसक्ने हुनाले ती स्थानको हावापानी ................प्रकारको हुन्छ। (सुक्खा, ओसिलो)

## २. जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| नेपाल | धेरै टापु भएको देश |
| भारत | दक्षिणमा बङ्गालको खाडी रहेको देश |
| चीन | जनसङ्ख्या १९१६४५०४ रहेको देश |
| श्रीलङ्का | वि.सं २०१६ चैत्र ७ मा नेपालसँग दौत्य सम्बन्ध कायम भएको देश |
| भुटान | सबैभन्दा धेरै जनसङ्ख्या भएको दक्षिण एसियाली देश |
| बङ्गलादेश | चारैतिर हिन्द महासागरले घेरिएको देश |
| अफगानिस्तान | भूपरिवेष्टित मुस्लिम बाहुल्य देश |
| पाकिस्तान | धेरै देशसँग सिमाना जोडिएको देश |
| माल्दिभ्स | राजतन्त्रात्मक भूपरिवेष्टित देश |

## ३. तल दिइएका प्रश्नको उत्तर दिनुहोस् :

(क) नेपालको हावापानीमा प्रभाव पार्ने तत्त्वको सूची बनाई कुनै दुईको छोटकरीमा व्याख्या गर्नुहोस् ।

(ख) जलवायु परिवर्तनका असर र ती असरलाई कम गर्ने उपाय उल्लेख गर्नुहोस् ।

(ग) भारत र चीनले नेपाललाई गरेका तीन/तीन सहयोगका क्षेत्र तालिकामा देखाउनुहोस् ।

(घ) विपत् व्यवस्थापनमा तपाईँले निर्वाह गर्न सक्ने कुनै तीन भूमिका लेख्नुहोस् ।

(ङ) नेपालको नक्सा बनाई तल दिइएका तथ्य उपयुक्त सङ्केतको प्रयोग गरी भर्नुहोस् :
काठमाडौँ, सगरमाथा, लुम्बिनी, कर्णाली नदी, चितवन राष्ट्रिय निकुञ्ज

# एकाइ ८ जनसङ्ख्या र यसको व्यवस्थापन

## पाठ १ जनसङ्ख्या परिवर्तका निर्धारक तत्त्व

**तलको बाबुछोरीबिचमा भएको भलाकुसरी अध्ययन गर्नुहोस् र छलफल गर्नुहोस् :**

बुबाले चिया पिउँदै पत्रिका पढेर बसिरहनुभएको थियो । आकृति आइपुगिन् र भनिन्, "बुबा के पढिरहनुभएको ?"

"ए छोरी यहाँ वि.सं. २०७८ को तथ्याङ्क दिइएको रहेछ अनि पहिले र अहिलेको हाम्रो यस चितवन जिल्लाको जनसङ्ख्यामा के कति परिवर्तन भएको रहेछ भनेर हेर्दै छु ।"

"अनि हाम्रो जिल्लाको जनसङ्ख्या पहिले कति थियो ? अहिले कति रहेछ त बुबा ?" छोरीले प्रश्न गरिन्

बुबाले भन्नुभयो, "चितवन जिल्लाको जनसङ्ख्या वि.सं. २०६८ को जनगणनाअनुसार ५,७९,९८४ थियो भने पछिल्लो जनगणना वि.सं. २०७८ अनुसार ७,१९,८५९ पुगेछ ।"

"ए, बुबा हाम्रो जिल्लाको जनसङ्ख्या त बढेको पो रहेछ है ? अनि बुबा यसरी जनसङ्ख्या परिवर्तन हुनाको कारण के हो नि ?" फेरि छोरीले सोधिन् ।

"छोरी जनसङ्ख्या कहिल्यै स्थिर हुँदैन । यसरी जनसङ्ख्या परिवर्तन हुनुमा विभिन्न तत्त्वले प्रत्यक्ष अप्रत्यक्ष रूपमा प्रभाव पारेको हुन्छ ।" बुबाले सम्झाउनुभयो ।

"अनि यसरी जनसङ्ख्या परिवर्तनमा प्रभाव पार्ने तत्त्व के के हुन् त बुबा ?" छोरीले भनिन् ।

बुबाले भन्नुभयो, "जनसङ्ख्या परिवर्तनमा प्रभाव पार्ने तत्त्व जन्म, मृत्यु र बसाईँसराइ हुन् । जन्मको कारणले कुनै पनि ठाउँको जनसङ्ख्या वृद्धि हुन्छ । त्यस्तै मृत्युको कारणले जनसङ्ख्या घट्छ र बसाइँसराइको कारणले बसाईँसराइ गरेर गएको ठाउँको जनसङ्ख्या बढ्छ भने जुन ठाउँबाट बसाइँसराइ गरेको छ उक्त ठाउँको जनसङ्ख्या घट्छ ।"

"ए बुबा त्यसो भए त हाम्रो चितवन जिल्लाको जनसङ्ख्या बढ्नुमा एउटा चाहिँ जन्मदर बढी भएको रहेछ अनि अर्को चाहिँ बसाईँसराइ गरेर आउनेहरूको सङ्ख्या बढेको रहेछ होइन त ?"

छोरीले आफ्नो मनमा लागेको कुरा भनिन् ।

बुबाले खुसी हुँदै भन्नुभयो, "हो नि अब भने मेरी छोरीले राम्रोसँग कुरा बुझ्छिन् । ल म तिमीलाई यी जन्म, मृत्यु र बसाइँसराइलाई पनि कुन कुन तत्त्वले प्रभाव पार्छन् भनी प्रस्ट हुने गरी बताउने छु ।"

"हस् बुबा ।" छोरीले भनिन् ।

"जन्मलाई चेतनाको स्तर, विवाहको उमेर, वंशाणुगत गुण, रोजगारी, हावापानी, परम्परागत मूल्य मान्यता, पौष्टिक तत्त्व जस्ता विभिन्न तत्त्वले प्रभाव पार्छन् । यी तत्त्वको प्रभावको कारणले जन्मदर बढी हुन सक्छ ।" बुबाले प्रस्ट पार्नुभयो ।

"बुबा यिनीहरूको सम्बन्धमा पनि थोरै भनिदिनुहोस् न ?" छोरीले जिज्ञासा राखिन् ।

बुबाले छोरीको जिज्ञासा कम गर्दै भन्नुभयो, "कम उमेरमा विवाह भए धेरै सन्तान हुने सम्भावना रहन्छ । त्यस्तै सचेतनाको अभावको कारणले पनि धेरै सन्तान हुन सक्छ । वंशाणुगत गुणको कारणले, पौष्टिक तत्त्वको अभावका कारणले मृत्युदर बढी हुँदा पनि फेरि धेरै सन्तान जन्माउने गरेको देखिन्छ ।"

"मृत्युलाई कुन कुन तत्वले प्रभाव पार्छन् नि बुबा ?" फेरि छोरीले सोधिन् ।

ल सुन है त भन्दै बुबाले भन्नुभयो, "स्वास्थ्य सुविधा, रोग तथा महामारी, कुपोषण, प्राकृतिक प्रकोप, हत्या हिंसा, दुर्घटना, पेसा जस्ता विभिन्न तत्त्वले मृत्युलाई प्रभाव पार्छन् ।"

"अनि बसाइँसराइलाई चाहिँ कुन कुन तत्वले प्रभाव पार्छन् नि ?" छोरीले सोधिन् ।

"जुन ठाउँबाट बसाइँ सरेर जान्छन् नि उक्त ठाउँलाई उद्‌गम स्थल र जुन ठाउँमा बसाइँ सरेर जान्छन् नि त्यसलाई गन्तव्य स्थल भनिन्छ । बसाइँ सराइँलाई आकर्षण तत्त्व र विकर्षण तत्त्वले प्रभाव पार्छन् । जुन कुराले बसाइँसराइका लागि आकर्षण गरिरहन्छन् । जस्तैः शिक्षा, स्वास्थ्य, रोजगारीको अवसर आदि आकर्षण तत्त्व हुन् भने जुन कुराले मानिसलाई बसाइँ सर्न बाध्य बनाउँछन् । महामारी, द्वन्द्व, लडाइँ झगडा, रोजगारीको अवसरको अभाव, हावापानी आदि विकर्षण तत्व हुन् ।" बुबाले बताउनुभयो ।

ए, बुबा अब त प्रस्ट भयो ।

"यहाँ पत्रिकामा त कति सजिलोसँग बुझ्ने गरी जन्मदर, मृत्युदर र बसाइँसराइदरलाई मापन गर्ने तरिका पनि दिइएको रहेछ ।" बुबाले छोरीलाई सुनाउनुभयो ।

"हो र बुबा मलाई पनि सिकाइदिनुस् न, हामीले पनि पढ्नुपर्छ ।" छोरीले भनिन् ।

"ए हो र ल म तिमीलाई सिकाउँछु है त ? जन्मदरको मापन दुई तरिकाले गरिने रहेछ। एउटा कोरा जन्मदर अर्को उमेरअनुसारको जन्मदर।"

"कोराजन्मदर जन्मलाई मापन गर्ने सबैभन्दा सरल तरिका हो। कुनै खास स्थानको निश्चित वर्षमा जीवित जन्मेका शिशुहरूको जन्म सङ्ख्यालाई त्यसै वर्षको मध्य वर्षको जनसङ्ख्याले भाग गरेर आउने भागफललाई १००० ले गुणन गरेर आउने प्रतिफललाई कोराजन्मदर भनिन्छ। कोरा जन्मदर प्रतिहजार जनसङ्ख्यामा निकीलने हुनाले १००० ले गुणन गरिन्छ।"

"यसको सूत्र पनि छ र बुबा ?" छोरीले सोधिन्। "छ नि ल कापीमा टिप।" बुबाले भन्नुभयो। छोरीले कापी कलम निकालिन्। बुबाले भन्नुभयो, "ल्याऊ त म कापीमा लेखिदिन्छु। यो

$$\text{कोराजन्मदर} = \frac{\text{कुनै वर्षमा जीवित जन्मेका शिशुको सङ्ख्या}}{\text{मध्यवर्षको जनसङ्ख्या}} \times १०००$$

यो कोरा जन्मदर निकाल्ने सूत्र हो।

ल सुन है त अब म उदाहरणसहित भनिदिन्छु। मानौँ हाम्रो गाउँमा वि.सं. २०७८ सालमा जम्मा जीवित जन्मेका शिशुको सङ्ख्या १५०० र उक्त स्थानको मध्यवर्षको कुल जनसङ्ख्या २०००० रहेछ भने $\text{कोराजन्मदर} = \frac{१५००}{२००००} \times १००० = ७५$

तसर्थ वि.सं. २०७८ मा हाम्रो गाउँमा प्रति १००० जनसङ्ख्यामा लगभग ७५ जना शिशुको जन्म हुन्छ भन्ने बुझ्नुपर्छ।

यो त बुझेँ बुबा।

"उमेरअनुसारको जन्मदर भनेको चाहिँ जन्मदर सबै उमेर समूहमा एकै नभई फरक फरक हुन्छन् भन्ने हो। त्यसैले कुनै खास उमेर समूहका एकहजार महिलाले एकवर्षभित्रमा जन्माएका शिशुहरूको सङ्ख्यालाई उमेरअनुसारको जन्मदर भनिन्छ। उमेरअनुसारको जन्मदर निकाल्दा प्रजनयोग्य महिलालाई पाँच पाँच वर्षको समूहमा राखिन्छ।

उमेरअनुसारको जन्मदर निकाल्ने सूत्र पनि कापीमा टिप है त ?

$$\text{उमेरअनुसारको जन्मदर} = \frac{\text{एक वर्षभित्र कुनै उमेरसमूहका महिलाले जन्माएको शिशुको सङ्ख्या}}{\text{सोही वर्षको मध्यमा उक्त उमेरसमूहका महिलाको सङ्ख्या}} \times १०००$$

यो पनि तिमीले अघि हामीले कोराजन्मदर निकालेका थियौँ नि त्यसै गरी निकाल है त ?

"हस् बुबा। मृत्युदर चाहिँ कसरी निकालिन्छ नि बुबा ?" छोरीले सोधिन्।

"मृत्युदरको मापन पनि कोरा मृत्युदर र शिशु मृत्युदर गरी दुई किसिमबाट नै निकालिन्छ ।

कोरामृत्युदर मृत्युलाई मापन गर्ने सबैभन्दा सरल तरिका हो । कुनै खास स्थानको निश्चित वर्षमा मृत्यु भएका मानिसहरूको सङ्ख्यालाई त्यसै वर्षको मध्य वर्षको जनसङ्ख्याले भाग गरेर आउने भागफललाई १००० ले गुणन गरेर आउने प्रतिफललाई कोरा मृत्युदर भनिन्छ । कोरा मृत्युदर प्रतिहजार जनसङ्ख्यामा निकालिने हुनाले १००० ले गुणन गरिन्छ ।

कोरा मृत्युदर निकाल्ने सूत्र

$$\text{कोरामृत्युदर} = \frac{\text{कुनै एक वर्षभित्र मृत्यु हुनेको सङ्ख्या}}{\text{त्यसै वर्षको मध्यवर्षको जनसङ्ख्या}} \times १०००$$

"शिशुमृत्युदर चाहिँ कसरी निकालिने रहेछ बुबा ?" छोरीले सोधिन् ।

कुनै क्षेत्रमा एकवर्षभित्रमा प्रतिहजार जीवित जन्मेका शिशुमध्ये एक वर्षभन्दा कम उमेरमा मृत्यु हुने शिशुको सङ्ख्यालाई शिशुमृत्युदर भनिन्छ ।

$$\text{शिशु मृत्युदर} = \frac{\text{एक वर्षको उमेर समूहभित्रको मृत्यु हुनेको सङ्ख्या}}{\text{उक्त अवधिको जन्मसङ्ख्या}} \times १०००$$

ए बुबा शिशु मृत्युदर र कोरा मृत्युदरमा त्यति धेरै फरक रहेनछ है ?

हो नि । ल अब सुन है त बसाइँसराइको मापन आप्रवास दर र उत्प्रवास दरको आधारमा निकालिन्छ ।

आप्रवास दर र उत्प्रवास दर भनेको के हो र बुबा ?

आप्रवासन दर (Inmigration rate) को गणना गर्दा कुनै क्षेत्रमा एक वर्षभित्र बाहिरबाट बसाइँ सरेर आउने व्यक्तिको सङ्ख्यालाई सोही अवधिको मध्य वर्षको जनसङ्ख्याले भाग गरी आएको सङ्ख्यालाई १००० ले गुणन गर्नुपर्छ । यसको गणनाका लागि निम्नलिखित सूत्रको प्रयोग गर्न सकिन्छ :

$$\text{आप्रवास दर } Mi = \frac{\text{कुनै स्थानमा कुनै एक वर्षभित्र बाहिरबाट बसाइ सरेर आएको सङ्ख्या}}{\text{उक्त क्षेत्रको सोही अवधिको मध्यवर्षको जनासङ्ख्या}} \times १०००$$

उत्प्रवास दर (Outmigration rate) को गणना गर्न कुनै निश्चित क्षेत्रबाट एकवर्षको अवधिभित्र बाहिर बसाइँ सरेर जाने व्यक्तिको सङ्ख्यालाई सोही अवधिको मध्य वर्षको जनसङ्ख्याले भाग गरी आएको सङ्ख्यालाई १००० ले गुणन गर्नुपर्छ । यसको गणनाका लागि

निम्नलिखित सूत्रको प्रयोग गर्न सकिन्छ :

उत्प्रवास दर M0 =

$$\frac{\text{कुनै खास क्षेत्रबाट एक वर्षभित्र बाहिर बसाइँ सरेर जाने व्यक्तिको सङ्ख्या}}{\text{उक्त क्षेत्रको सोही अवधिको मध्यवर्षको जनासङ्ख्या}} \times १०००$$

बुझेँ बुबा, कापीमा पनि टिपेँ । पत्रिकामा नै कति स्पष्ट हुने गरी दिइएको रहेछ है ?

हो त छोरी मलाई पनि यति राम्रोसँग थाहा थिएन अहिले भने राम्रोसँग बुझ्ने अवसर पाएँ ।

## पाठको आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) जनसङ्ख्या परिवर्तनका निर्धारक तत्त्व के के हुन् ? लेख्नुहोस् ।

(ख) जन्म, मृत्यु र बसाइँसराइले जनसङ्ख्या परिवर्तनमा कसरी प्रभाव पार्छन् ? उल्लेख गर्नुहोस् ।

(ग) जन्म, मृत्यु र बसाइँसराइलाई प्रभाव पार्ने तत्त्व के के हुन् ? तालिकामा छुट्टाछुट्टै लेख्नुहोस् ।

| जन्मलाई प्रभाव पार्ने तत्त्व | मृत्युलाई प्रभाव पार्ने तत्त्व | बसाइँसराइलाई प्रभाव पार्ने तत्त्व |
|---|---|---|
| | | |

(घ) जन्मदर मापन गर्ने तरिका छोटकरीमा व्याख्या गर्नुहोस् ।

(ङ) मृत्युदर कसरी निकालिन्छ ? उल्लेख गर्नुहोस् ।

(च) बसाइँसराइ कसरी मापन गरिन्छ ? वसाइँ सराइ मापन गर्ने तरिकाको सम्बन्धमा छोटकरीमा उल्लेख गर्नुहोस् ।

## क्रियाकलाप

**तल दिइएको अनुच्छेद र तालिका अध्ययन गरी दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :**

नेपालमा प्रत्येक १०/१० वर्षमा जनगणना गरिन्छ । जनगणनासँगसँगै जनसङ्ख्या वृद्धिदर पनि

निकालिन्छ । वार्षिक जनसङ्ख्या वृद्धिदरको आधारमा जनसङ्ख्या दोब्बर हुन लाग्ने समय निकालिन्छ । जनसङ्ख्या दोब्बर हुन लाग्ने समय अघिल्लो जनगणनाको कुल जनसङ्ख्या र वार्षिक वृद्धिदरका आधारमा निकालिन्छ । यहाँ तालिकामा पाँच जनगणना वर्षहरूको जनसङ्ख्या, वार्षिक वृद्धिदर र जनसङ्ख्या दोब्बर हुन लाग्ने समय दिइएको छ :

| जनगणना वर्ष | जनसङ्ख्या | वार्षिक वृद्धिदर | दोब्बर हुन लाग्ने समय |
|---|---|---|---|
| वि.सं. १९३८ | १५०२२८३९ | २.६२ | २७ वर्ष |
| वि.सं. १९४८ | १८४९१०९७ | २.०८ | ३४ वर्ष |
| वि.सं. २०५८ | २३१५१४२३ | २.२५ | ३१ वर्ष |
| वि.सं. २०६८ | २६४९४५०४ | १.३५ | ५२ वर्ष |
| वि.सं. २०७८ | २९१६४५७८ | ०.९२ | ७६ वर्ष |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना, २०७८*

(क) नेपालमा कति कति वर्षमा जनगणना गरिन्छ ?

(ख) जनसङ्ख्या दोब्बर हुन लाग्ने समय कसरी निकालिन्छ ?

(ग) वि.सं. २०३८ देखि वि.सं. २०७८ सम्मको जनसङ्ख्याको वार्षिक जनसङ्ख्या वृद्धिदर र जनसङ्ख्या दोब्बर हुन लाग्ने समयको विश्लेषण गर्नुहोस् ।

## क्रियाकलाप

सिकाइ केन्द्रमा सिकारुहरू तीन समूहमा विभाजित भई तीन समूहमध्ये पहिलोले जन्म, दोस्रोले मृत्यु र तेस्रोले बसाइँसराइले आआफ्नो समाजमा पारेको प्रभाव सम्बन्धमा टिपोट गरी साथीहरूलाई सुनाउनुहोस् ।

# पाठ २ जनसङ्ख्याको बनोट

## तलको पाठ अध्ययन गर्नुहोस् र छलफल गर्नुहोस् :

सहजकर्ताले कक्षामा प्रवेश गर्दै भन्नुभयो, "तपाईँहरूलाई मैले वि.सं. २०७८ को जनगणनाको तथ्याङ्कको लिङ्क दिएर नेपालको जनसङ्ख्याको बनोटको तथ्याङ्क अध्ययन गरी टिपोट गरेर ल्याउन भनेकी थिएँ नि। टिपेर ल्याउनुभयो त ?"

सुनीताले भन्नुभयो, "ल्याएका छौँ गुरुआमा । जनङ्ख्याको बनोटको सम्बन्धमा त हामीले भाग एकमा पनि अध्ययन गरेका थियौँ नि ?"


"ए हो त है ? ल त्यसो भए भन्नुस् त जनसङ्ख्याको बनोट भनेको के हो ?" सहजकर्ताले प्रश्न गर्नुभयो।

रमेशले भन्नुभयो, "म भन्छु है गुरुआमा, जनसङ्ख्याको उमेर, लिङ्ग, मातृभाषा, धर्म, पेसा, जातजाति, शैक्षिक स्थिति आदिका आधारमा वर्गीकरण गरिएको मानिसको सङ्ख्यालाई जनसङ्ख्याको बनोट भनिन्छ।"

सहजकर्ताले खुसी हुँदै भन्नुभयो, "स्याबास् यसरी पहिले पढेका कुरा सम्झिनु त धेरै राम्रो हो नि। ल त्यसो भए अब तपाईँहरूले टिपोट गरेका तथ्याङ्क के के छन् पालैपालो भन्नुस् न त ?"

सुनीताले भन्नुभयो, "गुरुआमा हजुरले हामीलाई लिङ्गको आधारमा, पेसाको आधारमा, शैक्षिकस्तरको आधारमा र ग्रामीण र सहरी क्षेत्रअनुसार जनसङ्ख्याको बनोट सम्बन्धमा टिपोट गरेर ल्याउनुभन्नुभएको थियो नि बिर्सनुभयो।

हो हो कहाँ बिर्सनु नि त्यसैले त यहाँ चार्ट पनि बनाएर ल्याएको छु। ल हेर्नुस् त सबैले।



आहा ! कति राम्रो रहेछ गुरुआमा, गीताले भन्नुभयो ।

दिनेशले भन्नुभयो, “गुरुआमा मैले लिङ्गको आधारमा जनसङ्ख्याको बनोटको तथ्याङ्क चार्टमा टिपेर ल्याएको छु देखाउँछु है ?

हस् दिनेश देखाउनुहोस् न भनी सहजकर्ताले भन्नुभयो ।

दिनेशले लिङ्गको आधारमा जनसङ्ख्याको बनोटको तथ्याङ्क देखाए ।

## लिङ्गअनुसार जनसङ्ख्याको बनोट

| जनगणना वर्ष | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा |
|---|---|---|---|---|---|
| वि.सं. २०६८ (सन् २०११) | १,२८,४९,०४१ | ४८.४९ | १,३६,४५,४६३ | ५१.५० | २,६४,९४,५०४ |
| वि.सं. २०७८ (सन् २०२१) | १,४२,५३,५५१ | ४८.८७ | १,४९,११,०२७ | ५१.१३ | २,९१,६४,५७८ |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनसङ्ख्या, २०७८*

धेरै राम्रो गर्नुभएछ दिनेश तपाईँले धेरै धेरै धन्यवाद । ल अब यो तालिका हेरेर व्याख्या गरौँ है त भनी गुरुआमाले तालिकाको व्याख्या गरेर सुनाउनुभयो । तालिकामा लिङ्गअनुसार जनसङ्ख्याको बनोट देखाइएको छ । जसअनुसार वि.सं. २०६८ को जनगणनाअनुसार पुरुषको सङ्ख्या १,२८,४९,०४१ र महिलाको सङ्ख्या १,३६,४५,४६३ रहेको छ । त्यस्तै वि.सं. २०७८ को जनगणनाअनुसार पुरुषको सङ्ख्या १,४२,५३,५५१ र महिलाको सङ्ख्या १,४९,११,०२७ रहेको छ । विगत १० वर्षको तुलना गर्दा २०६८ मा ४८.४९ प्रतिशत भएको पुरुषको सङ्ख्या २०७८ मा ४८.८७ प्रतिशतले बढेको छ । त्यस्तै २०६८ मा ५१.५० प्रतिशत भएको महिलाको सङ्ख्या २०७८ मा ५१.१३ प्रतिशतले बढेको देखिन्छ ।

यसरी देशको जनसङ्ख्यालाई पुरुष र महिलाको आधारमा गरिएको वर्गीकरणलाई लिङ्गअनुसार जनसङ्ख्याको बनोट भनिन्छ । महिला र पुरुषको आधारमा बेग्ला बेग्लै जनसङ्ख्या गणना गर्दा कुनै पनि ठाउँ/क्षेत्र वा देशको लिङ्गअनुसारको जनसङ्ख्याको बनोट पत्ता लगाउन सकिन्छ ।

“गुरुआमा मैले पनि वि.सं. २०६८ र २०७८ को जनगणनाअनुसार पेसाको आधारमा जनसङ्ख्याको बनोटको तथ्याङ्क चार्टमा टिपेर ल्याएको छु । म देखाउँछु है त ?” मनीताले भन्नुभयो ।

"हस् देखाउनुस् न त ।" सहजकर्ताले खुसी व्यक्त गर्दै भन्नुभयो ।

मनीताले पेसाको आधारमा जनसङ्ख्याको बनोटको तालिका देखाउनुभयो ।

## पेसाअनुसार जनसङ्ख्याको बनोट

**पेसाअनुसार जनसङ्ख्याको बनोट** (२०५८ – २०७८) **प्रतिशतमा**

| पेसा | २०५८ | २०६८ | २०७८ |
|---|---|---|---|
| कृषिक्षेत्र | ६५.७० | ६०.४३ | ५७.३० |
| गैरकृषिक्षेत्र | ३४.३० | ३९.५७ | ४२.७० |
| जम्मा | १०० | १०० | १०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनसङ्ख्या, २०७८*

सहजकर्ताले मनीतालाई धन्यवाद दिँदै तथ्याङ्कको सम्बन्धमा प्रस्ट पारिदिनुभयो । पेसाअनुसार जनसङ्ख्याको बनोटको संरचनाले कति प्रतिशत जनसङ्ख्या कुन पेसामा संलग्न छन् भन्ने कुरालाई देखाउँछ । यसबाट देशको जनसङ्ख्या कस्ता प्रकारका आर्थिक क्रियाकलापमा संलग्न रहेका छन् भन्ने पनि बुझ्न सकिन्छ । यस तथ्याङ्कको आधारमा सरकारलाई आर्थिक विकासका योजना बनाउन सहयोग पुग्छ । माथिको तथ्याङ्कबाट के प्रस्ट हुन्छ भने वि.सं. २०५८ को तुलनामा २०६८ को जनगणनाअनुसार कृषि पेसा अँगाल्ने मानिसहरूको सङ्ख्या घटिरहेको छ । त्यसै गरी कृषिबाहेक अन्य पेसा व्यवसायमा लाग्नेहरूको सङ्ख्या पनि बढिरहेको छ । वि.सं. २०५८ को तथ्याङ्कअनुसार कृषि पेसामा लाग्नेहरू ६५.७० छन् भने २०६८ मा आउँदा घटेर ६०.४३ प्रतिशत पुगेको छ र २०७८ मा आउँदा त झन् घटेर ५७.३० प्रतिशत भएको देखिन्छ । त्यस्तै गैरकृषि क्षेत्रमा वि.सं. २०५८ मा ३४.३० प्रतिशत रहेकामा २०६८ मा बढेर ३९.५७ प्रतिशत पुगेको र २०७८ मा आउँदा झन् बढेर ४२.२० प्रतिशत पुगेको देखिन्छ । यसबाट के भन्न सकिन्छ भने नेपालमा दिनप्रतिदिन शिक्षित जनसङ्ख्या बढ्दै गएको छ । व्यावसायिक तथा सिपमूलक तालिम लिनेहरूको सङ्ख्यामा पनि वृद्धि हुँदै गएको छ र यसले जनताहरूको जीवनस्तर उकास्नका लागि पनि मदत गर्छ । त्यस्तै देशको आर्थिक विकासमा पनि थप टेवा पुऱ्याउँछ ।

ल अब अरू क कसले टिपोट गर्नुभएको छ देखाउनुस् त ?

सुनीताले भन्नुभयो, "अब मैले ल्याएको चार्ट देखाउँछु है गुरुआमा, मैले शैक्षिक स्थितिअनुसार जनसङ्ख्याको बनोटको तथ्याङ्क टिपोट गरेर ल्याएको छु ।"

## शैक्षिक स्थितिअनुसार जनसङ्ख्याको बनोट

**पाँच वर्ष वा सोभन्दा माथिको जनसङ्ख्याको साक्षरता प्रतिशत** (वि.सं. २०५८-२०७८)

| जनगणना वर्ष | पुरुष | महिला | कुल |
|---|---|---|---|
| वि.सं. २०५८ | ६५.५ | ४२.८ | ५४.१ |
| वि.सं. २०६८ | ७५.१ | ५७.४ | ६५.९ |
| वि.सं. २०७८ | ८३.६ | ६९.४ | ७६.२ |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनसङ्ख्या, २०७८*

शिक्षा मानव समाजको विकासको एउटा मुख्य सूचक र आधारशिला पनि हो । शिक्षाको विकासबाट नै देशको आर्थिक तथा सामाजिक विकास गर्न सकिन्छ । शैक्षिक स्तरअनुसार जनसङ्ख्याको बनोटबाट देशमा कति व्यक्ति साक्षर छन् र कति व्यक्ति निरक्षर छन् भन्ने कुरा थाहा पाउन सकिन्छ । यही तथ्याङ्कको आधारमा सरकारलाई आर्थिक विकासका लागि नीति तथा योजना बनाउन मदत पुग्छ । नेपालमा वि.सं. २००९/११ को जनगणनादेखि साक्षरतासम्बन्धी तथ्याङ्क सङ्कलन गर्न थालिएको हो । वि.सं. २०४८ को जनगणनाले साक्षरताको परिभाषा निम्नअनुसार गरेको छ : कुनै एउटा भाषामा लेख्न, पढ्न र बुझ्न सक्षम हुनुका साथै साधारण गणितीय ज्ञान भएकालाई साक्षर भनिन्छ । छ वर्षभन्दा माथिकालाई साक्षरतामा गणना गरिएको थियो । वि.सं. २०६८ को जनगणनाले पाँच वर्षभन्दा माथिकालाई साक्षरतामा गणना गरेको थियो । यहाँ तालिकामा वि.सं. २०५८ देखि २०७८ सम्मको साक्षरता प्रतिशतलाई देखाइएको छ । माथिको तालिकाबाट वि.सं. २०५८ को जनगणनादेखि क्रमशः साक्षरता प्रतिशत बढ्दै गएको देखिन्छ । वि.सं. २०५८ को जनगणनामा ५४.१ प्रतिशत रहेको कुल तथ्याङ्क २०६८ मा बढेर ६५.९ प्रतिशत र २०७८ मा झन् बढेर ७६.२ प्रतिशत पुगेको छ । पुरुष साक्षरताको तुलनामा महिलाको साक्षरता प्रतिशत कम देखिए तापनि क्रमशः बढ्दै गएको तथ्याङ्कबाट देख्न सकिन्छ ।

रमेशले जिज्ञासा राख्दै भन्नुभयो, “गुरुआमा जनसङ्ख्याको बनोटले सामाजिक आर्थिक जनजीवनमा कस्तो प्रभाव पारेको छ भनिदिनुहोस् न ?”

“साह्रै राम्रो प्रश्न गर्नुभयो रमेश तपाईंले, जनसङ्ख्याको बनोटले सामाजिक आर्थिक जनजीवनमा सकारात्मक र नकारात्मक दुवै किसिमको प्रभाव पारेको पाइन्छ । ल सुन्नुहोस् है त पहिले आर्थिक प्रभावको सम्बन्धमा छलफल गरौँ । यदि कुनै ठाउँमा दक्ष, सिपयुक्त र शिक्षित

जनसङ्ख्या बढी छन् भने त्यस्तो ठाउँमा कृषि, उद्योग र व्यापार व्यवसाय राम्रोसँग फस्टाएको हुन्छ । मानिसहरूका बिचमा ज्ञान, सिप र कौशलका लागि प्रतिस्पर्धा भएको हुन्छ । त्यस्तै ग्रामीण क्षेत्र सहरी क्षेत्रमा परिणत भयो भने विकासका पूर्वाधारको विकास हुन्छ । मानिसहरू अधिकार र कर्तव्यप्रति सचेत हुन्छन् । विभिन्न पेसा व्यवसाय गर्नेको सङ्ख्या पनि बढी हुन्छ ।

सुनीताले थप्नुभयो, "रोजगारीका अवसरमा वृद्धि हुँदै जान्छ होइन त गुरुआमा ?"

"हो नि, ठिक भन्नुभयो, अब सामाजिक जनजीवनमा पार्ने प्रभावको चर्चा गरौँ है त ? शिक्षित जनसङ्ख्या बढी भएको ठाउँमा सामाजिक समस्या तथा कुरीति र अन्धविश्वास हटेर गएका हुन्छन् ।"

## पाठको आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) जनसङ्ख्याको बनोट भनेको के हो ?

(ख) लिङ्गअनुसार जनसङ्ख्याको बनोट भन्नाले के बुझिन्छ ?

(ग) वि.सं. २०७८ को जनगणनाअनुसार साक्षरता प्रतिशत कति रहेको छ ?

(घ) वि.सं. २०५८ र २०६८ को भन्दा २०७८ को जनगणनामा गैरकृषि पेसा गर्ने मानिसहरूको सङ्ख्या बढ्दै जानाका कारण के के हुन् ?

## क्रियाकलाप

पछिल्लो समयमा पुरुषभन्दा महिलाको जनसङ्ख्या बढेको देखिन्छ । यसरी नै हरेक क्षेत्रमा महिलालाई अगाडि बढाउन के गर्नुपर्ला ? जानकार व्यक्तिसँग सोधखोज गरी लेख्नुहोस् ।

## क्रियाकलाप

केन्द्रीय तथ्याङ्क विभागको वेबसाइटमा (www.cbs.gov.np) गएर राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क डाउनलोड गरी जनसङ्ख्या सम्बन्धमा थप जानकारी लिनुहोस् ।

## क्रियाकलाप

माथि पाठमा दिइएको शैक्षिक स्थितिअनुसार जनसङ्ख्याको बनोटको तथ्याङ्कको विश्लेषण गर्नुहोस् ।

## क्रियाकलाप

जनसङ्ख्याको बनोटले सामाजिक र आर्थिक क्षेत्रमा पारेको प्रभावको समीक्षा गर्नुहोस् ।


# पाठ ३ जनसङ्ख्याको वितरण

## तलको पाठ अध्ययन गर्नुहोस् र छलफल गर्नुहोस् :

सिकाइ केन्द्रमा सम्पर्क कक्षाको समयमा स्रोत व्यक्तिको रूपमा जनसङ्ख्याविद्लाई आमन्त्रण गरिएको थियो। जनसङ्ख्याविद्ले जनसङ्ख्याको वितरण सम्बन्धमा गर्नुभएको प्रस्तुतीकरणलाई यहाँ प्रस्तुत गरिएको छ :

**सम्पूर्णमा नमस्कार !**

आज म यहाँहरूसमक्ष नेपालमा जनसङ्ख्याको वितरण सम्बन्धमा प्रस्तुत गर्दै छु। विभिन्न भौगोलिक क्षेत्र, प्रदेश र जिल्लाको आधारमा कहाँ कस्तो र कति जनसङ्ख्या छ भनेर वितरण गरिनुलाई जनसङ्ख्याको वितरण भनिन्छ। नेपालको धरातलीय स्वरूप, हावापानी, माटो, प्राकृतिक स्रोत र साधन आदिमा विविधता भएकाले जनसङ्ख्याको वितरण पनि फरक फरक रहेको छ। जुन ठाउँमा शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार, रोजगारीलगायत अन्य सेवा सुविधा बढी हुन्छ त्यो ठाउँमा जनसङ्ख्याको चाप पनि बढी भएको पाइन्छ। त्यस्तै गरी सेवा सुविधा कम भएका ठाउँहरूमा जनसङ्ख्याको चाप पनि कम भएको पाइन्छ। जनसङ्ख्याको वितरणलाई स्लाइडमार्फत मैले निम्नअनुसार चार्टमा प्रस्तुत गरेको छु :




आज हामी यहाँ भौगोलिक क्षेत्रको आधारमा र प्रदेशगत आधारमा जनसङ्ख्याको वितरण सम्बन्धमा छलफल गर्ने छौँ। नेपाललाई धरातलीय स्वरूपको आधारमा हिमाली प्रदेश, पहाडी प्रदेश र तराई प्रदेशमा विभाजन गरिएको छ। भौगोलिक क्षेत्रमा धरातलीय स्वरूप, हावापानी र उचाइका दृष्टिले विविधता रहेको पाइन्छ। भौगोलिक क्षेत्रअनुसार जनसङ्ख्या वितरणलाई यहाँ मैले तालिकामा देखाइएको छ :

**भौगोलिक क्षेत्रअनुसार जनसङ्ख्याको वितरण (प्रतिशतमा)**

| क्षेत्र | जनसङ्ख्या(%) (२०६८) | जनसङ्ख्या(%) (२०७८) |
|---|---|---|
| हिमाल | ६.७३ | ६.०८ |
| पहाड | ४३.०१ | ४०.३१ |
| तराई | ५०.२७ | ५३.६१ |
| कुल | १०० | १०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना, २०७८*

२०६८ र २०७८ को जनसङ्ख्याको तालिका हेरेपछि निरुले भनिन्, "सर यहाँ तालिकाअनुसार तराईको जनसङ्ख्या प्रतिशत विगत वि.सं. २०६८ को तुलनामा २०७८ मा वृद्धि भएको देखिएको छ भने हिमाली र पहाडीमा घटेको देखिन्छ होइन त ?"

हो नि तपाईँले ठिक भन्नुभयो भन्दै जनसङ्ख्याविद्ले भन्नुभयो, "यसरी तराई क्षेत्रमा वि.सं. २०६८ को जनगणनामा भन्दा जनसङ्ख्या वृद्धि हुनु र पहाडी र हिमाली क्षेत्रमा जनसङ्ख्या घट्नुमा तराई क्षेत्रको सुगमता, उब्जाउशील माटो, विकासका पूर्वाधारको विकास, रोजगारीको अवसर र काम गर्न सहज वातावरण जस्ता कुराहरूले प्रभाव पारेको हो भनेर अनुमान गर्न सकिन्छ।"

अब म तपाईँहरूलाई प्रदेशअनुसार जनसङ्ख्याको वितरणको तालिका देखाउँदै छु :

**प्रदेशअनुसार जनसङ्ख्याको वितरण (प्रतिशतमा)**

| प्रदेश | जनसङ्ख्या प्रतिशत (२०६८) | जनसङ्ख्या प्रतिशत (२०७८) |
|---|---|---|
| कोसी प्रदेश | १७.१२ | (४९६१४१२) १७.०१% |
| मधेस प्रदेश | २०.४० | (६११४६००) २०.९७% |
| बाग्मती प्रदेश | २०.८७ | (६११६८६६) २०.९७% |
| गण्डकी प्रदेश | ९.०७ | (२४६६४२७) ८.४६% |
| लुम्बिनी प्रदेश | १६.९८ | (५१२२०७८) १७.५६% |
| कर्णाली प्रदेश | ५.९३ | (१६८८४१२) ५.७९% |
| सुदूरपश्चिम प्रदेश | ९.६३ | (२६९४७८३) ९.२४% |
| कुल | १००.०० | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना, २०७८*

यहाँहरूलाई पनि पक्कै थाहा छ । प्रदेशको विभाजन नेपालको संविधान जारी भएपश्चात् प्रशासनिक रूपमा विकसित नयाँ ढाँचा हो । जसअनुसार देशलाई सात प्रदेशमा विभाजन गरिएको छ । प्रदेशअनुसार जनसङ्ख्याको वितरणले ती क्षेत्रमा रहेको जनसङ्ख्याको चापलाई देखाउँछ । प्रदेशअनुसार जनसङ्ख्याको वितरण प्रत्यक्ष रूपमा धरातलीय स्वरूप, हावापानी, स्रोत साधनको उपलब्धता आदिसँग सम्बन्धित रहेको देखिन्छ ।

जनसङ्ख्याविद्ले प्रदेशको सम्बन्धमा केही कुरा बताइसकेपछि राकेशले भन्नुभयो, "राष्ट्रिय जनगणना, २०७८ को नतिजाअनुसार प्रदेशगत रूपमा जनसङ्ख्याको वितरण हेर्दा सबैभन्दा धेरै जनसङ्ख्या बाग्मती प्रदेशमा र सबैभन्दा कम जनसङ्ख्या कर्णाली प्रदेशमा देखिएको छ है सर ?"

हो नि, तपाईँले ठिक भन्नुभयो । देशको सङ्घीय राजधानी समेत रहेको बाग्मती प्रदेशमा सबैभन्दा बढी जनसङ्ख्या हुनुमा विकासका पूर्वाधारको विकास, शिक्षा स्वास्थ्य, रोजगारी लगायतका सेवा सुविधा उपलब्ध हुनु, मानव स्वास्थ्य अनुकूल हावापानी आदि जस्ता कारणलाई लिन सकिन्छ । त्यस्तै कर्णाली प्रदेशमा अन्य प्रदेशमा भन्दा कम जनसङ्ख्या हुनुमा भौगोलिक विकटता, खेतीयोग्य जमिन कम हुनु, विकासका पूर्वाधारको विकास कम हुनु जस्ता कारणलाई लिन सकिन्छ ।

यहाँ तथ्याङ्कमा हेर्दा मधेस प्रदेश, बाग्मती प्रदेश र लुम्बिनी प्रदेशमा वि.सं. २०६८ को जनगणनामा भन्दा २०७८ को जनगणनामा जनसङ्ख्या बढेको देखिन्छ भने बाँकी कोसी प्रदेश, गण्डकी प्रदेश, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशमा जनसङ्ख्या घटेको देखिन्छ ।

"ल अब ग्रामीण र सहरी क्षेत्रअनुसार जनसङ्ख्याको वितरणका तालिका देखाउँछु है त ?" जनसङ्ख्याविद्ले स्लाइडमा देखाउनुभयो ।

### ग्रामीण तथा सहरी क्षेत्रअनुसार जनसङ्ख्या वितरण

**नेपालमा ग्रामीण तथा सहरी क्षेत्रअनुसार जनसङ्ख्या (प्रतिशत) वितरण (२०६८ र २०७८)**

| क्षेत्र | (२०६८) सङ्घीय संरचनापछि समायोजित जनसङ्ख्या | प्रतिशत | जनसङ्ख्या (२०७८) | प्रतिशत |
|---|---|---|---|---|
| सहरी | १,६७,४०,७३२ | ६३.१९ | १,९२,९६७८८ | ६६.१७ |
| ग्रामीण | ९७,५३,७७२ | ३६.८१ | ९८६७७९० | ३३.८३ |
| कुल | २,६४,९४,५०४ | १००.०० | २९१९२४८० | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनसङ्ख्या, २०७८*

जनसङ्ख्याविद्ले तालिकाको सम्बन्धमा प्रस्ट पार्दै भन्नुभयो, “वि.सं. २०७२ पछि भएको देशको पुनर्संरचनाअनुसार हाल देशमा ७५३ स्थानीय तह मध्ये २९३ ओटा नगरपालिका र ४६० गाउँपालिका रहेका छन् । राष्ट्रिय जनसङ्ख्या, २०७८ को नतिजाअनुसार नेपाल सरकारबाट घोषित २९३ ओटा नगरपालिकामा रहेको जनसङ्ख्यालाई सहरी क्षेत्रको जनसङ्ख्या मानिएको छ। त्यस्तै ४६० गाउँपालिकामा रहेको जनसङ्ख्यालाई ग्रामीण जनसङ्ख्या भनिएको छ।”

सङ्घीय संरचनापछि स्थानीय तहलाई सहरी र ग्रामीण क्षेत्रअनुसार वर्गीकरण गरी २०६८ सालको जनसङ्ख्यालाई समायोजन गर्दा सहरी जनसङ्ख्या ६३.१९ प्रतिशत र ग्रामीण जनसङ्ख्या ३६.८१ प्रतिशत जनसङ्ख्या पुगेको छ। त्यस्तै गरी २०७८ को जनगणनाअनुसार सहरी जनसङ्ख्या ६६.१७ प्रतिशत र ग्रामीण जनसङ्ख्या ३३.८३ प्रतिशत पुगेको छ।

निरुले खुसी हुँदै भन्नुभयो, “हजुरले तथ्याङ्कको विश्लेषण साह्रै राम्रोसँग गरिदिनुभयो सर त्यसैले हामीले प्रस्टसँग बुझ्यौँ हजुरलाई धेरै धेरै धन्यवाद !”

रिताले जिज्ञासा राख्दै भन्नुभयो, “सर, जनघनत्व भनेको के हो नि ?”

साह्रै राम्रो जिज्ञासा राख्नुभयो, “कुनै निश्चित भौगोलिक क्षेत्रभित्र प्रति वर्ग किलोमिटर क्षेत्रफलमा बसोबास गर्ने मानिसको सङ्ख्यालाई जनघनत्व भनिन्छ।

“सर, जनघनत्व कसरी निकालिन्छ नि ?” राकेशले सोध्नुभयो।

म तपाईँहरूलाई जनघनत्व निकाल्ने तरिका पनि सिकाउँछु है भन्दै जनसङ्ख्याविद्ले प्रस्ट पार्नुभयो। “कुनै देश वा क्षेत्रको जनसङ्ख्यालाई सोही देश वा क्षेत्रको क्षेत्रफलले भाग गर्दा आउने भागफल नै त्यहाँको जनघनत्व हो। जहाँ बढी सुविधा हुन्छ। त्यहाँको जनघनत्व पनि बढी हुन्छ र जहाँ कम सुविधा हुन्छ। त्यहाँको जनघनत्व पनि कम हुन्छ। जस्तै वि.सं. २०७८ को जनगणनाअनुसार १९८ जना प्रतिवर्ग किलोमिटर जनघनत्व रहेको छ भने २०६८ मा १८० जना प्रतिवर्ग किलोमिटर जनघनत्व रहेको थियो। काठमाडौँ सबैभन्दा बढी जनघनत्व (५,१०८ प्रतिवर्ग किलोमिटर) भएको जिल्ला हो र मनाङ सबैभन्दा कम जनघनत्व (३ प्रतिवर्ग किलोमिटर) भएको जिल्ला हो। त्यस्तै प्रदेशमा मधेस प्रदेश सबैभन्दा बढी जनघनत्व (६३६ प्रतिवर्ग किलोमिटर) भएको प्रदेश र कर्णाली सबैभन्दा कम जनघनत्व (६१ प्रतिवर्ग किलोमिटर) भएको प्रदेश हो।

## पाठको आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) जनसङ्ख्या वितरण भनेको के हो ?

(ख) जनसङ्ख्या वितरणबाट के के थाहा पाउन सकिन्छ ?

(ग) भौगोलिक क्षेत्रअनुसार जनसङ्ख्याको वितरण भनेको के हो ?

(घ) वि.सं. २०७८ को जनगणनाअनुसार सबैभन्दा बढी र कम जनसङ्ख्या भएका प्रदेश कुन कुन हुन् ? त्यसरी जनसङ्ख्या बढी र कम हुनुका कारण के के होलान् ।

(ङ) जनघनत्व केलाई भनिन्छ ? जनघनत्व कसरी निकालिन्छ ? उल्लेख गर्नुहोस् ।

## क्रियाकलाप

माथि पाठमा दिइएको ग्रामीण तथा सहरी क्षेत्रअनुसार जनसङ्ख्या वितरणको तथ्याङ्कको विश्लेषण गर्नुहोस् ।

## क्रियाकलाप

भौगोलिक क्षेत्रअनुसार वि.सं. २०७८ को जनगणनाको तथ्याङ्कलाई वृत्तचित्रमा देखाउनुहोस् ।

## क्रियाकलाप

वि.सं. २०६८ र २०७८ को प्रदेशगत जनगणनाको तथ्याङ्कलाई तुलनात्मक रूपमा विश्लेषण गर्नुहोस् ।

# पाठ ४ नेपालमा बसाइँसराइ

## तलको पाठ अध्ययन गर्नुहोस् र छलफल गर्नुहोस् :

धनबहादुर काका र बुबा बसाइँसराइको सम्बन्धमा एकआपसमा कुराकानी गर्दै हुनुहुन्थ्यो । मलाई रमाइलो लागेर बुबाकै छेउमा बसेर उहाँहरूको कुरा सुनिरहेको थिएँ ।

बुबाले काकालाई सोध्नुभयो, “साँच्चै धनबहादुर त्यति धेरै जग्गा जमिन थियो । वस्तुभाउ पनि पालेकै थियौँ । फलफूल खेतीबाट पनि राम्रै आम्दानी भएको थियो पनि भन्नुहुन्छ अनि किन बसाइँसराइ गरेर आउनुभएको त ?”

धनबहादुर काकाले जवाफ दिनुभयो, “हो नि गाउँका ती सारा सृष्टि सम्झँदा अहिले पनि भतभती मन पोलेर आउँछ नि दाइ । के गर्नु छोरा बुहारी साउदी गएका छन् । अनि उनीहरूले त्यहाँ गाउँमा बसेर हुँदैन बुबा, तपाईँले र मैले नपढेर अहिले यति धेरै दुःख गर्नुपरेको छ । पछि मेरा छोराछोरीलाई पनि पढाउन सकिएन भने उनीहरूले पनि हामीले जस्तै दुःख गर्नुपर्ने हुन्छ । त्यसैले उसले पैसा कमाएर सहरमा यहि एउटा घर बनाइदियो र उसका छोराछोरीलाई पढाउनका लागि भनेर हामी बुढाबुढी यसरी सहरमा आएर बसेका छौँ । छोरा बुहारी अहिले पनि साउदीमा नै बसेर दुःख गर्दै छन् ।”



बुबाले भन्नुभयो, “ए त्यसो भए त तपाईँ यी नातिनातिनाको भविष्यका लागि भनेर पनि बसाईँ सरेर आउनुभएको रहेछ है ?”

“हो नि, म यहाँ छु दाइ, मन जति गाउँमै हुन्छ । हामी बुढाबुढी त पछि छोरा बुहारी विदेशबाट

नेपाल फर्केर यहीँ केही गर्न थालेपछि आफ्नै गाउँ फर्केर जान्छौँ ।" धनबहादुरले मनको दुःख पोखे ।

धनबहादुर काका र बुबाको कुरा सुनेर मलाई मनमा खुल्दुली भइरह्यो । काका उठेर गएपछि मैले बुबासँग सोधेँ, "बुबा बसाइँसराइ भनेको के हो र ?"

बुबाले भन्नुभयो, "मानिस बसोबास गरिरहेको ठाउँ छाडी अन्यत्र गएर बसोबास गर्ने प्रक्रियालाई बसाइँसराइ भनिन्छ । अनि नि बाबु बसाइँसराइ आन्तरिक र बाह्य गरेर दुई किसिमका हुन्छन् ।"

"आन्तरिक र बाह्य बसाइँसराइ भनेको के हो र बुबा ?" मैले बुबासँग प्रश्न गरेँ ।

बुबाले यसरी जवाफ दिनुभयो, "एक देशको सिमाना भित्र एक ठाउँबाट अर्को ठाउँमा गएर बसोबास गर्नुलाई आन्तरिक बसाइँसराइ भनिन्छ । जस्तै धनबहादुर काका गाउँबाट यहाँ आएर घर बनाएर बस्नुभएको छ नि हो त्यसलाई आन्तरिक बसाइँसराइ भनिन्छ । त्यस्तै एक देशको सिमाना बाहिर अन्य देशमा गएर बसोबास गर्नुलाई बाह्य बसाइँसराइ भनिन्छ । जस्तै तिम्रा मामाका छोरा डी.भी. परेर अमेरिका गएर उतै बसेका छन् नि त्यो चाहिँ बाह्य बसाइँसराइ हो ।"

मैले आफूलाई मनमा लागेको कुरा व्यक्त गर्दै भनेँ, "ए, बुबा यही बसाइँसराइकै कारणले गर्दा हो कि के हो हाम्रो सहरमा यति धेरै मानिसहरूको भिडभाड लागेको, जनसङ्ख्या बढेको ।"

बुबाले प्रस्ट पार्दै भन्नुभयो, "हो तिमीले एकदम ठिक भन्यौ, बसाइँसराइका कारणले छाडेर जान लागेको ठाउँ अर्थात् उद्‌गम स्थानको जनसङ्ख्या घटाउँछ भने गन्तव्य स्थानको जनसङ्ख्या बढाउँछ । यसरी बसाइँसराइले दुई ठाउँको जनसङ्ख्या परिवर्तनमा प्रभाव पार्छ ।"

मैले फेरि प्रश्न गरेँ, "यो उद्‌गम र गन्तव्य स्थान भनेर केलाई भन्नुभएको हो बुबा ?"

"ए ए.. उद्‌गम स्थान भनेर बसाइँ सरेर जाँदा छाडेर जान लागेको ठाउँ र गन्तव्य स्थान भनेको बसाइँसराइ गरेर जान लागेको ठाउँ हो । उहाँले बताउनुभयो ।

"बसाइँसराइका कारण के के हुन् बुबा मलाई त मानिसहरू विभिन्न कारणले बसाइँसराइ गर्छन् कि जस्तो लाग्यो ।" मैले आफ्नो विचार व्यक्त गरेँ ।

बुबाले मेरो प्रश्नको जवाफ दिँदै भन्नुभयो, "हो नि बाबु, तिमीले भनेजस्तै बसाइँसराइ विभिन्न कारणले हुन्छन् । बसाइँसराइका कारण त गरिबी, काम गरेर खानका लागि खेतीयोग्य जमिनको अभाव हुनु, रोजगारी तथा आवश्यक सेवा सुविधा उपलब्ध नहुनु, कहिलेकाहीँ सुरक्षा तथा प्राकृतिक प्रकोपको अभाव आदि जस्ता कारणले बसाइँसराइ हुन्छ । यसरी बसाइँसराइ गर्न बाध्य बनाउने तत्त्वलाई आकर्षण तत्त्व र विकर्षण तत्त्व भनिन्छ । आफू बसोबास गरेको

क्षेत्रभन्दा अन्यत्र सुविधा, अवसर र सम्भावनाको कारणले बसाइँसराइ हुन्छ भने तिनीहरू आकर्षण तत्त्व हुन् । जस्तै शिक्षा, स्वास्थ्य सुविधा, रोजगारीको अवसर र व्यापार व्यवसाय सञ्चालनको प्रशस्त सम्भावनाले मानिसहरू ग्रामीण क्षेत्रबाट सहरी क्षेत्रमा बसाइँसराइ गर्छन् भने तिनीहरू आकर्षण तत्त्व हुन् । अर्को आफू बसोबास गरेको क्षेत्रमा असुरक्षा, अशान्ति, अभाव, द्वन्द्व, विपत्, कृषियोग्य भूमिको अभाव, शिक्षा, स्वास्थ्य सुविधा, रोजगारीको अवसर नहुनु जस्ता कारणले बसाइँसराइ हुन्छ भने तिनीहरू विकर्षण तत्त्व हुन् ।"

"आहा ! बुबा हजुरले त कति राम्रोसँग प्रस्ट हुने गरी भनिदिनुभयो । यो बसाइँसराइले पार्ने प्रभाव के के हुन् नि बुबा ?"

"बसाइँसराइले सकारात्मक र नकारात्मक दुवै किसिमको प्रभाव पारेको हुन्छ । पहिले सकारात्मक प्रभावको सम्बन्धमा छलफल गरौँ है त ? गन्तव्यस्थलमा नयाँ ज्ञान, सिप र प्रविधिको प्रवेश हुन्छ । त्यस्तै प्रचुर जनशक्ति उपलब्ध हुन्छन् । प्रशस्त सम्भावना बढेर जान्छन् । व्यापार व्यवसायहरूमा मानिसहरूका बिचमा स्वस्थ प्रतिस्पर्धा कायम हुन्छ । एकअर्काको संस्कृति आदानप्रदान हुने हुनाले मिश्रित समुदाय हुँदा सामाजिक सहिष्णुता कायम हुन्छ । आधुनिकीकरण र विकासका कारणले अन्धविश्वास, कुरीति, कुसंस्कार बिस्तारै हटेर जान सक्छ ।"

"अब नकारात्मक प्रभाव पनि सुन है त ? अव्यवस्थित बसोबास हुन सक्छ । खेतीयोग्य जमिनमा घरहरू बन्छन् । जनसङ्ख्या वृद्धि तथा वातावरण प्रदूषण बढ्दै जान्छ । शिक्षा, स्वास्थ्य, रोजगारीको अवसर आदिको अभाव हुन सक्छ । प्राकृतिक स्रोतसाधनको व्यापक प्रयोग तथा वनविनाश हुन सक्छ । समाजमा विभिन्न किसिमका आपराधिक गतिविधि पनि बढ्न सक्छन् ।"

"बुबाले यी सबै कुरा भनिँरहँदा मैले साँच्चै हाम्रो यो सहरको अवस्था सम्झिएँ । साँच्चै हाम्रो यो सहरमा म सानो हुँदा र अहिलेमा कति परिवर्तन भएको जस्तो लाग्छ । जताततै घरैघर छन् । खेतीपाती त साँच्चै कतै कतै मात्र देख्न सकिन्छ । जहाँ गयो त्यहीँ मानिसहरूको भिडभाड, जनसङ्ख्या वृद्धि, वातावरण प्रदूषण, महङ्गी होइन त बुबा ?" मैले आफ्ना विचार राखेँ ।

बुबा मसँग खुसी हुँदै भन्नुभयो, "आहा मेरो छोरा कति बुद्धिमानी भएको यति राम्रोसँग सोच्न सक्ने भएछ भन्नुभयो ।"

अनि फेरि बुबाले भन्नुभयो "बाबु बसाइँसराइलाई यसरी नकारात्मक तरिकाले मात्र सोच्न हुँदैन । सम्झ त एकपटक कुनै विकास नभएको ठाउँमा अन्यत्रबाट मानिसहरू बसाइँसराइ गरेर आए भने उक्त ठाउँको विकास पनि त हुन्छ नि त्यसैले बसाइँसराइलाई अवसरको रूपमा पनि लिनुपर्छ ।"

मैले खुसी हुँदै बुबासँग भनें, "बुबा आज त मैले हजुरसँगबाट कति धेरै कुरा सिक्ने अवसर पाएँ।"

"हो नि छोरा आफूभन्दा ठुला मानिससँग यसरी छलफल गर्दा धेरै कुराको जानकारी लिन सकिन्छ।"

## पाठको आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) बसाइँसराइ भनेको के हो ?

(ख) बसाइँसराइ कति प्रकारका हुन्छन् ? ती के के हुन् ?

(ग) आन्तरिक र बाह्य बसाइँसराइका एक एकओटा उदाहरण लेख्नुहोस्।

(घ) बसाइँसराइका कारणको व्याख्या गर्नुहोस्।

(ङ) बसाइँसराइले पार्ने सकारात्मक र नकारात्मक प्रभाव छुट्टाछुट्टै सूची बनाउनुहोस्।

## क्रियाकलाप

तपाईँको समुदायमा अन्यत्रबाट बसाइँसराइ गरेर आउनेहरूलाई भेट्नुहोस् र उहाँहरू बसाइँसराइ गरेर आउनाको कारण सोधखोज गरी साथीलाई सुनाउनुहोस्।

## क्रियाकलाप

नेपालमा हाल सहरी क्षेत्रमा र विदेशमा बसाइँसराइ गरेर जानेहरूको सङ्ख्या दिनप्रतिदिन बढ्दै गएको छ। यसले पारेका प्रभावको सम्बन्धमा समुदायमा जानकार व्यक्तिसँग छलफल गरी एउटा लेख लेख्नुहोस्।

## आफूलाई जाँच्नुहोस् :

### १. पाठको आधारमा तलका खाली ठाउँमा मिल्ने शब्द भर्नुहोस् :

(क) जनसङ्ख्या परिवर्तनमा प्रभाव पार्ने तत्त्वहरू जन्म, मृत्यु र ....................हुन् । (बसाइँसराइ, हावापानी)

(ख) बसाइँ सराइँलाई आकर्षण तत्त्व र ....................तत्त्वले प्रभाव पार्छन् । (विकर्षण, सहरी)

(ग) कुनै खास स्थानको निश्चित वर्षमा जीवित जन्मेका शिशुको जन्म सङ्ख्यालाई त्यसै वर्षको मध्य वर्षको जनसङ्ख्याले भाग गरेर आउने भागफललाई १००० ले गुणन गरेर आउने प्रतिफललाई ............................भनिन्छ । (कोरा जन्मदर, कोरा मृत्युदर)

(घ) कुनै देश वा क्षेत्रको जनसङ्ख्यालाई सोही देश वा क्षेत्रको क्षेत्रफलले भाग गर्दा आउने भागफल नै त्यहाँको ..........................हो । (जनघनत्व, जनगणना)

(ङ) वि.सं २०७८ को जनगणनाअनुसार नेपालको साक्षरता प्रतिशत .................. पुगेको छ । (७६.२, ६७.३)

(च) वि.सं २०७८ को जनगणनाअनुसार बाग्मती प्रदेशको जनसङ्ख्या सबैभन्दा बढी....... .....................रहेको छ । (२०.८७, २५.७५)

(छ) वि.सं. २०७८ को जनगणनाअनुसार ................... जना प्रतिवर्ग किलोमिटर जनघनत्व रहेको छ । (१९८, २०८)

### २. तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) जनसङ्ख्या परिवर्तनका निर्धारक तत्त्वको छोटकरीमा व्याख्या गर्नुहोस् ।

(ख) नेपालमा पछिल्लो समयमा गैरकृषि क्षेत्रमा काम गर्ने जनसङ्ख्या दिनप्रतिदिन बढ्दै जानाका कारण लेख्नुहोस् ।

(ग) नेपालमा बसाईसराईँको वर्तमान अवस्था कस्तो छ ? छोटकरीमा उल्लेख गर्नुहोस् ।

(घ) भौगोलिक क्षेत्रको आधारमा जनसङ्ख्याको वितरणको अवस्था उल्लेख गरी समीक्षा गर्नुहोस् ।

# एकाइ ९

# अन्तराष्ट्रिय सम्बन्ध र सहयोग

## पाठ १ कूटनीतिक नियोग

### तल दिइएको संवाद अध्ययन गर्नुहोस् र छलफल गर्नुहोस् :

आज विमलको घरमा विदेशी राजदूत भई सकेका एक जना व्यक्ति आउनुभएको छ । अन्नपूर्ण पदमार्गमा पर्ने उनको घरमा नयाँ नौला मानिसहरू आउने जाने भइरहन्छ। उनको घरमा बुबाआमाले होमस्टे पनि सञ्चालन गर्नु भएको छ। होमस्टेमा वास वस्न आएका पाहुनालाई राम्रो स्वागत सत्कार र आतिथ्यता पछि विमलले ती राजदूतसँग कुराकानी गर्न थाले । उनका बुबा पनि कुराकानीमा जोडिनुभयो। सुरुमा आपसमा परिचय साटसाट पछि विमलले राजदूत कस्तो पद हो भनी जिज्ञासा राखे। उनले राजदूतले काम गर्ने कार्यालय कुन हो ? भन्ने सम्बन्धमा पनि बुझ्न चाहे । उनको प्रश्नको उत्तर दिँदै राजदूतले भन्नुभयो, "राजदूत कूटनीतिक पद हो । यस्तो कूटनीतिक पदहरूमा बस्ने मानिसले आफू खटिएको देशको कूटनीतिक नियोगमा रहेर दुवै देशको समन्वय, सहकार्य र मित्रतालाई अभिवृद्धि गर्न महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन्।"

अब म कूटनीति र कूटनीतिक नियोग के हो ? भन्ने बारेमा पनि बताउँछु।


"राष्ट्र राष्ट्रबिचको राजनीतिक सम्बन्ध वा त्यस्तो सम्बन्ध दक्षतापूर्वक सञ्चालन गर्ने नीति नै कूटनीति हो। यसका माध्यमबाट प्रत्येक देशले आफ्नो राष्ट्रहितका उद्देश्यले काम गर्ने गर्छन् । अन्तर्राष्ट्रिय सम्बन्धलाई विकास र विस्तार गर्न र आपसी सहयोग आदानप्रदान गर्न औपचारिक रूपमा देशको प्रतिनिधित्व गरेर अर्को देशमा स्थापित संस्थालाई कूटनीतिक नियोग भनिन्छ।"

नेपालको हालसम्म कतिओटा देशमा कूटनीतिक सम्बन्ध स्थापीत भएको छ र यस्ता कूटनीतिक नियोग कुन कुन हुन् ? भन्ने विमलको जिज्ञासामा उनले फेरि स्पष्ट पार्दै भने।

"नेपालले हालसम्म (जुन २३, २०२३) १८१ देशसँग कूटनीतिक सम्बन्ध स्थापना भएको छ। यसरी कूटनीतिक सम्बन्ध स्थापित भएका देशहरूसँग सहकार्य गरी आफ्ना दूतावास पनि राख्ने गरेको छ। नेपालका हालसम्म ३२ देशमा आवासीय कूटनीतिक नियोग रहेका छन्। ३० ओटा देशमा दूतावास, तीन स्थायी नियोग, सातओटा महावाणिज्य दूतावास रहेका छन् । विकास साझेदार मुलुक, शक्तिराष्ट्र, श्रम गन्तव्य मुलुकमा नेपालका दूतावास रहेका छन् ।" दूतावास, स्थायी नियोग, महावाणिज्य दूतावास सबै कूटनीतिक नियोग हुन् ।"

कूटनीतिक नियोगका कार्य सम्बन्धमा आफ्नो मोबाइलमा रहेको चार्ट देखाउँदै उहाँलेस्पष्ट पार्नुभएको थियो ।

### कूटनीतिक नियोगका कार्य



१. **आफ्ना देशको नागरिकको सुरक्षामा सहयोग**



२. **उच्च पदस्थ व्यक्तिको भ्रमणमा समन्वय**



३. **सन्धि सम्झौताको क्रममा छलफल अगाडि बढाउने**



४. **एक देशले राखेको प्रस्ताव उपर आफ्नो देशको धारणा सार्वजनिक गर्ने**

**कूटनीतिक नियोगका कार्य**

विमलका बुबाले पनि यही बिचमा प्रश्न गर्नुभयो, "तपाईँ राजदूत पनि भई सक्नुभएको व्यक्ति हुनुहुन्छ । तपाईँले राजदूतावासमा के कस्ता कार्य गर्नुपर्थ्यो त ? अनुभव सुन्न पाए हामी आभारी हुने थियौँ ।"

पूर्व राजदूतले आफ्नो अनुभव यसरी सुनाउनुभयो, "नेपालले विभिन देशमा दूतावास राखेर काम गरिरहेको छ । मैले पनि विभिन्न देशमा राजदूत भएर काम गरेको छु । मैले राजदूतावासमार्फत विदेशमा रहेका कामदारको समस्या समाधानका लागि गन्तव्य मुलुकका सम्बद्ध मन्त्रालयसँग समन्वय गर्ने काम गरेको थिएँ । त्यस्तै आप्रवासी नेपाली कामदारहरूको अधिकार संरक्षणका लागि कूटनीतिक पहल गर्ने काम पनि गरियो । त्यसै गरी समझदारीपत्र तथा श्रम सम्झौताका लागि गन्तव्य मुलुकका अधिकारीहरूसँग छलफल तथा परामर्श गर्ने, कामदारलाई स्वदेश फिर्ता गराउने जस्ता कार्य पनि राजदूतावासमार्फत गरियो ।"

कूटनीतिक नियोगका रूपमा हाम्रो एक  जना नातेदार महावाणिज्य दूतावासमा काम गर्नुहुन्छ । राजदूतावास र महावाणिज्य दूतावास एउटै हो कि फरक हो भन्ने विमलको बुबाको जिज्ञासामा उनले भने, "महावाणिज्य दूतावासले दुई देशबिचको व्यापार सम्बन्धलाई व्यवस्थित गर्ने काम

गर्छ । राजदूतावासभन्दा यसको कार्यक्षेत्र सीमित हुन्छ । महावाणिज्य दूतावास राजधानीभन्दा अन्य ठुला सहरमा रहन्छन् भने दूतावास राजधानी सहरमामात्र रहन्छ । राजदूतावासले दुई देशबिचमा राजनीतिक आर्थिक र सांस्कृतिक सम्बन्धलाई व्यवस्थित बनाउने काम गर्छ भने महावाणिज्य दूतावासले व्यापारमा आउने अवरोधलाई हटाउन सहजीकरण गर्छ । आयात निर्यातलाई सहज बनाउन पहल गर्छ । यी दुई निकाय सुन्दा उस्तै उस्तै लागे पनि फरक छन् ।"

अन्तिममा म सङ्युक्त राष्ट्रसङ्घ स्थायी नियोग र कन्सुलर कार्यालयको बारेमा पनि बताएर हिँड्छु ल । यी दुवै निकाय पनि कूटनीतिक नियोग हुन् । यी निकायहरूको काम फरक फरक छन् । संयुक्त राष्ट्रसङ्घीय स्थायी नियोग न्यूयोर्क (अमेरिका), जेनेभा (स्विट्जरल्यान्ड) र भियना (अस्ट्रिया) मा गरी तीन ठाउँमा रहेको छ । यी नियोगले नेपालको प्रतिनिधित्व गर्दै पञ्चशीलको सिद्धान्तमा आधारित भएर विश्व शान्तिका लागि काम गरिरहेका छन् ।

त्यस्तै अर्को कूटनीतिक नियोग कन्सुलर विभाग हो । विदेशमा भएका आफ्ना आफन्त समस्यामा परेमा, घाइते भएमा उद्धार गरी नेपाल झिकाउने, कुनै कारणवश मृत्यु भएमा शव झिकाउने, खोजतलास र उद्धार गर्ने शैक्षिक प्रमाणपत्र प्रमाणीकरण, पुलिस सफाइको रिपोर्ट जस्ता विभिन्न सेवा कन्सुलर कार्यालयबाट दिने वा लिने गरिन्छ । कन्सुलर विभागबाट प्रदान गरिने सेवा सरल, सहज र प्रभावकारी बनाउन अनलाइन सेवा पनि प्रदान गर्ने गरेको छ ।

विदेशमा विभिन्न पेसा व्यवसाय गरी बसेका नेपाली नागरिकलाई आवश्यक पर्ने कानुनी सहयोग, क्षतिपूर्ति तथा बिमा रकम कानुनी हकदारलाई दिलाउने प्रक्रिया, अलपत्र परेका नेपालीको उद्धार, मृत्यु भएकाको शव नेपालमा झिकाउने जस्ता कार्य सम्पादन गर्नका लागि विदेशस्थित नेपाली कूटनीतिक नियोगसँग समन्वय गर्ने कार्य कन्सुलर सेवा विभागअन्तर्गत पर्छन् । ल मेले बुझेको यति बताऊँ । अब मलाई हिँड्न हतार पनि भयो भनी उहाँले आफ्ना कुरा टुङ्ग्याउनुभयो ।

विकास र उनको बुबा पनि पाहुनालाई धन्यवाद दिँदै घरभित्र लाग्नुभयो ।

**पाठका आधारमा तलका प्रश्नको उत्तर लेख्नुहोस् :**

(क) कूटनीतिक नियोग भनेको के हो ?

(ख) नेपालले कुन कुन देशमा महावाणिज्य दूतावास खोलेको छ,खोजी गरी लेख्नुहोस् ।

(ग) कूटनीतिक नियोगका कार्य लेख्नुहोस् ।

(घ) राजदूतावास र महावाणिज्य दूतावास बिचमा भिन्नता उल्लेख गर्नुहोस् ।

(ङ) कन्सुलर सेवा विभागको कार्य उल्लेख गर्नुहोस् ।

## क्रियाकलाप

**तल दिइएको समाचार पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

**मलेसियास्थित नेपाली दूतावासले हटलाइन सेवा सुरु गऱ्यो**

क्वालालम्पुर

नेपाली राजदूतावास मलेसियाले २४ घन्टे हटलाइन मोबाइल सेवा सुरु गरेको छ। एकदमै आपत्मा परेका नेपालीहरूलाई तत्काल‍ै सेवा दिन सकियोस् भनेर सेवा दिन सुरु गरेको हो । आपत्कालीन अवस्था आएमा तत्कालै ०१६२४७२७७७ मा फोन गर्न दूतावासले अनुरोध गरेको हो । गम्भीर समस्यामा परेकाले जुनसुकै बेला पनि फोन गर्न सक्ने छन् । फोनमा प्राप्त जानकारीका आधारमा उद्धार कार्य अगाडि बढाइने छ।

नेपाली राजदूतावासले जारी गरेको सूचनामा उल्लेख गरिएको छ : मदिरा सेवन गरी हटलाइन मोबाइल सेवाबाट जथाभाबी बोल्ने, गाली गलौज गर्ने या फोनको दुरूपयोग गर्नेलाई भने कारवाही हुने छ । यसबाहेक राहदानी, ट्राभल डकुमेन्ट र अन्य जानकारीका लागि कार्यालय समयभित्र ०३ २०२० १८९८ वा ०३ २०२० १८९९ मा फोन गरी सेवा लिन सक्ने दूतावासले जनाएको छ।

यसअघि समस्यामा परेका बेला फोन गर्दा फोन नउठ्ने जनगुनासो बढेकामा यो निकै प्रभावकारी हुने विश्वास लिइएको छ।

**२०७२ पुस २९ मा प्रकाशित अनलाइन खबरमा प्रकाशित समाचारबाट साभार**

(क) हटलाइन सेवामा कुन नम्बरमा सम्पर्क गर्न भनिएको छ ?

(ख) कस्तो अवस्थामा हटलाइन सेवा प्रयोग नगर्न सूचना जारी गरिएको छ ?

(ग) कुन कुन सेवाको बारेमा हटलाइनबाट जानकारी प्राप्त गर्न सकिने कुरा उल्लेख गरिएको छ ?

## क्रियाकलाप

तल दिइएको नेपाली दूतावास इजरायलको प्रेस विज्ञप्ति अध्ययन गरी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

**नेपाली राजदूतावास**
**तेल अबिब, ईजरायल**
**Embassy of Nepal**
**Tel Aviv, Israel**

**प्रेस विज्ञप्ति**

१। पछिल्लो समय युद्धकै अवस्थामा रहेको इजरायलमा केही दिनदेखि उद्धारको पर्खाइमा रहनुभएका २५४ जना नेपाली नागरिकहरुको उद्धार गरी आज नेपाल एअरलाइन्सको चार्टर्ड उडानमार्फत् ईजरायलबाट स्वदेश फर्काइएको छ।

२। नेपाली विद्यार्थीहरुलाई लिन माननीय परराष्ट्रमन्त्री एनपी साउदज्यू तथा परराष्ट्र मन्त्रालयका सहसचिव श्री शरदराज आरणज्यू ईजरायल आइपुग्नुभएको थियो। सोही क्रममा ईजरायली परराष्ट्रमन्त्री H.E. Eli Cohen सहित ईजरायली परराष्ट्र मन्त्रालयका वरिष्ठ अधिकारीहरु पनि उपस्थित हुनुहन्थ्यो।

३। राजदूतावासबाट सुरु गरिएको अनलाइन रजिष्ट्रेशनमा विवरण प्राप्त हुने क्रम जारी छ। जहाँ आज फर्काइएका बाहेक नेपाल फर्कन चाहने २०० जनाभन्दा बढीको विवरण रहेको छ। नेपाल फर्कन बाँकी रहेका नेपाली नागरिकहरुलाई पनि क्रमशः फर्कन सहजीकरण गर्ने प्रकृया सुरु गरिएको छ।

४। हमास समुहको आक्रमणबाट घाइते भई उपचारको क्रममा रहनुभएका ४ (चार) जनामध्ये २ दिन अघि डिस्चार्ज हुनुभएका १ जनालाई आजकै उडानमार्फत् नेपाल पठाइएको छ। उपचाररत अर्को १ जना अस्पतालबाट डिस्चार्जका क्रममा रहनुभएको छ भने अन्य २ जनाको उपचार भइरहेको छ।

५। इजरायलका उच्चस्तरीय निकायका पदाधिकारीहरुलाई हराइरहेका १ जना नेपाली विद्यार्थीको खोजीकार्यमा तीव्रता दिन पुनः अनुरोध गरिएको छ। साथै, प्रहरी, अस्पताल लगायत सम्भाव्य सम्पूर्ण माध्यमहरुको सदुपयोग गरी उहाँको खोजीकार्यलाई अझै तीव्र पारिएको छ।

६। दुखद निधन भएका १० नेपाली विद्यार्थीहरुको शव सम्बन्धी कार्य इजरायल सरकारको नियम तथा प्रकृया बमोजिम इजरायलका सम्बन्धित निकायबाट भइरहेको जानकारी प्राप्त भएको छ।

७। यस उद्धार कार्यमा सहयोग पुर्याउनुहुने सम्पुर्ण व्यक्ति तथा संघसंस्थाहरुलाई धन्यवाद व्यक्त गर्दछौं।

८। इजरायलवासी सम्पूर्ण नेपाली नागरिकरुलाई संयम रहँदै निरन्तर दूतावाससँग समन्वय र सहकार्य गर्न तथा स्थानीय सुरक्षा निकायको निर्देशन पालना गर्नुहुन सूचित गरिन्छ।

नेपाली राजदूतावास
तेल अबिब
२०८०।६।२५

## प्रश्न

(क) प्रेस विज्ञप्ति केसँग सम्बन्धित छ ?

(ख) प्रेस विज्ञप्ति कुन निकायले प्रकाशन गरेको हो ?

(ग) प्रेस विज्ञप्तिमा कुन कुन कुरा समावेश गरिएका छन् ?

(घ) प्रेस विज्ञप्तिको आधारमा दूतावासको भूमिकालाई मूल्याङ्कन गर्नुहोस् ।

# पाठ २ बिमस्टेक र नेपालले प्राप्त गरेका उपलब्धि

## पाठ अध्ययन गरी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

बिमस्टेक (BIMSTEC) दक्षिण पूर्वी एसियाली राष्ट्रहरूको क्षेत्रीय सङ्गठन हो। BIMSTEC को पूर्णरूप Bay of bengal initiative for multi-sectoral technical and economic co-operation हो । जसलाई नेपालीमा बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बङ्गालको खाडीको प्रयास भनिन्छ। यस सङ्गठनमा वङ्गालको खाडीको आसपास रहेका र यसबाट प्रभावित देशहरू सङ्गठित छन् । यसको स्थापना सन् १९९७ जुन ६ मा भएको हो । नेपाल, भारत, म्यानमार, श्रीलङ्का, थाइल्यान्ड, भुटान र बङ्गलादेश यसका सदस्य राष्ट्र हुन् ।

## बिमस्टेकका उद्देश्य

(क) सदस्य मुलुकबिच विकासका गतिविधि सञ्चालन गर्ने

(ख) प्राविधिक सहयोग आदानप्रदान गरी दक्षता एवम् कार्यकुशलता बढाउने

(ग) प्रतिस्पर्धात्मक वातावरणका माध्यमबाट लगानी आकर्षण बढाउने

(घ) सुपथ मूल्यमा गुणस्तरीय सामानको उत्पादन गर्ने

सन् २००३ मा नेपाल बिमेस्टेकको सदस्य बनेको थियो । यस क्षेत्रीय सङ्गठनको उद्देश्य व्यापार, लगानी, पर्यटन, ऊर्जा, यातायात, सञ्चार, मावन संसाधन, कृषि, शिक्षा, स्वास्थ्य, निर्माण, जलवायुलगायतका विभिन्न क्षेत्रमा सहयोग लिने र दिने रहेको छ।

## विमस्टेकबाट नेपालले प्राप्त गरेको उपलब्धि

नेपाल एक भूपरिवेष्टित मुलुक भएकाले समुद्रसँगको प्रत्यक्ष पहुँच रहेको छैन । बिमिस्टेक सदस्य मुलुकको हैसियतले नेपालले समुद्री मार्ग प्रयोग गरी देशको पारवहन क्षमता बढाउन सक्छ। यसले सामुद्रिक मार्ग प्रयोग गरी विश्व बजारसँग वस्तु तथा सेवा आयात तथा निर्यात गर्न सहज वातावरण बनेको छ। नेपालमा गौतम बुद्धको जन्म स्थल भएकाले म्यानमार, भुटान, थाइल्यान्ड, श्रीलङ्का जस्ता बौद्ध धर्मावलम्बी धेरै भएका देशबाट पर्यटक आर्कषण गरी पर्यटक प्रवर्धन गर्न सक्ने छ र आर्थिक विकास टेवामा पुऱ्याउन मदत पुग्ने छ। नेपालले व्यापार विस्तार गर्न, जलस्रोत र पर्यटनमा लगानीको वातावरण वृद्धि गर्न, यातायात क्षेत्रको विकासमा

मदत लिन, विद्युत् उत्पादन गरी निर्यात गर्दै व्यापार घाटा कम गर्न यसको उपयोग गर्न सक्छ। बिमेस्टेकबाट नेपाललाई प्राप्त हुन सक्ने फाइदा निम्नानुसार रहेका छन् :

(क) सहज रूपले विश्व बजारमा पहुँच वृद्धि भएको


- नेपाल
- भारत
- भुटान
- बङ्गलादेश
- श्रीलङ्का
- म्यानमार
- थाइल्यान्ड

(क) सदस्य मुलुकबिच विकासका गतिविधि सञ्चालन गर्ने

(ख) प्राविधिक सहयोग आदानप्रदान गरी दक्षता एवम् कार्यकुशलता बढाउने

(ग) प्रतिस्पर्धात्मक वातावरणका माध्यमबाट लगानी आकर्षण बढाउने

(घ) सुपथ मूल्यमा गुणस्तरीय सामानको उत्पादन गर्ने




- प्रथम :३१ जुलाइ २००४,बैङ्कक,थाइलैण्ड
- दोस्रो :१३ नोभेम्वर, २००८,नयाँ दिल्ली, भारत
- तेस्रो : ४ मार्च २०१४, नापिडा, म्यानमार
- चौथो:१४ र १५ भदौ, काठमाडौं, नेपाल
- पाँचौं ३० मार्च २०२२,कोलम्बो, श्रीलङ्का

- व्यापार र लगानी
- उर्जा
- यातायात र सञ्चार
- पर्यटन
- प्रविधि
- मत्स्यपालन

(ख) सदस्य राष्ट्रबाट वैदेशिक लगानी भित्र्याउने वातावरण तयार भएको

(ग) पर्यटन प्रवर्धन गरी आर्थिक विकासको आधार तयार हुँदै भएको

(घ) वस्तु र सेवाको उपयुक्त मूल्य कायम हुन गई उत्पादक र उपभोक्ता दुवैको हित अभिवृद्धि भएको

(ङ) विभिन्न मुलुकमा उत्पादन भएका गुणस्तरीय वस्तु तथा सेवाको सहज उपलब्धता सुनिश्चित भएको

### पाठको आधारमा तलका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) बिमस्टेक (BIMSTEC)को पूर्ण रूप लेख्नुहोस् ।

(ख) बिमस्टेकमा क्षेत्र उल्लेख गर्नुहोस् ।

(ग) बिमस्टेकमा शिखर सम्मेलन भएको वर्ष र देश तालिकामा देखाउनुहोस् ।

(घ) बिमस्टेकबाट नेपालले के के उपलब्धि प्राप्त गरेको छ ? सूची तयार पार्नुहोस् ।

### क्रियाकलाप

बिमस्टेकमा दक्षिण एसियाली क्षेत्रीय सङ्गठन (सार्क)का कति देश सदस्य छन् ? छलफल गरी सूची तयार पार्नुहोस् ।

### क्रियाकलाप

विमस्टेक देशहरूको नक्सा र झन्डा सङ्कलन गरी एल्वम तयार पार्नुहोस् ।

# पाठ ३ सार्क र नेपाल

**सार्क सम्बन्धमा तल दिइएको पाठ अध्ययन गर्नुहोस् र छलफल गर्नुहोस् :**

विक्रम र समा सार्क सचिवालय त्रिदेवीमार्ग ठमेलमा सार्कसम्बन्धी विषयवस्तु सङ्कलन गर्न गएका थिए। सम्पर्क कक्षामा उनीहरूले बुझाउनुपर्ने परियोजना कार्य गर्न उनीहरूलाई विवरण सङ्कलन गर्नु थियो । त्यहाँ उनीहरूले सार्कसम्बन्धी ब्रोसियर प्राप्त गरे । उनीहरूले त्यहाँ कार्यरत कर्मचारीलाई भेटेर सार्क सम्बन्धमा जिज्ञासा समेत राखेका थिए। सार्क सचिवालयका कर्मचारी अतुलले उनीहरूको जिज्ञासाको समाधान गरेका थिए। उनीहरूबिचमा अन्तरक्रिया हामी पनि अध्ययन गरौँ ।

**विक्रम** : सार्कको सामान्य जानकारी त हामीले पाइसकेका छौ। दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन अर्थात् South asia association for regional co-operation को रूपमा यसको स्थापना सन् १९८५ डिसेम्वर ८ मा भएको प्रथम शिखर सम्मेलनबाट भएको हो । मेरो जिज्ञासा चाहिँ यसको अवधारणा कसरी अगाडि बढेको थियो ?

**अतुल** : यसको सुरुआतको सन्दर्भको कुरा गर्दा सन् १९७७ मा काठमाडौँमा बसेको कोलम्बो योजनाको परामर्शदातृ समितिको बैठकलाई लिन सकिन्छ । सो बैठकमा नेपालका तत्कालीन राजा वीरेन्द्रले नेपालमा भएको जलस्रोतको उपयोग गर्न क्षेत्रीय सहयोगका लागि प्रस्ताव राखेका




थिए। यही सिलसिलामा सन् १९८० मा बङ्लादेशका राष्ट्रपति जियाउर रहमानले दक्षिण एसियाली देशहरूको साझा चासो र मुद्दामा क्षेत्रीय सङ्गठनको आवश्यकता महसुस गरी सार्कको अवधारणा अगाडि सारेका थिए । यिनै विचारको परिणामस्वरूप सार्कको स्थापना भएको हो । त्यसैले सार्कको स्थापनादेखि नै नेपालको चासो रहँदै आएको छ। सार्कको पहिलो शिखर सम्मेलन पनि बङ्गलादेशको ढाकामा नै आयोजना गरिएको थियो । सार्क

बडापत्रमा विभिन्न देशका राष्ट्र प्रमुख र सरकार प्रमुखले हस्ताक्षर गरेका थिए भने नेपालको तर्फबाट तत्कालीन राजा स्वर्गीय वीरेन्द्रले हस्ताक्षर गरेका थिए।

**समा** : सार्कका उद्देश्य के के हुन् ? यसको बारेमा पनि मलाई जान्न मन लागेको छ।

**अतुल** : सार्कका उद्देश्य ध्यान दिएर सुन्नुहोस् है त, म क्रमशः भन्दै जान्छु।

१. दक्षिण एसियाका जनताको हित अभिवृद्धि तथा जीवनस्तर सुधार गर्नु

२. यस क्षेत्रमा आर्थिक उत्थान, सामाजिक प्रगति तथा सांस्कृतिक विकासको गति अघि बढाउनु र सबै व्यक्तिलाई सम्मानपूर्वक जीवनयापन गर्ने तथा आफ्नो पूर्ण क्षमताको उपयोग गर्ने अवसर प्रदान गर्नु

३. दक्षिण एसियाका राष्ट्रबिचको सामूहिक आत्म निर्भरताको अभिवृद्धि बढाउनु र सुदृढ गर्नु

४. पारस्परिक विश्वास र समझदारी वढाउन तथा एक अर्काका समस्या बुझ्नमा योगदान पुऱ्याउनु

५. आर्थिक, सामाजिक, सांस्कृतिक, प्राविधिक तथा वैज्ञानिक क्षेत्रमा सक्रिय सहयोग र पारस्परिक सहकार्यको भावना अभिवृद्धि गर्नु

६. अन्य विकासोन्मुख देशसँगको सहयोगलाई मजबुत तुल्याउनु

७. साझा हितका विषय रहेका अन्तर्राष्ट्रिय मञ्चमा गर्नुपर्ने सहयोगलाई मजबुत पार्नु

८. समान लक्ष्य र उद्देश्य भएका अन्य अन्तर्राष्ट्रिय र क्षेत्रीय सङ्ठनहरूलाई सहयोग पुऱ्याउने

**विक्रम** : नेपाल र सार्कबिचमा सम्बन्ध र सहयोग सम्बन्धमा पनि केही कुरा बताइदिनुहुन्छ कि ?

**अतुल** : सार्कको सदस्य भएको नाताले नेपालले सार्कको विकासका लागि महत्त्वपूर्ण भूमिका खेल्दै आएको छ। सार्कको सचिवालय काठमाडौँमा स्थापना भएको छ। त्यस्तै नेपालको भक्तपुरको ठिमीमा सार्क एड्स तथा क्षयरोग केन्द्रको स्थापना गरिएको छ। सार्क सूचनाकेन्द्रको सचिवालय पनि काठमाडौँमा रहेको छ।

**समा** : नेपालले सार्क शिखर सम्मेलन पनि गरेको छ, होइन र ?

**अतुल** : हो नि, एघारौँ, तेह्रौँ, र अठारौँ सार्क शिखर सम्मेलन नेपालमा भएको थियो। त्यस्तै सार्कले कृषि, स्वास्थ्य, परिवार नियोजन, यातायात, हुलाक, जलवायु

जस्ता विविध पक्षमा पारस्परिक सहयोग बढाउन मदत पुऱ्याएको छ । गरिबी निवारण गुणस्तर निर्धारण अपराध नियन्त्रण लगायतका कार्यमा नेपालले पनि सहमति जनाएको छ ।

**समा** : मेरो काकाले भनेको सार्कको लोगो पनि नेपालकै व्यक्तिले बनाएको हो रे ? हो त सर ?

**अतुल** : हो नि, सार्कको प्रतीक चिह्न (लोगो ) नेपालका शैलेन्द्र महर्जनद्वारा तयार भई स्वीकृत भएको हो ।

**सार्क बडापत्रमा १० धारा छन् जसमा निम्नलिखित तथ्य रहेका छन् :**

१. उद्देश्य २. सिद्धान्त ३. राज्य तथा सरकार प्रमुखहरूको बैठक ४. मन्त्रिपषिद् ५. स्थायी समिति ६. प्राविधिक समिति ७. कार्य समिति ८. सचिवालय ९. वित्तीय प्रबन्ध १०. सामान्य प्रावधान

**विक्रम** : सार्कमा नेपालको पनि सहयोग होला नि ?

**अतुल** : सार्कमा नेपालको सहयोग महत्त्वपूर्ण छ । त्यसैगरी सार्क क्षेत्रमा विभिन्न खेलकुद कार्यक्रम सञ्चालन हुँदै आएका छन् । नेपालले पनि साफ फुटबललगायत अन्य खेलकुद प्रतियोगिता सञ्चालन गर्दै आइरहेको छ । सार्क शिखर सम्मेलन, स्थायी समिति, परराष्ट्र मन्त्रिस्तरीय समितिको बैठक नेपालमा हुँदै आएका छन् । यस्तै सार्कको कुल खर्चमा १०.७२ प्रतिशत खर्च नेपालले बेहोर्दै आएको छ । यसरी सार्कमा नेपालले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आइरहेको छ ।

## क्रियाकलाप

सार्कसम्बन्धी पाठमा दिइएका र तलका जानकारी अध्ययन गरी हाजिरी जवाफ प्रतियोगिता सञ्चालन गर्नुहोस् :

- सार्कको राष्ट्राध्यक्ष वा सरकार प्रमुखको बैठक वर्षको एक पटक वा सदस्य राष्ट्रहरूद्वारा आवश्यक ठानिएमा बढी पटक पनि बस्न सक्ने छ ।
- सदस्य राष्ट्रका परराष्ट्र मन्त्रीहरू सम्मिलित मन्त्रिपरिषद् रहने र यसको बैठक वर्षमा दुई पटक बस्ने छ ।
- सार्क राष्ट्रका विदेश सचिव सम्मिलित एउटा स्थायी समिति रहने र यसको बैठक

आवश्यकताअनुसार बस्ने छ ।

- सार्कको पहिलो महासचिव अबुल अहसन हुन् । उनी बङ्गलादेशका नागरिक हुन् ।
- हाल सार्कका महासचिव अमजद हुसेन बी सियाल हुन् । उनी पाकिस्तानका थिए ।
- सार्कमा नेपालबाट हालसम्म दुई जना महासचिव भइसकेका छन् : यादवकान्त सिलवाल र अर्जुनबहादुर थापा
- सार्कका महिला महासचिव फथिमाथ धियना सैयद हुन् ।
- सार्कले सन् २०१० देखि २०२० सम्मलाई अन्तराष्ट्रिय सम्पर्क दशकको रूपमा मनायो ।
- सार्कको हालसम्म १८ ओटा शिखर सम्मेलन सम्पन्न भइ सकेका छन् ।
- सार्कको अठारौँ शिखर सम्मेलन नेपालको काठमाडौँमा सन् २०१४ नोभेम्बर २६-२७ मा सम्पन्न भएको थियो । (२०७१ मङ्सिर १० र ११)
- सार्कको पहिलो क्षेत्रीय केन्द्र सार्क कृषि सूचना केन्द्र हो ।

## पाठको आधारमा तलका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) सार्क (SAARC) को पूर्णरूप लेख्नुहोस् ।

(ख) सार्कको उद्देश्यको सूची तयार पार्नुहोस् ।

(ग) सार्कको सचिवालय कहाँ रहेको छ ?

(घ) सार्कमा नेपालले पुऱ्याएको योगदान बुँदागत रूपमा उल्लेख गर्नुहोस् ।

## क्रियाकलाप

हाल सार्कका गतिविधि निष्क्रिय रहेको अवस्थामा यसको भूमिकालाई सक्रिय पार्न सार्क महासचिवलाई के सुझाव दिनुहुन्छ ? कुनै तीनओटा सुझाव प्रस्तुत गर्नुहोस् ।

## क्रियाकलाप

**तलको तालिका अध्ययन गरी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

**सार्कमा कुन मुलुकले कति खर्च बेहोर्छ ?**

| देश | खर्च | देश | खर्च |
|---|---|---|---|
| भारत | ३०.३२% | पाकिस्तान | २२.५२% |
| नेपाल | १०.७२% | बङ्गलादेश | १०.७२% |
| श्रीलङ्का | १०.७२% | अफगानिस्तान | ५% |
| माल्दिभ्स | ५% | भुटान | ५% |

## प्रश्न

(क) सार्क देशमध्ये सबैभन्दा बढी खर्च बेहोर्ने देश कुन हो ?

(ख) सार्कमा सबैभन्दा कम खर्च बेहोर्ने देशको नाम लेख्नुहोस् ।

(ग) सार्कमा नेपालले कति प्रतिशत खर्च बेहोर्छ ?

(घ) सार्कमा समान खर्च बेहोर्ने राष्ट्र कुन कुन हुन् ?

# पाठ ४ संयुक्त राष्ट्रसङ्घ र नेपाल

संयुक्त राष्ट्रसङ्घ र नेपालको सम्बन्धमा तयार पारिएको प्रतिवेदनको नमुना तल प्रस्तुत गरिएको छ। सो प्रस्तुति अध्ययन गरौँ :

**शीर्षक : संयुक्त राष्ट्रसङ्घ र नेपाल**

१. **परिचय** : संयुक्त राष्ट्रसङ्घ विश्वमा शान्ति, भाइचारा, सहयोग र सहकार्य स्थापित गर्न स्थापित भएको अन्तर्राष्ट्रिय संस्था हो। यसको स्थापना सन् १९४५ अक्टोबर २४ मा भएको हो। नेपाललगायत विश्वका १९३ देश यसका सदस्य राष्ट्र छन्। संयुक्त राष्ट्र सङ्घका छओटा अङ्ग छन्। संयुक्त राष्ट्रसङ्घको स्थापना पृष्ठभूमि, उद्देश्य, अङ्ग, नेपाल र संयुक्त राष्ट्रसङ्घको सम्बन्धमा केन्द्रित रहेर यो प्रतिवेदन तयार गरिएको छ।

२. **उद्देश्य** :

(क) संयुक्त राष्ट्रसङ्घको परिचय दिई यसका उद्देश्य र अङ्ग बताउन

(ख) संयुक्त राष्ट्रसङ्घ र नेपालबिचमा सम्बन्ध उल्लेख गर्न

३. **विधि** : संयुक्त राष्ट्रसङ्घ सम्बन्धित सन्दर्भ सामग्री, इन्टरनेटबाट खोजी गर्ने

४. **अध्ययनबाट प्राप्त भएका कुरा**

**(क) संयुक्त राष्ट्रसङ्घको परिचय** : संयुक्त राष्ट्रसङ्घ एउटा अन्तर्राष्ट्रिय सङ्गठन हो। यसको स्थापना सन् १९४५ अक्टोबर २४ मा भएको हो। विश्वभरि संयुक्त राष्ट्रसङ्घको हालको सदस्यता सङ्ख्या १९३ रहेको छ। संयुक्त राष्ट्रसङ्घको अन्तिम सदस्य राष्ट्र दक्षिण सुडान हो। कुनै पनि नयाँ राष्ट्रले संयुक्त राष्ट्रसङ्घको सदस्यता लिन चाहेमा सुरक्षा परिषद्मा पाँच स्थायी सदस्यलगायत नौ सदस्यको निर्णयको सिफरिसमा महासभाको दुईतिहाइ बहुमतद्वारा सदस्यता प्रदान गरिन्छ। संयुक्त राष्ट्रसङ्घमा दुई प्रकारका सदस्यता रहने गरेको छ। तिनीहरू (क) प्रारम्भिक सदस्य (५१ ओटा राष्ट्र) (ख) बडापत्रअनुसार सदस्यता पाउने राष्ट्र (१४१ राष्ट्र) रहेका छन्। विश्वभरिका छओटा भाषालाई संयुक्त राष्ट्रसङ्घले मान्यता दिएको छ जसमा अङ्ग्रेजी, रुसी, चिनियाँ, स्पेनिस, फ्रेन्च र अरबी पर्छन्।

### (ख) संयुक्त राष्ट्रसङ्घका उद्देश्य

**संयुक्त राष्ट्रसङ्घका उद्देश्य निम्नानुसार छन् :**

(क) अन्तर्राष्ट्रिय शान्ति सुरक्षा कायम गर्ने

(ख) सदस्य राष्ट्रहरूका बिच मैत्रीपूर्ण सम्बन्ध विकसित गर्ने तथा विश्व शान्ति मजबुत पार्न अन्य समुचित कदम उठाउने

(ग) अन्तर्राष्ट्रिय आर्थिक सामाजिक, सांस्कृतिक वा मानवीय समस्या समाधान गर्ने तथा जाति, लिङ्ग, भाषा र धर्मकाबिचमा भेदभाव नराखी सबैको मौलिक हक एवम् मानव अधिकारप्रति सम्मानको भाव प्रोत्साहित र विकास गर्नमा अन्तर्राष्ट्रिय सहयोग प्राप्त गर्ने

(घ) यी सामूहिक उद्देश्य प्राप्तिका लागि गरिने राष्ट्रहरूका कारबाहीमा समन्वय ल्याउन एउटा केन्द्रका रूपमा सङ्घलाई सङ्गठित बनाउने

### (ग) संयुक्त राष्ट्रसङ्घका अङ्ग

**महासभा**

- संयुक्त राष्ट्र सङ्घको प्रमुख अङ्ग
- प्रत्येक वर्ष सेप्टेम्बर महिनाको तेस्रो मङ्गलबारदेखि बैठक सुरु हुने र मध्य डिसेम्बरसम्म चालु रहने
- संयुक्त राष्ट्र सङ्घमा प्रस्तुत प्रस्ताव महासभाले दुई तिहाइ बहुमतले पारित गर्नुपर्ने
- प्रत्येक राष्ट्रले ५ प्रतिनिधि, ५ वैकल्पिक प्रतिनिधि र अन्य सल्लाहाकार पठाउन पाउने तर एकमात्र मताधिकार रहने
- संयुक्त राष्ट्रसङ्घको महासभाको पहिलो महिला अध्यक्ष विजय लक्ष्मी पडिण्त (भारत) हुन् ।
- राष्ट्रसङ्घको बजेट स्वीकृत गर्ने, महासचिवको नियुक्ति गर्ने, सुरक्षा परिषद्को अस्थायी सदस्यको नियुक्ति गर्ने कार्य महासभाले गर्ने

**सुरक्षा परिषद्**

- सुरक्षा परिषद्मा स्थायी पाँच र अस्थायी १० गरी १५ सदस्य राष्ट्र रहन्छन् ।
- अमेरिका,रुस, चीन, फ्रान्स र बेलायत स्थायी सदस्य हुन् ।
- अस्थायी सदस्यहरू एफ्रो एसियाली राष्ट्रबाट पाँच, ल्याटिन अमेरिकाबाट दुई, पूर्वी

युरोपबाट एक र पश्चिम युरोप र अन्यबाट दुई गरी १० अस्थायी सदस्य दुई वर्षका लागि चुनिन्छन् ।

- सुरक्षा परिषद्को स्थायी सदस्यलाई प्राप्त हुने विशेषाधिकारलाई भिटो भनिन्छ ।
- सुरक्षा परिषद्मा कुनै निर्णय गर्दा पाँच स्यायीसहित नौ मत आवश्यक पर्छ ।

**आर्थिक सामाजिक परिषद्**

- यो संयुक्त राष्ट्रसङ्घको अङ्ग हो ।
- यस परिषद्मा ५४ सदस्य रहन्छन् ।
- सदस्यहरू तीन वर्षका लागि निर्वाचित हुन्छन् ।
- पाँचओटा क्षेत्रीय आयोग रहन्छ ।
- सन् २०१३ सालदेखि २०१५ सम्म दुई वर्ष नेपाल यसको सदस्य रहेको थियो ।

**जिम्मा जमानी परिषद्**

- यसले कुनै राष्ट्रले आफ्नो अधीनमा राखेको प्रदेशको सम्बन्धमा आफ्नो अन्तराष्ट्रिय दायित्व पूरा गरे नगरेको निरीक्षण गर्ने कार्य गर्छ ।
- यसमा ११ प्रदेश रहेका छन् ।
- हाल सबै स्वतन्त्र भइसकेकाले यसले कार्य सम्पादन गर्नुपर्दैन ।
- सन् १९९४ मा पलाउले स्वतन्त्र राष्ट्रको मान्यता पाएको थियो ।

**अन्तर्राष्ट्रिय न्यायालय**

- १५ जना न्यायाधीश रहने
- पदावधि नौ वर्ष रहने
- प्रधान कार्यालय नेदरल्यान्डको हेगमा रहेको
- प्रत्येक तीन तीन वर्षमा पाँच जना न्यायाधीश पदमुक्त हुने

**सचिवालय**

- सचिवालयको प्रशासकीय प्रमुख महासचिव रहने व्यवस्था छ ।
- सन् १९९८ देखि एक जना उपमहासचिव रहने व्यवस्थाछ ।
- महासचिवको नियुक्ति सुरक्षा परिषद्को सिफारिसमा महासभाबाट हुन्छ ।

- महासचिवको पदावधि पाँच वर्षको हुन्छ ।
- सचिवालयको प्रधान कार्यालय अमेरिकाको न्युयोर्कमा रहेको छ ।
- वर्तमान महासचिव पोर्चुगलका एन्टिरियो गुटर्रेस हुन । उनी नवौं महासचिव हुन् । उनी १ जनवरी २०१७ देखि यस पदमा काइरत छन् ।
- संयुक्त राष्ट्रसङ्घका पहिलो महासचिव ट्रिग्वेली (नर्वे) हुन् ।

### (घ) संयुक्त राष्ट्रसङ्घको वजेटमा कुन देशको हिस्सा कति

संयुक्त राष्ट्रसङ्घको बजेटमा अमेरिकाको हिस्सा २२ %, जापानको १०.८३३ %, जर्मन ७.१४१ % बेलायत ५.१७ %, फ्रान्स ५.५ %, नेपाल ०.००६ % र भारत ०.६६६ % रहेको छ ।

### (ङ) संयुक्त राष्ट्रसङ्घमा नेपालको भूमिका

- सन् १९५५ अक्टोबर १४ मा सदस्यता प्राप्त गरेदेखि नै नेपालले संयुक्त राष्टसङ्घमा विभिन्न गतिविधिमा सक्रिय रही कार्य गर्दै आएको छ ।
- संयुक्त राष्ट्रसङ्घको वडापत्रमा हस्ताक्षर गर्ने देश भएको नाताले संयुक्त राष्ट्रसङ्घको मातहतमा रही नेपालले विश्व शान्ति कायम गर्न ठुलो योगदान पुऱ्याएको छ ।
- वातावरणसम्बन्धी पृथ्वी शिखर सम्मेलनमा सक्रियताका साथ भाग लिएर आफ्नो धारणा राखेको छ ।
- विभिन्न अन्तर्राष्ट्रिय  सम्मेलनमा सक्रियतासहित सहभागिता र आफ्ना विचार प्रस्तुत गरेको छ ।
- विश्व शान्ति कायम गर्न विभिन्न देशमा शान्ति सेना पठाएर योगदान गरेको छ ।
- नेपालले आतङ्कवाद विरुद्ध संयुक्त राष्ट्रसङ्घसँग काम गर्ने प्रतिबद्धता व्यक्त गरेको छ । सुरक्षा परिषद्को सदस्य भई (१९६९–७० र १९८८–८९) मा विश्वमा शान्ति सुरक्षा कायम गर्न योगदान पुऱ्याएको छ ।
- सन् १९८८ मा विश्व निःशस्त्रीकरण अभियानअन्तर्गत संयुक्त राष्ट्रसङ्घीय छैटौं सम्मेलनको उपाध्यक्ष्य भई योगदान गरेको छ ।
- संयुक्त राष्ट्रसङ्घका विशिष्टीकृत संस्थाहरू युनिसेफ, युनेस्को, संयुक्त राष्ट्र सङ्घीय जनसङ्ख्या कोष, विश्व स्वास्थ्य सङ्गठन आदिले नेपालमा गरिआएका कार्यलाई सहयोग र समन्वय गर्दै आएको छ ।

- नेपालको शान्ति प्रक्रिया तथा द्वन्द्व व्यवस्थापनमा संयुक्त राष्ट्रसङ्घको भूमिका महत्त्वपूर्ण रहेको छ । शिक्षा, स्वास्थ्य, जलवायु परिवर्तन, विपत् र महामारीमा सहयोग पुऱ्याउँदै आएको छ ।
- नेपालमा भएको दशवर्षे द्वन्दलाई तार्किक निष्कर्षमा पुऱ्याउन नेपालमा अनमिनमार्फत् ठुलो भूमिका खेलेको छ । नेपालमा वि. स. २०७२ को भूकम्पपश्चात् पनि मानवीय सहयोग तथा पुर्ननिमार्णका क्षेत्रमा यसले धेरै काम गरेको छ ।
- संयुक्त राष्ट्रसङ्घले बुद्ध जन्यन्तीलाई शान्ति दिवसका रूपमा मनाउने गरेको छ ।

**(च) निष्कर्ष :** यसरी संयुक्त राष्ट्रसङ्घले विश्व शान्ति, मानवअधिकार र स्वतन्त्र राष्ट्रहरूबिचमा स्वायत्तता र सार्वभौमसत्ता रक्षाका लागि गर्दै आएको कार्यले विश्वमा भाइचारा, मेलमिलाप र सहकार्य वृद्धिमा मदत पुगेको देखिन्छ ।

## पाठका आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) संयुक्त राष्ट्रसङ्घको स्थापना कहिले भएको हो ?

(ख) सुरक्षा परिषद्का स्थायी सदस्य राष्ट्रको नाम लेख्नुहोस् ।

(ग) महासभाको छोटकरीमा वर्णन गर्नुहोस् ।

(घ) संयुक्त राष्ट्रसङ्घको कुन निकाय हाल निष्क्रिय छ ? किन ?

(ङ) संयुक्त राष्ट्रसङ्घमा प्रयोग गरिने भाषाको नाम लेख्नुहोस् ।

(च) संयुक्त राष्ट्रसङ्घका उद्देश्यको सूची तयार पार्नुहोस् ।

## क्रियाकलाप

संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद्को बैठक बसी कुनै एउटा प्रस्तावमा एक जनाले भिटो प्रयोग गरेको अभिनय गर्नुहोस् ।

## क्रियाकलाप

संयुक्त राष्टसङ्घका हालसम्मका महासचिवको नाम र कार्यकाल सङ्कलन गरी तालिका निर्माण गर्नुहोस् ।

# पाठ ५ साइबर अपराध

## तलको संवाद अध्ययन गर्नुहोस् र छलफल गर्नुहोस् :

तारापति उनकी आमासँग करेसाबारीमा तरकारी गोड्दै थिए । त्यतिकैमा घर अगाडि एक हुल प्रहरी र स्थानीय मानिस जम्मा भए । उनीहरूले त्यहाँ पुलिसले एक जना मानिसलाई पक्रेर सोधपुछका लागि प्रहरी कार्यालय लैजाँदै गरेको थाहा पाए । ती व्यक्तिले देशको ठुलै मान्छेको फोटो काटेर अर्को मानिसको शरीरमा जोडेर नक्कली फोटो फेसबुकमा सेयर गरेको आरोप लागेको रहेछ । उनीहरू गइसकेपछि तारापतिले आमासँग ती मानिसलाई पक्रिनाको कारण जान्न चाहे । आमाले पनि उनले सोधेको कुरा यसरी बताउनुभयो । हामी पनि उनीहरूबिचमा भएको संवाद अध्ययन गरौँ :

**तारापति** : आमा, यसरी एउटाको फोटो बिगारेर अर्काको फोटामा टाँसेको कारणले पक्रिएको भन्ने थाहा भयो । त्यो त खासै अपराध जस्तो त लाग्दैन मलाई ?

**आमा** : उसले अपराध गरेको आशङ्कामा प्रहरीले अनुसन्धानका लागि पक्रेको हो बाबु । अघि पक्रिएको भाइलाई साइबर अपराधको अभियोगमा पक्रिएको भन्ने जानकारी प्रहरीले दिएका थिए । विद्युतीय सञ्चार मार्फतबाट गरिने यस्ता अपराधलाई साइबर अपराध भनिन्छ । यस्ता अपराधमा कम्प्युटर, कम्प्युटर नेटवर्क तथा उपकरणको प्रयोग गरिन्छ । साइबर अपराधमा फेसबुक, मेसेन्जर, युट्युबलगायतका सामाजिक सञ्जालमा कसैको इच्छा विपरीतको भिडियो, फोटो, मानिसको आवाज आदिको सक्कल वा नक्कलका रूपमा दुरुपयोग गरी व्यक्तिको मान, मर्यादा, प्रतिष्ठा, इज्जतमा असर पार्ने कार्य जस्ता गैरकानुनी कार्य गरिन्छ । समाजमा यस्ता अपराध भइरहेका हुन्छन् ।

**तारापति** : साइबर अपराधमा अरू कुन कुन अपराध पर्छन् त आमा ?

**आमा** : कसैको फेसबुक एकाउन्ट ह्याक गरी वा नक्कली खाता खोली निजको नजिकको साथीभाइसँग पैसा माग्ने, अनलाइन गेमको रिचार्ज गरिदिन्छु भनी पासवर्ड तथा पैसा मागी ठगी गर्ने, अस्लिल फोटो, भिडियोमार्फत व्यक्तिसँग ब्ल्याकमेल गर्ने कार्य साइबर अपराधभित्र पर्छन् ।

**तारापति** : अस्ती ठाँटी बजारको गौतम काकालाई चिट्टा पऱ्यो भनेर इमेल आयो र उहाँले होला भनी चिट्ठाको पैसा तिरेको थिएँ आखिर त्यो त ठगी पो रहेछ भनेर भन्दै हुनुहुन्थ्यो नि त्यो पनि साइबर अपराध हो त आमा ?

**आमा** : हो नि, अनलाइन वा इमेलमा चिट्ठा पऱ्यो भनी ठगी गर्ने कार्य पनि साइबर अपराध हो । म साइबर अपराधको अरू उदाहरण पनि दिन्छु । सुन है :अनलाइन चिनजान भएका साथीहरूले उपहार पठाइदिएका छन् भनी प्रलोभनमा पारी ठगी गर्ने, सस्तोमा अनलाइन सामान बिक्रीमा राखी पैसा पठाएपछि सामान नपठाई ठगी गर्ने कार्य पनि साइबर अपराध हो । त्यस्तै अनलाइन गेमको रिचार्ज गरिदिन्छु भनी पासवर्ड तथा पैसा मागी ठगी गर्ने, अश्लील फोटो, भिडियोमार्फत व्यक्तिसँग ब्ल्याकमेल गर्ने कार्य पनि साइबर अपराध हो ।

**तारापति** : सामाजिक सञ्जालमार्फत अरूलाई अपमान गर्ने, गाली बेइज्जत गर्ने कार्य पनि साइबर अपराध हो त आमा ?

**आमा** : हो नि, त्यसैले सामाजिक सञ्जालको माध्यमबाट अरूलाई गाली बेइज्जत गर्नु हुँदैन । अरूलाई अपमान गर्नुहुँदैन । तिमी त कति ज्ञानी छ्यौ, यस्तो काम कहिल्यै नगर ल ।

**तारापति** : अघि पक्रिएको व्यक्तिलाई प्रहरीले कसरी थाहा पाएर पक्रियो त, आमा ?

**आमा** : पीडित व्यक्तिले केन्द्रीय साइबर ब्युरो, भोटाहिटी, काठमाडौँमा उजुरी दिएको रहेछ, सोही ठाउँबाट आएका प्रहरीले पक्राउ गरेका रहेछन् ।

**तारापति** : साइबर अपराध पीडितले अन्यत्र कहाँ कहाँ उजुरी दिन सक्छन् त आमा ?

**आमा** : स्थानीय जिल्ला प्रहरी कार्यालय वा सङ्घीय प्रहरी एकाइ कार्यालय, साइबर सेल (सातओटै प्रदेशमा), नजिकको प्रहरी कार्यालयमार्फत व्यक्ति स्वयम् उपस्थित भएर पनि उजुरी दिन सकिन्छ । त्यस्तै महानगरीय प्रहरी अपराध अनुसन्धान महाशाखा, साइबर क्राइम युनिट, टेकु काठमाडौँमा पनि उजुरी दिन सकिन्छ ।

**तारापति** : यस्तो उजुरी कतिदिन सम्म दिनुपर्ने हुन्छ ?

**आमा** : घटना भएको थाहा भएको मितिले ३५ दिनभित्र उजुरी दिनुपर्ने छ । यसरी उजुरी दिँदा पीडितको निवेदन/जाहेरी दरखास्त (पीडक पहिचान भइसकेको अवस्थामा पीडित स्वयम् उपस्थित भई दिनुपर्ने छ ।)

**तारापति** : निवेदनको साथमा अरू कुन कुन कागजात वा प्रमाण पेस गर्नुपर्छ ?

**आमा** : निवेदनको साथमा पीडकको URL/ link तथा अन्य सबुद प्रमाणको स्क्रिनसट तथा कलर प्रिन्टेड कपी पेस गर्नुपर्ने हुन्छ ।.नेपाल सरकारबाट वितरण परिचयपत्र (नागरिकता वा सवारी साधान परिचय पत्र वा राहदानी वा मतदाता परिचयपत्र) को फोटोकपी वा स्क्यान कपी पनि आवश्यक हुन्छ ।

**तारापति** : साइबर अपराध नियन्त्रणका लागि नेपालमा के के प्रयास भएका छन् आमा ?

**आमा** : छ नि, साइबर अपराध नियन्त्रणका लागि नेपालमा कानुनी र संस्थागत व्यवस्था धेरै छन् । यससम्बन्धी धेरै कानुन पनि वनेका छन् । जस्तै विद्युतीय कारोबार ऐन, २०६३ र विद्युतीय कारोबार नियमावली, २०६४ ले पनि अपराध नियन्त्रणका धेरै व्यवस्था गरेका छन् । सामाजिक सञ्जाल फेसबुक, मेसेन्जर, युट्युब आदिको दुरुपयोग गरी नैतिकतामा आँच आउने, घृणा, द्वेष, सामाजिक सद्भाव बिगार्ने, महिलालाई जिस्काउने, अपमान गर्ने जस्ता अमर्यादित कार्य गरेमा रु. एक लाखसम्म जरिवाना, पाँच वर्षसम्म कैद वा दुवै सजाय हुने व्यवस्था विद्युतीय कारोबार ऐन, २०६३ मा छ । त्यस्तै साइबर अपराध नियन्त्रणमा संस्थागत व्यवस्थाअन्तर्गत साइबर क्राइमसम्बन्धी कसुरको अनुसन्धान र तहकिकात गर्न नेपाल प्रहरीमा केन्द्रीय साइबर ब्युरोको स्थापना गरिएको छ ।

**तारापति** : साइबर अपराध विरुद्ध सचेतना जगाउनु आवश्यक रहेछ, हैन त आमा ?

**आमा** : हो नि,त्यसैले सामाजिक सञ्जालमार्फत आएका चिट्ठा, उपहार र नगद आदिको प्रलोभनले ठगीमा पर्ने कुरामा सचेत रहनुपर्छ । फेसबुक वा इमेल पासवर्ड गोप्य राख्नुपर्छ भनेर म जैले नि तिमीहरूलाई भनिरहन्छु नि ।

**तारापति** : अरूलाई अप्रिय हुने फोटो र भिडियो पनि बनाउनु हुँदैन है आमा ?

**आमा** : हो नि, यस्ता कुरामा पनि हामी सधैँ सचेत रहनुपर्छ । यस्ता फोटो, भिडियो, म्यासेज इलेक्ट्रोनिक माध्यमबाट प्रचार गर्नु पनि हुँदैन । त्यस्तै आफू विश्वस्त नभइकन अनलाइनको माध्यमबाट रकम पठाउनु हुँदैन । त्यसै गरी अनलाइन किनमेल गर्दा सामान प्राप्त भएपछि मात्र भुक्तानी दिने गर्नुपर्छ । सामाजिक सञ्जालमा आफू रहेको ठाउँ, समय आदि खुलाएर पोस्ट गर्नुहुँदैन ।

**तारापति** : त्यसै गरी फेसबुक वा इन्स्ट्राग्राममा नचीनेको मान्छेलाई साथी बनाउनु हुँदैन है आमा ?

**आमा** : हो नि, सामाजिक सञ्जालमा मात्र चिनजान भएका साथीसँग धेरै नजिक नहुने वा साथी बनाउन हुँदैन, त्यस्तो हुँदा अपराध हुने खतरा बढ्न सक्छ ।

## पाठको आधारमा तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) साइबर अपराध भनेको के हो ?

(ख) साइबर अपराधमा कुन कुन क्रियाकलाप पर्छन् ?

(ग) साइबर अपराध पीडितले कहाँ कहाँ उजुरी दिन सक्छन्, उजुरी दिने निकायको नाम लेख्नुहोस् ।

(घ) साइबर अपराध नियन्त्रणसम्बन्धी नेपालमा भएका कानुनी र संस्थागत व्यवस्था के के छन् ?

(ङ) साइबर अपराधबाट सचेत रहने उपाय सम्बन्धमा साथीहरूबिचमा संवादको नमुना तयार पार्नुहोस् ।

## क्रियाकलाप

साइबर अपराधसम्बन्धी विभिन्न पत्रिकामा छापिएका समाचार सङ्कलन गरी कक्षामा छलफल गर्नुहोस् ।

## क्रियाकलाप

साइबर अपराधबाट बच्न तपाईँ के भूमिका खेल्न सक्नुहुन्छ ? समूहमा छलफल गरी निष्कर्ष प्रस्तुत गर्नुहोस् ।

## क्रियाकलाप

साइबर अपराध वर्तमान अवस्था र सचेतना विषयमा एक पत्रिकाका लागि सम्पदकीय तयार पार्नुहोस् ।

## क्रियाकलाप

साइबर अपराध सम्बन्धमा सचेत रहने उपाय सम्बन्धमा जानकार व्यक्तिसँग सोधखोज गरी निष्कर्ष प्रस्तुत गर्नुहोस् ।

## आफूलाई जाँच्नुहोस् :

### १. पाठको आधारमा तलका खाली ठाउँमा मिल्ने शब्द छानी भर्नुहोस् :

(क) राष्ट्र राष्ट्रबिचको राजनीतिक सम्बन्ध वा त्यस्तो सम्बन्ध दक्षतापूर्वक सञ्चालन गर्ने नीति नै ..................नीति हो। (कूटनीतिक, वैदेशिक)

(ख) नेपालले हालसम्म (जुन २३, २०२३) ............... देशसँग कूटनीतिक सम्बन्ध स्थापना भएको छ। (१८१, १७०)

(ग) विद्युतीय सञ्चारका माध्यमबाट गरिने..................लाई साइबर अपराध भनिन्छ। (अपराध, सेवाल)

(घ) सन् ...........................मा नेपालले संयुक्त राष्ट्रको सदस्यता प्राप्त गरेको थियो। (१९५५ अक्टोबर १४, १९४५ अक्टोबर १४)

(ङ) विश्वभरि संयुक्त राष्ट्रसङ्घको हालको सदस्यता सङ्ख्या ............ रहेको छ। (१९३, १९५)

(च) सार्कको स्थापना .........................मा भएको प्रथम शिखर सम्मेलनबाट भएको हो। (सन् १९८५ डिसेम्बर ८, सन् १९९५ डिसेम्बर ८)

(छ) कूटनीतिक नियोगसम्बन्धी कार्य ...............मन्त्रालयले पर्छ। (परराष्ट्र, वैदेशिक

### २. सही उत्तरमा गोलो घेरा लगाउनुहोस् :

(क) संयुक्त राष्ट्रसङ्घको महासभाको बैठक कहिले बस्छ ?

(अ) प्रत्येक दुइवर्षको सेप्टेम्बर महिनाको तेस्रो मङ्गलबार

(आ) प्रत्येक वर्षको सेप्टेम्बर महिनाको तेस्रो मङ्गलबार

(इ) प्रत्येक वर्षको अक्टोवर महिनाको तेस्रो मङ्गलबार

(ई) प्रत्येक वर्षको डिसेम्वर महिनाको तेस्रो मङ्गलबार

(ख) सुरक्षा परिषद्का स्थायी सदस्य राष्ट्र कुन होइन ?

(अ) भारत (आ) चीन (इ) बेलायत (ई) फ्रान्स

(ग) संयुक्त राष्ट्रसङ्घमा नेपालले खर्चको कति प्रतिशत हिस्सा बेहोर्छ ?

(अ) ५.५ (आ) २२ (इ) ०.००६ (ई) ७.१४

(घ) हालका संयुक्त राष्ट्रसङ्घका महासचिव कुन देशका हुन् ?

(अ) नर्वे (आ) पोर्चुगल (इ) दक्षिण कोरिया (ई) फिनल्यान्ड

(ङ) संयुक्त राष्ट्रसङ्घको प्रधान कार्यालय कहाँ रहेको छ ?

(अ) अमेरिकाको न्युयोर्क (आ) स्विट्जरल्यान्डको जेनेभा

(इ) अस्ट्रियाको भियना

(घ) थाइल्यान्डको बैङ्कक

## ३. ठिक बेठिक छुट्याउनुहोस् :

(क) साइबर अपराध नेपालमा मात्र हुने अपराध हो ।

(ख) अरूको फोटा, भिडियो काटेर गाली गलौज गर्नुहुँदैन ।

(ग) साइबर अपराध सम्बन्धमा उजुरी केन्द्रीय साइबर ब्युरो, भोटाहिटीमा मात्र दिन सकिन्छ ।

(घ) सामाजिक सञ्जालको पासवर्ड सबैलाई सार्वजनिक गर्नु राम्रो हो ।

## ४. जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| (क) सार्क सचिवालय | आवश्यकतानुसार |
| (ख) सार्कमा नेपालले बेहोर्ने खर्च | माल्दिभ्स |
| (ग) सार्कको सबैभन्दा सानो देश | वर्षको एक पटक |
| (घ) सार्कको स्थायी समिति बैठक | काठमाडौँ |
| (ङ) सार्क सरकार प्रमुखको बैठक | १८ पटक |
| (च) सार्कको हालसम्मको शिखर सम्मेलन | १०.७२ प्रतिशत |

## ५. जोडा मिलाउनुहोस् :

| | | |
|---|---|---|
| (क) | बिमस्टेक | मत्स्यपालन |
| (ख) | बिमस्टेकको चौथो शिखर सम्मेलन भएको देश | सन् १९९७ जुलाई ६ |
| (ग) | बिमस्टेक सहयोगका क्षेत्र | समुद्रसँगको सहज पहुँच प्राप्त भएको |
| (घ) | बिमस्टेकको स्थापना | क्षेत्रीय सङ्गठन |
| (ङ) | बिमस्टेकको नेपालको उपलब्धि | नेपाल |

## ६. तलका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) साइबर अपराध नियन्त्रणका लागि तपाईँले आफ्नो तर्फबाट कस्तो योगदान पुऱ्याउन सक्नुहुन्छ ? उल्लेख गर्नुहोस् ।

(ख) संयुक्त राष्ट्रसङ्घका अङ्गहरूको सूची बनाई कुनै दुई अङ्गको छोटकरीमा व्याख्या गर्नुहोस् ।

(ग) भिटो भनेको के हो ? भिटो संयुक्त राष्ट्रसङ्घको कुन कुन सदस्य राष्ट्रहरूलाई दिइएको छ ? यसरी सीमित देशहरूलाई मात्र भिटोको अधिकार दिनु उचित हुन्छ कि हुँदैन ? आफ्नो विचार लेख्नुहोस् ।

(घ) यदि तपाईँको साथीलाई कसैले अनलाइनबाट दुर्व्यवहार गरिरहेको थाहा पाउनुभयो भने तपाईँले उसलाई कसरी सहयोग गर्नुहुन्छ ? उल्लेख गर्नुहोस् ।

सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा तह -३ (कक्षा ६-८) भाग दुई


नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

शिक्षा तथा मानव स्रोत विकास केन्द्र

सानोठिमी, भक्तपुर